# अध्याय एक
# अध्ययन विधि

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ मा उल्लेख भएअनुसार गरिएको राजनैतिक विभाजनअनुसार व्यवस्था गरिएका सातवटा प्रदेशहरू मध्ये प्रदेश नम्बर चार अन्तर्गतको एक जिल्ला पर्वत हो । विगतमा गरिएको भौगोलिक विभाजनअनुसार पहाडी प्रदेश अन्तर्गत पश्चिमाञ्चल विकास क्षेत्रको साविक धवलागिरि अञ्चलको चारवटा जिल्ला मध्येको एउटा जिल्ला पर्वत हो । पर्वत जिल्लालाई साविक धवलागिरी अञ्चलको प्रवेशद्वार पनि भनिन्छ । विश्व मानचित्रमा २८° ००′ १९″ देखि २८° ३५′ ५९″ उत्तरी अक्षांश र ८३° ३३′ ४०″ देखि ८३° ४९′ ३०″ पूर्वी देशान्तरसम्म यो जिल्ला अवस्थित छ । ५३६ वर्ग कि.मि. कुल क्षेत्रफल ओगटेको यस जिल्ला समुद्र सतहबाट सेतीवेणी ५२० मिटरदेखि हम्पाल मोहरेडाँडा ३३०९ मिटर सम्मको उचाइमा रहेको छ । यस जिल्लाको पूर्व पश्चिम लम्बाई ७-१० कि.मि. र उत्तर दक्षिण लम्वाई ३७-४४ कि.मि सम्म रहेको छ (जि.वि.स. पर्वत, २०७०) ।

यस जिल्लामा उष्ण, शीतोष्ण र समशीतोष्ण गरी सबै किसिमको हावापानी पाइन्छ । यस जिल्लाको पूर्वी सिमानामा कास्की र स्याङ्जा, पश्चिममा म्याग्दी, बागलुङ र गुल्मी, उत्तरमा म्याग्दी र कास्कीको सीमाना पर्दछ भने दक्षिणमा स्याङ्जा र गुल्मीको भाग पर्दछ । कालञ्जर हम्पाल पर्वत, डहरेको लेक, जलजला, पञ्चासे, सेतीवेणी, महाशिला, विश्वकै ठूलो मानिएको शालग्राम, गुप्तेश्वर गुफा, अल्पेश्वर गुफा, सहस्रधारा, शालग्रामयुक्त कालीगण्डकी नदी, विभिन्न स्थानमा रहेका ऐतिहासिक तथा प्रसिद्ध प्राचीन कोटहरू जस्ता प्राकृतिक र धार्मिक स्थलहरू रहेको यो जिल्ला पर्या-पर्यटन, धार्मिक पर्यटन, कृषि तथा लघु उद्यम आदिको विकासका लागि बलियो सम्भावना बोकेको जिल्लाका रूपमा चिनिन्छ ।

नेपालको संविधान २०७२ मा व्यवस्था गरिए बमोजिम विक्रम सम्वत् २०७३ मा गरिएको स्थानीय निकायको पुनर्संरचनाअनुसार पर्वत जिल्लाका साविकमा कायम रहेका सातवटा गा. वि. स. हरूलाई समेटेर जलजला गाउँपालिकाको गठन गरिएको हो । भौगोलिक रूपमा कालीगण्डकीको किनार (७६० मिटर) देखि कालञ्जर हम्पाल पर्वतको उच्च शिखर (३००० मिटर) सम्म यस गाउँपालिका फैलिएर रहेको छ । कालीगण्डकी किनारको आसपासमा रहेका सम्म परेका बेंसीफाँटदेखि लिएर उच्च लेकसम्म फैलिएको भू-भाग भएकोले बालुवादेखि लिएर विभिन्न प्रकारका जडिबुटीहरूको प्राचुर्यता यहाँ रहेको छ । भौगोलिक बनोट, जनसङ्ख्याको आकार, पेशा, आर्थिक स्रोत, शिक्षा तथा अन्य भौतिक पूर्वाधारहरूको अवस्थाको वास्तविक पहिचान नभएसम्म

भविश्यका लागि स्पष्ट योजना तथा कार्यक्रम तय गर्न समस्या पैदा हुने हुन्छ । यस गाउँपालिकाको आर्थिक समृद्धि र उन्नतिका लागि आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न यहाँको भौतिक, सामाजिक तथा मानवीय संसाधनको सुक्ष्म रूपमा गरिएको विश्लेषणले सहयोग पुऱ्याउन सक्ने अपेक्षासहित वस्तुगत विवरण तयार गरिएको छ । नेपालमा गाउँपालिकाहरूको गठन भएको समय धेरै लामो नभएकोले साविकमा कायम रहेका र हाल जलजला गाउँपालिकामा समावेश भएका सातवटा गा. वि. स. हरूको अवस्थालाई यसका लागि आधार मानिएको छ ।

नेपालको वर्तमान संविधानमा व्यवस्था भएअनुसार स्थानीय तहहरूलाई स्थानीय सरकारको मान्यता प्रदान गरिएको छ । स्थानीय तहहरू पहिलेभन्दा धेरै अधिकार सम्पन्न भएका छन् । स्थानीय सरकार सञ्चालन सम्बन्धि ऐन तथा नियमावलीमा गाउँपालिका तथा नगरपालिकाहरूले वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । वस्तुगत विवरण तयारीका लागि वास्तविक सूचनाहरूको संकलन र तीनिहरूको विश्लेषण गर्नुपर्दछ । यथार्थपरक ढंगले तयार गरिएको वस्तुगत विवरणले गाउँपालिका लगायत अन्य सरोकारवालाहरूलाई विकास निर्माणका क्रियाकलाप संचालन गर्न ठूलो सहयोग पुर्‍याउँदछ ।

गाउँपालिकाको विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारहरूको भूमिका बढ्दै गईरहेको सन्दर्भमा गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक, शैक्षिक, जनसाङ्ख्यिक, भौगोलिक, पूर्वाधार आदिजस्ता समग्र अवस्थाका बारेमा उल्लेख गरिएको वस्तुगत विवरणको तयारी एक महत्त्वपूर्ण कार्य हो । गाउँपालिकामा समावेश भएका साविकका गा.वि.स.हरूले विगतमा गाउँ वस्तुगत विवरण तयार गरेको भए तापनि नयाँ संरचनाअनुसार गाउँपालिकाको वस्तुगत विवरण तयार गर्नु आवश्यक देखिएको हुँदा यस अध्ययन कार्य गरिएको छ ।

## १.२ वस्तुगत विवरण तयार गर्नुको उद्देश्य

गाउँपालिकाको समग्र पक्षको अध्ययन गरी गाउँपालिकाको आवश्यकताअनुसार योजनावद्ध तरिकाबाट विकास प्रक्रियालाई अगाडि बढाई स्थानीयबासीको जीवनस्तरमा वाञ्छित परिवर्तन ल्याउने कार्यलाई यस अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । स्थानीय तह सञ्चालन सम्बन्धि नेपालको वर्तमान संविधान, सङ्घीय तथा प्रादेशिक सरकार र स्वयम् स्थानीय सरकारबाट निर्माण गरिएका ऐन तथा नियमावलीअनुसार संविधानतः आर्थिक तथा राजनैतिक अधिकारप्राप्त गाउँपालिकाले आफ्नो विकास निर्माण कार्य जनमुखी,

सहभागितामुलक, प्रभावकारी, सुव्यवस्थित र दिगो प्रतिफल दिने गरी प्राथमिकताका आधारमा आवश्यक योजना तयार पारी सञ्चालन गर्ने कार्यमा सहयोग पुग्न सक्नेछ भन्ने अपेक्षा यस अध्ययनमा राखिएको छ ।

परिवर्तित राजनैतिक सन्दर्भमा स्थानीय निकायहरूको पुनर्संरचनापश्चात् गठित यस गाउँपालिकाको भौतिक, आर्थिक, जनसाङ्ख्यिक तथा सामाजिक अवस्थाको विश्लेषण गरी विकासका सम्भावना तथा चुनौतीहरूका बारेमा उजागर गर्ने अभिप्रायका साथ यो अध्ययन गरिएको छ ।

गाउँपालिकाले आफ्नो समग्र विकासका लागि उपयुक्त र आवश्यक योजना तथा कार्यक्रमहरू निर्माण गरी तिनीहरूको कार्यान्वयनमार्फत समग्र गाउँबासीको आर्थिक तथा सामाजिक स्तरमा उल्लेख्य सुधार गरी समृद्ध र आर्थिक रूपले सक्षम गाउँपालिकाको रूपमा स्थापित गराउने मार्गमा सहयोग पुऱ्याउने मूख्य उद्देश्य यस अध्ययनको रहेको छ । यस अध्ययनका अन्य उद्देश्यहरू निम्नअनुसार रहेका छन् :-

- गाउँपालिकाको भौतिक, आर्थिक, सामाजिक, जनसाङ्ख्यिक, शैक्षिक तथा भौगोलिक अवस्थाको विश्लेषण सहितको वस्तुगत विवरण तयार गर्ने ।
- गाउँपालिकाबाट भविष्यमा सञ्चालन गरिने आवधिक योजना तथा वार्षिक कार्यक्रमको लागि प्राथमिकता निर्धारणको लागि आधारस्तम्भ तयार गर्ने ।
- गाउँपालिकाको वास्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न र कार्ययोजना बनाउन मद्दत पुऱ्याउने ।
- गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका सम्भावना र चुनौतीहरू बारेमा प्रकाश पार्ने ।
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरूसंग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निमाण गर्ने ।

## १.३ वस्तुगत विवरण तयार गर्नुको औचित्य

लामो समयसम्मको योजनाबद्ध आर्थिक विकासको परिणामस्वरूप पनि नेपालका स्थानीय निकायहरू आर्थिक रूपले समृद्धिको उच्च तहमा पुग्न सकेको पाइएन । केन्द्रीकृत राज्य व्यवस्थाका कारण स्थानीय तहका साधन तथा स्रोतहरूमाथि केन्द्रको नै बढी अधिकार रहने र केन्द्रीय सरकारको विनियोजित बजेटमार्फत स्थानीय निकायहरू सञ्चालन भइरहँदा जन अपेक्षित रूपमा गाउँमा विकासका आयामहरू समुन्नत अवस्थामा पुग्न सकेनन् । वर्तमान नेपालको संविधान २०७२ ले स्थानीय तहहरूलाई विभिन्न आर्थिक तथा राजनैतिक अधिकारहरू

प्रदान गरेको छ । स्थानीय तहहरू अधिकार सम्पन्न हुने भएका छन् । यस सन्दर्भमा पर्वत जिल्लाका साविकमा कायम रहेका सातवटा गा.वि.स. हरूलाई समावेश गरी गठन गरिएको यस गाउँपालिकाको वस्तुगत विवरण तयार नभएकोले वस्तुगत विवरण तयारी गर्ने कार्य गरिएको छ । गाउँपालिकाको भौतिक, सामाजिक, शैक्षिक, आर्थिक तथा अन्य विविध पक्षको सुक्ष्म विश्लेषणबाट नै त्यहाँको यथार्थ स्थितिको पहिचान हुन जान्छ । यस गाउँपालिकाको आर्थिक तथा सामाजिक अवस्था र आर्थिक स्रोतका बारेमा पहिचान गरी विकासका सम्भावना र चुनौतीहरूलाई उजागर गर्ने उद्धेश्य यस अध्ययनको रहेकाले यसको ठूलो औचित्य तथा महत्त्व रहेको छ । गाउँपालिकाको समृद्धि र उन्नतिका लागि गाउँपालिकाका सरकारी निकायहरू, जन निर्वाचित प्रतिनिधिहरू तथा अन्य सरोकारवालाहरूलाई भविश्यमा सञ्चालन गर्न सकिने विभिन्न योजना, कार्यक्रम तथा आवश्यक नीति निर्माणका लागि आधार हुनसक्ने अपेक्षासहित यो अध्ययन गरिएको छ । गाउँपालिकाको विविध पक्षहरूको वास्तविक स्थितिको तथ्याङ्क र सूचनाविना कुनैपनि योजनाको सही छनौट हुन सक्दैन । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत यसले सहयोग पुग्दछ । तसर्थ गाउँपालिकाले यस आर्थिक वर्षमा वस्तुगत विवरण तयार गर्ने निर्णय गरे बमोजिम यो अध्ययन गरिएको छ । यस विवरणले निम्न कुरामा मद्दत पुग्ने अपेक्षा गरिएको छ :

- गाउँपालिकाको वास्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न मद्दत पुग्ने ।
- गाउँपालिकाभित्रका स्रोत, साधन र क्षेमताको पहिचान भई तिनीहरूको सदुपयोग गर्न तथा सम्भावित जोखिमहरूबाट बच्ने उपायहरूको खोजी गर्न सकिने ।
- गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक, धार्मिक, प्राकृतिक, जनसाङ्ख्यिक, शैक्षिक र मानवीय जीवनका हरेक पक्षहरूका बारेमा जानकारी प्राप्त हुने हुनाले संचालित कार्यक्रमको समीक्षा गरी सुधार, समायोजन वा परिवर्तन गर्न र नयाँ योजना तर्जुमाका लागि पृष्ठपोषण (Feedback) प्राप्त हुने ।
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरूसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण हुने ।

## १.४ वस्तुगत विवरण तयारीका लागि अपनाईएका विधिहरू

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार पारी उपलब्ध गराईएको ढाँचा वा प्रारूपलाई मुख्य आधार मानी गाउँपालिकाबाट प्राप्त सुझाव सल्लाह अनुसार गाउँपालिकाको वस्तुगत विवरण तयार पारिएको छ । आवश्यकताअनुसार मन्त्रालयले तोकेको ढाँचामा केही थप सूचना तथा विवरणहरूलाई समावेश समेत गरिएको छ । गाउँपालिकाबाट वस्तुस्थिति विवरण तयार गर्नका लागि सूचना प्राप्त भए बमोजिम स्थानीय निकायमा रहेर लामो समयसम्म कार्य गरेका विशेषज्ञहरूको समुहबाट गाउँपालिकासंग नियमानुसार सम्झौता गरी वस्तुगत विवरण तयार गर्ने कार्यलाई सम्पन्न गरिएको छ । पर्वत जिल्लाको उत्तर पश्चिम क्षेत्रमा अवस्थित यस गाउँपालिकाको समग्र पक्षको विकासका सम्भावना र चुनौतीहरू के के छन् ? र समृद्ध गाउँपालिकाको रूपमा यसलाई कसरी स्थापित गराउन सकिन्छ भन्ने विषयलाई पनि यहाँ समावेश गरिएकोले गाउँपालिकाका जननिर्वाचित प्रतिनिधि तथा विभिन्न सरोकारवाला व्यक्तिहरूबाट सङ्कलन गरिएका धारणाहरूलाई पनि यस अध्ययनमा समावेश गरिएको छ ।

यस सन्दर्भमा केन्द्रीय तथ्याङ्क विभागबाट प्रकासित सूचना, राष्ट्रिय जनगणना - २०६८ को विस्तृत प्रतिवेदन, जिल्ला समन्वय समिति पर्वत, जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरू, सम्बन्धित साविकमा कायम रहेका गा. वि. स.का अभिलेखहरू, प्रकासित पुस्तक तथा कृतिहरू, गाउँपालिकाका निर्वाचित जन प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवीहरू, समाजसेवी एवम् राजनीतिज्ञसँगको परामर्श, स्थलगत अवलोकन लगायतका स्रोत र विधिहरूलाई आधार मानी आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरी विश्लेषणात्मक, विवरणात्मक तथा व्याख्यात्मक विधिलाई प्रयोग गरी यो वस्तुगत विवरण तयार गरिएको छ ।

## १.५ वस्तुगत विवरणको सिमाहरू

कुनैपनि अध्ययन अनुसन्धान निश्चित क्षेत्र, समय र बजेटको सीमामा आधारित हुन्छ । स्रोत, साधन र समयको पाबन्दीभित्र रही अध्ययन क्षेत्रका उद्देश्य अनुरूपका सत्य र वास्तविक तथ्यहरूलाई उजागर गर्ने गरी अध्ययन कार्यको सीमा निर्धारण गर्नुपर्ने हुन्छ । गाउँपालिकाको समग्र पक्षको अध्ययन गरी वस्तुगत विवरण तयार पार्ने कार्य गरिएको भए तापनि यस गाउँपालिकाको सन्दर्भमा यो पहिलो कार्य हो । गाउँपालिकामा समावेश भएका साविकका गा.वि.स.हरूले विगतमा गाउँ वस्तुगत विवरण तयार गरेको भए तापनि वर्तमानमा परिवर्तित संरचनाअनुसार गाउँपालिकाको समग्र तथा एकिकृत वस्तुस्थिति विवरणका लागि अद्यावधिक सूचना तथा तथ्याङ्कहरूको आवश्यकता पर्ने भएकोले मन्त्रालयले तोकेको प्रारूपमा आधारित रही यो वस्तुगत विवरण तयार

गरिएको छ । यस वस्तुगत विवरणमा गाउँपालिकाको हकमा प्राप्त भएसम्मका तथ्य र सूचनाहरूलाई यथासंभव समावेश गर्ने प्रयत्न गरिएको छ । वस्तुगत विवरण तयार गर्नका लागि पर्वत जिल्लास्थित जलजला गाउँपालिकासंग सम्झौता गरी संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको मापदण्डको अधीनमा रही तयार गरिएको यस वस्तुगत विवरणका सीमाहरू देहायअनुसार रहेका छन्ः-

- ❖ यो वस्तुगत विवरणमा पर्वत जिल्लामा रहेका सातवटा स्थानीय तहहरू मध्ये एक जलजला गाउँपालिकाको भौगोलिक, भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, जनसाङ्ख्यिक, राजनैतिक अवस्था तथा सरकारी र गैर सरकारी संघ संस्था एवम् विकासका पूर्वाधार आदिजस्ता विषय र क्षेत्रहरूको अवस्थालाई मात्र समेटीएको छ ।
- ❖ जलजला गाउँपालिकाको अलावा जिल्लामा रहेका अन्य स्थानीय तहहरूको विवरणलाई यस अध्ययनमा समावेश गरिएको छैन ।
- ❖ वस्तुगत विवरण तयार गर्नका लागि जलजला गाउँपालिकासंग गरिएको सम्झौताको सीमाभित्र रही यो कार्य पुरा गरिएको छ ।
- ❖ वस्तुगत विवरण तयारीको कार्यलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन निश्चित स्रोत, साधनको प्रयोग गरिएको छ ।
- ❖ गाउँपालिकासंग गरिएको सम्झौताअनुसार सम्झौता भएको मितिले तीन महिनाभित्र कार्य सम्पन्न गरी वस्तुगत विवरण गाउँपालिकाको कार्यालयमा पेश गर्नेगरी समय सीमा निर्धारण गरिएको छ ।
- ❖ वस्तुगत विवरण तयार गर्दा आवश्यकताअनुसार प्राथमिक तथा सहायक दुबै किसिमका तथ्याङ्कहरूको प्रयोग गरिएको छ ।

## १.६ वस्तुगत विवरणको संरचना

पर्वत जिल्लामा रहेका सातवटा स्थानीय तहहरू मध्ये जिल्लाको उत्तरी भेगमा अवस्थित यस जलजला गाउँपालिकाको आर्थिक, भौगोलिक, शैक्षिक, सामाजिक, जनसाङ्ख्यिक आदिजस्ता विविध पक्षहरूलाई समावेश गरी सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालयले तोकेको सूचनाहरूलाई समावेश गर्ने गरी तयार गरिएको वस्तुगत विवरणको संरचना यसप्रकार रहेको छ :-

- अध्याय १ मा अध्ययन विधि खण्ड रहेको छ । यसमा अध्ययनको पृष्ठभूमि, वस्तुगत विवरण तयार गर्नुको उद्देश्य, वस्तुगत विवरण तयार गर्नुको औचित्य, वस्तुगत विवरण तयार गर्नका लागि अपनाएको विधि, वस्तुगत विवरणका सीमाहरू तथा वस्तुगत विवरणको संरचनालाई समेटिएको छ ।
- अध्याय २ मा गाउँपालिकाको परिचय खण्डलाई समावेश गरिएको छ । यसमा गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि, नामाकरण, संरचना, भौगोलिक अवस्थिति, सिमाना, भौगोलिक स्वरूप, गाउँपालिभित्रका प्रसिद्ध पर्यटकीय तथा धार्मिक सम्पदास्थलहरू, गाउँपालिकाभित्र मनाइने चाडपर्व, मेला उत्सव एवम् गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको विवरण, कर्मचारीको विवरण आदिजस्ता विषयहरूलाई समेटिएको छ ।
- अध्याय ३ मा गाउँपालिकाको जनसाङ्ख्यिक विवरण तथा परिदृश्यलाई समाविष्ट गरिएको छ ।
- अध्याय ४ मा गाउँपालिकाको भौतिक पूर्वाधार, शैक्षिक तथा सामाजिक पक्षसंग सम्बन्धित विभिन्न विषय वस्तुहरूलाई समावेश गरिएको छ ।
- अध्याय ५ मा गाउँपालिकाभित्र रहेका विभिन्न वडाहरूको समग्र भौतिक तथा सामाजिक विकासका पूर्वाधारहरू, वनजंगल आदिको अवस्थालाई समावेश गरिएको छ ।
- अध्याय ६ मा गाउँपालिकाभित्र रहेका विभिन्न सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाको विवरणलाई प्रस्तुत गरिएको छ ।
- अध्याय ७ मा गाउँपालिकाको आर्थिक, सामाजिक विकासका अवसर, चुनौती/समस्या र सम्भावनालाई समावेश गरिएको छ ।

# अध्याय दुई
# परिचय

## २.१. जलजला गाउँपालिकाको परिचय

नेपालको संविधान २०७२ मा उल्लेख भएअनुसार गरिएको राजनैतिक विभाजनअनुसार व्यवस्था गरिएका सातवटा प्रदेशहरू र ७५३ वटा स्थानीय तहहरूमध्ये प्रदेश नम्बर चार पर्वत जिल्ला अन्तर्गत पर्ने एउटा स्थानीय तह जलजला गाउँपालिका हो । ऐतिहासिक तथा पौराणिक महत्त्वको कालञ्जर हम्पाल पर्वतको उच्च शिखर र प्रसिद्ध कृष्णागण्डकीको तटसम्म विस्तारित यस गाउँपालिका पर्या–पर्यटन, धार्मिक पर्यटन, कृषि तथा लघु उद्यम आदिको विकासका लागि बलियो सम्भावना बोकेको क्षेत्रका रूपमा चिनिन्छ । यो गाउँपालिका पहाडी भौगोलिक बनावट भएको, प्राकृतिक, सांस्कृतिक तथा सामाजिक विविधताका दृष्टिले महत्त्वपूर्ण र सुन्दर गाउँपालिका हो ।

नेपाल सरकारको मिति २०७३ साल फागुन ३० गतेको निर्णयअनुसार पर्वत जिल्लाका साविकमा कायम रहेका ४७ वटा गा.वि.स. र एउटा नगरपालिकालाई समायोजन गरी गठन भएका सातवटा स्थानीय तहहरू (जलजला, मोदी, महाशिला, पैयुँ एवम् बिहादी गरी ५ वटा गाउँपालिका र कुश्मा तथा फलेवास सहित २ वटा नगरपालिका) मध्ये जलजला गाउँपालिका एक हो । साविकमा कायम रहेका बाँसखर्क, माझफाँट, लेकफाँट, शालिजा, धाइरिङ, नागलीवाङ र बनौं सहित सातवटा गा.वि.स. हरूलाई समावेश गरी नौ वटा वडा रहेको जलजला गाउँपालिकाको गठन गरिएको छ ।

हालको मोदी र जलजला गाउँपालिकाको उत्तरी खण्डमा फैलिएर रहेको पौराणिक र ऐतिहासिक महत्त्व बोकेको कालञ्जर हम्पाल पर्वतको काखमा अवस्थित प्रसिद्ध सिमसार क्षेत्र **जलजला** भन्ने स्थानको नामबाट यस गाउँपालिकाको नाम **'जलजला'** रहन गएको देखिन्छ । पौराणिककालमा देवराज इन्द्रले बनाएको भनिएको सरोवर संभवतः यही जलजला नै थियो र यो मानसरोवर जत्तिकै पवित्र थियो भनी वृहननारदीय पुराणको पुरूषोत्तम महात्म्यममा उल्लेख गरिएको छ । जैविक विविधताले भरिपूर्ण रहेको, अनेकौं प्रजातिका चराचुरूङ्गी, जनावर, रूख बिरूवा र जडिबुटिहरू पाइने यो क्षेत्र पर्या–पर्यटन तथा धार्मिक पर्यटनका दृष्टिले उत्कृष्ट गन्तव्यस्थलका रूपमा स्थापित हुनसक्ने सम्भावना बोकेको क्षेत्रका रूपमा रहेको छ । चौबीसी राज्यको अस्तित्वकालमा पर्वत राज्यका राजा डिम्वबमले मुस्ताङ र पर्वतबीचको व्यापारका लागि यही जलजलालाई व्यापारिक सामान सङ्ग्रह गर्ने स्थल बनाएका थिए । राजा डिम्बवमले मुस्ताङबाट ल्याएका नुन, ऊन लगायतका सामग्री यही जलजलामा ल्याएर राख्ने गरेको तथ्य इतिहासमा भेटिन्छ (मल्ल, २०२८) । विगतमा लेसपार, देउपुर तथा आसपासका स्थानीयबासीहरूले भोटमा नुन लिन जाँदा यही जलजलाको मार्ग प्रयोग गर्ने गरेको पाइन्छ । अहिलेपनि

कास्कीको विरेठाँटीदेखि म्याग्दीको घोरेपानीसम्म जाने अन्नपुर्ण सर्किटको एक पदमार्ग यही जलजलाको क्षेत्र हुँदै जाने गर्दछ । यस क्षेत्रका बासिन्दाको जनजीवनसंग प्रत्यक्ष जोडिएको क्षेत्र हुनाले पनि यसको वैभवता उच्च रहेको छ ।

यस गाउँपालिकाको पूर्वी सिमानामा मोदी गाउँपालिका र कुश्मा नगरपालिकाको भाग, पश्चिम र उत्तरी भागमा म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका, दक्षिणमा म्याग्दीकै बेनी नगरपालिका र बागलुङ जिल्लाको बागलुङ नगरपालिका (कालीगण्डकीको सिमाना) पर्दछ । यस गाउँपालिका २८° १६′ ०१″ देखि २८° २३′ २९″ उत्तरी अक्षांस र ८३° ३४′ ०३″ देखि ८३° ३८′ ३९″ पूर्वी देशान्तरमा अवस्थित छ । यस गाउँपालिकाको कुल क्षेत्रफल ८२.२६ वर्ग किलोमीटर रहेको छ भने समुद्र सतहबाट ७६० मीटर उचाईदेखि ३००० मीटरसम्मको उचाईमा यो गाउँपालिका फैलिएर रहेको छ । २०६८ सालको जनगणनाअनुसार जनसङ्ख्याको दृष्टिले जिल्लाका सातवटा स्थानीय तहमा तेस्रो र गाउँपालिकाहरू मध्येमा पहिलो स्थानमा यो गाउँपालिका पर्दछ (जि.स.स., पर्वत, २०७४) । २०६८ सालको जनगणना अनुसार गाउँपालिकामा रहेका ५५६१ घरधुरीमा कुल जनसङ्ख्या २१४५४ बराबर रहेको छ । जसमा महिला ११७४२ (५४.७३%) र पुरूषको सङ्ख्या ९७१२ (४५.२७%) रहेको छ । यस गाउँपालिकाको नवगठित संरचनाअनुसार वडा सङ्ख्या, क्षेत्रफल एवम् वडागत रूपमा जनसङ्ख्याको विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छः-

तालिका नं. २.१

गाउँपालिकाको वर्तमानमा कायम भएका वडाहरूको क्षेत्रफल, घरधुरी तथा जनसङ्ख्या विवरण

| वडा नं. | समावेश गा.वि.स. | साविकका वडा | जनसङ्ख्या | | | घरधुरी सङ्ख्या | क्षेत्रफल व.कि.मी | मतदाता सङ्ख्या (२०७४ ) |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | जम्मा | | | |
| १ | बाँसखर्क | सबै | ५०० | ४१६ | ९१६ | २५४ | ४.५६ | ७४८ |
| २ | माझफाँट | ६,८,९ | ११८० | ८८८ | २०६८ | ५३७ | ६.४१ | १४२४ |
| ३ | माझफाँट | ३,७ | १९५० | १७३६ | ३६८६ | ९८७ | १.४ | ११३० |
| ४ | माझफाँट | १,२,४,५ | १२९३ | १०४० | २३३३ | ५७६ | ५.३८ | १७४३ |
| ५ | लेकफाँट | सबै | १३९५ | ११३१ | २५२६ | ६६७ | १५.४८ | १९५२ |
| ६ | शालिजा | सबै | १२४७ | १०१३ | २२६० | ६१२ | १६.७ | १७३४ |
| ७ | धाइरिङ | सबै | १८६४ | १५९२ | ३४५६ | ८९६ | १३.३५ | २५४६ |
| ८ | नागलीवाङ | सबै | १५१५ | १२३६ | २७५१ | ६८३ | ११.०८ | २०२० |
| ९ | बनौं | सबै | ८०२ | ६५६ | १४५८ | ३४९ | ७.९ | १०७२ |
| **कुल जम्मा** | | | **११७४६ (५४.७५%)** | **९७०८ (४५.२५%)** | **२१४५४** | **५५६१** | **८२.२६** | **१४३६९** |

*स्रोतः सूचना शाखा, जि.स.स., पर्वत तथा जिल्ला निर्वाचन कार्यालय, पर्वत २०७४ ।*

माथिको तालिकालाई अध्ययन गर्दा यस गाउँपालिकाको कुल क्षेत्रफल ८२.२६ वर्ग कि.मि. बराबर रहेको छ । क्षेत्रफलका दृष्टिले सबैभन्दा ठूलो वडा नं. ७ (साविक शालिजा गा.वि.स.) रहेको छ भने सानो वडा नं. ३ रहेको छ । क्षेत्रफलका हिसाबले सानो वडा भए तापनि सघन बस्ती भएका कारण यस वडामा जनसङ्ख्या सबैभन्दा बढी रहेको देखिन्छ । सबैभन्दा कम जनसङ्ख्या वडा नं. १ मा रहेको देखिन्छ ।

ढुङ्गा, गिटी, बालुवा, वन पैदावर, सडकमार्ग आदिबाट प्राप्त आयको अतिरिक्त व्यक्तिगत कर, मालपोत कर, सम्पत्ति कर तथा संविधानले व्यवस्था गरे अनुरूपका स्रोतबाट प्राप्त हुने आयकर एवम् केन्द्रीय र प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान नै आगामी दिनमा गाउँपालिकाका आम्दानीका प्रमुख स्रोतहरू हुन् । गाउँपालिकाले स्पष्ट योजना, नीति तथा कार्यक्रम निर्माण गरी स्थानीय स्रोतहरूको अधिकतम् परिचालन गर्दै आन्तरिक आय आर्जन वृद्धितर्फ लाग्नुपर्ने हुन्छ । गाउँपालिकाको समग्र विकासका लागि आन्तरिक स्रोतको परिचालनबाट प्राप्त हुने राजश्वको ठूलो भूमिका रहेको हुन्छ । यस गाउँपालिका पनि प्राकृतिक साधन तथा स्रोतका दृष्टिले धनी रहेको छ । कालीगण्डकी तटीय क्षेत्रका क्रसर उद्योग, ढुङ्गा, गिटी, बालुवा तथा ग्रामिण सडकहरूबाट पटके करका रूपमा प्राप्त हुने राजश्व जिल्ला समन्वय समिति पर्वतमार्फत संकलन हुँदै आएको छ । यो राजश्व सङ्घीय, प्रादेशिक र स्थानीय सरकार वा तहमा भागबण्डा लाग्ने संवैधानिक व्यवस्था भएबाट यसको निश्चित अंश गाउँपालिका कोषमा पनि प्राप्त हुने देखिन्छ । प्राकृतिक स्रोतबाट प्राप्त हुने राजश्वलाई संविधानले तीन भाग लाग्ने व्यवस्था गरेको भए तापनि यस बारेमा अझैसम्म प्रष्ट मोडालिटी अहिलेसम्म निर्माण नभएकोले यस आर्थिक वर्षका लागि जिल्ला समन्वय समिति पर्वतबाट उठाइएको राजश्व गाउँपालिकामा कति भाग जाने हो त्यसको एकिन हुन सकिरहेको छैन । संविधानले प्रदान गरेको अधिकारको प्रयोग गरी आन्तरिक स्रोत परिचालनबाट गाउँपालिकाले आय आर्जन अर्थात राजश्व संकलनका लागि निकै ठूलो प्रयत्न गर्नुपर्ने देखिन्छ । नेपाल सरकारले स्थानीय तहको पुनर्संरचना गर्दाका बखत गाउँपालिकाको केन्द्र वडा नं. ३ स्थित कोटघरमा साविक माझफाँट गा.वि.स.को कार्यालय रहेको स्थानमा तोकेको भए तापनि जन निर्वाचित प्रतिनिधिहरूको मिति २०७४ साल असार २२ मा बसेको बैठकबाट निर्णय भए अनुरूप मिति २०७४ साल फागुन १४ गते राजपत्रमा प्रकासित सूचना अनुसार यस गाउँपालिकाको केन्द्र मालढुङ्गा बेनी सडकमार्गको किनार गाउँपालिकाको वडा नं. ४ लामाखेत भन्ने स्थानमा कायम गरिएको छ ।

प्राकृतिक तथा भौगोलिक सुन्दरताले विभुषित यस जलजला गाउँपालिका मल्लकालमा पर्वत राज्य अन्तर्गतको एक भू-भाग थियो । पर्वतका राजा डिम्वबमले आफ्नो राज्य विस्तारका क्रममा यस क्षेत्रलाई आफ्नो

राज्यमा एकिकृत गराएका थिए । कालञ्जर हम्पाल पर्वत, धाइरिङका भूमेथान तथा सिद्धबाबाको थान, नागलीवाङको लक्ष्मीनारायण मन्दिर तथा शुक्लेश्वर महादेव मन्दिर, माझफाँटको कर्णेलको दरबार, कोटमन्दिर, पुर्णगाउँ पोखरी, लेकफाँटमा रहेको डडकोट, गरूडेश्वर मन्दिर, फलामेडाँडा, गलेश्वर राममन्दिर जस्ता प्रसिद्ध प्राकृतिक तथा धार्मिक सम्पदाहरूले यो क्षेत्र धनी रहेको हुँदा पर्यटकीय तथा आर्थिक विकासको प्रवल सम्भावना बोकेको गाउँपालिकाका रूपमा यो रहेको छ । नेपालको एकिकरणपश्चात् यो क्षेत्र पाल्पा गौंडा अन्तर्गत रहेको थियो भने राणाशासन कालमा बागलुङ गौंडाबाट यस क्षेत्रको प्रशासन हेर्ने गरिन्थ्यो । वि. सं. २०१८ सालमा राजा महेन्द्रद्वारा जिल्ला विभाजन हुँदा यो क्षेत्र वर्तमान पर्वत जिल्लामा समावेश गरिएको थियो ।

लामो समयसम्मको योजनाबद्ध आर्थिक विकासको परिणामस्वरूप पनि नेपालका स्थानीय निकायहरू आर्थिक रूपले समृद्धिको उच्च तहमा पुग्न सकेको पाइएन । केन्द्रीकृत राज्य व्यवस्थाका कारण स्थानीय तहका साधन तथा स्रोतहरूमाथि केन्द्रको नै बढी अधिकार रहने र केन्द्रीय सरकारको विनियोजित बजेटमार्फत स्थानीय निकायहरू सञ्चालन भइरहँदा जन अपेक्षित रूपमा गाउँमा विकासका आयामहरू समुन्नत अवस्थामा पुग्न सकेनन् । वर्तमान नेपालको संविधान २०७२ ले स्थानीय तहहरूलाई विभिन्न आर्थिक तथा राजनैतिक अधिकारहरू प्रदान गरेको छ । स्थानीय निकायहरू अधिकार सम्पन्न हुने भएका छन् ।

यस गाउँपालिकामा कालीगण्डकी किनारको आसपासमा रहेका सम्म परेका बेंसीफाँटदेखि लिएर उच्च लेकसम्म फैलिएको भू-भाग भएकोले बालुवादेखि लिएर विभिन्न प्रकारका जडिबुटीहरूको प्राचुर्यता यहाँ रहेको छ । यीनै प्राकृतिक साधन तथा स्रोतको उपयोग र यहाँका पर्यटकीय तथा धार्मिक सम्पदास्थलहरूको माध्यमबाट गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा ठूलो योगदान पुग्ने देखिन्छ ।

## २.२ भौगोलिक स्वरूप

कालीगण्डकीको किनार (७६० मिटर) देखि कालञ्जर हम्पाल पर्वत (३००० मिटर) सम्म फैलिएको यस गाउँपालिकाको अधिकांश भाग भिरालो रहेको छ । कालीगण्डकीको किनार आसपासको क्षेत्र घुमाउनेताल, वगर, बेनी, लामाखेत, मिलनचोक, लस्ती, फर्से; नागलीवाङको ओढारे, सेरा; धाइरिङको बाँसकोट, सल्यान; माझफाँटको बेंसीफाँट, फड्केढुङ्गा आदि क्षेत्रमा अलि सम्म परेको फराकिला फाँटहरू रहेका छन् । बनौं, शालिजा, लेकफाँट, धाइरिङको माथिल्लो भाग, बाँसखर्कको प्राय सबैजसो भाग पाल्टे परेको रहेको छ । गाउँपालिकाका केही भागमा अग्ला भिरपहरा पनि रहेका छन् । कालञ्जर हम्पाल पर्वत क्षेत्र लगायत सबै वडामा बाक्लो वनक्षेत्र रहेको छ ।

यहाँ पानीका प्रशस्त मुहानहरू रहेका छन् । लस्तीखोला, लुङदीखोला, दमुवाखोलाजस्ता ठूला खोलाहरूका अतिरिक्त अन्य साना खोलाहरू पनि यस गाउँपालिकामा रहेका छन् ।

## २.३ स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण

**चाडपर्वः**

यस गाउँपालिकामा बसोबास गर्ने मुख्य जातजातिहरूमा मगर, ब्राम्हण, क्षेत्री, दमाई, कामी, सार्की, ठकुरी, गरूङ आदि रहेका छन् । अधिकांश मानिसहरूको मुख्य धर्म हिन्दु रहेको छ भने बौद्ध धर्मालम्वीहरूको बसोबास पनि यहाँ रहेको छ । अधिकांश मानिसहरूले दसैं, तिहार जस्ता चाडपर्व मनाउने गर्दछन् । यी बाहेक विभिन्न समुदायहरूले वर्षभरि नै विभिन्न प्रकारका चाडपर्व मनाउने गर्दछन् । गाउँपालिकामा रहेका विभिन्न समुदायले मान्दै आएका चाडपर्वहरूको विवरण यसप्रकार रहेको छः–

तालिका नं. २.२

गाउँपालिकामा मनाइने चाडपर्वहरूको विवरण

| क्र. स. | चाडपर्व | मनाउने मुख्य जाति |
|---|---|---|
| १ | नयाँवर्ष, वैशाखे सक्रान्ति | सबै जात जाति |
| २ | बुद्ध पुर्णिमा | गुरूङ, मगर |
| ३ | जेष्ठी पुर्णिमा | मगर |
| ४ | दसहरा | ब्राम्हण, क्षेत्री, ठकुरी,मगर, नेवार |
| ५ | कर्कट वा साउने सक्रान्ति | ब्राम्हण, क्षेत्री, ठकुरी, मगर |
| ६ | नाग पञ्चमी | ब्राम्हण, क्षेत्री, ठकुरी,नेवार, मगर |
| ७ | कृष्णजन्माष्टमी | ब्राम्हण, क्षेत्री, ठकुरी |
| ८ | जनैपुर्णिमा | ब्राम्हण, क्षेत्री, ठकुरी, नेवार |
| ९ | हरितालिका, तीज | ब्राम्हण, क्षेत्री, ठकुरी, दमाई, कामी, सार्की, नेवार |
| १० | सोह्रश्राद्ध | ब्राम्हण, क्षेत्री, ठकुरी, नेवार |
| ११ | दसैं, तिहार | प्रायः सबै जात जातिहरू |
| १२ | माघे सक्रान्ति | ब्राम्हण, क्षेत्री, ठकुरी, मगर, गुरूङ, नेवार |
| १३ | फागुपूर्णिमा | प्रायः सबै जात जातिहरू |
| १४ | चैतेदसै वा चैत्राष्ठमी रामनवमी | प्रायः सबै जात जातिहरू |

**मेला तथा पर्वः**

यस गाउँपालिकामा विभिन्न चाडपर्व तथा तिथिहरूमा विभिन्न स्थानमा मेला तथा पर्वहरू लाग्ने गर्दछन् । बसाई सराई, वैदेशिक रोजगार तथा आधुनिक संस्कृतिको विस्तारका कारण विगतका समयमा जस्तो मेला पर्वहरू लाग्ने गरेको पाईदैन । स्थानीय युवाक्लव तथा संघ संस्थाहरूले केही मात्रामा भएपनि मेला पर्वको आयोजना गर्दै आएका छन् । गाउँपालिकामा मनाईने मेला तथा पर्वहरूको विवरण यसप्रकार रहेको छः–

तालिका नं. २.३
गाउँपालिकामा मनाइने मेलापर्वहरूको विवरण

| क्र. सं. | मेला तथा पर्व | मनाइने महिना | तिथि | मेला लाग्ने स्थान |
|---|---|---|---|---|
| १ | नयाँवर्ष, वैशाखे सक्रान्ती | वैशाख | | वडा नं. ६, ओखेनी |
| २ | बुद्ध पुर्णिमा | वैशाख, जेठ | वैशाख शुक्ल पूर्णिमा | वडा नं. ९, बनौं |
| ३ | जेष्ठी पुर्णिमा | जेठ | जेठ शुक्ल पूर्णिमा | वडा नं. ५, फलामेडाँडा |
| ४ | कर्कट वा साउने सक्रान्ती | श्रावण | | |
| ५ | कृष्णजन्माष्टमी | भाद्र | | कृष्णमन्दिरहरू रहेका स्थानमा पूजाआजा |
| ६ | जनैपुर्णिमा | भाद्र | | |
| ७ | हरितालिका, तीज | भाद्र | | वडा नं. ६, भोटेडाँडामा तीज मेला सञ्चालन एवम् विभिन्न शिवालय मन्दिरमा पूजाआजा |
| ८ | माघे सक्रान्ती | माघ | | वडा नं. ६, शालिजा |

## २.४ पर्यटकीय स्थलहरूको विवरण

यस गाउँपालिकामा पौराणिक, ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेका विभिन्न पर्यटकीयस्थलहरू रहेका छन् । उपयुक्त योजनाका साथ यी पर्यटकीयस्थलहरूको संवर्द्धन, आवश्यक पूर्वाधारहरूको निर्माण, विकास र प्रचार प्रसार गर्न सकेमा गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा ठूलो योगदान पुग्न सक्ने देखिन्छ । गाउँपालिका क्षेत्रभित्र रहेका प्रमुख पर्यटकीय स्थलहरूको परिचय यहाँ प्रस्तुत गरिएको छ । यी पर्यटकीय स्थलहरूको विस्तृतरूपमा चर्चा अनुसूची - १ मा गरिएको छ ।

तालिका नं. २.४
गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरूको विवरण

| क्र. सं. | पर्यटकीय स्थलहरू | वडा नं. | स्थलको महत्त्व |
|---|---|---|---|
| १ | कालञ्जर हम्पाल पर्वत | ६ | आर्य दर्शनका पावन ग्रन्थहरूले पवित्रतम् र सर्वोत्तम तीर्थस्थलका रूपमा सिद्ध गरेको भूमि, ऐतिहासिक, पौराणिक तथा धार्मिक महत्त्व कोकेको क्षेत्र, सुन्दर प्राकृतिक दृश्यहरूको अवलोकन गर्न सकिने क्षेत्र, अनेकौं जडिबुटी र वन पैदावरले भरिपूर्ण क्षेत्र, स्थानीयबासीहरूको जनजिवीकासंग जोडिएको पावन र पूण्य भूमि । |
| २ | फलामे डाँडा | ५ | स्थानीयबासीले सिमल्टेचौर पनि भनेर चिन्ने र प्रकृतिले जोखेर हिसाब गरी गरी बनाएको जस्तै सुन्दरस्थल, विभिन्न हिमालहरू र प्राकृतिक दृक्ष्यहरूको अवलोकन गर्न सकिने, मगर संस्कृति, किबी तथा जडिबुटी खेती, लोठ सल्लाको वन आदिले शोभायमान क्षेत्र । |
| ३ | कर्णेलको दरबार | ३ | नेपाली सेनाका तत्कालीन कर्णेल तेजबहादुर मल्लले राणाशासन कालमा राणाहरूले निर्माण गरेका दरबारहरूमा प्रयोग भएको वेलायती वास्तुशिल्प प्रयोग गरी करिब ९० देखि ९५ वर्ष अघि वि.स. १९८० को आसपासमा निर्माण गरिएको, खण्डहर जस्तै भएको दरबारलाई पुनर्निर्माण गरी वर्तमानमा "द हेरिटेज एट मल्लाज" को नाममा रिसोर्ट सञ्चालन भएको । |
| ४ | शुक्लेश्वर महादेव मन्दिर | ८ | वि. सं. १७८० मा शुकदेव र पदमदेवी जोशी रेग्मीले लामो समयसम्म सन्तान नभएकोले सन्तान प्राप्तिका लागि १०१ रोपनी बराबरको क्षेत्र गुठी राखी निर्माण गरेको, निःसन्तान रहेका विवाहित महिला पुरूषले यस मन्दिरमा पूजाआजा गरेमा सन्तान प्राप्त हुन्छन् भन्ने जनविश्वास रहेको, प्यागोडा शैलीमा निर्माण गरिएको यस मन्दिरका टुँडाल तथा झ्यालहरूमा कुँदिएका कामोत्तेजक कलाकृति तथा दृश्यहरू यस मन्दिरका विशेषताहरू हुन् । |

| | | | |
|---|---|---|---|
| ५ | गरूडेश्वर मन्दिर | ५ | काठमाडौंबाट कालीगढ झिकाई करिब पाँच वर्षजति लगाएर प्यागोडा शैलीमा निर्माण गरिएको, अत्यन्तै सुन्दर र आकर्षक देखिने यस मन्दिरको सबै भाग ढुङ्गै ढुङ्गाले बनाइएको छ । यस मन्दिरमा चढाइएको एक घण्टमा लेखिएको मिति र स्थानीयबासीहरूको कर्ण परम्पराअनुसार झण्डै २०० वर्ष अगाडि वि.सं. १८७५ देखि १८९० को समयावधिमा यस मन्दिरको निर्माण गरिएको हो भन्ने भनाई रहेको छ । |
| ६ | भूमेथान तथा सिद्धबाबाको थान | ७ | धाइरिङको सबैभन्दा माथिल्लो भागमा रहेको र पर्वत जिल्ला लगायत छिमेकी जिल्लाहरूमा समेत प्रख्याती पाएको स्थल; जनश्रुतिअनुसार यस क्षेत्रमा घुम्न आएका तत्कालीन जुम्लामा रहेका सरू नाम गरेका प्रभावशाली व्यक्ति धाइरिङमा बस्न थालेपछि उनैले भूमेथानको निर्माण गर्न लगाएका थिए भन्ने भनाई रहेको; भूमेले घरबाट टाढा जाँदा रोगव्याधी नलाग्ने, शत्रुपक्षलाई परास्त गर्ने शक्ति प्राप्त हुने, चोटपटक नलाग्ने, आम्दानी बढ्ने, आँटेताकेको काम पुरा हुने एवं गाउँलाई अतिवृष्टि, अनावृष्टि, खडेरी जस्ता अनिष्टबाट जोगाउँछन् भन्ने प्रगाढ जनविश्वास रहेको । |
| ७ | मल्लाजकोट | ३ | माझफाँट, लेकफाँट, शालिजा, बाँसखर्क तथा धाइरिङ क्षेत्रका मानिसहरूले विशेष रूपमा मान्दै आएको ऐतिहासिक स्थल । पर्वतका राजा डिम्बवमको शासनकालमा कास्कीका राकसे गुरूङ भन्ने राजाले पूर्णगाउँ नजिकै रहेको कोटडाँडा भन्ने ठाउँमा हमला गरेपछि लेकफाँटको डाँडाकोटतिर आएर बसोबास गर्न थालेका घर्ती तथा कार्की क्षेत्रीहरूले डाँडाकोटमा कोटमन्दिर स्थापना गरी त्यहीं पूजाआजा गर्न थालेकोमा १७ औं शताव्दीको अन्त्यतिर माझफाँटस्थित कोटघरमा सारिएको । |
| ८ | डडकोट | ५ | डडकोटमा अवस्थित ऐतिहासिक महत्त्व रहेको कोट भगवती मन्दिर, घर्ती क्षेत्रीहरूको मुख्यौली शासनकालमा साबिक बाँसखर्क गा.वि.स.को वडा नं ७ स्थित कोटडाँडाबाट लेकफाँटको डाँडाकोटमा सारिएको, मन्दिरको भित्रपट्टि |

| | | | |
|---|---|---|---|
| | | | भगवतीको मुर्ति स्थापना गरिएको स्थान नजिकै गहिरो खाडल रहेको, समालवंशीय मल्ल परिवारकी एक कन्या यही स्थानमा अलप भएको घटनापछि १७ औं शताव्दीको अन्त्यतिर माझफाँटस्थित कोटघरमा सारिएको । |
| ९ | घुमाउनेताल | १ | घुमाउनेतालदेखि बाँसखर्क, डाँडाकटेरी, नागी, मोहरेडाँडा हुँदै घोरेपानीसम्मको पदमार्गको आधारस्थल तथा कालीगण्डकीमा जलयात्राको शुरूवात विन्दुका रूपमा गाउँपालिकाले उपयोग गर्न सक्ने, पर्यटकीय दृष्टिले महत्त्वपूर्ण । |

*स्रोतः स्थलगत अवलोकन, २०७४ ।*

## २.५ गाउँपालिकामा रहेका धार्मिक स्थलहरूको विवरण

यस गाउँपालिकामा महत्त्वपूर्ण ऐतिहासिक, पौराणिक, धार्मिक तथा प्राकृतिक सम्पदास्थलहरू रहेका छन् । यो क्षेत्र पौराणिक महत्त्व बोकेको क्षेत्र पनि हो । कालञ्जर हम्पाल पर्वत लगायत पुराणहरूमा उल्लेख गरिएका पौराणिक स्थलहरू यहाँ रहेका छन् । विभिन्न जात जातिका मानिसहरूले कुलपूजा गर्ने स्थानमा कुल मन्दिरहरू रहेका छन् । मगर जातिको बसोबास भएका क्षेत्रमा भैरम, झाँक्रीथान, भूमेथान तथा मण्डली थानहरू रहेका छन् । विभिन्न धर्मालम्बी तथा सम्प्रदायका मानिसहरूले आस्थापूर्वक पूजाआजा गर्ने मठ, मन्दिर, गुम्बा, चर्च तथा देवालयहरू यहाँ रहेका छन् । गाउँपालिकामा रहेका प्रमुख धार्मिक स्थलहरूको विवरण यसप्रकार रहेको छः–

तालिका नं. २.५

गाउँपालिकामा रहेका धार्मिक स्थलहरूको विवरण

| सि. नं. | धार्मिक स्थलको नाम | रहेको थान |
|---|---|---|
| १ | मल्लाजकोट भगवती मन्दिर | वडा नं. ३, माझफाँट |
| २ | सिद्धगुफा शिवालय | वडा नं. ४, माझफाँट |
| ३ | भूमेथान तथा सिद्धबाबाको थान | वडा नं. ७, धाइरिङ |
| ४ | निलकण्ठेश्वर महादेव मन्दिर | वडा नं. ६, शालिजा |
| ५ | लक्ष्मीनारायण बैंकटेश्वर मन्दिर | वडा नं. ६, शालिजा |
| ६ | गरूडेश्वर शिवालय मन्दिर | वडा नं. ५, लेकफाँट |
| ७ | डडकोट, भगवती मन्दिर | वडा नं. ५, लेकफाँट |
| ८ | गलेश्वर राममन्दिर | वडा नं. २, माझफाँट |
| ९ | कोटडाँडा | वडा नं. १, बाँसखर्क |
| १० | शुक्लेश्वर महादेव मन्दिर | वडा नं. ८, नागलीवाङ |

| | | |
|---|---|---|
| ११ | शालिग्रामधाम | वडा नं. ८, पल्लो नागलीवाङ |
| १२ | बौद्ध गुम्बा | वडा नं ५, लेकफाँट, वडा नं. ९, बनौं |
| १३ | गुन्थले झाँक्रीथान | वडा नं. ६, ओखेनी |
| १४ | मण्डली थान, भूमेथान, भैरमथान | वडा नं. ९ बनौं |
| १५ | सिद्धथान | वडा नं. ४, माझफाँट |

*स्रोतः स्थलगत अवलोकन २०७४ ।*

## २.६ वर्तमान भू-उपयोग स्थिति

यस गाउँपालिका कालीगण्डकी किनारदेखि कालञ्जर हम्पाल पर्वतसम्म फैलिएकोले खेतीयोग्य फाँट, बेंसी, पाखा, चरनक्षेत्र तथा वनजंगलले ढाकिएको छ । गाउँपालिकामा समावेश गरिएका साविकका गा.वि.स.हरू एवम् समग्र गाउँपालिकाको भू-उपयोग स्थितिको विवरण यसप्रकार रहेको छः-

तालिका नं. २.६

गाउँपालिकाको भू-उपयोग स्थिति

| साविकका गा.वि.स. | हाल कायम गरिएका वडा | खेत (हेक्टर) | पाखोबारी (हेक्टर) | वन जंगल (हेक्टर) | घर वाँफो तथा अन्य (हेक्टर) | जम्मा क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|---|
| बाँसखर्क | १ | ६३ | २४३ | १३२ | ४७.०६ | ४८५.०६ |
| माझफाँट | २, ३ , ४ | २०८ | ३१८ | ४२५ | ८५.९६ | १०३६.९६ |
| लेकफाँट | ५ | ८५ | १६७ | ६५० | १२६९.३१ | २१७१.३१ |
| शालिजा | ६ | १११ | ३७२ | ५१० | ३०५.१ | १२९८.१ |
| धाइरिङ | ७ | १९८ | २७२ | ६१३ | २२५.०१ | १३०८.०१ |
| नागलीवाङ | ८ | १५१ | ४४९ | ४८२ | ९१.८४ | ११७३.८४ |
| बनौं | ९ | ४ | २७८ | ६७३ | १७१.४२ | ११२६.४२ |
| **जम्मा** | | **८२०** | **२०९९** | **३४८५** | **२१९५.७** | **८५९९.७** |
| **प्रतिशत** | | **९.५४** | **२४.४१** | **४०.५२** | **२५.५३** | **१००** |

*स्रोतः कृषि विकास कार्यालय, पर्वत, २०७१ ।*

यस गाउँपालिकाको समग्र भू-उपयोगको स्थिति हेर्दा कुल क्षेत्रफल ८५९९.७ हेक्टरमध्ये सबैभन्दा बढी वनजंगलले ढाकेको क्षेत्र (४०.५२%) रहेको छ । खेति गरिँदै आएको जग्गामा खेतको अंश जम्मा ९.५४ प्रतिशत र पाखोबारीको अंश २४.४१ प्रतिशत बराबर रहेको देखिन्छ । गाउँपालिकामा समावेश भएका साविकका गा. वि. स.मा क्षेत्रफलको हिसाबले सबैभन्दा सानो बाँसखर्क (वडा नं. १) रहेको र ठूलो लेकफाँट (वडा नं. ५) रहेको छ । हाल कायम गरिएको वडा नं. ८ बनौंमा खेतीयोग्य जमिनमा खेतको अंश अत्यन्त कम रहेको देखिन्छ ।

## २.७ वडा अनुसार भू-उपयोगको स्थिति र क्षेत्रफल

गाउँपालिकामा समावेश भएका साविकका गा.वि.स. अनुसार हाल कायम भएका वडाहरूमा रहेको जग्गामध्ये उपयोग गरिएको जग्गाको विवरणलाई हेर्दा कूल क्षेत्रफल ४२८८.३६ हे. मध्ये कृषिमा प्रयोग भएको क्षेत्रफल १७४४.३६ हे. अर्थात ४०.६८% रहेको छ । अन्य क्षेत्रफल १०८२ हे. रहेको छ । कूल ९ वडा मध्ये सबैभन्दा बढी कृषिमा प्रयोग भएको क्षेत्रफल वडा नं. ६ शालिजामा ३७८ हे. रहेको छ । गाउँपालिकामा वडागत रूपमा भू उपयोगको सिथिति निम्नअनुसार रहेको छः-

तालिका नं. २.७
वडा अनुसार भू-उपयोगको स्थिति र क्षेत्रफल

| वडाहरू | कृषिमा प्रयोग भएको क्षेत्रफल (हे.) | अन्य उपयोगमा आएको क्षेत्रफल (हे.) | जम्मा क्षेत्रफल (हे.) |
|---|---|---|---|
| वडा नं. १, (बाँसखर्क) | २११ | ४० | २५१ |
| वडा नं. २,३,४, (माँझफाँट) | ३७५ | ११७ | ४९२ |
| वडा नं. ५ (लेकफाँट) | २२७ | १२२९ | १४५६ |
| वडा नं. ६ (शालिजा) | ३७८ | २७९ | ६५७ |
| वडा नं. ७ (धाइरिङ) | २५४ | ३५४ | ६०८ |
| वडा नं. ८ (नाङलिबाङ) | ८०.३६ | ५०७ | ५८७.३६ |
| वडा नं. ९ (बनौं) | २१९ | १८ | २३७ |
| जम्मा | १७४४.३६ | २५४४ | ४२८८.३६ |

*स्रोतः जिल्ला वन कार्यालय, पर्वत, २०७१ ।*

## २.८ भू-स्वामित्वको स्थिति

यस गाउँपालिकामा रहेका कुल ५५६१ घरपरिवार मध्ये भूमिहिन परिवार १३ घरधूरी (०.२३%) मात्रै रहेका छन ।  ६० रोपनीभन्दा बढी जमिन भएका परिवार केवल ३ मात्रै रहेका छन् । सबैभन्दा बढी ३९% अर्थात २१५२ परिवार ४ देखि १० रोपनी जमिन भएका रहेका छन् । २ रोपनीभन्दा कम जमिन भएका परिवार ४५६ अर्थात ८.१९% रहेका छन । गाउँपालिकामा भू-स्वामित्वको स्थिति यसप्रकार रहेको छः-

तालिका नं. २.८
भूस्वामित्वको स्थिति

| भूमिको आकार | घर परिवार सङ्ख्या |
|---|---|
| भूमिहिन परिवार | १३ |
| २ रोपनीभन्दा कम जमिन भएको परिवार | ४५६ |
| २ देखि ४ रोपनी जमिन भएको परिवार | ८२८ |
| ४ देखि १० रोपनी जमिन भएको परिवार | २१५२ |
| १० देखि २० रोपनी जमिन भएको परिवार | १५३४ |
| २० देखि ४० रोपनी जमिन भएका परिवार | ४८६ |
| ४० देखि ६० रोपनी जमिन भएका परिवार | ८८ |
| ६० देखि ८० रोपनी जमिन भएका परिवार | ३ |
| जम्मा घरधुरी | ५५६१ |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, पर्वत, २०७२।०७३ ।*

## २.९ सामुदायिक मेलमिलाप सम्बन्धि समिति गठन र क्रियाकलाप

यस गाउँपालिकामा हालसम्म मेलमिलाप सम्बन्धि समिति गठन गर्ने लगायतका अन्य क्रियाकलापहरू सञ्चालन हुन सकेका छैनन । गाउँपालिकास्तरमा उपाध्यक्षको संयोजकत्वमा सामुदायिक मेलमिलाप सम्बन्धि समिति गठन हुने व्यवस्था रहेको भए तापनि वडाहरूमा यससम्बन्धि समितिहरू गठन भएका छैनन् । गाउँपालिकाबाट सदरमुकाम कुस्मामा जिल्ला अदालत लगायतका निकायमा जटिल मुद्दाहरू जाने गर्दछन भने सामान्य प्रकृतिका बिषयमा स्थानीयरूपमा छलफल गरी मेलमिलाप हुने गरेको छ ।

## २.१० गाउँपालिकामा गरिबीको अवस्था

गरिबीको विश्लेषण गर्दा शिरगणना सूचक, गरिबीको गहनता र गरिबीको विषमतालाई मुख्य आधार मानिएको हुन्छ । शिरगणना सूचकले निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या कति छ भनेर मापन गर्दछ । गरिबीको गहनताले कुल गरिबहरू मध्ये पनि गरिब गरिबहरूबीच कति गहिरो असमानता छ भन्ने कुरा देखाउँछ । गरिबीको गहनता जति बढी भयो उति नै देशमा गरिबीको दबाब परिरहेको हुन्छ । गरिबीको विषमताले गरिब मानिएकाहरू मध्ये कति प्रतिशत गरिबहरू गरिबीको रेखाभन्दा कतिले टाढा छन् भन्ने कुरा मापन गर्दछ ।

गरिबीको विषमता जति बढी हुन्छ त्यति नै बढी मात्रामा गरिबीको समस्या पैदा हुने गर्दछ । केन्द्रीय तथ्याङ्क विभागद्वारा सन २००९/२०१० मा गरिएको तेस्रा जीवनस्तर मापन सर्वक्षेणअनुसार प्रतिव्यक्ति औसत आम्दानी रू. १९२६१ लाई आधार मान्दा राष्ट्रिय स्तरमा गरिबीको रेखामुनिको जनसङ्ख्या २१.६ प्रतिशत ( आ.व. २०७४) रहेको छ । यस गाउँपालिकामा गरिबीको अवस्था देहायअनुसार रहेको छः-

तालिका नं. २.९

गाउँपालिकामा गरिबीको अवस्था

| साविकका गा. वि.स. | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता |
|---|---|---|---|
| बाँसखर्क | ७.०८ | १.२९ | ०.३७ |
| माभ्फफाँट | ७.०८ | १.२९ | ०.३७ |
| लेकफाँट | १७.१४ | ३.४७ | १.०७ |
| शालिजा | १३.४२ | २.५१ | ०.७३ |
| धाइरिङ | १७.१४ | ३.४७ | १.०७ |
| नागलीवाङ | १२.५४ | २.४२ | ०.७३ |
| बनौं | १८.५५ | ४.१ | १.३९ |
| औसत जम्मा | १३.२७ | २.६५ | ०.८२ |
| पर्वत जिल्ला | १२.६५ | २.५१ | ०.७७ |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग ।*

माथिको तालिकामा देखाइएअनुसार गाउँपालिकामा सविकको बाँसखर्क र माभ्फफाँट गा.वि.स.मा गरिबीको रेखामुनिको जनसङ्ख्या सबैभन्दा कम र बनौं गा.वि.स.मा सबैभन्दा बढी रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार पर्वत जिल्लाको समग्र गरिबीको अवस्थासंग तुलना गर्दा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या, गरिबीको गहनता र विषमता यस गाउँपालिकामा बढी रहेको देखिन्छ ।

## २.११ स्थानीय राजनैतिक दलहरू

यस गाउँपालिकामा गत स्थानीय निर्वाचनमा जिल्ला निर्वाचन कार्यालयमा दल दर्ता गराई विभिन्न पदमा उम्मेदवारी दिएका विभिन्न स्थानीय राजनैतिक दलहरू रहेका छन् । यी मध्ये नेपाल कम्युनिष्ट पार्टी एमाले र नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रबीच एकिकरण भई नेपाल कम्युनिष्ट पार्टीको नामाकरण गरिएको छ । साविकका गा. वि.स. मा विभिन्न राजनैतिक दलहरूका प्रमुखहरू रहेको भए तापनि गाउँपालिकाको गठन भईसकेपछि सोअनुसार सबै राजनैतिक दलहरूले गाउँपालिकास्तरीय दलको प्रमुख चयन गरेको नदेखिएकोले यहाँ गाउँपालिकामा क्रियाशील रहेका राजनैतिक दलहरूको विवरण यसप्रकार प्रस्तुत गरिएको छः-

तालिका नं. २.१०

गाउँपालिकामा क्रियाशील रहेका राजनैतिक दलहरूको विवरण

| **दलको नाम** | **नाम, थर** | **पद** |
|---|---|---|
| नेपाल कम्युनिष्ट पार्टी | लालबहादुर अधिकारी | अध्यक्ष |
| नेपाली काँग्रेस | चन्द्रबहादुर जि.सि. | सभापति |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | क्या. टेकबहादुर जि.सि. | अध्यक्ष |
| जनमुक्ति पार्टी | – | – |
| नयाँशक्ति पार्टी, नेपाल | – | – |
| राष्ट्रिय जनमोर्चा, नेपाल | – | – |

*स्रोतः प्रशासन शाखा, जलजला गाउँपालिका, पर्वत, २०७५ वैशाख ।*

## २.१२ गाउँपालिकाका जन निर्वाचित प्रतिनिधिहरूको विवरण

नेपालमा वि.सं. २०५४ मा भएको स्थानीय निकायहरूको निर्वाचनपश्चात् करिब २० वर्षसम्म उक्त तहको निर्वाचन सम्पन्न हुन सकेको थिएन । स्थानीय स्वायत्त शासन ऐन २०५५ र सरकारले व्यवस्था गरेको कार्यविधि अनुसार स्थानीय निकायहरू सञ्चालन भइरहेका थिए । नेपालको संविधान २०७२ मा व्यवस्था भएअनुसार वि. सं. २०७४ मा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा यस गाउँपालिकाको प्रमुख तथा उपप्रमुख दुबै पदमा नेपाली काँग्रेसका उम्मेदवार विजयी भएका थिए । गाउँपालिकामा रहेका नौ वटा वडामध्ये चारवटा वडामा नेपाली काँग्रेसबाट, तीनवटा वडामा नेपाल कम्युनिष्ट पार्टी एमालेबाट र दुईवटा वडामा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रबाट वडा अध्यक्ष निर्वाचित भएका थिए । त्यस्तै वडा सदस्य पदमा नेपाली काँग्रेस १९, नेपाल कम्युनिष्ट पार्टी एमाले ११, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द ५ र राष्ट्रिय जनमुक्ति पार्टी १ स्थानबाट निर्वाचित भएका थिए । यस गाउँपालिकाका जन निर्वाचित प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यहरूको विवरण यसप्रकार रहेको छः–

तालिका नं. २.११
गाउँपालिकाका जननिर्वाचित प्रतिनिधिहरूको विवरण

| **गाउँपालिका प्रमुखः** यामबहादुर मल्ल (रामकृष्ण) *( सम्बद्ध राजनैतिक दल -नेपाली काँग्रेस)* | | | **गाउँपालिका उपप्रमुखः सी**मा गर्वुजा पुन *( सम्बद्ध राजनैतिक दल -नेपाली काँग्रेस)* | | |
|---|---|---|---|---|---|
| **वडा नं.** | **अध्यक्ष** | **सदस्य महिला** | **सदस्य दलित महिला** | **सदस्य खुला** | **सदस्य खुला** |
| १ | तुलसीराम रेग्मी | रोमाया पुर्जा पुन | देवी दर्जी | भिमबहादुर खत्री | युवराज अर्मजा पुन |
| *सम्बद्ध पार्टी* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* |
| २ | गोविन्द खत्री | भगवती घर्ती क्षेत्री | विमला नेपाली | निरबहादुर कार्की क्षेत्री | प्रकाश बहादुर घर्ती क्षेत्री |
| *सम्बद्ध पार्टी* | *नेपाली काँग्रेस* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाल कम्युनिष्ट पार्टी ( एमाले)* |
| ३ | देविन्द्रबहादुर भण्डारी | कोपिला बरूवाल | विष्णु सुनार | चन्द्रबहादुर जि.सि. | शशि शर्मा आचार्य |
| *सम्बद्ध पार्टी* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* |
| ४ | भिष्म मल्ल | तारादेवी पौडेल | लक्ष्मी सुनार | हरिबहादर कार्की | पदमबहादुर दमै |
| *सम्बद्ध पार्टी* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* |
| ५ | तिलकबहादुर जि.सि. | चन्द्रेश्वरी खँाण | विष्णु सार्की | ओमप्रसाद रेग्मी | तकबहादुर पुन |
| *सम्बद्ध पार्टी* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* |
| ६ | हमबहादुर फकामी पुन | मायादेवी रेग्मी | छवी सार्की | बलबहादुर पुन | बेलबहादुर चोचाङ्गी पुन |
| *सम्बद्ध पार्टी* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाली काँग्रेस* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* |
| ७ | टुङ्गनाथ शर्मा | मायाकुमारी शर्मा | भविसरा वि.क. | ज्ञानबहादुर पुन | पुर्णे दमाइ |
| *सम्बद्ध पार्टी* | *नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)* | *नेपाली काँग्रेस* | *नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)* | *नेपाल कम्युनिष्ट पार्टी (एमाले)* | *नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)* |
| ८ | हरिविकास जि.सि. | बालकुमारी जि.सि. | पुतली दर्जी दमिनी | ओमबहादुर घर्ती क्षेत्री | जयबहादुर रेग्मी क्षेत्री |
| *सम्बद्ध पार्टी* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* | *नेपाली काँग्रेस* |
| ९ | गौबहादुर पुर्जा | गौमती गर्वुजा पुन | पार्वती सर्किनी | मनकुमार पुन | कुमबहादुर गर्वुजा मगर |
| *सम्बद्ध पार्टी* | *नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)* | *राष्ट्रिय जनमुक्ति पार्टी* | *नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)* | *नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)* | *नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)* |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय, पर्वत, २०७४ ।*

तालिका नं. २.१२
गाउँकार्यपालिकाका पदाधिकारी तथा सदस्यहरूको विवरण

| | |
|---|---|
| १. अध्यक्षः यामबहादुर मल्ल (रामकृष्ण)<br>२. उपाध्यक्षः सीमा गर्वुजा पुन<br>३. तुलसीराम रेग्मी, अध्यक्ष वडा नं. १<br>४. गोविन्द खत्री, अध्यक्ष वडा नं. २<br>५. देविन्द्रबहादुर भण्डारी, अध्यक्ष वडा नं. ३<br>६. भिष्म मल्ल, अध्यक्ष वडा नं. ४<br>७. तिलकबहादुर जि.सि., अध्यक्ष वडा नं. ५<br>८. हमबहादुर फकामी पुन, अध्यक्ष वडा नं. ६<br>९. टुङ्गनाथ शर्मा, अध्यक्ष वडा नं. ७<br>१०. हरिविकास जि.सि., अध्यक्ष वडा नं. ८<br>११. गौबहादुर पुर्जा, अध्यक्ष वडा नं. ९ | १२. मायाकुमारी शर्मा<br>१३. लक्ष्मी सुनार<br>१४. बालकुमारी जि.सि.<br>१५. कोपिला बरूवाल<br>१६. ज्योति वि.क.<br>१७. दिनेश नेपाली<br><br>**सल्लाहकारहरू**<br>राजनीतिक सल्लाहकारः याम शर्मा पौडेल<br>कानूनी सल्लाहकारः हरिनारायण रेग्मी |

*स्रोतः जिल्ला निर्वाचन कार्यालय, पर्वत, २०७४ ।*

## २.१३ गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण

यस गाउँपालिकामा कार्यरत कर्मचारीहरूको विवरण अर्थात गाउँपालिकाको संगठनातमक ढाँचा देहायअनुसार रहेको छः

तालिका नं. २.१३
गाउँपालिकामा कार्यरत कर्मचारीको विवरण

| सि.नं. | कर्मचारीको नाम थर | पद | कार्यरत शाखा | |
|---|---|---|---|---|
| १ | कृष्णप्रसाद गौतम | प्रमुख प्रशासकीय अधिकृत | कार्यालय प्रमुख | **गाउँपालिकाको शिक्षा शाखामा कार्यरत कर्मचारीहरूको विवरण**<br>शिक्षा अधिकृतः झकप्रसाद गौतम<br>स्रोतव्यक्तिः सुमन्तनाथ सुबेदी<br>स्रोतव्यक्तिः कमलनयन आचार्य |
| २ | लिलाधर सुवेदी | सामाजिक विकास अधिकृत | सामाजिक विकास, राजश्व | |
| ३ | विमलप्रसाद पौडेल | पशु चिकित्सक | पशु शाखा | |
| ४ | हरिप्रसाद गौतम | इन्जिनियर | प्राविधिक | |
| ५ | हिमाल शर्मा | इन्जिनियर | प्राविधिक | |
| ६ | मिलन मल्ल | आइ टी | प्राविधिक | |
| ७ | गोविन्द बहादुर जि.सि. | नायब सुब्बा | योजना | |

| | | | | |
|---|---|---|---|---|
| ८ | गुणराज रिजाल | लेखापाल | लेखा | **गाउँपालिकामा कार्यरत सामाजिक परिचालकहरूको विवरणः**<br>मायाँ परियार, वडा नं. १<br>विन्दु पौडेल, वडा नं. २,३ र ४<br>गिता चापागाई, वडा नं. ६<br>इन्द्रप्रसाद शर्मा, वडा नं. ७<br>दुर्गा गौतम रेग्मी, वडा नं. ८<br>मिना फगामी पुन, वडा नं. ९ |
| ९ | भुवन बहादुर मल्ल | नायब सुब्बा | प्रशासन | |
| १० | भेषनाथ आचार्य | नायब सुब्बा | कार्यालय | |
| ११ | दिलेराम कामती | हेल्थ असिस्टेण्ट | स्वास्थ्य | |
| १२ | राजु बोहरा | हेल्थ असिस्टेण्ट | स्वास्थ्य | |
| १३ | जीवन ज्ञवाली | प्रा. स. कृषि | कृषि | |
| १४ | देवराज पुरी | वास संयोजक | | |
| १५ | पार्वती सापकोटा | स. म. वि .नि. | सामाजिक | |
| १६ | अनिता कुमारी शर्मा | स. म. वि .नि. | सामाजिक | |
| १७ | बामदेव बसौला | खा. पा. स. टे. | प्राविधिक | |
| १८ | उदयचन्द्र श्रेष्ठ | खा. पा. स. टे. | प्राविधिक | |
| १९ | रमेश शर्मा | अ. सव इन्जिनियर | प्राविधिक | |
| २० | कलाधर आचार्य | अ. सव इन्जिनियर | प्राविधिक | |
| २१ | सुजन थापा | अ. सव इन्जिनियर | प्राविधिक | |
| २२ | इन्द्रप्रसाद शर्मा | कार्यालय सहायक | कार्यालय | |
| २३ | ईन्द्रप्रसाद पौडेल | का.स. | कार्यालय | |
| २४ | नगेन्द्रबहादुर कार्की | का. स. | कार्यालय | |
| २५ | जुनु पुर्जा पुन | का. स. | कार्यालय | |
| | | | | |

*स्रोतः प्रशासन शाखा, जलजला गाउँपालिका, पर्वत, २०७५ वैशाख ।*

## २.१४ गाउँपालिकामा रहेका वडा सचिवहरूको विवरण

गाउँपालिकाका नौ वटा वडामा कार्यरत सचिवहरूको विवरण यसप्रकार रहेको छः

तालिका नं १४

वडा सचिवहरूको विवरण

| वडा नं. | नाम, थर | पद |
|---|---|---|
| १ | गौतम जि.सि. | वडा सचिव |
| २ | आग्रह आचार्य | वडा सचिव |
| ३ | मिनबहादुर खत्री | वडा सचिव |
| ४ | रघुनाथ चापागाई | वडा सचिव |
| ५ | माधव सुवेदी | वडा सचिव |
| ६ | लिलाधर अधिकारी | वडा सचिव |
| ७ | मोहदत्त पौडेल | वडा सचिव |
| ८ | कृष्ण रिजाल | वडा सचिव |
| ९ | रामप्रसाद रिजाल | वडा सचिव |

*स्रोतः प्रशासन शाखा, जलजला गाउँपालिका, पर्वत, २०७५ वैशाख ।*

# अध्याय तीन
# जनसाङ्ख्यिक विवरण/विशेषता

## ३.१ जनसङ्ख्या वितरणको अवस्था (२०५८-२०६८)

जनगणना वर्ष २०५८ र २०६८ को आधारमा गाउँपालिकामा रहेको कुल जनसङ्ख्या, जनसङ्ख्या अनुपात, औषत वृद्धिदर, परिवारको औषत आकारको विवरणलाई निम्न अनुसार प्रस्तुत गरिएको छः–

तालिका नं. ३.१
जनसङ्ख्या वितरणको अवस्था

| विवरण | जनगणना वर्ष | |
|---|---|---|
| | **२०५८** | **२०६८** |
| कुल जनसङ्ख्या | २१५४७ | २१४५४ |
| महिला | ११३९७ | ११७४६ |
| पुरूष | १०१५० | ९७०८ |
| घर परिवार सङ्ख्या | ४५५२ | ५५६१ |
| जनघनत्व | २६१.९३ | २६०.८ |
| औषत वृद्धिदर | – | –०.०४३ |
| परिवारको औषत आकार | ४.७३ | ३.८५ |
| महिला पुरूष अनुपात (प्रति १०० जना महिलामा पुरूषको सङ्ख्या) | ९३.३४ | ८२.६४ |

*स्रोतः राष्ट्रिय जनगणना वर्ष, २०६८, २०५८, केन्द्रीय तथ्याङ्क विभाग ।*

गाउँपालिकाको जनसङ्ख्या वितरणको अवस्थाको अध्ययन गर्दा जनगणना वर्ष २०५८ को तुलनामा २०६८ मा समग्रमा कुल जनसङ्ख्या ९३ बराबरले घटेको देखिन्छ । जनगणना वर्ष २०५८ को तुलनामा २०६८ मा महिलाको सङ्ख्या ३४९ बराबरले बढेको र पुरूषको सङ्ख्या ४४२ बराबरले घटेको देखिन्छ । जनघनत्व तथा महिला पुरूष अनुपात पनि अघिल्लो जनगणनाको तुलनामा घटेको देखिन्छ । कुल जनसङ्ख्याको औषत वृद्धिदर ०.०४३ प्रतिशत बराबरले नकरात्मक रहेको देखिन्छ । गाउँपालिकाबाट बसाइसराई गरेर बाहिर जाने प्रवृत्ति र पहिलेको तुलनामा अभिभावकहरूमा सानो परिवारप्रतिको चाहानाका कारण जनसङ्ख्याको औषत वृद्धिदर ऋणात्मक रहन गएको देखिन्छ ।

## ३.२ परिवार सदस्य सङ्ख्याअनुसार घरपरिवार सङ्ख्या

गाउँपालिकामा परिवार सदस्य सङ्ख्याअनुसार घरपरिवार सङ्ख्याको विवरण देहायअनुसार रहेको छः-

तालिका नं. ३.२

परिवार सदस्य सङ्ख्याअनुसार घरपरिवार सङ्ख्या

| **परिवार सदस्य सङ्ख्या** | १ जना | २ जना | ३ जना | ४ जना | ५ जना | ६ जना | ७ जना | ८ जना | ९ जना | १० जना र + | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **घर परिवार सङ्ख्या** | ४८६ | ८५४ | ११७६ | १२७२ | ८४३ | ५२५ | १९१ | १२० | ४८ | ४६ | **५५६१** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग,राष्ट्रिय जनगणना, २०६८ ।*

यस गाउँपालिकामा परिवार सदस्य सङ्ख्याअनुसार घरपरिवार सङ्ख्याको विवरणलाई अध्ययन गर्दा कुल ५५६१ घरपरिवार मध्ये सबैभन्दा बढी (१२७२) चारजना परिवार सदस्य भएको घरपरिवार रहेको र त्यसपछि दोस्रो स्थानमा तीनजना परिवार भएको घरपरिवार (११७६) रहेको र दश जनाभन्दा बढी परिवार सदस्य भएको घरपरिवार सबैभन्दा कम (४६) रहेको देखिन्छ ।

## ३.३ वडाअनुसार घरधुरी, जनसङ्ख्या तथा क्षेत्रफलको विवरण

साविकका सातवटा गा.वि.स. हरूलाई समावेश गरी गठन गरिएको यस गाउँपालिकामा हाल कायम भएका वडाहरूमा रहेको जनसङ्ख्या, घरपरिवार, क्षेत्रफल तथा जनघनत्वको विवरणलाई देहायअनुसार प्रस्तुत गरिएको छः-

तालिका नं. ३.३

वडाअनुसार घरधुरी, जनसङ्ख्या तथा क्षेत्रफलको विवरण

| **वडा नं.** | **घर परिवार सङ्ख्या** | **जनसङ्ख्या** | | | **क्षेत्रफल व.कि.मि.** हाल कायम गरिएको | **जनघनत्त्व** | **क्षेत्रफल व.कि.मि. (२०६८ को जनगणनाअनुसार)** | **जनघनत्व (२०६८ को जनगणनाअनुसार)** |
|---|---|---|---|---|---|---|---|---|
| | | **महिला** | **पुरूष** | **जम्मा** | | | | |
| १ | २५४ | ५०० | ४१६ | ९१६ | ४.५६ | २०१.३ | ४.८५ | १८८.८६ |
| २ | ५३७ | ११८० | ८८८ | २०६८ | ६.४१ | ३२२.६२ | १०.३७ | ७७९.८५ |
| ३ | ९८७ | १९५० | १७३६ | ३६८६ | १.४ | २६३२.८५ | | |
| ४ | ५७६ | १२९३ | १०४० | २३३३ | ५.३८ | ४३४.४५ | | |
| ५ | ६६७ | १३९५ | ११३१ | २५२६ | १५.४८ | १६३.१७ | २१.७१ | ११६.३५ |
| ६ | ६१२ | १२४७ | १०१३ | २२६० | १६.७ | १३५.३२ | १२.९८ | १७४.११ |
| ७ | ८९६ | १८६४ | १५९२ | ३४५६ | १३.३५ | २५८.८७ | १३.०८ | २६४.२२ |
| ८ | ६८३ | १५१५ | १२३६ | २७५१ | ११.०८ | २४८.५ | ११.७४ | २३४.३२ |
| ९ | ३४९ | ८०२ | ६५६ | १४५८ | ७.९ | १८५.५५ | ११.२६ | १२९.४८ |
| **जम्मा** | **५५६१** | **११७४६ ५४.७५%** | **९७०८ ४५.२५%** | **२१४५४** | **८२.२६** | **२६०.९** | **८५.९९** | **२४९.४९** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ एवम् सूचना शाखा, जिसस, पर्वत २०७४ ।*

गाउँपालिकामा हाल कायम भएका वडाहरूमा रहेको घरधुरी, जनसङ्ख्या, क्षेत्रफल तथा जनघनत्त्वको विवरणको अध्ययन गर्दा क्षेत्रफलका आधारमा सबैभन्दा सानो वडा नं. ३ भए तापनि जनसङ्ख्याको दृष्टिले सबैभन्दा बढी जनसङ्ख्या र जनघनत्त्व यसै वडामा रहेको छ । भौगोलिक आधारमा सबैभन्दा ठूलो वडा नं. ६ रहेको देखिन्छ जहाँ जम्मा २२६० बराबर मात्र जनसङ्ख्या रहेको छ । जनसङ्ख्याको दृष्टिले यो वडा छैटौं स्थानमा रहेको देखिन्छ । गाउँपालिकामा जनघनत्त्व २६०.९ बराबर रहेको छ । गाउँपालिकामा रहेको कुल जनसङ्ख्या २१४५४ मा पुरूषको तुलनामा महिलाको जनसङ्ख्या २०३८ बराबरले बढी रहेको देखिन्छ । सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालयले गाउँपालिकाको क्षेत्र निर्धारण गर्दा गाउँपालिकाको कुल क्षेत्रफल ८२.२६ वर्ग कि.मि. निर्धारण गरेको छ । यस अघि केन्द्रिय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ मा उल्लेख गरिएअनुसार गाउँपालिकामा समावेश भएका साविकका सातवटा गा.वि.स.हरूको कुल क्षेत्रफल ८५.९९ वर्ग कि.मि. रहेको उल्लेख छ । यसलाई आधार मान्दा जनघनत्त्व २४९.४९ बराबर रहेको देखिन्छ । यसअनुसार सबैभन्दा ठूलो हालको ५ नम्बर वडा (२१.७१ वर्ग कि.मि) रहेको देखिन्छ ।

## ३.४ वडाअनुसार प्रमुख बस्तीहरूको विवरण

यस गाउँपालिकामा विभिन्न जातजातिका मानिसहरूको बसोबास भएका बस्तीहरू रहेका छन् । गाउँपालिकामा नौवटा वडाहरूमा रहेका प्रमुख बस्तीहरूको विवरण यसप्रकार रहेको छः–

तालिका नं. ३.४

वडाअनुसार प्रमुख बस्तीहरूको विवरण

| वडा नं. | प्रमुख बस्तीहरू | बसोबास गर्ने जातिहरू |
|---|---|---|
| १ | ओख्ले, मालगाउँ, बजरमारे, विडामारे, गाम, साङलानी, सिस्नार, चिनाखेत (खरालीटोल), बाँसखर्क, बाटामाथि | मगर, दमाइ, क्षेत्री, ब्राम्हण, कामी, गुरूङ |
| २ | राममन्दिर, गौरेटे, रामिलखर्क, नेपाने, विमिराबोट, वगरफाँट, अधिकारीफाँट, कामीडाँडा, रखालबिसाउना, आरूबोट, पूर्णगाउँ, ओखरबोट, भोक्लाडाँडा, वियोकाटे | क्षेत्री, ब्राम्हण, दमाइ, कामी, मगर, दशनामी, सार्की |
| ३ | बेनीबजार, बरूवालफाँट, हटिया, पोखरीफाँट, डिलफाँट, दारिमबोट, | क्षेत्री, ब्राम्हण, ठकुरी, नेवार, |

| | | |
|---|---|---|
| | सिरानघर, साममारे, समिबोट, गुफाटोल | दमाइ, कामी, सार्की |
| ४ | खोलाखेत, पिडाल्ना, फड्केढुङ्गा, भवानीपानी, काफलबोट, कारचिन्ने, उपल्लो चिउरीपात्ला, तल्लो चिउरीपात्ला, सुवेदीटोल, देविस्थान, मोहनचोक, लामाखेत, लुङदी, ढोलढुङ्गा, पालसिङ | क्षेत्री, ब्राम्हण, ठकुरी, नेवार, दमाइ, कामी, सार्की, दशनामी |
| ५ | ठूलावन, वनवडे, डाँडाकटेरी, लोप्रे, फलामेडाँडा, कुवापानी, टिमीरबोट, अन्यचौर, गोडेखोला, रातामाटा, धवलापहरा, गहते, गैरागाउँ, डाँडाघर, फापरचौर, देवपूजा, थाराघर, एकछाने, सहस्रकमाय, पुतलीविहान | ब्राम्हण, मगर, क्षेत्री, दमाइ, सार्की, ठकुरी, दमाइ, कामी, गुरूङ |
| ६ | ओखेनी, पातालखर्क, स्वाँरा, बजेरी, च्यानकाटे, सँहेले,, काभ्राबोट, लामपाटा, पिडालुबारी, दैडाँडा, सिमस्वाारा, तसकाटे, मुढाखर्क, हलपाटे, चौताराडाँडा, गाम, भोटेडाँडा, दिप, तारे, ठोटनेरी, सल्लेनी | मगर, ब्राम्हण, दमाइ, कामी, सार्की |
| ७ | घाखेत, धारापानी क, धारापानी ख, लालुङ, गुण्टीखेत, बाँसकोट, सल्यान क, सल्यान ख, लस्ती, मिलनचोक, भेडाबारी, केराबारी, लामावगर, न्युवारे, किराखोर, फोकसिङ, एकपाटे, ताङमान, साहुटोल, कलाइंचे, रोचा, ढाँड, वराह, रातामाटा क, रातामाटा ख | ब्राम्हण, दमाइ, मगर, क्षेत्री, दशनामी , कामी, |
| ८ | ज्यामिरे, खनियाघाट, ओडारे, माफथर, तिनतले, सेरा, गणेशटोल, डाँडाटोल, लक्ष्मीनारायणटोल, गिरगिरे, देउराली, बेलको बुटामुनि, डहरामुनि, सल्लेरी, एकपाटे, पल्लो नागलीवाङ, लुप्राङ, फर्से, दहघर, लस्ती, मजुवा, मुखियाटोल, मिलनचोक, | क्षेत्री, ब्राम्हण, दमाइ, मगर, कामी, नेवार, सार्की, दशनामी |
| ९ | गाम, डिलपरि, जैस्वार, पल्लोवारी, हरंजा, ओखले, चिनार, घडेरी, खाल्टे, डाँडाखोर, पातलपोखरी, दोभान, फाँट, ढाँडखर्क, चित्रे, सिद्धथान, बान्नामुनि, निलदह, पैयुँपाटा, बुढोकाफल, फालखोरिया, सिम | मगर, ब्राम्हण, दमाई, सार्की |

*स्रोतः स्थलगत अवलोकन तथा सामाजिक परिचालकसंगबाट लिईएको जानकारी, २०७४ ।*

## ३.५ उमेर तथा लिङ्गका आधारमा जनसङ्ख्याको विवरण

वि. सं. २०६८ मा गरिएको राष्ट्रिय जनगणनाअनुसार यस गाउँपालिकामा विभिन्न उमेर समुह अनुसार जनसङ्ख्या विवरण यसप्रकार रहेको छः-

तालिका नं. ३.५
उमेर तथा लिङ्गका आधारमा जनसङ्ख्याको विवरण

| उमेर समुह | महिला | पुरूष | तेश्रो लिङ्गी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| ५ वर्ष भन्दा मुनि | ९६९ | १०९२ | – | २०६१ | आश्रित जनसङ्ख्या |
| ५ - ९ वर्षसम्म | ११२७ | १२५२ | – | २३७९ | |
| १० - १४ वर्षसम्म | १३९२ | १५०३ | – | २८९५ | |
| **५ देखि १४ वर्ष सम्मको जम्मा** | **३४८८** | **३८४७** | – | **७३३५** | |
| १५ - १८ वर्षसम्म | १३६८ | ११६९ | – | २५३७ | सक्रिय जनसङ्ख्या |
| १९ - २४ वर्षसम्म | ११०३ | ६४३ | – | १७४६ | |
| २५ - ४५ वर्षसम्म | ३२०७ | १८३४ | – | ५०४१ | |
| ४६ - ५९ वर्षसम्म | १५०८ | १२३३ | – | २७४१ | |
| **१५ देखि ५९ वर्ष सम्मको जम्मा** | **७१८६** | **४८७९** | | **१२०६५** | |
| ६० - ६९ वर्षसम्म | ६०६ | ५५० | – | ११५६ | आश्रित जनसङ्ंख्या |
| ७० वर्षभन्दा माथि | ४६६ | ४३२ | – | ८९८ | |
| **६० वर्षभन्दा माथिको जम्मा** | **१०७२** | **९८२** | | **२०५४** | |
| **कुल जम्मा** | **११७४६** | **९७०८** | **–** | **२१४५४** | |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

गाउँपालिकामा रहेको उमेर तथा लिङ्गअनुसारको जनसङ्ख्याको बनोटलाई विश्लेषण गर्दासमग्रमा पुरूषको तुलनामा महिला जनसङ्ख्या बढी रहेको देखिए तापनि १४ वर्षभन्दा मुनिको जनसङ्ख्यामा महिलाको तुलनामा पुरूषको सङ्ख्या ३५९ जनाले बढी देखिन्छ । १५ देखि ५९ वर्षसम्म्को जनसङ्ख्यामा पुरूषको तुलनामा महिलाको सङ्ख्या २३०७ बराबरले र ६० वर्ष भन्दा माथिको जनसङ्ख्यामा ९० जना बराबरले महिलाहरूको सङ्ख्या धेरै देखिन्छ ।

## ३.६ आर्थिक रूपले सक्रिय जनसङ्ख्याको अवस्था

जनसङ्ख्याको संरचनालाई सैद्धान्तिक रूपमा विश्लेषण गर्दा १५ वर्षदेखि ५९ वर्षसम्मको जनसङ्ख्यालाई आर्थिक रूपले सक्रिय जनसङ्ख्या मानिन्छ भने अन्य समूहको जनसङ्ख्यालाई परनिर्भर जनसङ्ख्या मान्ने

गरिन्छ । १५ देखि ५९ वर्ष सम्मको जनसङ्ख्याको मात्रा जति बढी हुन्छ त्यति नै बढी मात्रामा आर्थिक आय उपार्जनका क्रियाकलापमा वृद्धि हुने विश्वास मानिन्छ । राष्ट्रिय जनगणना - २०६८ अनुसार यस गाउँपालिकामा आर्थिकरूपले सक्रिय र निश्क्रीय जनसङ्ख्याको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ३.६
आर्थिक रूपले सक्रिय जनसङ्ख्याको अवस्था

| उमेर समुह | महिला | पुरूष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ० - १४ वर्ष | ३४८८ | ३८४७ | ७३३५ | ३४.१९ |
| १५- ५९ वर्ष | ७१८६ | ४८७९ | १२०६५ | ५६.२४ |
| ६० वर्ष भन्दा माथि | १०७२ | ९८२ | २०५४ | ९.५७ |
| **जम्मा** | **११७४६** | **९७०८** | **२१४५४** | **१००** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

यस गाउँपालिकाको कुल जनसङ्ख्याको संरचनालाई नियाल्दा १५-५९ वर्ष सम्मको जनसङ्ख्याको अंश ५६.२४% रहेको छ भने १५ वर्षभन्दा कम र ६० वर्षभन्दा माथिको जनसङ्ख्याको अंश ४३.७६% बराबर रहेको छ । तुलनात्मक रूपले सक्रिय जनसङ्ख्याको मात्रा बढी देखिए तापनि झण्डै ५६ जना मानिसले शारीरिक श्रम गरेर १०० जनालाई पाल्नुपर्ने स्थिति यहाँ रहेको देखिन्छ । सक्रिय जनसङ्ख्याको मात्रामा पुरूषको तुलनामा महिलाहरूको जनसङ्ख्या २३०७ बराबरले बढी रहेको देखिन्छ ।

## ३.७ मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण

नेपालमा सङ्घीयताको बहश चलिरहँदा प्रारम्भिक दिनहरूमा सङ्घीय राज्यको पहिचान के हुने ? तिनीहरूको नामाकरण के आधारमा हुने ? भन्ने जस्ता विषयमा गहन बहश तथा छलफलहरू भएका थिए । नेपाल बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक विशेषताहरूको संगमयुक्त फूलबारी हो । विभिन्न धर्म, संस्कृति, परम्परा अपनाउने र भाषा भाषिकाका समुदायहरू एक आपसमा मिलेर सदाचार र समन्वयपूर्ण सामाजिक जीवनयापन नै नेपालीहरूको अनुपम विशेषता हो । यस गाउँपालिकामा विभिन्न जात जातिहरूको बसोबास रहेको छ । मगर, ब्राह्मण, क्षेत्री, मगर, दमाइ, कामी, सार्की, ठकुरी, दशनामी, गुरूङ, नेवार आदिजस्ता विभिन्न जातजतिका मानिसहरूको बसोबास रहेको यस गाउँपालिकामा अधिकांश मानिसको मूख्य भाषा नेपाली रहेको छ । यस गाउँपालिकामा रहेको मातृभाषाअनुसारको जनसङ्ख्या विवरण यसप्रकार रहेको छः-

तालिका नं. ३.७
मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण

| क्र. सं. | मातृभाषा | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २०२३६ | ९४.३२ |
| २ | मगर | ८४० | ३.९२ |
| ३ | गुरूङ | ५० | ०.२३ |
| ४ | नेवार | ३३ | ०.१५ |
| ५ | अन्य | २९५ | १.३८ |
| | **जम्मा** | **२१४५४** | **१००** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

मातृभाषाअनुसारको जनसाङ्ख्यिक संरचनाको अध्ययन गर्दा यस गाउँपालिकामा एकल जातिका दृष्टिले मगर जातिको बाहुल्यता रहेको (५१२६ बराबर मगर जातिको जनसङ्ख्या रहेको) भए तापनि जम्मा ८४० जनाले मात्र मगर भाषा बोल्ने गरेको देखिन्छ भने गुरूङ, नेवार र अन्य भाषा बोल्ने मानिसहरूको सङ्ख्या नगण्य मात्रामा रहेको तथ्य देखिन्छ । गाउँपालिकामा कुल जनसङ्ख्यामध्ये ९४.३२ प्रतिशत मानिसहरूले नेपाली भाषा नै बोल्ने गरेको देखिन्छ ।

### ३.८ जातियताको आधारमा जनसङ्ख्याको विवरण

कुनैपनि समाजको निर्माणमा त्यहाँका जातजातिहरूको ठूलो योगदान रहेको हन्छ । हरेक जातिका सामाजिक रहन सहन, संस्कृति, धर्म, परम्परा, विकास सम्बन्धि दृष्टिकोण, पेशाप्रतिको दृष्टिकोण, राजनैतिक तथा सामाजिक संस्कार आदिले आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा प्रत्यक्षतः प्रभाव पारेको हुन्छ । यस गाउँपालिकामा मगर, दमाइ, कामी, ब्राह्मण, क्षेत्री, सार्की, ठकुरी, दशनामी, नेवार लगायत विभिन्न जात जातिका मानिसहरूको बसोबास रहेको छ । जातिगत विवरणलाई  नियाल्दा साविकका सातवटा गा.वि.स. मा बाँसखर्क, शालिजा र बनौं गा.वि.स. मा मगर जातिको बाहुल्यता रहेको देखिन्छ भने ठकुरीको बसोबास साविकको माझफाँट र लेकफाँट गा.वि.स. मा मात्र रहेको देखिन्छ । २०६८ सालको जनगणनाका आधारमा जलजला गाउँपालिकामा समावेश गरिएका साविकका सातवटा गा.वि.स.मा रहेको जनसङ्ख्याको समग्र जातिगत विवरणलाई देहायअनुसार पस्तुत गरिएको छः-

तालिका नं. ३.८
जातियताको आधारमा जनसङ्ख्याको विवरण

| **क्र. सं.** | **जातिगत विवरण** | **जनसङ्ख्या** | | | **प्रतिशत** |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | |
| १ | मगर | २८१९ | २३०७ | ५१२६ | २३.८९ |
| २ | ब्राम्हण | २६६५ | २२३० | ४८९५ | २२.८२ |
| ३ | क्षेत्री | २४७७ | १९२२ | ४३९९ | २०.५० |
| ४ | दमाई | १९६५ | १६४८ | ३६१३ | १६.८४ |
| ५ | कामी | ६५५ | ५२२ | ११७७ | ५.४९ |
| ६ | सार्की | ३०२ | २४० | ५४२ | २.५३ |
| ७ | ठकुरी | २६४ | २२८ | ४९२ | २.३० |
| ८ | नेवार | १६५ | ११७ | २८२ | १.३१ |
| ९ | दशनामी/ सन्यासी | १०१ | ८१ | १८२ | ०.८५ |
| १० | मुसलमान | ७० | १०१ | १७१ | ०.८० |
| ११ | गुरूङ | ८५ | ७५ | १६० | ०.७५ |
| १२ | तामाङ | ३८ | ४९ | ८७ | ०.४१ |
| १३ | छन्त्याल | ३१ | ३० | ६१ | ०.२८ |
| १४ | राई | २१ | २६ | ४७ | ०.२२ |
| १५ | थारू | ८ | १८ | २६ | ०.१२ |
| १६ | तेली | ० | १८ | १८ | ०.०८ |
| १७ | थकाली | ८ | ६ | १४ | ०.०६ |
| १८ | माझी | ८ | ५ | १३ | ०.०६ |
| १९ | अन्य | ६४ | ८५ | १४९ | ०.६९ |
| **जम्मा** | | **११७४६** | **९७०८** | **२१४५४** | **१००** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

गाउँपालिकाको समग्र जातिगत विवरणलाई अध्ययन गर्दा दमाई, कामी तथा सार्कीको जनसङ्ख्या अन्य जातिका तुलनामा बढी रहेको देखिन्छ । यो वर्गको जनसङ्ख्या ५३३२ बराबर रहेको छ भने मगर (५१२६), ब्राह्मण ( ४८९५) र क्षेत्री (४३९९) क्रमशः दोस्रो, तेस्रो र चौंथो स्थानमा रहेका छन् । सबैभन्दा कम माझी जातिको जनसङ्ख्या जम्मा १३ रहेको छ । एकल जातिगत रूपमा हेर्दा यहाँ मगर जातिको जनसङ्ख्या सबैभन्दा बढी रहेको देखिन्छ ।

## ३.९ अपाङ्गताको आधारमा जनसङ्ख्या

यस गाउँपालिकामा आर्थिक वर्ष ०७३/०७४ मा विभिन्न प्रकारको अपाङ्गता परिचयपत्र लिने व्यक्तिहरूको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ३.९
अपाङ्गताको आधारमा जनसङ्ख्या

| लिङ्ग जम्मा | जम्मा अपाङ्गता सङ्ख्या | अपाङ्गताका आधारमा जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | पूर्ण अशक्त अपाङ्गता (रातो रङको) | अति अशक्त अपाङ्गता (निलो रङको) | मध्यम अपाङ्गता (पहेंलो रङको) | सामान्य अपाङ्गता (सेतो रङको) |
| जम्मा | ६१ | १० | २४ | १३ | १४ |
| पुरूष | ४० | ८ | १४ | ८ | १० |
| महिला | २१ | २ | १० | ५ | ४ |

*स्रोतः महिला विकास शाखा, पर्वत, २०७४ ।*

## ३.१० अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको विवरण

तालिका नं. ३.१०
अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको विवरण

| अपाङ्गता परिचय पत्रको किसिम | परिचयपत्र लिएका बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|
| | बालिका | बालक | जम्मा |
| पूर्ण अशक्त अपाङ्गता (रातो रङको) | | | |
| अति अशक्त अपाङ्गता (निलो रङको) | | | |
| मध्यम अपाङ्गता (पहेंलो रङको) | | | |
| सामान्य अपाङ्गता (सेतो रङको) | | | |
| जम्मा | | | |

***स्रोतः*** *जिल्ला समन्वय समिति, पर्वत तथा महिला विकास शाखा, पर्वत, २०७४ ।*

## ३.११ सबलाङ्ग र फरक क्षमता भएका जनसङ्ख्याको विवरण

गाउँपालिकामा बसोबास गर्ने कुल जनसङ्ख्यामा विभिन्न फरक क्षमता भएका र सबलाङ्ग मानिसहरूको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ३.११
सबलाङ्ग र फरक क्षमता भएका जनसङ्ख्याको विवरण

| जनसङ्ख्या | | सबलाङ्ग ज.सं. | फरक क्षमता वा अशक्तता भएका जनसङ्ख्याको मात्रा | | | | | | | | जम्मा अपाङ्ग | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शारीरिक अपांग | दृष्टि विहिन | बहिरा | बहिरा/ दृष्टिविहिन | बोल्न नसक्ने | मानसिक रोगी | बौद्धिक अपाङ्ग | बहु अपाङ्ग | | |
| जम्मा | **२१४५४** | २०९२३ (९७.५२ %) | १९० | ७१ | १०७ | १० | ८९ | २४ | २२ | १८ | ५३१ | २.४८ |
| पुरूष | **९७०८** | ९४३२ (९७.१६ %) | १०४ | ३१ | ५७ | ३ | ४७ | १२ | १५ | ७ | २७६ | २.८४ |
| महिला | **११७४६** | ११४९१ (९७.७८%) | ८६ | ४० | ५० | ७ | ४२ | १२ | ७ | ११ | २५५ | २.२२ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

माथिको तालिकालाई अध्ययन गर्दा यस गाउँपालिकामा महिलाको भन्दा पुरूषको जनसङ्ख्या बढी रहेको भए तापनि फरक क्षमता भएको जनसङ्ख्यामा महिलाको तुलनामा पुरूषको सङ्ख्या २१ जनाले बढी रहेको देखिन्छ । फरक क्षमता भएको जनसङ्ख्यामा पूर्ण शारीरिक अपाङ्गताको सङ्ख्या सबैभन्दा बढी रहेको देखिन्छ भने बहिरा र दृष्टिविहिन दुबै अपाङ्गता भएको सङ्ख्या कम रहेको छ । गाउँपालिकामा कुल जनसङ्ख्याको २.४८ प्रतिशत मानिसहरू विभिन्न वर्गका फरक क्षमता भएका रहेका छन् भने ९७.५२ प्रतिशत मानिसहरू सबलाङ्ग रहेको देखिन्छ ।

# अध्याय चार
# भौतिक पूर्वाधार, शैक्षिक तथा सामाजिक विकासको अवस्था

## ४.१. छानाको प्रकारको आधारमा घरधुरी सङ्ख्या

गाउँपालिकाभित्र मिलनचोक, बेनीबजार, मोहनचोक, फर्से, खनियाघाट, लस्ती, वगरफाँटमा बढी मात्रामा र अन्य बस्तीहरूमा फाट्टफुट्ट रूपमा ढलान गरिएका घरहरू भए तापनि अधिकांश घरहरू ढुङ्गा, जस्तापाता तथा खरले छाएका छाना भएका रहेका छन् । छानाको प्रकारका आधारमा गाउँपालिकामा रहेका घरहरूको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ४.१
छानाको प्रकारको आधारमा घरधुरी विवरण

| क्र. सं. | घरको प्रकार | साविकका गा.वि.स.हरूको घरधुरी सङ्ख्या विवरण | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बनौं | बाँसखर्क | धाइरिङ | लेकफाँट | माझफाँट | नागलीवाङ | शालिजा | | |
| १ | फुस तथा खरले छाएको | १४७ | २ | ६९ | ४९ | १९ | १५ | २३ | ३२४ | ५.८२ |
| २ | जस्ता/ च्यादरले छाएको | ८७ | २२ | २७१ | ९५ | ६०१ | ३३२ | ६९ | १४७७ | २६.५५ |
| ३ | ढुङ्गाले छाएको | ११३ | २२९ | ५२९ | ५२३ | १०९३ | ३२५ | ५१७ | ३३२९ | ५९.८६ |
| ४ | आर सी.सी. | ० | ० | २२ | ० | ३७२ | ९ | १ | ४०४ | ७.२६ |
| ५ | काठले छाएको | ० | ० | ० | ० | १ | ० | १ | २ | ०.०४ |
| ६ | माटोले छाएको | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| ७ | अन्य | ० | ० | ० | ० | १ | ० | ० | १ | ०.०४ |
| ८ | उल्लेख नभएको | २ | १ | ५ | ० | १३ | २ | १ | २४ | ०.४३ |
| **जम्मा** | | **३४९** | **२५४** | **८९६** | **६६७** | **२१००** | **६८३** | **६१२** | **५५६१** | **१००** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

माथिको तालिकालाई अध्ययन गर्दा गाउँपालिकामा रहेका ५५६१ घरहरू मध्ये सबैभन्दा धेरै ३३५९ (५९.८६%) घरहरू ढुङ्गाले छाएको र त्यसपछि दोस्रो स्थानमा जस्तापाताको छाना भएका घरहरू रहेको

देखिन्छ । तुलनात्मक रूपले अन्य वडाहरूमा भन्दा वडा नं. ९ बनौमा खरको छाना भएका घरहरू धेरै रहेका छन् भने काठको छाना भएका घरहरूको सङ्ख्या जम्मा २ वटा रहेको देखिन्छ । ढलानयुक्त घरहरूको सङ्ख्या साविक माझफाँट गा.वि.स.मा धेरै रहेका छन् । बनौं, बाँसखर्क र लेकफाँटमा एउटा पनि ढलान गरिएको घर भएको देखिदैन ।

## ४.२. घरपरिवारले प्रयोग गरेको घरको जगको प्रकारको आधारमा घरपरिवार विवरण

गाउँपालिकामा घरपरिवारले प्रयोग गरेको घरको जगको प्रकारका आधारमा घरपरिवारको विवरण देहायअनुसार रहेको छः–

तालिका नं. ४.२

घरको जगको प्रकारको आधारमा घरपरिवार विवरण

| घरको जग विवरण | साविकका गा.वि.स.मा रहेका घरपरिवार सङ्ख्या | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | **बाँसखर्क** | **माझफाँट** | **लेकफाँट** | **शालिजा** | **धाइरिङ** | **नागलीवाङ** | **बनौं** | | |
| माटोको जोडाइ भएका | २५१ | १३९७ | ६६२ | ६०३ | ८२७ | ६४८ | ३४८ | **४७३६** | ८५.१६ |
| सिमेण्टको जोडाइ भएका | ० | ३१० | ० | ३ | ४० | २४ | ० | **३७७** | ६.७९ |
| ढलान पिलर सहित | ० | ३७२ | ० | १ | २२ | ९ | ० | **४०४** | ७.२६ |
| काठको खम्बा गाडेका | २ | १० | ४ | ४ | ३ | ० | ० | **२३** | ०.४१ |
| अन्य | ० | ० | १ | १ | ० | ० | ० | **२** | ०.०४ |
| नखुलेको | १ | ११ | ० | ० | ४ | २ | १ | **१९** | ०.३४ |
| **जम्मा** | २५४ | २१०० | ६६७ | ६१२ | ८९६ | ६८३ | ३४९ | **५५६१** | १०० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

गाउँपालिकामा रहेका घरपरिवारले प्रयोग गरेको घरको जगको आधारमा घरपरिवारको विवरणलाई अध्ययन गर्दा सबैभन्दा बढी ४७३६ (८५. १६ प्रतिशत) घरपरिवारले माटोको जोडाइ भएका घर निर्माण गरेको देखिन्छ । परिचय खुलेकोमा सबैभन्दा कम काठको खम्बा गाडेका घरहरू २३ वटा रहेका छन् भने ४०४ वटा घरहरू ढलान पिलरसहितका र सिमेण्टको जोडाइ भएका घरहरू ३७७ वटा रहेको देखिन्छ ।

## ४.३. स्वामित्वको आधारमा घरपरिवारको बसोबासको अवस्था

यस गाउँपालिकामा रहेका कुल घरपरिवार मध्ये स्वामित्वका आधारमा बसोबासको अवस्था यसप्रकार रहेकोछः-

तालिका नं. ४.३
स्वामित्वको आधारमा घरपरिवारको बसोबासको अवस्था

| **क्र. सं.** | **स्वामित्वको विवरण** | **परिवार सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | निजी | ४७३७ | ८५.१८ |
| २ | भाडामा | ७०१ | १२.६१ |
| ३ | संस्थागत | २२ | ०.३९ |
| ४ | अन्य | १०१ | १.८२ |
| **जम्मा** | | **५५६१** | **१००** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

गाउँपालिकामा स्वामित्वका आधारमा घरपरिवारको बसोबासको अवस्थालाई अध्ययन गर्दा सबैभन्दा बढी निजी स्वामित्व भएका ८५.१८ प्रतिशत घरपरिवार रहेका देखिन्छन् भने १२. ६१ प्रतिशत घरपरिवार भाडामा र २२ घरपरिवारको स्वामित्व संस्थागत रहेको देखिन्छ ।

## ४.४. खानेपानीको स्रोतको आधारमा घरपरिवार सम्बन्धि विवरण

गाउँपालिकामा रहेका घरपरिवारले प्रयोग गर्ने खानेपानीको स्रोतका आधारमा घरपरिवारको अवस्था यसप्रकार रहेको छः-

तालिका नं. ४.४
खानेपानीको स्रोतको आधारमा घरपरिवार सम्बन्धि विवरण

| **क्र. सं.** | **खानेपानीको स्रोतहरू** | **साविकका गा.वि.स.हरूको घरपरिवार सङ्ख्या विवरण** | | | | | | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **बनौ** | **बाँसखर्क** | **धाइरिङ** | **लेकफाँट** | **माझफाँट** | **नागलीवाङ** | **सालिजा** | | |
| १ | पाइपधारा | १६८ | ३० | ५१८ | १३० | १६०२ | ६४१ | २०१ | ३२९० | ५९.१६ |
| २ | ट्युबवेल / हेण्डपम्प | ० | ० | ० | ० | १ | ० | ० | १ | ०.०२ |
| ३ | ढाकिएको इनार / कुवा | १ | ० | ३ | १ | ११ | ० | १ | १७ | ०.३१ |
| ४ | नढाकिएको इनार/ कुवा | १८ | ० | ११ | ३९ | १ | १४ | २ | ८५ | १.५३ |
| ५ | मूलको पानी | १६१ | २२३ | ३५५ | ४९१ | ४७२ | २६ | ४०२ | २१३० | ३८.३० |
| ६ | खोला/ नदीको पानी | ० | ० | २ | ६ | ० | ० | ५ | १३ | ०.२३ |
| ७ | अन्य | ० | ० | ३ | ० | ५ | ० | ० | ८ | ०.१४ |
| ८ | उल्लेख नभएको | १ | १ | ४ | ० | ८ | २ | १ | १७ | ०.३१ |
| **जम्मा** | | **३४९** | **२५४** | **८९६** | **६६७** | **२१००** | **६८३** | **६१२** | **५५६१** | **१००** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

यस गाउँपालिकामा रहेका कुल ५५६१ घरपरिवारमध्ये ३२९० घरपरिवारले पाइपधाराको पानीको उपभोग गरेको देखिन्छ भने २१३० घरपरिवारले अभैपनि मूलको पानी उपभोग गर्ने गरेको देखिन्छ । गाउँपालिकामा करिब ५९.१६ प्रतिशत घरपरिवारमा पाइपधाराबाट खानेपानीको सुविधा पुगेको देखिन्छ ।

## ४.५. इन्धनको प्रयोगको आधारमा घरपरिवार विवरण

खाना पकाउने तथा अन्य प्रयोजनका लागि घरपरिवारले प्रयोग गर्ने इन्धनका आधारमा गाउँपालिकामा रहेका घरधुरीको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ४.५
इन्धनको प्रयोगको आधारमा घरपरिवार विवरण

| क्र. सं. | इन्धनको प्रकार | साविकका गा.वि.स.हरूको घरपरिवार सङ्ख्या विवरण | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बनौ | बाँसखर्क | धाइरिङ | लेकफाँट | माभफाँट | नागलीवाङ | सालिजा | | |
| १ | दाउरा | ३४७ | २५० | ८२० | ६५८ | १३०४ | ६४३ | ६०१ | ४६२३ | ८३.१३ |
| २ | मट्टीतेल | ० | ० | २ | ४ | ११ | १ | ० | १८ | ०.३२ |
| ३ | एल. पी. ग्यास | १ | ३ | ६१ | ३ | ७६५ | ३२ | ८ | ८७३ | १५.७ |
| ४ | गुइठा | ० | ० | ० | २ | ० | ० | १ | ३ | ०.०५ |
| ५ | गोबरग्यास | ० | ० | ८ | ० | ९ | ४ | १ | २२ | ०.४० |
| ६ | बिजुली | ० | ० | १ | ० | २ | ० | ० | ३ | ०.०५ |
| ७ | अन्य | ० | ० | ० | ० | १ | १ | ० | २ | ०.०४ |
| ८ | उल्लेख नभएको | १ | १ | ४ | ० | ८ | २ | १ | १७ | ०.३१ |
| | **जम्मा** | **३४९** | **२५४** | **८९६** | **६६७** | **२१००** | **६८३** | **६१२** | **५५६१** | **१००** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

गाउँपालिकामा घरपरिवारले प्रयोग गर्ने घरेलु इन्धन प्रयोगको स्थितिलाई हेर्दा सबैभन्दा बढी (४६२३) ८३.१३ प्रतिशत घरपरिवारले दाउराको प्रयोग गरेको देखिन्छ । एल.पी. ग्यास प्रयोगकर्ता घरपरिवार जम्मा ८७३ (१५.७) रहेका छन् भने २२ घरले गोबरग्यास, १८ घरले मट्टितेल प्रयोग गर्ने गरेको देखिन्छ । बिजुली र गुइठा प्रयोग गर्ने जम्मा ६ घरहरू देखिन्छन् । १७ घरपरिवारले आफूले प्रयोग गर्ने इन्धनका बारेमा केही उल्लेख गरेका पाइदैन । यसबाट गाउँपालिकाबासीहरू घरेलु इन्धनका लागि काठ दाउरामा नै अत्यधिक निर्भर रहेको प्रष्ट हुन्छ ।

### ४.६. वत्ती प्रयोगका आधारमा घरपरिवार सङ्ख्या

गाउँपालिकामा बत्ती प्रयोगका आधारमा घरपरिवारको विवरण देहायअनुसार रहेको छः-

तालिका नं. ४.६

वत्ती प्रयोगका आधारमा घरपरिवार सङ्ख्या

| क्र. सं. | वत्तीको प्रकार | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बिजुली | ४७८५ | ८६.०५ |
| २ | मट्टीतेल/टुकी | ३८१ | ६.८५ |
| ३ | बायोग्यास | २१ | ०.३८ |
| ४ | सोलार | २८८ | ५.१८ |
| ५ | अन्य | ७० | १.२६ |
| ६ | उल्लेख नभएको | १६ | ०.२८ |
| **जम्मा** | | **५५६१** | **१००** |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

यस गाउँपालिकामा वत्तीका लागि विगतमा मट्टितेलको अत्यधिक प्रयोग हुने गरेको भए तापनि वर्तमानमा सबै वडामा बिजुलीको सुविधा भएकोले अत्यधिक घरपरिवारले वत्ती बाल्नका लागि बिजुलीको प्रयोग बढाउँदै लगेको स्थिति रहेको छ । गाउँपालिकामा रहेका कुल ५५६१ घरपरिवारमध्ये ४७८५ (८६.०५%) घरपरिवारले वत्तीको रूपमा बिजुलीको प्रयोग गर्दै आएको तथ्य माथिको तालिकाको अध्ययन गर्दा स्पष्ट हुन्छ । ३८१ घरपरिवारले अझैपनि मट्टितेलको टुकी प्रयोग गर्ने र २८८ घरपरिवारले सोलारवत्तीको प्रयोग गर्ने गरेको देखिन्छ । बाँकी घरपरिवारले वत्तीका रूपमा बायोग्यास तथा अन्य माध्यमको प्रयोग गर्दै आएको देखिन्छ ।

### ४.७ उपलब्ध सेवा सुविधाको आधारमा घरपरिवार विवरण

टेलिफोन, रेडियो, टेलिभिजन, केबललाइन, कम्प्युटर, इण्टरनेट, मोबाइल, फ्रिजमेशीन, साइकल तथा मोटरसाइकल आदिजस्ता सेवा सुविधा प्रयोगका आधारमा यस गाउँपालिकामा रहेका घरपरिवारको अवस्था देहायअनुसार रहेको छः-

तालिका नं. ४.७

उपलब्ध सेवा सुविधाको आधारमा घरपरिवार विवरण

| क्र. सं. | सेवा सुविधाको विवरण | साविकका गा. वि. स. का घरपविार सङ्ख्या | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बाँसखर्क २५४ | माझफाँट २१०० | लेकफाँट ६६७ | शालिजा ६१२ | धाइरिङ ८९६ | नागलीवाङ ६८३ | बनौ ३४९ | ५५६१ | |
| १ | कुनै सेवा सुविधा नभएका | ३४ | २१८ | ६४ | ५३ | १६० | ९३ | ३१ | ६५३ | ११.७४ |
| २ | कम्तीमा एउटा सुविधा भएका | २१९ | १८५९ | ५९४ | ५५६ | ७३४ | ५९० | २९२ | ४८४४ | ८७.१० |
| ३ | रेडियो भएका | १८८ | १०३५ | ५४७ | ४७१ | ४६१ | ३७३ | १९० | ३२६५ | ५८.७१ |
| ४ | टेलीभिजन भएका | १२७ | ४६८ | १४ | १५८ | ७१ | १७३ | २५ | १०३६ | १८.६३ |
| ५ | केवललाइन जोडेका | ७४ | १००७ | ० | ३४ | १६९ | २५९ | ९७ | १६४० | २९.४९ |
| ६ | कम्प्युटर भएका | ४ | ९५ | ३ | ११ | १० | ३० | २ | १५५ | २.७९ |
| ७ | इण्टरनेट सुविधा भएका | ३ | ४० | १ | ३ | १ | ७ | ० | ५५ | ०.९९ |
| ८ | टेलिफोन भएका | ७ | ९५ | १ | १ | ५ | ४ | ० | ११३ | २.०३ |
| ९ | मोवाइलसेवा प्रयोगकर्ता | १७३ | १७२२ | ५०२ | ४३९ | ६८३ | ५४३ | २१० | ४२७२ | ७६.३७ |
| १० | गाडी भएका | ० | १४ | ० | ० | ० | ० | ० | १४ | ०.२५ |
| ११ | मोटरसाइकल भएका | ० | ६४ | ० | ० | २ | १० | ० | ७६ | १.३६ |
| १२ | साइकल भएका | ० | २७ | ० | ० | ० | ४ | ० | ३१ | ०.५५ |
| १३ | फ्रिज भएका | ० | १४४ | ० | ० | ० | १२ | १ | १५७ | २.८२ |
| १४ | अन्य साधन | ० | ११ | १ | ० | ० | ० | ० | १२ | ०.२१ |
| १५ | उल्लेख नभएको | १ | २३ | ९ | ३ | २ | ० | ० | ३८ | ०.६८ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

गाउँपालिकामा माथि प्रस्तुत गरिएका सेवा तथा सुविधा प्रयोगकर्ता घरपरिवारको अवस्थालाई अध्ययन गर्दा ११.७४ प्रतिशत घरपरिवारले यस किसिमका कुनैपनि सुविधा उपयोग गरेको देखिंदैन । ८७.१ प्रतिशत घरपरिवारमा कम्तीमा एउटामात्र भएपनि यो सुविधा पुगेको छ । दुईतिहाईभन्दा बढी घरपरिवारमा सञ्चारको सेवा पुगेको देखिन्छ । माथिको तालिकामा प्रस्तुत तथ्याङ्कहरू २०६८ सालको जनगणनामा आधारित भएकोले हाल सबै वडामा यी सेवाको उपयोग गर्ने घरपरिवारको सङ्ख्या बढेको छ ।

## ४.८ शौचालय प्रयोगका आधारमा घरपरिवार विवरण

गाउँपालिकामा समावेश भएका साविकका सातवटा गा.वि.स. मा शौचालय प्रयोगका आधारमा घरपरिवारको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ४.८
शौचालय प्रयोगका आधारमा घरपरिवार विवरण

| क्र. सं. | चर्पीको प्रयोग | साविकका गा.वि.स.हरूको घरपरिवार सङ्ख्या विवरण | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वनौं | बाँसखर्क | धाइरिङ | लेकफाँट | माझफाँट | नागलीवाङ | सालिजा | | |
| १ | चर्पी नभएको | ५ | ४२ | १८ | ११२ | ११० | ८२ | ४० | ४०९ | ७.३५ |
| २ | फलस भएको (सेप्टीट्यांक सहित) | २९९ | १८२ | ५८६ | ३२३ | १६८२ | ४७५ | ५२१ | ४०६८ | ७३.१५ |
| ३ | साधारण | ४४ | २९ | २८८ | २३२ | ३०० | १२४ | ५० | १०६७ | १९.१९ |
| ४ | उल्लेख नभएको | १ | १ | ४ | ० | ८ | २ | १ | १७ | ०.३१ |
| जम्मा | | ३४९ | २५४ | ८९६ | ६६७ | २१०० | ६८३ | ६१२ | ५५६१ | १०० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८ ।*

गाउँपालिकामा शौचालय प्रयोगका आधारमा घरपरिवारको स्थितिलाई अध्ययन गर्दा ४०९ घरपरिवारमा चर्पीको सुविधा नभएको देखिन्छ । दुईतिहाईभन्दा बढी (७३.१५) घरपरिवारमा सेफ्टीट्यांक सहितको पक्की शौचालय रहेको देखिन्छ भने १०६७ घरपरिवारमा साधारण किसिमको शौचालय रहेको देखिन्छ । यस गाउँपालिकामा समावेश भएका सबै गा.वि.स.हरू खुला दिशामुक्त घोषणा भइसकेका छन् । यस गाउँपालिकामा समावेश भएका साविकका सातवटा गा.वि.स.हरू खुला दिसामुक्त भएको मिति र त्यस समयसम्ममा निर्माण भएका शौचालयको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ४.९
खुला दिशामुक्त घोषणा मिति र शौचालयको विवरण

| साविक गा.वि.स. | खुला दिशामुक्त घोषणा मिति | जम्मा घरपरिवार | शौचालयको विवरण | | | घोषणा मितिसम्म चर्पी नभएका घरपरिवार सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | | | पक्की | कच्ची | जम्मा | |
| बाँसखर्क | २०६९/०६/१२ | २५४ | २५४ | ० | २५४ | ० |
| माझफाँट | २०६८/०७/०७ | २१०० | १६८४ | ३१० | १९९४ | १०६ |
| लेकफाँट | २०६९/०९/२० | ६६७ | ६१५ | १० | ६२५ | ४२ |
| शालिजा | २०६९/१०/२५ | ६१२ | ५५२ | ३३ | ५८५ | २७ |
| धाइरिङ | २०६८/०२/२५ | ८९६ | ७६६ | ६० | ८२६ | ७० |
| नागलीवाङ | २०६९/१०/०६ | ६८३ | ६६४ | १९ | ६८३ | ० |
| बनौं | २०६८/०१/२१ | ३४९ | २९६ | १४ | ३१० | ३९ |
| जम्मा | | ५५६१ | ४८३१ | ४४६ | ५२७७ | २८४ |

*स्रोतः पर्वत जिल्ला वस्तुगत विवरण, २०७२ ।*

## ४.९ आर्थिक वर्ष २०७३/ २०७४ को पञ्जीकरणको विवरण

तालिका नं. ४.१०

आर्थिक वर्ष २०७३/ २०७४ को पञ्जीकरणको विवरण

| क्र. सं. | विवरण | जम्मा दर्ता सङ्ख्या | महिला | पुरूष |
|---|---|---|---|---|
| १ | जन्म दर्ता | | | |
| २ | मृत्यु दर्ता | | | |
| ३ | सम्बन्ध विच्छेद | | | |
| ४ | बसाईसराई | | | |
| ५ | बिबाह दर्ता | | | |
| जम्मा | | | | |

*स्रोतः गाउँकार्यपालिकाको कार्यालय, जलजला, पर्वत, २०७४।*

## ४.१० आर्थिक वर्ष २०७३/०७४ मा जेष्ठ नागरिक, अपाङ्ग तथा एकल महिलाहरूको विवरण

यस गाउँपालिकामा समावेश भएका साविकका सातवटा गा.वि.स.मा आर्थिक वर्ष ०७३/०७४ सामाजिक सूरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक, अपाङ्ग तथा एकल महिलाहरूको विवरण देहायअनुसार रहेको छः-

तालिका नं. ४.११

आर्थिक वर्ष २०७३/०७४ मा जेष्ठ नागरिक तथा एकल महिलाहरूको विवरण

| क्र. सं. | विवरण | साविकका गा. वि. स. मा रहेको विवरण | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बाँसखर्क | माझफाँट | लेकफाँट | शालिजा | धाइरिङ | नागलीवाङ | बनौ | |
| १ | **जेष्ठ नागरिक (७० वर्ष माथि) जम्मा** | **६१** | **२१७** | **२०२** | **१४२** | **१९३** | **९५** | **८०** | **९९०** |
| | महिला | ३२ | १०५ | १०४ | ८१ | १०२ | ४४ | ३९ | ५०७ |
| | पुरूष | २९ | ११२ | ९८ | ६१ | ९१ | ५१ | ४१ | ४८३ |
| २ | **जेष्ठ दलित (६०-७०) वर्ष जम्मा** | **१४** | **१८१** | **१८** | **४२** | **४७** | **६२** | **२** | **३६६** |
| | महिला | ७ | ८१ | १० | २८ | २३ | २० | १ | १७० |
| | पुरूष | ७ | १०० | ८ | १४ | २४ | ४२ | १ | १९६ |
| ३ | **कुल एकल महिला जम्मा** | **३८** | **२१५** | **७५** | **९०** | **१००** | **१०८** | **३२** | **६५८** |
| | ६० वर्षभन्दा मुनि | २८ | १३८ | ४९ | ४६ | ६९ | ६४ | १६ | ४१० |
| | ६० वर्षभन्दा माथि | १० | ७७ | २६ | ४४ | ३१ | ४४ | १६ | २४८ |
| ४ | लोपोन्मुख महिला | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| ५ | **पूर्ण अपांग भएका जम्मा** | **०** | **६** | **४** | **२** | **७** | **२** | **२** | **२३** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | ० | ३ | ३ | १ | ५ | १ | १ | १४ |
| | पुरुष | ० | ३ | १ | १ | २ | १ | १ | ९ |
| ६ | **आंशिक अपांग भएका जम्मा** | **१०** | **३०** | **३** | **१३** | **१९** | **१०** | **७** | **९२** |
| | महिला | ४ | १४ | ० | १० | ७ | ५ | ३ | ४३ |
| | पुरुष | ६ | १६ | ३ | ३ | १२ | ५ | ४ | ४९ |
| | जम्मा | | | | | | | | |

*स्रोतः सामाजिक सूरक्षा शाखा, जिल्ला समन्वय समिति पर्वत, २०७४ ।*

## ४.११ वडाअनुसार आर्थिक वर्ष ०७४/०७५ मा सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण

यस गाउँपलिकामा हाल कायम भएका वडाअनुसार आर्थिक वर्ष ०७४/०७५ मा सामाजिक सूरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४.१२

वडाअनुसार आर्थिक वर्ष ०७४/०७५ मा सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण

| वडा नं. | जेष्ठ नागरिक | | | दलित जेष्ठ नागरिक | | | पूर्ण अपांग | | | विधवा | अति अपांग | | | दलित बालबालिका | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | | म | पु | जम्मा | | |
| १ | १३५ | १३४ | २६९ | ४२ | ४९ | ९१ | ० | ० | ० | २०८ | ७ | ६ | १३ | ४० | ६२१ |
| २ | ६६ | ३३ | ९९ | ६९ | ७७ | १४६ | ० | ३ | ३ | ७९ | ३ | २ | ५ | १९५ | ५२७ |
| ३ | ५८ | ५० | १०८ | २ | २ | ४ | १ | १ | २ | ५९ | ० | ४ | ४ | ३ | १८० |
| ४ | ९९ | ६० | १५९ | ४० | २७ | ६७ | ० | २ | २ | ९४ | ३ | १५ | १८ | १७३ | ५१३ |
| ५ | ९८ | ८२ | १८० | १८ | २१ | ३९ | ३ | १ | ४ | ७७ | ० | ४ | ४ | ५० | ३५४ |
| ६ | ६८ | ९६ | १६४ | १६ | १५ | ३१ | १ | २ | ३ | १०६ | ६ | ७ | १३ | ३४ | ३५१ |
| ७ | ११२ | ८१ | १९३ | २१ | २९ | ५० | ३ | ४ | ७ | ९२ | ५ | २० | २५ | २०९ | ५७६ |
| ८ | ७३ | ६१ | १३४ | २८ | २७ | ५५ | २ | ६ | ८ | १०५ | ३ | ११ | १४ | १४४ | ४६० |
| ९ | ४८ | ४३ | ९१ | ३ | १ | ४ | १ | १ | २ | ३६ | ३ | ४ | ७ | ३ | १४३ |
| जम्मा | ७५७ | ६४० | १३९७ | २३९ | २४८ | ४८७ | ११ | २० | ३१ | ८५६ | ३० | ७३ | १०३ | ८५१ | ३७२५ |

*स्रोतः जलजला गाउँपालिकाको कार्यालय, पर्वत, २०७५ ।*

## ४.१२ वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको विवरण

गाउँपालिकाको गठनपश्चात् वि.स. २०७४ मा सम्पन्न भएको पहिलो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको सभाबाट पारित भएका आर्थिक वर्ष ०७४/०७५ का लागि वार्षिक योजना तथा कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ४.१३

लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको विवरण

| **आर्थिक वर्ष** | **लक्षित कार्यक्रम** | **विनियोजित रकम ( रू. हजार)** | **खर्च रकम ( रू. हजार)** |
|---|---|---|---|
| २०७४/०७५ | महिलातर्फ लक्षित कार्यक्रम<br>❖ घरेलु तथा लघु उद्यम तालिम<br>❖ क्षमता अभिवृद्धि<br>❖ प्रोत्साहन | ७८८.८० | योजना तथा कार्यक्रम चालु अवस्थामा रहेका |
| | बालबालिकातर्फ<br>❖ बाल विकास<br>❖ बाल कक्षा व्यवस्थापन, तथा सामग्री खरिद | ११३०.०० | योजना तथा कार्यक्रम चालु अवस्थामा रहेका |
| | दलित, जनजाति वा सीमान्तकृतवर्ग, जेष्ठ नागरिकतर्फ<br>❖ दलितवर्ग क्षेमता अभिवृद्धि, आरन सुधार,<br>❖ जनजाति उत्थान विकास कार्यक्रम तथा क्षमता अभिवृद्धि<br>❖ जेष्ठ नागरिक सम्मान तथा अपांगता क्षेमता अभिवृद्धि | १०८०.००<br>२७५.००<br>८४०.०० | योजना तथा कार्यक्रम चालु अवस्थामा रहेका |
| | अन्य<br>❖ कृषि विकास | १०१२०.०० | योजना तथा कार्यक्रम चालु अवस्थामा रहेका |
| **जम्मा** | | **१४२३३.८** | |

*स्रोतः गाउँपालिका कार्यालय, जलजला, २०७४ ।*

माथिको तालिकाको अध्ययन गर्दा गाउँपालिकाले महिला, बालबालिका, जनजाती, दलित, जेष्ठ नागरिक, अपांग आदि विभिन्न लक्षितवर्गका लागि विभिन्न कार्यक्रमहरूमा खर्च गर्ने गरी रू. एक करोड बयालिस लाख तेत्तिस हजार आठ सय बराबरको बजेट विनियोजन गरेको देखिन्छ । गाउँपालिकाले आ.व. ०७४/०७५का लागि

कार्यान्वयनमा ल्याउने विभिन्न योजना तथा कार्यक्रमहरू र सो कार्यक्रमका लागि विनियोजित बजेटको विवरणलाई अनुसूचीमा प्रस्तुत गरिएको छ ।

## ४.१३ शैक्षिक संस्थाहरूको विवरण

यस गाउँपालिकामा विभिन्न तहसम्म पठन पाठन हुने सरकारी, सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरूको विवरण देहाय अनुसार रहेको छः-

तालिका नं. ४.१४

गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरण

| विवरण | सरकारी | सामुदायिक | संस्थागत | कुल |
|---|---|---|---|---|
| प्रा. वि. | ३१ | ० | ७ | ३८ |
| नि.मा.वि. | ३ | ० | ० | ३ |
| मा.वि. ( १० कक्षा सम्म) | ६ | ० | २ | ८ |
| मा.वि.( १२ कक्षा सम्म) | ४ | ० | १ | ५ |
| क्याम्पस | ० | १ | ० | १ |
| वेद विद्याश्रम | ० | ० | ० | ० |
| मदरसा | ० | ० | ० | ० |
| अन्य<br>❖ प्राविधिक शिक्षालय<br>❖ सीप विकास तालिम केन्द्र<br>❖ सामुदायिक बाल विकास केन्द्र | | <br>०<br>४<br>६ | <br>०<br>०<br>० | <br>०<br>४<br>६ |
| जम्मा | ४४ | ११ | १० | ६५ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, पर्वत, २०७४ ।*

## ४.१४ कलेज तथा कक्षा १२ सम्म पठन पाठन हुने शैक्षिक संस्थाको विवरण

यस गाउँपालिकामा समावेश गरिएका साविकका सातवटा गा.वि.स. हरूमा स्थापना भएका शैक्षिक संस्थाहरूको विवरण हेर्दा वडा नं. ५ लेकफाँटमा स्नातक तहसम्म पठन पाठन हुने एउटा सामुदायिक क्याम्पस रहेको छ । त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा स्नातक तहमा व्यवस्थापन र शिक्षाशास्त्र विषयको पठन पाठनका लागि स्वीकृति लिईएको यस क्याम्पसमा व्यवस्थापन संकायतर्फ पठन पाठन शुरू गरिएको छैन भने शिक्षाशास्त्र संकायतर्फको मात्र कक्षा सञ्चालन गरिएको छ । गाउँपालिकामा कक्षा १२ सम्म पढाई हुने चारवटा सरकारी र एउटा संस्थागत मा.वि. रहेका छन् । यस गाउँपालिकामा रहेका शैक्षिक संस्थाको विवरण यसप्रकार रहेको छ :-

तालिका नं. ४.१५

कलेज तथा कक्षा १२ सम्म पठन पाठन हुने विद्यालयको विवरण

| क्र. सं. | क्याम्पस तथा १२ कक्षासम्म पढाइ हुने विद्यालयको नाम | ठेगाना | सञ्चालित तह तथा कार्यक्रम | विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा |
| १ | ग्रामप्रकाश बहुमुखी क्याम्पस, लेकफाँट | जलजला-५ | स्नातक, शिक्षा | २ | ५ | ७ |
| २ | ग्रामप्रकाश मा.वि., लेकफाँट | जलजला-५ | +२, व्यवस्थापन, शिक्षा | २७ | ३३ | ६० |
| ३ | सालिजा मा.वि., सालिजा | जलजला-६ | +२, व्यवस्थापन, शिक्षा | १३ | २१ | ३४ |
| ४ | कृष्णभवन मा.वि., धाइरिङ | जलजला-७ | +२, व्यवस्थापन, शिक्षा | १६ | २२ | ३८ |
| ५ | विद्याज्योती मा.वि., माझफाँट | जलजला-३ | +२, व्यवस्थापन, शिक्षा | २४ | ३५ | ५९ |
| ६ | न्यु होराइजन इङलिस बोर्डिङ स्कुल, माझफाँट | जलजला-३ | +२, व्यवस्थापन, शिक्षा | १३ | ८ | २१ |
| जम्मा | | | | ९५ | १२४ | २१९ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, पर्वत, २०७४ तथा सम्बन्धित विद्यालय प्रशासनबाट प्राप्त सूचना ।*

## ४.१५ ५ वर्ष र सो भन्दा माथिकाको साक्षरताको आधारमा जनसङ्ख्याको विवरण

गाउँपालिकामा ५ वर्ष र सोभन्दा माथि उमेर भएका जनसङ्ख्यामा साक्षरताको स्थिति देहायअनुसार रहेको छः-

तालिका नं. ४.१६

५ वर्ष र सो भन्दा माथिकाको साक्षरताको आधारमा जनसङ्ख्याको विवरण

| लिङ्ग | ५ वर्ष ५ वर्ष भन्दा माथिको जनसङ्ख्या | जनसङ्ख्याको अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लेख्न र पढ्न सक्ने | प्रतिशत | पढ्न मात्रै सक्ने | प्रतिशत | पढ्न लेख्न नसक्ने | प्रतिशत | थाहा नभएको | प्रतिशत |
| **जम्मा** | **१९३९३** | **१३७८९** | **७१.१०** | **५२५** | **२.७१** | **५०७३** | **२६.१६** | **६** | **०.०३** |
| महिला | १०७७७ | ६७६४ | ६२.७६ | २८५ | २.६४ | ३७२२ | ३४.५४ | ६ | ०.०३ |
| पुरुष | ८६१६ | ७०२५ | ८१.५३ | २४० | २.७८ | १३५१ | १५.६८ | ० | ० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८ ।*

गाउँपालिकामा ५ वर्ष भन्दा माथिको जनसङ्ख्यामा साक्षरताको स्थितिलाई अध्ययन गर्दा कुल १९३९३ जना मध्ये ७१.१% मानिसहरू लेख्न/पढन सक्ने र २६.१६% पढन लेख्न नसक्ने रहेको देखिन्छ । ५ वर्ष माथिकाको जनसङ्ख्यामा पुरूषको तुलनामा महिलाको सङ्ख्या २१६१ ले बढी रहेको देखिन्छ । साक्षरताको अवस्था हेर्दा ५ वर्ष माथिको जनसङ्ख्यामा महिलाको तुलनामा पुरूषको साक्षरता दर अर्थात लेख्न र पढ्न सक्ने

सङ्ख्या बढी देखिन्छ । महिला ६२.७६% र पुरूष ८१.५३% बराबर साक्षर रहेका छन् भने ३४.५४% महिला र १५.६८% पुरुषहरू पढ्न लेख्न नसक्ने रहेका छन् ।

## ४.१६ विद्यालयमा अध्ययन गरिरहेका छात्र छात्राहरूको विवरण (शैक्षिक सत्र २०७४)

यस गाउँपालिकामा चौवालिसवटा सरकारी विद्यालयहरू रहेका छन् । शैक्षिक सत्र २०७४ मा गाउँपालिकाका विभिन्न विद्यालयमा रहेका विद्यार्थीहरूको विवरण हेर्दा सरकारी विद्यालयतर्फ कुल ३०६८ विद्यार्थी मध्ये छात्रको तुलनामा छात्राको सङ्ख्या ८ जनाले मात्र बढी रहेको देखिन्छ । गाउँपालिकामा रहेका सरकारी विद्यालयमा विभिन्न कक्षामा अध्ययन गर्ने द्यिार्थीहरूको विवरण यसप्रकार रहेको छ :-

तालिका नं. ४.१७

विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विवरण (शैक्षिक सत्र २०७४)

| **तह** | **विद्यार्थी विवरण** | | | |
|---|---|---|---|---|
| प्रा.वि. | कक्षा | छात्रा | छात्र | **जम्मा** |
| | १ | १४७ | १४२ | २८९ |
| | २ | १३५ | १२२ | २५७ |
| | ३ | १४२ | १२६ | २६८ |
| | ४ | १४१ | १३४ | २७५ |
| | ५ | १३४ | ११४ | २४८ |
| ***जम्मा १-५*** | | ***६९९*** | ***६३८*** | ***१३३७*** |
| नि.मा.वि. | ६ | १३३ | ११४ | २४७ |
| | ७ | १३७ | १५७ | २९४ |
| | ८ | १५६ | १६७ | ३२३ |
| ***जम्मा ६-८*** | | ***४२६*** | ***४३८*** | ***८६४*** |
| मा. वि. | ९ | १४३ | १६४ | ३०७ |
| | १० | १८२ | १६२ | ३४४ |
| जम्मा ९-१० | | **३२५** | **३२६** | **६५१** |
| मा. वि. | ११ | ६५ | ४४ | १०९ |
| | १२ | ६३ | ४४ | १०७ |
| ***जम्मा ११-१२*** | | ***८८*** | ***१२८*** | ***२१६*** |
| **कुल जम्मा** | | १५३८ | १५३० | ३०६८ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, पर्वत, २०७४ ।*

## ४.१७ ५ वर्ष र सो भन्दा माथिकाको शैक्षिक अवस्था

गाउँपालिकामा पाँचवर्ष र सोभन्दा माथि उमेर पुगेको जनसङ्ख्यामा साक्षर तथा विभिन्न तहको शैक्षिक योग्यताप्राप्त व्यक्तिहरूको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ४.१८

५ वर्ष र सो भन्दा माथिकाको शैक्षिक अवस्था

| लिङ्ग | जम्मा | जनसङ्ख्याको अवस्था | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | एस.एल. सी. | प्र.प्र. तह/०+२ | स्नातक | स्नातकोत्तर | अन्य | अनौपचारिक | तह नखुलेको |
| **जम्मा** | १३९८८ | ५२३ | ५४०७ | ३२२० | १९८९ | १५९६ | ५९३ | २०९ | ६८ | १ | ३५२ | ३० |
| **महिला** | ६८५७ | २४४ | २५९७ | १६७८ | १०२२ | ७७४ | २७३ | ५७ | १० | १ | १८५ | १६ |
| **पुरूष** | ७१३१ | २७९ | २८१० | १५४२ | ९६७ | ८२२ | ३२० | १५२ | ५८ | ० | १६७ | १४ |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८ ।*

गाउँपालिकामा पाँच वर्ष र सोभन्दा माथि उमेर पुगेको जनसङ्ख्यामा विभिन्न तहको शैक्षिक योग्यताप्राप्त व्यक्तिहरूको विवरण अध्ययन गर्दा नि.मा.वि. र मा..वि. उत्तिर्ण तथा अनौपचारिक शिक्षा आर्जन गरेको जनसङ्ख्यामा पुरूषको तुलनामा महिलाको सङ्ख्या बढी रहेको देखिन्छ भने प्रा. वि., एस.एल.सी., प्रविणता प्रमाणपत्र/ प्लस टु, स्नातक र स्नातकोत्तर तह उत्तिर्ण तथा साक्षर जनसङ्ख्यामा महिलाहरू भन्दा पुरूषहरू बढी मात्रामा रहेको देखिन्छ । समग्रमा विभिन्न तहको शैक्षिक योग्यता हासिल गरेको जनसङ्ख्यामा महिलाको तुलनामा पुरूषहरूको सङ्ख्या नै बढी रहेको तथ्य माथिको तालिकाबाट स्पष्ट हुन्छ ।

## ४.१८ कुल साक्षरता दरमा महिलाहरूको हिस्सा

गाउँपालिकामा रहेको कुल जनसङ्ख्यामा महिलाहरूको साक्षरता दरको अवस्था देहायअनुसार रहेको छः-

तालिका नं. ४.१९

कुल साक्षरता दरमा महिलाहरूको हिस्सा

| विवरण | जनसङ्ख्या | साक्षर जनसङ्ख्या | साक्षरता प्रतिशत |
|---|---|---|---|
| पुरूष | ९७०८ | ७८९७ | ८१.३४ |
| महिला | ११७४६ | ७२९० | ६२.०६ |
| जम्मा | २१४५४ | १५१८७ | ७०.७८ |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८ ।*

माथिको तालिकामा प्रस्तुत गरिएको साक्षरता दरको स्थितिलाई अध्ययन गर्दा गाउँपालिकामा कुल जनसङ्ख्यामा पुरूषको तुलनामा महिलाको सङ्ख्या बढी रहेको भए तापनि साक्षर जनसङ्ख्याको अवस्था हेर्दा

पुरूषको तुलनामा महिला साक्षरता दर तुलनात्मक रूपमा कम रहेको देखिन्छ । गाउँपालिकामा पुरूषको जनसङ्ख्या ९७०८ मध्ये १८११ जना (१८.६६%), महिला जनसङ्ख्या ११७४६ मध्ये ४४५६ जना (३७.९४%) महिलाहरू र समग्रमा ६२६७ जना (२९.२२%) मानिसहरू निरक्षर रहेको देखिन्छ ।

### ४.१९ वडाअनुसार साक्षरता प्रतिशत

गाउँपालिकामा वडाअनुसार महिला र पुरूषको साक्षरताको अवस्था निम्नाानुसार रहेको छः-

तालिका नं. ४.२०

वडा अनुसार साक्षरता प्रतिशत

| वर्तमानमा कायम भएका वडा | साक्षरता दर प्रतिशत | |
|---|---|---|
| १ (साविक बाँसखर्क गा.वि.स.) | **औसतमा** | ६५.०० |
| | महिला | ५५.०० |
| | पुरूष | ७७.७८ |
| २,३,४ (साविक माझफाँट गा.वि.स.) | **औसतमा** | ७०.९२ |
| | महिला | ६५.०८ |
| | पुरूष | ८२.६३ |
| ५ (साविक लेकफाँट गा.वि.स.) | **औसतमा** | ७१.२४ |
| | महिला | ६१.८४ |
| | पुरूष | ८३.३८ |
| ६ (साविक शालिजा गा.वि.स.) | **औसतमा** | ७४.०६ |
| | महिला | ६६.५८ |
| | पुरूष | ८३.३७ |
| ७ (साविक धाइरिङ गा.वि.स.) | **औसतमा** | ६५.३७ |
| | महिला | ५६.३९ |
| | पुरूष | ७६.३६ |
| ८ (साविक नागलीवाङ गा.वि.स.) | **औसतमा** | ७०.१४ |
| | महिला | ६१.२१ |
| | पुरूष | ८१.३६ |
| ९ (साविक बनौं गा.वि.स.) | **औसतमा** | ७५.३९ |
| | महिला | ६८.३६ |
| | पुरूष | ८४.५२ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८ ।*

गाउँपालिकामा समावेश गरिएका साविकका सातवटा गा.वि.स. र वर्तमानमा कायम भएका वडाहरूमा रहेको साक्षरता दरलाई नियाल्दा सबैभन्दा धेरै साक्षरता दर (७५.३९%) मगर जातिको बाहुल्यता रहेको वडा नं. ९ बनौंमा रहेको छ भने कम साक्षरता दर (६५%) वडा नं. १ बाँसखर्कमा रहेको छ । सबै वडामा महिला साक्षरता दरको तुलनामा पुरूष साक्षरता दर बढी रहेको देखिन्छ । साविकको माझफाँट गा.वि.स. लाई तीनवटा वडामा विभाजन गरिएकोले यहाँ सोहीअनुसार साक्षरता दरलाई उल्लेख गरिएको हो ।

## ४.२० बालविकास केन्द्रको विवरण

गाउँपालिकामा रहेका विभिन्न विद्यालयमा चालीसवटा बाल विकास केन्द्रहरू रहेका छन् । यस गाउँपालिकामा सञ्चालित बाल विकास केन्द्रको विवरण निम्न बमोजिम रहेको छः–

तालिका नं. ४.२१
बालविकास केन्द्रको विवरण

| क्र.सं. | बाल विकास केन्द्रको सङ्ख्या | भर्ना भएका बालबालिका सङ्ख्या | | जम्मा | शिक्षक सङ्ख्या |
|---|---|---|---|---|---|
| | | बालक | बालिका | | |
| १ | ४० | २७० | १८५ | ४५५ | ४० |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, पर्वत, २०७४ ।*

समुदायमा आधारित वालविकास केन्द्रको विवरणः– छ वटा

१. देवीडाँडा  बालविकास केन्द्र, जलजला–१

२. सिद्धबाबा बालविकास केन्द्र, जलजला –३

३. जनजागृति सामुदायिक बालविकास केन्द्र, मिलनचोक

४. सेतोगुँरास सन्तती आँगन, जलजला–८

५. पोखरी बालविकास केन्द्र, जलजला–९

६. भगवती बाल विकास केन्द्र

## ४.२१ तहगत शिक्षक विवरण

गाउँपालिकाका सरकारी विद्यालयमा विभिन्न तहमा कार्यरत शिक्षकहरूको विवरण देहायअनुसार रहेको छः–

तालिका नं. ४.२२

गाउँपालिकाका सरकारी विद्यालयमा कार्यरत शिक्षक विवरण

| तह | स्वीकृत दरवन्दीमा कार्यरत | | | परियोजना | राहात दरवन्दीमा कार्यरत | PCF मा कार्यरत | तालिम प्राप्त | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | स्थायी | अस्थायी | | | | | |
| प्रा.वि | १५५ | ९९ | ५६ | – | २० | – | – | १७५ |
| नि.मा.वि. | २५ | १२ | १३ | – | १८ | – | – | ४३ |
| मा.वि. | २१ | १५ | ६ | – | १४ | – | – | ३५ |
| ०+२ | ८ | ० | ८ | – | ० | – | – | ८ |
| जम्मा | २०९ | १२६ | ८३ | – | ५२ | – | – | २६१ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, पर्वत, २०७४ ।*

## ४.२२ शिक्षक तथा विद्यार्थी विवरण

गाउँपालिकामा प्राथमिक तहदेखि माध्यमिक तहसम्म पठन पाठन हुने चौवालीसवटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । गाउँपालिकामा कक्षा ११ र १२ सम्म पठन पाठन हुने चारवटा सरकारी माध्यमिक विद्यालयहरू रहेका छन् । कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरूको विवरणलाई अघिल्लो तालिकामा प्रस्तुत गरिएकोले यहाँ कक्षा १० सम्म मात्र अध्ययन गर्ने विद्यार्थीहरुो विवरणलाई उल्लेख गरिएको छ । गाउँपालिकामा सरकारी स्तरमा सञ्चालित विभिन्न विद्यालयहरूमा रहेका विद्यार्थी सङ्ख्या, कार्यरत शिक्षक सङ्ख्या, शिक्षक विद्यार्थी अनुपात तथा सञ्चालित तहहरूको विवरण देहायअनुसार रहेको छः-

तालिका नं. ४.२३

गाउँपालिकामा रहेका सरकारी विद्यालयहरूको विवरण

| क्र. सं. | विद्यालयको नाम | सञ्चालित तह | विद्यार्थी सङ्ख्या | | | शिक्षक सङ्ख्या | विद्यार्थी शिक्षक अनुपात (STR) |
|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | | |
| १ | देवीस्थान प्रा.वि., लेकफाँट | १–५ | १५ | १५ | ३० | ३ | १० |
| २ | शिवालय प्रा.वि., लेकफाँट | १–५ | १० | १० | २० | ४ | ५ |
| ३ | मालिका नि.मा.वि., लेकफाँट | १–८ | १८ | १९ | ३७ | ६ | ६.१.६ |
| ४ | गिद्धेश्वर प्रा.वि., लेकफाँट | १–५ | ९ | १२ | २१ | ३ | ७ |
| ५ | धवला प्रा.वि., लेकफाँट | १–५ | ७ | ५ | १२ | २ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | पञ्चमुल प्रा.वि., लेकफाँट | १–५ | ११ | ५ | १६ | ३ | ५.३ |
| ७ | हिमालय प्रा.वि., लेकफाँट | १–३ | १७ | ११ | २८ | ३ | ९.३ |
| ८ | शान्ति प्रा.वि., लेकफाँट | १–३ | २ | १ | ३ | २ | १.५ |
| ९ | ग्रामप्रकाश मा.वि., लेकफाँट | १–१२ | ७६ | ८२ | १५८ | १५ | १०.५३ |
| १० | शालिजा मा.वि., शालिजा | १–१२ | ५८ | ७३ | १३१ | १८ | ७.२७ |
| ११ | शान्ति नि.मा.वि., शालिजा | १–८ | २५ | ४४ | ६९ | ८ | ८.६ |
| १२ | ज्योति मा.वि. शालिजा | १–१० | ५९ | ६६ | १२५ | ११ | ११.३६ |
| १३ | भगवती सम्झना प्रा.वि., शालिजा | १–५ | ११ | ४ | १५ | ३ | ५ |
| १४ | युवा प्रा.वि., शालिजा | १–५ | ५ | ८ | १३ | ३ | ४.३ |
| १५ | जनचेतना प्रा.वि., शालिजा | १–३ | ८ | २ | १० | २ | ५ |
| १६ | सर्वोदय प्रा.वि., शालिजा | १–५ | १३ | ९ | २२ | ४ | ५.५ |
| १७ | तारामण्डल प्रा.वि., शालिजा | १–५ | ११ | ४ | १५ | ३ | ५ |
| १८ | ज्योतिमण्डल मा.वि., बाँसखर्क | १–१० | ६९ | ७० | १३९ | १२ | ११.५८ |
| १९ | जनज्योति प्रा. वि., बाँसखर्क | १–५ | १२ | ७ | १९ | ३ | ६.३ |
| २० | देउराली प्रा. वि., बाँसखर्क | १–३ | ४ | ३ | ७ | २ | ३.५ |
| २१ | अमर प्रा. वि., धाइरिङ | १–५ | ६ | १६ | २२ | ३ | ७.३ |
| २२ | भूमे प्रा. वि., धाइरिङ | १–५ | १४ | २१ | ३५ | ३ | ११.६ |
| २३ | देउराली प्रा. वि., धाइरिङ | १–५ | ५ | ११ | १६ | ३ | ५.३ |
| २४ | नवजागृत प्रा. वि., धाइरिङ | १–५ | ० | ० | ० | ४ | – |
| २५ | फर्से धाइरिङ मा. वि., धाइरिङ | १–१० | १०८ | १३१ | २३९ | ९ | २६.५५ |
| २६ | सरस्वती प्रा. वि., धाइरिङ | १–५ | १३ | १८ | ३१ | ४ | ७.७५ |
| २७ | ज्योति प्रा. वि., धाइरिङ | १–५ | ६ | ४ | १० | २ | ५ |
| २८ | कृष्णभवन मा.. वि., धाइरिङ | १–१२ | १२० | ११९ | २३९ | १४ | १७.०७ |
| २९ | दिनकल्याण प्रा. वि., माझफाँट | १–५ | ११ | ६ | १७ | ३ | ५.६ |
| ३० | विद्याज्योति मा. वि., माझफाँट | १–१२ | १५० | १२४ | २७४ | १९ | १४.४२ |
| ३१ | फट्केढुङ्गा नि. मा. वि., माझफाँट | १–८ | २० | १५ | ३५ | ६ | ५.८ |
| ३२ | लुङदी प्रा. वि., माझफाँट | १–५ | ४३ | ३३ | ७६ | ४ | १९ |
| ३३ | भवानी प्रा. वि., माझफाँट | १–५ | १५ | १५ | ३० | ३ | १० |
| ३४ | विन्ध्यावासीनी प्रा. वि., माझफाँट | १–५ | १४ | ६ | २० | ६ | ३.३ |
| ३५ | समाजकल्याण प्रा. वि., माझफाँट | १–५ | ३५ | ३८ | ७३ | ६ | १२.१६ |
| ३६ | बेनीबजार प्रा. वि., माझफाँट | १–५ | ४१ | ३३ | ७४ | ५ | १४.८ |
| ३७ | सरस्वती प्रा. वि., माझफाँट | १–५ | १५ | १५ | ३० | ३ | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३८ | जनता प्रा. वि., बनौं | १–५ | १५ | ६ | २१ | ३ | ७ |
| ३९ | बनौं मा. वि., बनौं | १–१० | १११ | १०५ | २१६ | १२ | १८ |
| ४० | धौलागिरि प्रा. वि., बनौं | १–५ | ११ | १४ | २५ | २ | १२.५ |
| ४१ | जनकल्याण मा. वि., नागलीवाङ | १–१० | १२१ | ९८ | २१९ | १५ | १४.६ |
| ४२ | शिव मा. वि., नागलीवाङ | १–१० | ८९ | ७९ | १६८ | ११ | १५.२७ |
| ४३ | अनाथोदय प्रा. वि., नागलीवाङ | १–५ | २० | २१ | ४१ | ४ | १०.२ |
| ४४ | तारा प्रा. वि., नागलीवाङ | १–५ | १३ | १२ | २५ | ३ | ८.३ |
| ४५ | जन जागृत प्रा. वि., नागलीवाङ | १–३ | १४ | १२ | २६ | २ | १३ |
| | जम्मा | | १४५० | १४०२ | २८५२ | २५९ | १०.७ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, पर्वत, २०७४ ।*

गाउँपालिकामा सञ्चालित निजी विद्यालयहरूको विवरण यसप्रकार रहेको छः–

तालिका नं. ४.२४

निजी विद्यालयहरूको विवरण

| क्र. सं. | विद्यालयको नाम | सञ्चालित तह | विद्यार्थी सङ्ख्या | | | शिक्षक सङ्ख्या | विद्यार्थी शिक्षक अनुपात (STR) |
|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | | |
| १ | अमृत आदर्श अंग्रेजी माध्यमिक बोर्डिङ स्कुल, जलजला- ३ | १–१० | १४५ | १३० | २७५ | १८ | १५.२७ |
| २ | इमोर्टल सेक्रेट बोर्डिङ स्कुल, जलजला- ७ | १–५ | ६३ | ७७ | १४० | ९ | १५.५५ |
| ३ | प्याराडाइज बोर्डिङ स्कुल, जलजला -३ | १–८ | ९७ | १४१ | २३८ | १७ | १४ |
| ४ | कर्वाकेली इङलिस बोर्डिङ स्कुल, जलजला -९ | १–५ | २२ | २३ | ४५ | ८ | ५.६ |
| ५ | लस्ती सनलाइट एकेडेमी, जलजला- ७ | १–५ | ५२ | ६० | ११२ | ९ | १२.४४ |
| ६ | न्यू होराइजन अंग्रेजी वोर्डिङ स्कुल , जलजला- ३ | १–१२ | २०० | २२५ | ४२५ | २२ | १९.३ |
| ७ | सरस्वती अंग्रेजी स्कुल, जलजला- ५ | १–५ | ४९ | ६५ | ११४ | ९ | १२.६६ |
| | जम्मा | | ६२८ | ७२१ | १३४९ | ९२ | |

*स्रोतः प्याब्सन पर्वत, २०७४ ।*

## ४.२३ लिङ्ग अनुसार १८ वर्षमुनीका बालबिबाहको सङ्ख्यात्मक विवरण

नेपाली समाजको विकासक्रमलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभाव पार्ने तत्वहरू मध्ये महत्वपूर्ण तत्वहरूमा धर्म, संस्कार, परंपरा र सामाजिक मुल्य मान्यता आदि हुन । पुरूषप्रधान देशहरूमा पुरूषको सामाजिक तथा आर्थिक अवस्थाको तुलनामा महिलाको अवस्था कमजोर देखिन्छ । अधिकार, सम्पत्ति, अवसरमा महिलाको तुलनामा पुरूषको पहुँच बढी रहेको छ । गाउँपालिकामा बालक र बालिकाको उमेर अनुसार विवाहको अवस्था तलको तालिकामा उल्लेख गरिएको छः–

तालिका नं. ४.२५
लिङ्ग अनुसार बालविवाह सम्बन्धि विवरण (१८ वर्ष मुनीका)

| **लिङ्ग** | **सङ्ख्या** |
|---|---|
| बालिका | ३ |
| बालक | २ |
| जम्मा | ५ |

*स्रोतः महिला तथा बालबालिका कार्यालय, पर्वत ।*

माथिको तालिकाअनुसार आर्थिक वर्ष २०७२/०७३ मा ३ बालिका र २ बालकको विवाह भएको छ । नेपाली कानूनमा बालबालिका भन्नाले १६ वर्ष दिनले पुरा नभएको बालक वा बालिका भन्ने रहेको छ भने अन्तराष्ट्रिय कानूनले १८ वर्षलाई कायम गरेको छ । अन्तर्राष्ट्रिय सन्धीमा नेपालले हस्ताक्षर गरिसकेको वर्तमान अवस्थामा १८ वर्षलाई आधार मान्नुपर्ने हुन्छ । अतः बालमैत्री स्थानीय शासन सहितको गाउँपालिकातिर उन्मुख यो ग्रामिण क्षेत्रमा बालबिबाहको सङ्ख्या अघिल्ला वर्षहरूको तुलनामा यो आ.व.मा घटेको देखिन्छ ।

## ४.२४ कामदारको रूपमा घर छोडेर घर बाहिर जान बाध्य बालक तथा बालिकाहरूको अवस्था

आर्थिक अवस्थाका कारण १८ वर्ष मुनीका बालबालिकाहरू आफ्ना आमा बुवाको काख छोड्न बाध्य छन् । अति गरीब घर परिवारमा बालक तथा बालिकाहरू रोजगारीका लागि शहरी क्षेत्रहरू जस्तो पोखरा, काठमाण्डौ हुँदै भारतसम्म पुगेको अवस्था छ । आफ्नो क्षमता अभिबृद्धि गरी योग्य नागरिक बन्ने तथा बनाउने यो महत्वपूर्ण उमेर समुहका लागि  राज्यले अनिवार्य शिक्षाको ब्यवस्था गरेको छ । गाउँपालिकामा राजगारको लागि घरपरिवार छोड्ने बालबालिकाको सङ्ख्यात्मक अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ४.२६

कामदारको रूपमा घर/परिवारबाट घरबाहिर गएका बालबालिकाहरूको अवस्था

| लिङ्ग | सङ्ख्या |
|---|---|
| बालिका | २ |
| बालक | १३ |
| जम्मा | १५ |

*स्रोतः महिला तथा बालबालिका कार्यालय, पर्वत ।*

आर्थिक वर्ष २०७२/०७३ मा जलजला गाउँपालिकामा जम्मा २ जना बालिका र १३ जना बालक अर्थात १८ वर्ष उमेर पुरा नभएका ब्यक्तिहरू घर छोडेर बाहिर कामको खोजीमा गएको पाइयो । दलित जातीहरुमा यो सङ्ख्या बढी रहेको छ । नजिकको बेनी बजार, बागलुङ्ग बजार, तथा पोखरा, काठमाण्डौ हुँदै भारतसम्म गएको पाइयो । बालिकाको तुलनामा बालकको सङ्ख्या बढी रहेको तथ्याङ्कले देखाएको छ ।

## ४.२५ बालबालिकाका रोजगारका क्षेत्रहरू तथा यी क्षेत्रहरूमा कार्यरत बालबालिकाहरूको सङ्ख्यात्मक अवस्था

विगतका वर्षहरूको तुलनामा गत वर्ष रोजगार खोज्न घरबाहिर जाने बालबालिकाहरूको सङ्ख्या घटेको देखिएको छ । तर यो सङ्ख्या शून्य हुन सकेको छैन । सरकारले ल्याएको बालमैत्री स्थानीय शासन सहितको अवधारणाका कारण यो सङ्ख्यामा कटौती भएको हो । गाउँपालिका भित्रका बालबालिकाहरू ब्यक्तिको घर, होटल तथा उद्योगहरूमा सलग्न रहेको विवरण तल दिईएको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४.२७

श्रमिक बालबालिकाको प्रकार

| क्र.स. | कामदारको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु कामदार | ३ | |
| २ | होटल तथा रेष्टुरेण्ट | ९ | |
| ३ | उद्योग तथा ब्यवसाय | ३ | |
| ४ | अन्य | १५ | |

*स्रोत : महिला तथा बालबालिका कार्यालय, पर्वत*

माथिको तालिकामा उल्लिखित तथ्याङ्कअनुसार सबैभन्दा बढी बालश्रमिकहरू होटल तथा रेष्टुरेण्टहरूमा रहेको पाइयो । घरेलु कामदारमा जम्मा २ बालिका र १ बालक कार्यरत रहेको तथ्याङ्कले देखाएको छ । उद्योग तथा ब्यवसायमा ३ जना बालक कार्यरत रहेको देखिन्छ ।

## ४.२६ बालबालिकाहरूको हत्या तथा अपहरण सम्बन्धि अवस्था

नेपालका विभिन्न ग्रामीण तथा शहरी क्षेत्रहरूमा बालबालिकाहरूको अपहरण गर्ने, हत्या गर्ने जस्ता जघन्य अपराधहरू भईरहेको तथ्य बाहिर आईरहेका छन् । गरिबी, लैङ्गिक विभेद आदि तथा भारतसँगको खुला सिमानाका कारण नेपालबाट देश भित्र तथा बाहिर बालबालिकाहरू अपहरित हुने तथा मृत्यु हुने गरेको छ । अपहरित तथा मृत्यु हुने बालबालिकाहरूको सङ्ख्यात्मक अवस्थाका बारेमा तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ४.२८

बालबालिकाहरूको हत्या अपहरण सम्बन्धि विवरण

| घटना विवरण | गाउपालिकामा घटेका घटनाहरुको सङ्ख्या | घटना घटेको स्थल | उजूरी सङ्ख्या | अदालतमा परेका मूद्धाहरुको सङ्ख्या | पीडित बनाइएका बालबालिकाहरुको सङ्ख्या | | | उद्दार गरिएका बालबालिकाहरुको सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| आमाद्वारा बच्चाको घाटी निमोठेर हत्या | १ | नाग्लीवाङ्ग | – | – | – | – | – | – | – | – |
| | १ | | १ | १ | – | – | – | – | – | १ जना |

*स्रोतः महिला तथा बालबालिका कार्यालय, पर्वत ।*

आर्थिक वर्ष २०७२/०७३ मा गाउँपालिकाको वडा नं. ८ नाग्लीवाङ्गमा १ बालकको हत्या भएको थियो । अर्काको गर्भ भएका कारण आमाले घाँटी थिचेर शिशुको हत्या गरेकी हुन् । यो घटना बाहेक यो अवधिमा अन्य वडाहरूमा अन्य घटनाहरू नघटेको तालिकाले देखाएको छ । बालहत्या विगतका वर्षहरूमा भन्दा क्रमशः घट्दै गएको तथ्याङ्कले देखाएको छ ।

## ४.२७ गाउँपालिकामा बसोबास गर्ने बासिन्दाहरूको स्वास्थ्य तथा सरसफाईको अवस्था

सरकारले मानव विकास सूचकांकलाई बृद्धि गर्नका लागि सुरक्षित मातृत्व, सुनौलो हजार दिन, अनिवार्य शौचालयको प्रयोग आदि जस्ता कार्यक्रमहरूलाई गैर सरकारी संघ/संस्थाहरू मार्फत सञ्चालन गर्दै आएको छ । हाम्रो जिल्ला ओ.डि.एफ. घोषणा गर्ने छैटौं जिल्ला पनि हो । उल्लिखित कारणहरूले गाउँपालिकामा विगत

वर्षहरूको तुलनामा पछिल्लो वर्ष अर्थात आर्थिक वर्ष २०७३/०७४ मा शिशु मृत्युदरमा क्रमशः कमी आएको छ । शौचालय प्रयोग गर्नेहरूको सङ्ख्या सहित सरसफाई सम्बन्धि गाउँपालिकाको अवस्था तलको तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ४.२९
स्वास्थ्य सम्बन्धि सूचकहरु

| **सूचक** | **राष्ट्रियस्तरमा** | **गाउंपालिकास्तरमा** | **कैफियत** |
|---|---|---|---|
| शिशू मृत्यूदर | - | | |
| कुपोषणको अवस्था | - | ५.४१% | आ.व.२०७२/०७३ |
| चर्पीको पहूंच भएको जनसङ्ख्या | - | १००% | |
| औषत स्वास्थ्य क्षमता सूचक | - | | |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत* ।

माथिको तालिकामा गाउँपालिकामा स्वास्थ्य सम्बन्धि सूचकहरूका बारेमा देखाईएको छ । विगतका वर्षहरूको तुलनामा शिशु मृत्युदर ह्वात्तै घटेको तथ्याङ्कले देखाएको छ । सबै घरधुरीहरूमा अनिवार्य शौचालयको ब्यवस्था भएका कारण शौचालय प्रयोग गर्नेहरूको सङ्ख्या १०० प्रतिशत पुगको छ । गाउँपालिकामा हालसम्म स्वच्छ खानेपानी, पूर्ण आनीवानी परिवर्तन, लगायतका **WASH** सम्बन्धि कार्यक्रमहरूका कारण स्वास्थ्य र सरसफाईमा गाउँपालिका अघि रहेको छ ।

## ४.२८ गाउँपालिकामा बालक्लवहरूको सङ्ख्या र बालक्लवहरूमा आवद्ध बालबालिकाको अवस्था

सरकारले २०६४ सालदेखि बालमैत्री स्थानीय शासनलाई समावेशीकरणको एउटा कम्पोनेन्टको रूपमा लिएर विभिन्न कार्यक्रमहरू सहित अघि वढेको हो । **"बालबालिका भविष्यका कर्णधार हुन"** भन्ने मान्यताका आधारमा साविक जिविस तथा गाविसहरूले पनि बालमैत्री कार्यक्रमहरूलाई अघि बढाए । हाल पर्वतमा मोदी गाउँपालिकाको चित्रे वडालाई बालमैत्री स्थानीय शासन सहितको वडाको रूपमा घोषणा गर्ने कार्य सम्पन्न भईसकेको छ । यस गाउँपालिकामा DCWS मा दर्ता भई गाउँपालिका अन्तर्गत बालक्वलमा रहेका बालक्लवहरूको सङ्ख्या २९ रहेको छ । गाउँपालिकाभित्र समुदायस्तर तथा विद्यालयस्तरमा गठित बालक्लवहरू र यी बालक्लवहरूमा आवद्ध बालबालिकाहरूको सङ्ख्या तलको तालिकामा देखाईएको छ :-

तालिका नं. ४.३०

गाउँपालिकाका विभिन्न वडाहरूमा गठित बालक्लवहरूको विवरण

| समूदायमा आधारित बालक्लवहरु | | | | विद्यालयमा आधारित बालक्लवहरु | | | |
|---|---|---|---|---|---|---|---|
| बालक्लवहरुको कुल सङ्ख्या | बालिका सङ्ख्या | बालक सङ्ख्या | जम्मा | बालक्लवको कुल सङ्ख्या | बालिका सङ्ख्या | बालक सङ्ख्या | जम्मा |
| ३९ | ३६२ | ३९४ | ७६० | २४ | १६५ | १८९ | ३५० |

*स्रोतः वडा कार्यालयहरू, जलजला गाउँपालिका ।*

माथिको तालिकाले गाउँपालिका अन्तर्गत वडाहरूमा गठित बालक्लवहरूको विवरणहरूका बारेमा ब्यख्या गरेको छ । तालिका अनुसार विद्यालयमा जम्मा २४ वटा क्लवहरू दर्ता भएका छन् भने समुदायस्तरमा ३९ वटा क्लवहरू दर्ता भई सञ्चालन हुँदै आएका छन् । विद्यालयस्तरमा सञ्चालन भएका बालक्लवहरू प्रत्येक वडाका माध्यमिक विद्यालयहरूमा गठन भएका हुन् । माध्यमिक विद्यालयहरू नभएका सबै बस्तीहरूमा समुदायमा आधारित क्लवहरू छन् । समुदायमा आधारित क्लवहरू समुदायले नै सञ्चालन गर्दै आएको छ भने विद्यालयस्तरका क्लवहरूलाई भने विद्यालयहरूले स्वामित्व लिंदै आएका छन् ।

## ४.२९ वडागतरूपमा बालक्लवमा आवद्ध सामाजिक तथा लैङ्गिक बालबालिकाहरूको सङ्ख्यात्मक अवस्था

विगत वर्षदेखिको सामाजिक विभेद, लैङ्गिक विभेद तथा असमानताका कारण समाजमा सबै वर्ग र तहको समान हैंसियत छैन । जिल्लामा जातिय आधारमा बाहुन तथा नेवार जातीहरू भन्दा कामी, दमाईं र सार्की विकासमा पछि परेको आकडाहरूले देखाएको छ । बाहुन भन्दा आदिवासी जनजातीहरूको अवस्था पनि पछि रहेको छ । क्रसकटिङ सवालका आधारमा विश्लेषण गर्दा बाहुनभित्र पनि अति गरिव तथा निमुखाहरूको सङ्ख्या उल्लेख्य रहेको छ । गरिवी तथा सामाजिक पछौटेपनका प्रत्यक्ष असर महिला तथा बालबालिकालाई परेको छ । तर सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको पहलमा विभिन्न सचेतना अभिबृद्धि सम्बन्धि तालिमहरू सहित विभिन्न कार्यक्रम ब्यापकरूपमा सञ्चालन हुँदै आएका कारण यो सङ्ख्यामा कटौती हुँदै आएको छ । यस सम्बन्धि तथ्याङ्कीय विवरण तल तालिकामा उल्लेख गरिएको छ :-

तालिका नं. ४.३१
वडागत बालक्लवहरूको विवरण

| वडा नं. | बालिका सदस्य सङ्ख्या | | | जम्मा | बालक सदस्य सङ्ख्या | | | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | | दलित | जनजाती | अन्य | | |
| १ | १० | ४३ | १३ | **६६** | ७ | ४६ | १६ | **६९** | **१३५** |
| २ | ९ | ४ | २७ | **४२** | १३ | ६ | १९ | **३७** | **७९** |
| ३ | ० | ५ | ३९ | **४४** | ० | ७ | ४१ | **४८** | **९२** |
| ४ | ८ | १७ | ३६ | **६१** | १२ | १९ | ३३ | **६४** | **१२५** |
| ५ | १३ | २२ | २८ | **६३** | १५ | २६ | ३१ | **७२** | **१३५** |
| ६ | ९ | २५ | २७ | **६१** | ११ | २५ | २८ | **६६** | **१२७** |
| ७ | ३० | २१ | ३५ | **६७** | ३३ | २४ | ३४ | **९१** | **१५८** |
| ८ | १५ | २३ | ३६ | **७४** | १९ | २६ | ३८ | **८३** | **१५७** |
| ९ | ८ | २३ | ३ | **४९** | १७ | २९ | ७ | **५३** | **१०२** |
| **जम्मा** | **१०२** | **१८३** | **२४७** | **५२७** | **१२७** | **२०८** | **२४७** | **५८३** | **१११०** |

*स्रोतः जिल्ला महिला विकास कार्यालय, पर्वत, २०७४ ।*

माथि उल्लिखित तालिका अनुसार बालक्लवमा जम्मा १११० जना बालबालिकाहरू आवद्ध छन् । बालकको तुलनामा बालिकाको सङ्ख्या ५६ ले घटी रहेको छ । जातीय आधारमा हेर्दा दलित र जनजातीका तुलनामा अन्य जातीहरूका बालबालिकाहरूको सङ्ख्या बढी छ । तर प्रतिशतका आधारमा दलित र आदिवासी जनजातीहरूको भन्दा अन्य जातिहरूको जनसङ्ख्या बढी भएका कारण सङ्ख्या ठूलो रहेको हो । सहभागिताका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी सहभागिता दलित रहेको पाइयो । समावेशीकरणको दृष्टिले यो राम्रो मानिन्छ । स्मरण रहोस् गठन भएका जम्मा ३५० वटा क्लवहरू मध्ये जम्मा २९ वटा क्लवहरू मात्र जिल्ला महिला तथा बालबालिका कार्यालयमा दर्ता भएको महिला तथा बालबालिका कार्यालयमा रहेको प्रतिवेदनबाट देखिन्छ ।

## ४.३० बालक्लव तथा बालसमूहले प्रतिनिधित्व गरेका संघ संस्थाहरूले प्रतिनिधित्व गरेका संघ संस्थाहरूको विवरण

नेपाल सरकारले जारी गरेका विभिन्न कानूनहरू तथा साविक स्थानीय निकायहरू जस्तै गाविस, जिविसहरूले तर्जुमा गरेका कार्यविधिहरूमा संघ संस्थाहरूमा प्रतिनिधित्व गराउनुपर्ने ब्यवस्था गरेको छ । यी संघ संस्थाहरूमा विद्यालय ब्यवस्थापन समितिहरू, स्वास्थ्य चौकी ब्यवस्थापन समितिहरू, साविक वडा नागरिक मञ्चहरू, नागरिक सचेतना केन्द्रहरू, एकिकृत योजना तर्जुमा समितिहरू आदि रहेका छन् । तर हालका सबै

विद्यालयहरू तथा स्वास्थ्य चौकीहरूले बालक्लवका पदाधिकारीहरूको ब्यवस्थालाई आत्मसाथ गरी प्रतिनिधित्व गराउन सकेका छैनन् । गाउँपालिकामा प्रतिनिधित्व गरेका संघ संस्थाहरूको विवरण तल तालिकामा दिइएको छः-

तालिका नं. ४.३२
बालक्लव तथा बालसमुहले प्रतिनिधित्व गरेका संघ/संस्थाहरूको विवरण

| वडा नं. | समितिको नाम | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | बालक सङ्ख्या | बालिका सङ्ख्या | |
| १ | विद्यालय ब्यवस्थापन समिति | १ | १ | २ |
| २ | विद्यालय ब्यवस्थापन समिति | १ | १ | २ |
| ३ | विद्यालय ब्यवस्थापन समिति | १ | १ | २ |
| ४ | विद्यालय ब्यवस्थापन समिति | १ | १ | २ |
| ५ | विद्यालय ब्यवस्थापन समिति | १ | १ | २ |
| ६ | विद्यालय ब्यवस्थापन समिति | १ | १ | २ |
| ७ | विद्यालय ब्यवस्थापन समिति | १ | १ | २ |
| ८ | विद्यालय ब्यवस्थापन समिति | १ | १ | २ |
| ९ | विद्यालय ब्यवस्थापन समिति | १ | १ | २ |
| | जम्मा | | | |

*स्रोतः गाउँपालिकाका वडा कार्यालयहरू ।*

गाउँपालिकामा विभिन्न बालक्लवहरूमा आवद्ध बालक्लवहरूको प्रतिनिधित्व अन्य संघ/संस्थाहरूमा के कस्तो रहेको छ भनेर विश्लेषण गर्ने कार्य माथिको तालिकामा गरिएको छ । तथ्याङ्कअनुसार गाउँपालिकाका सबै वडाका माध्यमिक विद्यालयहरूमा मात्र बालक्लवको प्रतिनिधित्व विद्यालय ब्यवस्थापन समितिहरूमा भएको पाईयो । तर निमावि र प्राविस्तरमा भने प्रतिनिधित्व नरहेको तालिकाले देखाएको छ ।

### ४.३१ गाउँपालिकामा जन्म दर्ता भएका बालबालिकाहरूको विवरण

सरकारले मानव जीवनमा घट्ने तथा घट्न सक्ने महत्वपूर्ण घटनाहरू अनिवार्यरूपमा साविक गाविस/नगरपालिकाका वडाहरू र हाल गाउँपालिका/नगरपालिकाका वडाहरूमा दर्ता गर्नुपर्ने ब्यवस्था गरेको छ । यी घटनाहरूमा जन्म, विवाह, बसाईंसराईं, सम्बन्ध विच्छेद र मृत्यु रहेका छन् । यी घटनाहरू मध्ये सम्बन्ध विच्छेद बाहेक अन्य घटनाहरू सबै गाउँपालिका तथा नगरपालिकाका वडाहरूमा वडा सचिव वा तोकिएको कर्मचारीहरूले गर्ने कानूनी ब्यवस्था रहेको छ । कानूनी ब्यवस्था हुँदा हुँदै पनि सबै घटनाहरू दर्ता हुन सकेका छैनन् । गाउँपालिकामा जन्म दर्ता नगरिकन बालपोषणको सुविधा नदिने, विद्यालयमा भर्ना नगर्ने जस्ता कानूनी

प्रावधानको ब्यवस्था गरिएको छ । गाउँपालिकामा जन्म दर्ता गराउने बालबालिकाहरूको सङ्ख्यात्मक विवरणलाई तलको तालिकामा दिइएको छः-

तालिका नं. ४.३३
जन्म दर्ता भएका बालबालिकाहरूको सङ्ख्या

| आ.व. | कुल जन्मदर्ता सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | |
| अघिल्लो आ.व. | | | | |
| चालु आ.व. | | | | |

*स्रोतः जिल्ला जनस्वास्थ्य कार्यालय, पर्वत।*

## ४.३२ गाउँपालिकाभित्र परिवारविहिन बालबालिकाको अवस्था

गाउँपालिकाभित्र परिवारविहिन अर्थात जन्म दिने बुवा आमा, दाज्यू, भाई लगायत अन्य पारिवारिक सदस्यहरू विहिन बालबालिकाहरूको विवरण खोजी त्यस्ता बालबालिकाहरूलाई राज्यले संरक्षण गर्ने वातावरण तयार गर्न स्थानीय तहहरू सक्रिय रहेका छन् । विभिन्न कानूनहरूका कारण हाल सडक बालबालिकाहरूको सङ्ख्यामा कटौती हुँदै गएको छ । परिवार विहिन बालबालिकाहरूलाई संरक्षण गर्नका लागि विभिन्न संघ संस्थाहरू पनि सक्रिय रहेका छन् । संरक्षण विहिन भएकै कारण बालबालिकाहरू विदेश बेचिन परेको, दास बस्न परेको, अकालमा मृत्युको मुखमा पुगेको, विद्यालय शिक्षाबाट बञ्चित हुन परेको, कुपोषणमा परेको आदि समस्याहरू भेल्नुपरेको देखिन्छ । गाउँपालिकाभित्र पारिवारिक संरक्षणविहिन बालबालिकाहरूको सङ्ख्यात्मक विवरण तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ४.३४
परिवारविहिन बालबालिकाको अबस्था

| **विवरण** | **बालिका** | **बालक** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|
| पारिवारिक संरक्षणविहिन बालबालिकाको कुल सङ्ख्या | ३ | ३ | ६ | |
| पारिवारिक वयस्क ब्यक्ति नभई बालबालिका मात्र भएको अवस्थामा रहेका बालवालिकाहरु | – | – | – | |
| आफन्तको संरक्षणमा रहेका बालबालिकाहरु | – | – | – | |
| संस्थागत संरक्षणमा रहेका बालबालिकाहरु | – | – | – | |
| सडक बालबालिकाहरु | – | – | – | |
| जेलमा रहेका बालबालिकाहरु | – | – | – | |
| हिंशा/यातना पीडित | – | – | – | |
| अलपत्र वा वेवारिसे अवस्थामा फेला परेका | – | १ | | |
| बेचविखनमा परेका बालबालिकाहरु | – | – | – | |
| जम्मा | ३ | ४ | ७ | |

*स्रोतः गाउँपालिकाका वडा कार्यालयहरू ।*

माथिको तालिकाले परिवारविहिन बालबालिकाहरूको सङ्ख्या र तिनको अवस्थाका बारेमा उल्लेख गरेको छ । गाउँपालिकाभित्र जम्मा पारिवारिक संरक्षणविहिन बालकको सङ्ख्या ३ र बालिकाकको सङ्ख्या ३ रहेको छ । यो गाउँपालिकाभित्र बसोवास गर्ने कुनै पनि बालक वा बालिका कुनै फौजदारी अभियोगमा जेलमा रहेका छैनन् । हिंसा तथा यातना पीडित बालबालिकाहरूको सङ्ख्या शून्य रहेको छ । गाउँपालिकाभित्र बेचविखनमा परेका बालबालिकाहरूको सङ्ख्या पनि शून्य रहेको छ ।

## ४.३३ गाउँपालिकामा विभिन्न खोप प्रयोग गर्नेहरूको सङ्ख्या

नेपाल सरकारले सहश्राब्दी विकास लक्ष्यलाई पुरा गर्ने उद्देश्य अनुरूप विगत वर्षहरूदेखि नै राष्टिय अभियानको रूपमा विभिन्न खोप लगाउन सुरू गरेको हो । सरकारले विभिन्न दातृ निकायहरूको आर्थिक तथा प्राविधिक सहयोगमा देश भित्र सरकारी तथा गैर सरकारी संघ/संस्थाहरूको समेत सक्रियतामा क्रमशः खोप लागाउनेहरूको सङ्ख्या पुरा गरी दिर्घ रोगबाट टाढा राख्ने प्रयाश गरेको हो । सरकारले अभियानको रूपमा सञ्चालन गर्दै आएको विभिन्न रोग निरोधक खोपहरूको बारेमा तल तालिकामा उल्लेख गरिएको छः–

तालिका नं. ४.३५

विभिन्न खोप सेवा प्रयोग गर्नेको विवरण

| क्र.स. | विवरण | २०७०/२०७१ | २०७१/०७२ | २०७२ / ०७३ |
|---|---|---|---|---|
| | | सङ्ख्या | सङ्ख्या | सङ्ख्या |
| १ | वि.सि.जि. | ३९७ | ३५९ | ३२७ |
| २ | डिपि.टी. | ४३४ | ४२३ | ४१२ |
| ३ | हेपाटाइटिस बी. | ४३४ | ४२३ | ४१२ |
| ४ | दादुरा | ४१७ | ३६७ | ३९९ |
| ५ | पोलियो घ | ४३४ | ४२२ | ४२४ |
| ६ | टि टि (गर्भवती महिला) | ४८६ | ३९३ | ३६७ |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।*

माथिको तालिकामा नेपाल सरकारले अभियानको रूपमा सञ्चालन गर्दै आएको विभिन्न प्रकारका खोपहरूको अवश्थाका बारेमा विश्लेषण गरिएको छ । आर्थिक वर्ष २०७०/०७१ देखि आर्थिक वर्ष २०७२/०७३ सम्मको अवस्थालाई हेर्दा प्रत्येक वर्ष क्रमशः खोप लगाउनेहरूको सङ्ख्यामा कटौती भएको देखिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय पर्वतले दिएको तथ्याङ्क अनुसार गाउपालिकामा स्वास्थ्यको क्षेत्रमा सबै प्रकारका खोपहरू लगाउनेको सङ्ख्यामा बृद्धि भएको हो ।

### ४.३४ गाउँपालिकामा खोप सेवा पुरा नगरी बीचमा छोड्ने बालबालिकाहरूको सङ्ख्या

नेपाल अन्तराष्ट्रिय सन्धी सम्झौतामा पक्ष बनेर गरेको कबुललाई पुरा गर्नका लागि अभियानको रूपमा सञ्चालन गरिएका विभिन्न रोगहरूको निराकरण गर्नका लागि खोपहरूको डोज पुरा हुनुपर्दछ । बीचमै छोडियो भने खोपले काम गर्न सक्दैन । गाउँघरमा विभिन्न परंपरागत कुरिती, कामको ब्यस्तता, सचेतनाको अभाव, आर्थिक समस्या आदिका कारण खोपको मात्रा पुरा नगरी बीचमा छोड्नेहरको सङ्ख्या ग्रामीण क्षेत्रमा मात्र नभएर शहरी क्षेत्रमा ठूलो सङ्ख्यामा रहेको छ । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ४.३६

खोप सेवा छोड्ने बालबालिकाको अवस्था

| क्र.स. | विवरण | २०७०/२०७१ | २०७१/०७२ | २०७२/०७३ |
|---|---|---|---|---|
| | | सङ्ख्या | सङ्ख्या | सङ्ख्या |
| १ | वि.सि.जि. दादुरा, हेपटाइटिस बि. | - | - | - |
| २ | डि.पि.टी.एच.आई.भी. १ र डि.पि.टि./हेपटाईटिस वि./एच.आई.भी. ३ | - | - | - |
| ३ | खोप नलगाइएका बालबालिका | - | - | - |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।*

गाउँपालिकामा जिल्ला स्वास्थ्य कार्यालय पर्वतको आकडा अनूसार आर्थिक वर्ष २०७०/०७१ देखि २०७२/०७३ को अवधिमा वि.सी.जि., दादुरा, हेपटाइटिस वि., डि.पी.टि./हेपटाइटिस वि., एच, आई, भी, प्रयोग गर्नेहरूको सङ्ख्या सुन्य रहेको छ । यसको अर्थ यी खोप पूरा नगरी बीचमा छोडनेहरूको सङ्ख्या नभएको भन्ने हो । नेपाल सरकारको एक अभियान भएको र निजी तथा संघ संस्थाहरूको पनि सक्रिय सहभागीता रहेका कारण अभियान सफल रहेको हो भन्ने सूचकको रूपमा यसलाई सकिन्छ ।

### ४.३५ गाउँपालिकामा विगत ३ वर्षको पोषणयुक्त खाना खानेहरूको सङ्ख्यात्मक अवस्था

राज्यले राष्ट्रमा योग्य नागरिक तयार गर्नका लागि गर्भावस्था, सुत्केरी अवस्था लगायत सुनौलो हजार दिनभित्रको अवधिलाई विशेष महत्वको रूपमा लिईन्छ । बालबालिकालाई विशेष गरी पोषण, औषधी तथा

खोपहरूको आवस्यकता पर्दछ । गाउँपालिकाभित्र खोप लगायत औषधी र पोषणयुक्त खानेकुराहरूको ब्यवस्था गर्न सक्ने घरधुरीहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ४.३७

विगत ३ वर्षहरूको पोषणको अवस्था

| सूचकहरु | २०७०/२०७१ | २०७१/०७२ | २०७२/०७३ |
|---|---|---|---|
| ५ वर्ष भन्दा मुनीका बृद्धि अनुगमन (पटक) | १०७३ | ७०७ | ६५६ |
| गर्भवती महिलाहरुको लागि आइरन चक्की वितरण(जना) | ३६४ | २८३ | २७२ |
| गर्भवती महिलाहरुले प्राप्त गरेको जुकाको औषधी (जना) | ३६१ | २८२ | २५६ |
| सुत्केरी भएका महिलाहरुको लागि भिटामिन ए वितरण ((जना) | २४६ | १५३ | १३२ |
| ६ महिनादेखि ५ वर्षसम्मका बच्चाहरुलाई खुवाएको भिटामिन ए (जना) | २४१९ | २००२ | २०३३ |
| १ देखि ५ वर्षसम्मका बच्चाहरुलाई खुवाएको जुकाको औषधी (जना) | १४७७ | १७९३ | १२३१ |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।*

माथिको तालिकाले विगत ३ वर्षको बालबालिका, गर्भवती महिला, सुत्केरी महिला र शिशुको गाउँपालिमा रहेको अवस्थाका बारेमा विश्लेषण गरिएको छ । आर्थिक वर्ष २०७०/०७१ भन्दा आर्थिक वर्ष २०७२/०७३ मा कुपोषणको अवश्थामा क्रमशः सुधार आएको तालिकाले देखाएको छ । विगत ३ वर्षको अन्तरमा सेवन गर्नेहरूको सङ्ख्यामा १४७७ बाट १२३१ मा झरेको अर्थात २४६ जना कम भएको तथ्याङ्कले पुष्ठि गरेको छ ।

### ४.३६ गाउँपालिकामा कुपोषण लागेका महिला तथा पुरूषहरूको सङ्ख्यात्मक अवस्था

विगत वर्षहरूमा गाउँ पालिकाभित्र गरिवी, चेतनाको अभाव, तथा लैंगिक विभेदका कारण कुपोषण भएका बालबालिकाहरूको सङ्ख्या रहेको भए तापनि अहिले सो अवस्था घट्दै गएको छ । हाल गाउँपालिकामा कुपोषणको अवस्थालाई तलको तालिकामा देखाइएको छः -

तालिका नं. ४.३८

गाउँपालिकामा कुपोषणको अवस्था

| लिङ्ग | सङ्ख्या | कैफियत |
|---|---|---|
| बालक | - | - |
| बालिका | - | - |
| जम्मा | - | - |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत ।*

माथिको तालिकामा उल्लेख भएअनुसार गाउँपालिका भित्र बालक र बालिकाको कुपोषण लागेकाको सङ्ख्या शून्य रहेको छ । लैङ्गिक आधारमा बालक भन्दा बालिकालाई कम महत्व दिने नेपाली समाज त्यसैमा पनि शहरी क्षेत्र नभई ग्रामीण क्षेत्रमा बालकसँगै बालिकाको सङ्ख्या पनि शून्य रहेको अवश्थालाई राम्रो संकेतका रूपमा लिन सकिन्छ ।

### ४.३७ दीर्घरोगका कारण गाउँपालिकामा मृत्यु भएका बालक र बालिकाहरूको सङ्ख्यात्मक विवरण

गाउँपालिकाभित्र विगत वर्षमा दिर्घरोगहरू जस्तै एच.आई.भी./एड्स, मलेरिया, क्षयरोग, मुटुरोग आदि जस्ता रोगहरूको कारण मृत्यु भएका व्यक्तिहरू यदि गाउँपालिकाभित्र भए योजना तर्जुमा गर्दा यी रोगहरू निवारण गर्ने कार्यक्रमहरू समावेश गर्न सहज हुन्छ । यस्ता रोगहरूलाई देशबाट निवारण गर्ने राष्ट्रिय लक्ष्य भएकाले यिनीहरूको संक्रमणका बारेमा थाहा पाउन आवश्यक छ । यी रोगहरूको गाउँपालिकाभित्रको अवस्थाका बारेमा तल तालिकामा उल्लेख गरिएको छः–

तालिका नं. ४.३९

दीर्घ रोगको कारणले मृत्यु भएका बालबच्चा सम्बन्धि विवरण

| रोगको नाम | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| एच.आई.भी. /एड्स | - | - | - |
| मलेरिया | - | - | - |
| क्षयरोग | - | - | - |
| मूटू सम्बन्धि | - | - | - |
| मेनेञ्जाईटिस | - | - | - |
| कुपोषण | - | - | - |
| अन्य……………… | - | - | - |
| जम्मा | - | - | - |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय पर्वत ।*

माथिको तालिकामा देखाइएअनुसार गाउँपालिकामा उल्लिखित आर्थिक वर्षमा कुनैपनि बालबालिकाहरूमा एच.आई.भी./एड्स आदि दिर्घरोगबाट कुनै पनि बालबालिकाको मृत्यु भएको छैन ।

## ४.३८ गाउँपालिकामा महिला हिंसा सम्बन्धि विवरणात्मक अवस्था

नेपाली समाज धर्म, परंपरा, संस्कृति, तथा सामाजिक मुल्य र मान्यताका आधारमा अघि बढेको छ । नेपाली समाजमा अहिले पनि लैङ्गिक विभेद, आर्थिक विभेद, भुगोलको विभेद, जातिय विभेद, उमेरको विभेद आदि रहेका छन् । आफ्नै श्रीमान् वा परिवारबाट पिडामा परेका महिलाहरू, दोस्रो बिबाहबाट पिडित महिलाहरू, बेचविखनमा परेका महिलाहरूको उत्थानको लागि धेरै कानूनहरू तर्जुमा भई कार्यान्यन भईरहेका छन् । तर समाजमा छिटपुटरूपमा घटनाहरू घटीरहेको पाईन्छ । दोस्रो विवाहलाई राज्यले निषेध गरेको भएता पनि दोस्रो विवाहका कारण पिडित महिलाहरूको सङ्ख्या भने समाजमा ठूलो आकारमा रहेको छ । महिला हिंसा सम्बन्धि तलको तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ४.४०
महिला हिंसा सम्बन्धि विवरण

| **सि.नं.** | **विवरण** | **सङ्ख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | घरेलु हिंसाबाट पीडित | ३ जना | सासू ससूरा |
| २ | दास्रो विवाहको बहिनी (सौता) रहेको | ७२ जना | |
| ३ | बेचविखनमा परेको | – | |
| ४ | श्रीमान्बाट पीडित/पिटएका | २१ जना | श्रीमान्बाट |
| ५ | द्वन्द्वबाट पीडित | – | |
| ६ | सामाजिक कुरिती लगाइएका | घटना दर्ता छैनन् । | |
| **८** | **जम्मा** | ९६ जना | |

*स्रोतः जिल्ला महिला विकास कार्यालय र जिल्ला प्रहरी कार्यालय पर्वत ।*

यस गाउँपालिकामा आर्थिक वर्ष २०७२/०७३ मा गाउँपालिका क्षेत्रमा महिलाहरूको अवस्थालाई हेर्दा घरेलु हिंशाबाट पीडित महिलाहरूको सङ्ख्या जम्मा ३ जना रहेको छ । दोस्रो बिबाह भई सौता अर्थात दिदी-बहिनी रहेको सङ्ख्या ७२ जना रहेको छ । यो वर्ष बेचविखनमा कुनै पनि बालबालिकाहरू प्रभावित भएको पाइएन । श्रीमान्बाट पीडित वा पिटीएका महिलाहरूको सङ्ख्या २१ रहेको छ । त्यसैगरी यो वर्ष द्वन्द्वबाट पीडित बालबालिकाहरको सङ्ख्या शून्य रहेको छ ।

## ४.३९ विद्यमान स्वास्थ्य सेवाहरू

गाउँपालिकामा विद्यमान स्वास्थ्य सम्बन्धि सुविधाको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ४.४१

विद्यमान स्वास्थ्य सम्बन्धि विवरण

| क्र. सं. | स्वास्थ्य सेवा | सङ्ख्या | बेड सङ्ख्या |
|---|---|---|---|
| १ | सरकारी अस्पताल | - | |
| २ | प्रसुती गृह | - | |
| ३ | बाल अस्पताल | - | |
| ४ | आयुर्वेद अस्पताल | - | |
| ५ | प्राकृतिक चिकित्सा | - | |
| ६ | स्वास्थ्य चौकी | ७ | |
| ७ | उप स्वास्थ्य चौकी | - | |
| ८ | प्राथमिक स्वास्थ्य सेवा केन्द्र तथा गाउँघर क्लिनिक | ७ | |
| ९ | निजी अस्पताल | - | |
| १० | फार्मेसी | - | |
| ११ | चिकित्सक सङ्ख्या | - | |
| १२ | वर्थिङ सेण्टर | ४ | |
| १३ | पोली क्लिनिक | - | |
| १४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने प्रतिशत | ११ | |
| १५ | महिला स्वयम सेविका सङ्ख्या | ६३ | |
| १६ | टि.बी. उपचार केन्द्र | ७ | |
| १७ | परिवार नियोजनका ५ र ३ विधिको सेवा उपलब्ध गराउने संस्थाको सङ्ख्या | ७ | |
| १८ | बि. ओ. सी. (आधारभूत) | | |
| १९ | सि.इ.ओ.सी. अपरेसन सेवा उपलब्ध स्वास्थ्य संस्था सङ्ख्या | ७ | |
| २० | गर्भवती जाँच पहिलो पटकको प्रतिशत (०७३/ ०७४) | ४५ | |
| २१ | गर्भवती जाँच चौथो पटकसममको प्रतिशत (०७३/ ०७४) | ३१.८५ | |
| | | | |

*स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।*

# अध्याय पाँच
# प्राकृतिक स्रोत, कृषि, उद्योग, पर्यटन, वनजंगल तथा अन्य पूर्वाधारसम्बन्धि विवरण

## ५.१ गाउँपालिकामा सिचाईका स्रोतहरूको अवस्था

प्राकृतिक स्रोतले भरीपूर्ण यो गाउँपालिकामा सामुदायिक बन, पानीका स्रोतहरू जस्तैः ठाडाखोला, मूल, खोल्सा, पोखरी आदि रहेका छन् । उत्पादनमूलक जमिन, नदीजन्य उत्पादनका बस्तुहरू, ढुङ्गाका खानीहरू आदि यहाँका प्रमुख स्रोतहरू हुन् । यो गाउँपालिका जिल्लाकै सबैभन्दा बढी पानीका स्रोतहरू भएको गाउँपालिका हो । गाउँपालिकाको पश्चिमबाट कालीगण्डकी नदि बगेको छ । गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा उत्तरबाट दक्षिणतिर झरेका ठाडाखोलाहरू छन् । यहाँ हिउँदमा पनि ठूला ठूला पानीका मूलहरू बगेको देख्न पाईन्छ । गाउँपालिकामा भएका सिंचाईका स्रोतहरूलाई तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ५.१
सिंचाईको स्रोतहरूको अवस्था

| क्रस | सिंचाइको स्रोतको नाम | स्थान/वडा | दुरी कि.मी. | कैफियत |
|---|---|---|---|---|
| १ | पूग्दीखोला | पर्वत र म्याग्दीको बीचको खोला | २ कि.मी | |
| २ | पूग्दीखोला | पर्वत र म्याग्दीको बीचको खोला | २कि.मी | |
| ३ | दत्तखोला, पूग्दीखोला | पर्वत र म्याग्दीको बीचको खोला | ३ कि.मी. | |
| ४ | लूङ्गदीखोला, फर्सेखोला, आगाखोला, दत्तेखोला, पूग्दीखोला, | | २.५ कि.मी | |
| ५ | भूत्ताउलेखोला, गडेखोला, फर्सेखोला | | १कि.मी. | |
| ६ | जलजला लूङ्गदीखोला, तारेखोला, सिर्मूको जरा, | | ३ कि.मी | |
| ७ | लूङ्गदीखोला, लस्तीखोला, तूरतूरेखोला, | | ३ कि.मी | |
| ८ | बासकोटखोला, छहराको खोला, भुत्तभूत्तेखोला, | | ३ कि.मी | |
| ९ | छहराखोला | | २कि.मी. | |
| | जम्मा | | | |

*स्रोतः गाउँपालिकाका वडा कार्यालयहरू, २०७४ ।*

माथिको तालिकाले गाउँपालिकाभित्र विभिन्न वडाहरूमा रहेका सिंचाईंका स्रोतहरूको बारेमा उल्लेख गरेको छ । जलजला गाउँपालिका पानीको प्रशस्त स्रोतहरू भएको गाउँपालिका हो । गाउँपालिकाका प्रत्येक वडाहरूमा कम्तीमा १ कि.मी.देखि बढीमा ३ कि.मी.को बीचमा पानीका स्रोतहरू रहेको र यसको सदुपयोग गर्न सके कृषि तथा पशुपालन ब्यवसायलाई उद्यममा परिणत गर्न सकिने बलियो सम्भावना यो क्षेत्रमा देखिएको छ । यो क्षेत्रका महत्वपूर्ण स्रोतहरूमा लुङ्गदीखोला, लस्तीखोला, बाँसकोटखोला, फुर्सेखोला आदि रहेका छन् ।

## ५.२ ताल/तलैया, प्राकृतिक पोखरीहरूको अवस्स्था

जलजला गाउँपालिका प्राकृतिक स्रोत र साधनमा धनी गाउँपालिका हो । यहाँ उत्पादनमूलक जमिन, सामुदायिक बन, ढुङ्गाका खानीहरू, पानीका साना साना तालहरू तथा प्राकृतिक पोखरीहरू रहेका छन् । गाउँपालिकाले बार्षिक योजनामा सिंचाईं सम्बन्धि योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्न चाहेमा सम्भावनाहरू प्रशस्त रहेका छन् । यहाँ भएको सामुदायिक बनमा दाउरा, काठ, स्याउला, घाँस मात्र नभएर गैर काष्ठ बन पैदावरको विकास गर्न सके निर्यातमा बृद्धि भई आम्दानी बढाउन सकिन्छ । गाउँपालिकामा ताल तलैया तथा प्राकृतिक पोखरीहरूको सङ्ख्यात्मक अवस्थाका बारेमा तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ५.२

ताल/तलैया, प्राकृतिक पोखरीको विवरण

| वडा नं. | नाम | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | ० | ० | |
| २ | पूर्णगाउ, वराहताल, पानी अर्सेनी | एकरोपनी | |
| ३ | ० | ० | |
| ४ | ० | ० | |
| ५ | ठुलोचौर, | १ रोपनी | |
| ६ | जलजला, रोहीनी, ओख्रेनी, बराहताल, | २ रोपनी | |
| ७ | भेडावारी, सल्यान, फेराको डिल, बाासकोट, धारापानी, गुन्टेखेत, ठूलास्वाारा, | १.५ रोपनी | |
| ८ | देउरालीडाडा | १ रोपनी | |
| ९ | काउलेपोखरी, हरेजा, जेसला | १.५ रोपनी | |
| | जम्मा | | |

*स्रोतः वडा कार्यालयहरू, जलजला गाउँपालिका ।*

गाउँपालिकामा परंपरागत रूपमा खनिएका ताल,तैलया तथा पोखरीहरू ग्रामीण सडक निर्माण, विद्यालय तथा सामुदायिक विद्यालयहरूका भवनहरू निर्माण गर्ने आदि कार्यले पुरिदै र मासिदै गएको अवस्था छ । बस्तुभाउ बाहिर चराउन लाने चलनको अन्त्य भएको, धार्मिक दृष्टिले खनिएका पोखरीहरूको संरक्षण हुन नसकेको आदि कारणले पोखरीहरू दुर्लभ हुँदै गएका हुन । हाल वडा नं. २ मा ३ वटा, वडा नं. ५ मा १ वटा, वडा नं. ६ मा ४ वटा, वडा नं. ७ मा ७ वटा, वडा नं. ८ मा १ वटा र वडा नं. ९ मा ३ वटा रहेका छन् ।

### ५.३ गाउँपालिकामा रहेका होमस्टेहरूको विवरण

गाउँपालिकामा आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनका लागि घर आवास (होमस्टे) सेवाले ठूलो सहयोग पुऱ्याउँदै आएको छ । पर्यटन क्षेत्रको विकासको लागि ठूला ठूला होटेल तथा रेष्टुराँको स्थापना र सञ्चालन गर्न नसकिएको अवस्थामा यस किसिमका घरावास सुविधाले पर्यटन क्षेत्रको विकासमा सहयोग पुऱ्याउन सक्ने देखिन्छ । शालिजा, लेकफाँट, बनौं तथा बाँसखर्कमा रहेका मगर समुदायको बस्ती रहेका ठाउँहरूमा घरावास सेवा सञ्चालन गरिएका छन् । तल उल्लेख गरिएका होमस्टेका अतिरिक्त वडा नं. ६ शालिजाको तारे, गाम, ओखेनी तथा लेकफाँटको कुवापानी र लोप्रेमा व्यक्तिगत रूपमा पनि आवास सुविधा सञ्चालन गरिएको छ । यी होमस्टेहरको मुख्य आकर्षण भनेको नै मगर संस्कृति र परम्पराको अवलोकन सहितको न्यानो आतित्थ्यतापूर्ण बसोबास हो । यस गाउँपालिकाका विभिन्न स्थानहरूमा घरावास सेवा सञ्चालन गरिएको छ । गाउँपालिकामा रहेका होमस्टेहरूको विवरणलाई देहायअनुसार उल्लेख गर्न सकिन्छः–

तालिका नं. ५.३
गाउँपालिकामा रहेका होमस्टेहरूको विवरण

| सि. नं. | होमस्टेको नाम | वडा नं. | निर्माण तथा व्यवस्थापन सहयोग | आकर्षण | क्षमता |
|---|---|---|---|---|---|
| १ | डाँडाकटेरी सामुदायिक होमस्टे | जलजला – ५, डाँडाकटेरी | लघु उद्यम विकास कार्यक्रम, पर्वत | प्राकृतिक दृश्यावलोकन, मगर संस्कृतिको पहिचान, घुमाउनेतालदेखि नागी, मोहरेडाँडा, फलामेडाँडा, हम्पाल पर्वतसम्म पुग्ने पदमार्ग | आठ घरमा बीसवटा विस्तारा र डाइनिङ हल सहितको सामुदायिक भवन |
| २ | बाँसखर्क सामुदायिक होमस्टे | जलजला – १, बाँसखर्क | लघु उद्यम विकास कार्यक्रम, पर्वत | मगर संस्कृतिको पहिचान, सुन्तला खेती, घुमाउनेतालदेखि नागी, मोहरेडाँडा, फलामेडाँडा, हम्पाल पर्वतसम्म पुग्ने पदमार्ग | पाँचवटा घरमा बीसवटा विस्तारा र डाइनिङ हल सहितको सामुदायिक भवन |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बनौं होमस्टे (प्रस्तावित) | जलजला - ९, बनौं | भू-संरक्षण कार्यालय, पर्वत | विविध प्रकारका मगर संस्कृति र सांस्कृतिक पर्व, मेला तथा अन्य कार्यक्रमहरूको पहिचान लगायत प्राकृतिक दृश्यहरूको अवलोकन गर्न सकिने, आलुको लागि प्रख्यात | पाँचवटा घरमा सोह्रवटा विस्तारा र डाइनिङ हल सहितको सामुदायिक भवन |

*स्रोतः जिल्ला पर्यटन विकास गुरूयोजना, पर्वत, २०७० ।*

## ५.४ गाउँपालिकामा रहेका पदमार्गहरूको विवरण

गाउँपालिकाको विकास र समृद्धिको प्रमुख आधारका रूपमा रहेको एक क्षेत्र पर्यटन पनि हो । पर्यटन उद्योगको विकासका लागि पर्यटकीयस्थल, न्यानो आतित्थ्यता, होटेल, रेष्टुरेण्ट, रिसोर्ट, शान्त र रमणीय पदमार्ग आदिको योगदान ठूलो रहेको हुन्छ । यस गाउँपालिकामा पनि विभिन्न स्थानमा पर्यटकीय पदमार्गहरू रहेका छन् । जिल्ला पर्यटन विकास गुरूयोजना २०७० ले पहिचान तथा सिफारिस गरेअनुसार गाउँपालिका क्षेत्रमा रहेका पर्यटकीय पदमार्गहरूको विवरण यसप्रकार रहेको छः-

क. घुमाउनेताल - बाँसखर्क - डाँडाकटेरी - नागी - मोहरेडाँडा - घोडेपानी पुनहिल (२७ कि.मि.)

ख. घुमाउनेताल-बाँसखर्क-डाँडाकटेरी-फलामेडाँडा-कालञ्जर हम्पाल पर्वत (डाँडाकटेरीदेखि हम्पालसम्म ११ कि.मि.)

ग. सहस्रधारा - खरिबोट पाङ - अर्चले - बनौं - हल्जुरे - सिर्पु - हम्पाल पर्वत (११ कि.मि.)

घ. मिलनचोक - सल्यान - वराह भूमेथान - लिङ्गोगाडे - ठूलीदेउराली - हम्पाल पर्वत (११ कि.मि.)

ङ. अम्बोट- भूम- लामपाटा- भूमेथान- हलजुरे- सिर्पु - कालञ्जर हम्पाल पर्वत - घोडेपानी पुनहिल (२७ कि.मि.)

च. लामाखेत - मल्लाज दरबार - मल्लाजकोट - डाँडाकटेरी - फलामेडाँडा - कालञ्जर हम्पाल पर्वत (नयाँ पहिचान भएको)

छ. लामाखेत - मल्लाज दरबार - मल्लाजकोट - डडकोट, गरूडेश्वर मन्दिर - फलामेडाँडा - कालञ्जर हम्पाल पर्वत (नयाँ पहिचान भएको)

यी सबै पदमार्गहरूको प्रमुख गन्तब्यस्थल कालञ्जर हम्पाल पर्वत रहेकोले यस गाउँपालिकाको प्रमुख आकर्षणयुक्त पर्यटकीयस्थलका रूपमा यो क्षेत्र स्थापित हुनसक्ने बलियो सम्भावना रहेको छ । यी पदमार्गको अलावा कास्की जिल्लाको नयाँपुलदेखि देउपुरकोट, भवरकोट, जलजला हुँदै घोडेपानीसम्म पुग्ने र मोदी गाउँपालिकाको पातीचौरबाट क्याङ, हलजुरे, सहस्रधारा, सिर्पु, जलजला हुँदै घोडेपानीसम्म पुग्ने पदमार्गहरूले पनि यस गाउँपालिकालाई समेटेको हुँदा यहाँ पर्यटकीय विकासको बलियो सम्भावना देखिन्छ ।

## ५.५ वार्षिक कृषि उत्पादन सम्बन्धि विवरण

यस गाउँपालिकामा उत्पादन भएको अन्नबालीको स्थितिलाई अध्ययन गर्दा कुल ९६,९९७ क्विन्टल अन्नबाली मध्ये ३८% धान, ३७% मकै, १४% कोदो र ११% गहुँ उत्पादन हुने गर्दछ । तेलहन बाली सामान्यरूपमा ५१३ क्वि. मात्रै उत्पादन हुने गर्दछ । आलु, प्याज, काउली आदि जस्ता तरकारीहरू भने राम्रो मात्रामा उत्पादन हुने देखिएको छ ।

तालिका नं. ५.४

वार्षिक कृषि उत्पादन सम्बन्धि विवरण

| बाली/उत्पादन समूह | आर्थिक वर्ष २०७३।०७४ | |
|---|---|---|
| | क्षेत्रफल (रोपनीमा) | उत्पादन (क्विन्टलमा) |
| अन्नबाली | | |
| धान | २५७१६ | ३७१८८ |
| मकै | ४६८०० | ३६१५७ |
| कोदो | २८५७० | १३१४९ |
| गहुँ | ८५७४ | १०५०३ |
| दलहन वाली | | |
| मास, बोडी, सिमी, मस्याङ, मुसुरो | १७२६ | ४५६ |
| तेलहन बाली | | |
| तोरी, सर्सिम, सूर्यमुखी | १०९० | ५१३ |
| तरकारीबाली | | |
| आलु, प्याज, काउली, भण्टा, बन्दा, गोलभेडा, रामतोरिया, साग | १०९३६ | ५२८११ |
| अदुवा, बेसार, लसुन, खुर्सानी | २८८ | १३०३ |
| फलफुल खेती | | |
| केरा, आँप, सुन्तला, भुइकटहर | २७४९ | ८०७१ |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, तथ्याङ्क पुस्तिका, २०७२/०७३*

## ५.६ मूख्य पेशा सम्बन्धि विवरण

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरूको पेशा सम्बन्धि विवरणको अध्ययन गर्दा कृषि पेशा गर्ने सबैभन्दा बढी २८३६ परिवार सङ्ख्या अर्थात ५१% रहेका छन् भने दोश्रोमा नोकरी गर्ने परिवार सङ्ख्या १११२ अर्थात २०% रहेका छन् । सबैभन्दा कम पशुपालन ३३४ अर्थात ६% परिवार सङ्ख्या रहेका छन । गाउँपालिकामा पेशा सम्बन्धि विवरण यसप्रकार रहेको छः-

तालिका नं. ५.५

मुख्य पेशा सम्बन्धि विवरण

| क्र.सं. | विवरण | परिवार सङ्ख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | कृषि | २८३६ | ५१ |
| २ | पशुपालन | ३३४ | ६ |
| ३ | नोकरी | १११२ | २० |
| ४ | दैनिक ज्यालादारी | ६६७ | १२ |
| ५ | वैदेशिक रोजगार | ६१२ | ११ |
| जम्मा | | ५५६१ | १०० |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, पर्वत, २०७२/०७३* ।

## ५.७ पशु धन तथा सोबाट हुने उत्पादनको अवस्था सम्बन्धि विवरण

जिल्ला पशु सेवा कार्यालयले लिएको तथ्याङ्कको अवलोकन गर्दा यस गाउँपालिकामा उन्नत जातका गाई २७६ वटा भैसी २५७ वटा तथा स्थानीय जातका गाईगोरू १०५३ वटा र भैसी राँगा १४४० वटा रहेका छन । गाई र भैसीले गरी ६१६७ मे.टन दूध दिने गर्दछन । गर्मी हावापानी भएका कारण च्यांग्रापालन व्यवसाय यहाँ हुदैन । गाउँपालिकामा पशुधन तथा सोबाट हुने उत्पादनको अवस्था सम्बन्धि विवरण यसप्रकार रहेको छः–

तालिका नं. ५.६

पशु धन तथा सोबाट हुने उत्पादन सम्बन्धि विवरण

| क्र.सं. | किसिम | सङ्ख्या | | | उत्पादन | | |
|---|---|---|---|---|---|---|---|
| **१** | **पशुधन** | **स्थानीय** | **उन्नत** | **जम्मा** | **दूध लि.** | **मासु के.जी.** | **उन के.जी.** |
| क | गाइगोरू | १०५३ | २७६ | १३२९ | २३७७ | | |
| ख | भैसी राँगा | १४४० | २५७ | १६९७ | ३७९० | २८०२८६ | |
| ग | बोका खसी बाखा | ६२२५ | | | | २२१५६३ | |
| घ | भेडा च्याङ्ग्रा | | | | | ३०४६५ | |
| ङ | सुँगुर बंगुर | | | | | ८४५९४ | |
| च | अन्य .... | | | | | ४२२ | |
| **२** | **पंक्षी** | **स्थानीय** | **उन्नत** | **जम्मा** | **अण्डा सङ्ख्या** | | **मासु के.जी.** |
| **क** | **कुखुरा** | | | | | | |
| | हाँस | | | | | | २२४१८ |
| | अन्य .... | | | | | | |
| | माछा | | | | | केजी ८५७ | |
| | मौरी घार | | ५०० | | | मह केजी ३००० | |

*स्रोतः जिल्ला पशु सेवा कार्यालय, पर्वत (आ.व. २०७२/०७३ को वार्षिक प्रगति प्रतिवेदन सहितको प्रोफाइल) ।*

## ५.८ विशेष व्यावसायिक खेती र उत्पादन हुने मूख्य कृषिबाली

यस गाउँपालिकामा विशेष व्यवसायिक खेती र उत्पादन हुने मुख्य कृषिबालीहरूको विवरण यसप्रकार रहेको छः-

**क. गाउँपालिकाको प्रमुख बाली**

यस गाउँपालिकामा तपसिलका प्रमुख वालीहरू उत्पादान हुने गर्दछ ।

क) प्रमुख खाद्यान्न बालीहरूः धान, मकै, कोदो, जौ, फापर ।

ख) दलहन बालीहरूः बोडी, सिमी, सिल्टुङ, मास, भटमास, केराउ, गहत ।

ग) तरकारीः आलु, मूला, रायो, बन्दा, काउली, घिरौला, लौका, फर्सी आदि ।

घ) फलफूलः सुन्तला, नासपाति, केरा, आरूबखडा, लिचि, कीवि, आँप आदि ।

ङ) तरकारी बीउः रायो, मुला, गाजर, गोलभेडा, काक्रो, जुकेनी, काउली, चम्सुर आदि ।

च) नगदे बालीः अदुवा, लसुन, बेसार, उखु, कफि आदि ।

**ख. कृषि पकेट क्षेत्रहरूः**

तपसिल वमोजिमका कृषि पकेट क्षेत्रहरू यस गाउँपालिकामा रहेका छन् । जसमा सुन्तलाको पकेट क्षेत्रको रूपमा बाँसखर्क ४ नं. प्रदेशमा नै चर्चित नाम हो । त्यस्तै ताजा तरकारी तर्फ पनि वडा नं. ७ धाइरिङ र वडा नं. ८ नाङलिबाङ तथा वडा नं. ६, ७, ८ आलुमा समेत चर्चित क्षेत्रहरू हुन ।

तालिका नं. ५.७

गाउँपालिकाका कृषि पकेट क्षेत्रहरू

| क्र.सं. | बाली | वडा |
|---|---|---|
| १ | सुन्तला | १ (बाँखर्कक), २ (माँझफाँट) |
| २ | खाद्यान्नबाली | ७ (धाइरिङ्ग), ८ (नाङलिबाङ) |
| ३ | ताजा तरकारी | ७ (धाइरिङ्ग), ८ (नाङलिबाङ) |
| ४ | आलु | ६ (शालिजा), ७ (धाइरिङ्ग), ८ (नाङलिबाङ) |

*स्रोतः कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, २०७१/०७२ ।*

**ग. कृषि सम्बन्धि दर्ता भएका उद्योगहरूको विवरण**

यस गाउँपालिकामा तपसिल वमोजिमका कृषि सम्बन्धि उद्योगहरू दर्ता भएका छन् । जसको पूँजी तपसिल वमोजिम रहेको छ ।

तालिका नं. ५.८
कृषि सम्बन्धि दर्ता भएका उद्योगहरूको विवरण

| क्र.सं. | उद्योगको नाम | ठेगाना | किसिम | स्थिर पूँजी | चालु पूँजी | कूल पूँजी |
|---|---|---|---|---|---|---|
| १ | छबिसे कृषि फर्म | जलजला-७, धाइरिङ | प्राइभेट | ६,००,०००।- | ४,००,०००।- | १०,००,०००।- |
| २ | मार्लिङ फर्म प्रा.लि. | जलजला-७, धाइरिङ | प्राइभेट | ५,००,०००।- | ५,००,०००।- | १०,००,०००।- |

*स्रोतः जिल्ला खाद्य सुरक्षा प्रोफाईल पुस्तिका, कृषि विकास कार्यालय, पर्वत ।*

## ५.९ गाउँपालिकामा रहेका बास्तुकला उद्योगहरू

यस गाउँपालिकामा झोला उद्योग, जुस उद्योग, अल्लोबाट कपडा उद्योग, नेपाली कागजका सामाग्रीहरू, गलैंचा, भाङग्रा, स्वीटर, ढाका कपडा आदि जस्ता बास्तुकला उद्योगहरू रहेका छन । गाउँपालिकाका वास्तुकलासंग सम्बन्धित उद्योगहरूको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ५.९
गाउँपालिकामा रहेका बास्तुकला उद्योगहरू

| सि.नं. | वडा | बास्तुकला उद्योग |
|---|---|---|
| १ | वडा नं. १ (बाँसखर्क) | झोला, जुस |
| २ | वडा नं. २,३,४ (माँझफाँट) | सानातिना उद्योगहरू |
| ३ | वडा नं. ५ (लेकफाँट) | अल्लोबाट बन्ने तथा नेपाली कागजका सामाग्रीहरू |
| ४ | वडा नं. ६ (शालिजा) | अल्लोबाट बन्ने तथा नेपाली कागजका सामाग्रीहरू, झोला |
| ५ | वडा नं. ७ (धाइरिङ) | काठ र चोया कोत्राका सामानहरू, ढाका कपडा |
| ६ | वडा नं. ९ (बनौ) | गलैंचा, भाङग्रा, झोला, स्वीटर, टोपी, गलबन्दी |

*स्रोतः घरेलु तथा साना उद्योग विकास समिति,पर्वत २०७१*

## ५.१० औद्योगिक तथा व्यापार, व्यवसाय (निर्माण व्यवसायी समेत) सम्बन्धि विवरण

यस गाउँपालिकामा रहेका विभिन्न औद्योगिक तथा व्यापार व्यवसाय सम्बन्धि विवरणको अध्ययन गर्दा घरेलु तथा साना उद्योग व्यवसाय समितिमा दर्ता भएका कूल २५६ वटा उद्योग मध्ये सबैभन्दा बढी खाजाघर, चियापसल तथा रेष्टुरेण्ट ११ वटा, होटल व्यवसायी ३८ वटा गरी ४९ वटा अर्थात १९% छन भने राइसमिल ५२ अर्थात २०% रहेका छन । गाउँपालिकामा रहेका विभिन्न व्यवसायीहरूको विवरण तपसिल वमोजिम रहेको छः-

तालिका नं. ५.१०

औद्योगिक तथा व्यापार, व्यवसाय (निर्माण व्यवसायी समेत) सम्बन्धि विवरण

| सि.नं. | व्यापार व्यवसायको विवरण | जम्मा सङ्ख्या |
|---|---|---|
| १ | भैसी पालन | ४ |
| २ | बाखापालन | ७ |
| ३ | एग्रो फर्म | १ |
| ४ | बंगुर पालन | २ |
| ५ | कृषि तथा पशुपालन | १२ |
| ६ | पोल्ट्रि फर्म | २२ |
| ७ | पशुपालन फर्म | २ |
| ८ | कृषि फर्म उद्योग | २ |
| ९ | भेटनरी | १ |
| १० | होटल व्यवसायी | ३८ |
| ११ | खाजाघर तथा चिया पसल | ११ |
| १२ | रिसोर्ट प्रा.लि. | २ |
| १३ | गेष्ट हाउस | १ |
| १४ | बेकरी तथा मिष्ठान्न व्यवसायी | ३ |
| १५ | फुड एण्ड वेभरेज | १ |
| १६ | दालमोठ उद्योग | १ |
| १७ | चाउचाउ उद्योग | १ |
| १८ | हेयर सैलुंग तथा सौन्दर्यकला व्यवसायी | २ |
| १९ | हस्तकला उद्योग | १ |
| २० | सुन्तला फर्म | २ |
| २१ | नर्सरी | १ |
| २२ | फलफूल प्रशोधन | १ |
| २३ | फलफुल नर्सरी | १ |
| २४ | किवि नर्सरी | १ |
| २५ | बिरूवा नर्सरी | १ |
| २६ | टेलर्स | ५ |
| २७ | कम्यूनिकेसन सेण्टर | १ |
| २८ | ड्राइभिङ इन्स्टिच्यूट | १ |
| २९ | इटा उद्योग | १ |

| | | |
|---|---|---|
| ३० | आरान उद्योग | २ |
| ३१ | ग्रिल मेटल उद्योग | ३ |
| ३२ | सिलाइ कटाई प्रशिक्षण उद्योग | १ |
| ३३ | साबुन उद्योग | १ |
| ३४ | फर्निचर | १३ |
| ३५ | अटो वर्कसप | ३ |
| ३६ | कपास उद्योग | १ |
| ३७ | राइस मिल | ५२ |
| ३८ | पानी मिल | २ |
| ३९ | पेट्रोल पम्प | १ |
| ४० | हस्तकला तथा होजियारी उद्योग | १ |
| ४१ | ब्लक उद्योग | १६ |
| ४२ | कन्सलटेन्सी | १ |
| ४३ | दाना उद्योग | १ |
| ४४ | ढुङ्गा कटिङ्ग उद्योग | ८ |
| ४५ | अल्लो कपडा उद्योग | ३ |
| ४६ | मैनबत्ती उद्योग | १ |
| ४७ | कम्प्युटर इन्स्टिच्यूट | १ |
| ४८ | सुगन्धित तेल | १ |
| ४९ | वन पैदावर प्रशोधन | १ |
| ५० | ह्याचरी | १ |
| ५१ | रेशा प्रशोधन | १ |
| ५२ | निर्माण व्यवसायी तथा सप्लायर्स | ९ |
| ५३ | क्रसर उद्योग | २ |
| ५४ | वासिङ्ग सेण्टर | १ |
| जम्मा | | २५६ |

*स्रोतः घरेलु तथा साना उद्योग विकास समिति, २०७३ ।*

## ५.११ पशुपालन तथा पशुपंक्षीहरूको पकेट क्षेत्रहरू

यस गाउँपालिकामा बाखापालन पकेट क्षेत्र वडा नं. १ बाँसखर्क, वडा नं. २, ३, ४ माँझफाँट र वडा नं. ७ धाईरिङमा गरिएको छ भने कुखुरापालन पकेट क्षेत्र पनि वडा नं. ७ धाइरिङमा नै रहेको छ ।

तालिका नं. ५.११

पशुपालन तथा पशुपंक्षीहरूको पकेट क्षेत्रहरू

| क्र.सं. | पशुपंक्षि | पकेट सङ्ख्या | वडा | पकेट क्षेत्रले समेटेको परिवार सदस्य सङ्ख्या | पकेट समूह सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | बाख्रा | १ | वडा नं. १ (बाँसखर्क) | ९५६ | ५ |
| २ | बाख्रा | १ | माँफफाँट | २१६ | |
| ३ | कुखुरा | १ | वडा नं. ७ (धाइरिङ) | १८५५ | १ |
| ४ | बाख्रा | १ | वडा नं. ७ (धाइरिङ) | १८५५ | |

*स्रोतः जिल्ला पशु सेवा कार्यालय, पर्वत प्रोफाइल २०७१/०७२ ।*

## ५.१२ वन क्षेत्र / नर्सरी सम्बन्धि विवरण

गाउँपालिकामा ठूलो क्षेत्रमा वनजंगल रहेको छ । वडा नं. ३ मा वन क्षेत्र कम रहेको छ भने अन्य सबै वडाहरूमा वनक्षेत्रले ढाकेको जमिनको मात्रा प्रशस्त रहेको छ । वन क्षेत्रका संरक्षण र वनपैदावरको उपयोगका लागि सामुदायिक वन उपभोक्ता समितिहरू गठन गरी वनक्षेत्र समुदायलाई हस्तान्तरण गरिएको छ । यस गाउँपालिकामा रहेको सामुदायिक वन, कबुलियती वन तथा अन्य प्रकारको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ५.१२

वन क्षेत्र / नर्सरी सम्बन्धि विवरण

| विवरण | सङ्ख्या | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| सामुदायिक वन | ६८ | ३२५४.१५ | | |
| कबुलियती वन | | | | |
| धार्मिक वन | | | | |
| सरकारी संरक्षित वन | | | | |
| अन्य | | | | |
| जम्मा | | | | |

*स्रोतः जिल्ला वन कार्यालय, पर्वत, २०७४ ।*

## ५.१३ पशुपुंक्षी /वन्यजन्तुको विवरण

यस गाउँपालिकाका कालञ्जर हम्पाल पर्वत क्षेत्र जैविक विविधताका दृष्टिले विशेष र महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा पाइने विभिन्न वर्गका जीवजन्तुहरू यस प्रकार छन्ः–

**क. स्तनधारीः** चितुवा, स्याल, लोखर्के, मृग, घोरल, बंदेल, स्याल, वनबिरालो, फ्याउरो, भालु, दुम्सी, खरायो,रतुवा, चितुवा, लंगुर, रातो बांदर आदि ।

**ख. चराचुरूङ्गीः** ढुकुर, जुरेली, डांफे, मुनाल, कालिज, चिवेचरा, गौंथली, मैना, भद्राई, धोविनी, लाम्पुच्छ्रे, च्याखुरा, रानीचरा, बाज, मलेवा, भंगेरो, गरूढ, लुइंचे, लाटोकासेरो, काकाकुल, हुचिल, तोरीगाडा, वन कुखुरा, तित्रा, कोइली, सुगा, काग, चिल, गिद्ध आदि ।

**ग. सरीसृपः** हर्रेउ, गोमन सर्प, छेपारो, माउसुली, सुन गोहोरो आदि ।

*स्रोतः पर्वत जिल्ला वस्तुगत विवरण, २०७१ ।*

## ५.१४ प्राकृतिक स्रोत (खानी/खनिज आदि)

यस गाउँपालिका क्षेत्रमा ढुङ्गा खानी, बालुवा/गिट्टी नदीजन्य पदार्थहरूको खानी रहेका छन । जसको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ५.१३

प्राकृतिक स्रोतको विवरण

| क्र.सं. | विवरण | स्थान | कूल परिमाण क्यू.मि. |
|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा | वडा नं. ८, खनियाघाट उपल्लो-१ | २१६० |
| २ | ढुङ्गा, गिट्टी, बालुवा | वडा नं. ८, खनियाघाट उपल्लो-२ | १३५० |
| ३ | ढुङ्गा, गिट्टी, बालुवा | वडा नं. ७ र ८ लस्तिबगर | २१०२१ |
| ४ | ढुङ्गा, गिट्टी, बालुवा | वडा नं. ७, मिलनचोक बगर | १४९७ |
| ५ | ढुङ्गा, गिट्टी, बालुवा | वडा नं. ५, लुङदी शेरा बगर | १९६० |
| ६ | ढुङ्गा, गिट्टी, बालुवा | वडा नं. ४, लामाबगर | ६०७ |
| ७ | ढुङ्गा, गिट्टी, बालुवा | वडा नं. ८, ज्यामिरे | ५०६२ |
| ८ | माँझफाँट ढुङ्गाखानी | वडा नं. २, माँझफाँट | ठूलो परिमाणमा रहेको, |

*स्रोतः जिल्ला विकास समितिको कार्यालय,पर्वत, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७३ ।*

## ५.१५ वातावरण तथा सरसफाई

गाउँपालिकामा वातावरण तथा सरसफाइको अवस्थाको विवरण निम्नानुसार रहेको छः-

तालिका नं. ५.१४
वातावरण तथा सरसफाइको अवस्थाको विवरण

| | | |
|---|---|---|
| सार्वजनिक सौचालयः १३ वटा | फोहोरपानी प्रशोधनशालाः ० वटा | पिउनेपानी प्रशोधनशालाः ० वटा |
| ल्याण्डफिल्ड साईटः ० वटा | सरसफाई व्यवस्थापन सवारी साधनको सङ्ख्याः ० | वायोग्यास प्लाण्टः २० वटा |
| सरसफाई मजदुर सङ्ख्या : ० | स्यानीटरी ल्याण्डफिल्ड : ० | रिसाइकल प्लाण्टः ० |
| **फोहोरमैला उत्पादन (प्रतिदिन)** | | |
| जैविक फोहोरः ७४ प्रतिशत | प्लाष्टिकजन्य फोहोरः ११ प्रतिशत | कागजजन्य फोहोर : ३ प्रतितशत |
| शिशाजन्य फोहोरः ९ प्रतिशत | धातुजन्य फोहोरः १ प्रतिशत | छाला र रवरजन्य फोहोरः १ प्रतिशत |
| अन्यः १ प्रतिशत | सरसफाई मजदूर सङ्ख्या : ० | स्यानीटरी ल्याण्डफिल्ड : ० |
| रिसाइकल प्लाण्ट : ० | | |

*स्रोतः जलजला गाउँपालिका कार्यालय, २०७४ ।*

## ५.१६ गाउँपालिकाभित्र फोहोरमैला ब्यवस्थापन सम्बन्धि विवरण

फोहोरमैलालाई एक्काइसौं शताब्दीमा मानव सभ्यातको पहिचानसँग जोडेर लिने गरिन्छ । समाज तथा समुदाय सफा राख्ने प्रयास स्वरूप प्रत्येक घरमा शौचालय निर्माण भई अनिवार्य शौचालयमा दिसा पिसाब गर्ने ब्यवस्था गरिएको छ । ओ.डि.एफ. गर्ने सन्दर्भमा पर्वत जिल्ला नेपालको छैटौं स्थानमा आएको थियो । नगरपालिकाहरूमा फोहोर ब्यववस्थापनको लागि साधनहरू लगायत जनशक्तिको उचित ब्यवस्था गरेको छ । तर ग्रामीण क्षेत्र ओगटेका सबै गाउँपालिकाहरूमा फोहोर ब्यवस्थापनको लागि डम्पीङसाईटको ब्यवस्था हुन सकेको छैन । खुला दिसा पिसाब गर्ने पुरानो चलनमा भने ब्यापक परिविर्तन आएको छ । गाउँपालिकामा फोहोर ब्यवस्थापनको अवस्थाका बारेमा तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ५.१५
फोहोरमैला ब्यवस्थापन सम्बन्धि विवरण

| पारिवारिक विवरण | नदी वा खोल्सामा | सडकमा | फोहोर थूपार्ने ठाउं, कण्टेनर | घरमा नै लिन आउछ | आफ्नै कम्पाउण्डमा | कम्पोष्ट मल बनाईन्छ | थाहा छैन |
|---|---|---|---|---|---|---|---|
| पारिवारिक सङ्ख्या | २०३० | २९८ | ७९ | ० | १३७६ | १७५५ | २३ |
| प्रतिशत | ३६.५० | ५.३५ | १.४२ | ० | २४.७४ | ३१.५५ | ०.४१ |

*स्रोतः वडा कार्यालयहरू, जलजला गाउँपालिका ।*

माथिको तालिकाले फोहोरमैला फाल्ने ब्यवस्था र ती घरधुरीहरूका बारेमा उल्लेख गरेको छ । जम्मा जलजला गाउँपालिकामा रहेका ५५६१ घरधुरीहरू मध्ये सबैभन्दा बढी अर्थात २०३० घरले फोहोर नदी वा खोल्सामा फाल्ने गर्दछन् । जुठेल्नु, मलखाद, खाडल आदिमा फोहोर फालेर कम्पोष्ट मल बनाउनेहरूको पारिवारिक सङ्ख्या १७५५ रहेको छ । आफ्नै कम्पाउण्डमा फाल्ने घरधुरीहरूको सङ्ख्या १३७६ रहेको छ । कन्टेनरमा फोहोर फाल्ने घरधुरीहरूको सङ्ख्या जम्मा ७९ रहेको छ ।

### ५.१७ सेवा प्रवाह विवरण

गाउँपालिकामा रहेको विभिन्न सेवा प्रवाह गर्ने सवारी साधनको अवस्था देहायअनुसार रहेको छः-

क. दमकल सङ्ख्याः ०
ख. एम्बुलेन्स सङ्ख्याः ०
ग. शववहानः ० सङ्ख्या र सेवाको अवस्था
घ. प्रहरी भ्यान : ०

### ५.१८ गाउँपालिकाभित्र बसपार्क ताथा बसस्टेशनको अवस्था

जलजला गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा २०५७/०५८ देखि मोटर बाटो खन्न तथा बस,जीपहरू गुड्न थालेका हुन् । साविक सबै गाविसहरू तथा हालका सबै वडाहरूमा ग्रामीण सडक खनिएको छ । ग्रामीण सडकलाई अहिले पनि सम्पूर्ण विकासको पूर्वधारको रूपमा लिइएको छ । तर निर्माण भएर पनि सवारीका साधनहरू गुड्दै आएका यी कच्चि सडकहरू अहिले पनि ब्यवस्थीत हुन सकेका छैनन् । अधिकांश ग्रामीण सडकहरू विना ईन्जिनियरीङ खनिएका छन् । ग्रामीण सडकहरूमा ट्राफिक नियमलाई पूर्णरूपमा पालना गरेको देखिदैन । यो गाउँपालिकामा निर्माण भई प्रयोगमा आएका बसस्टेशन तथा बसपार्कहरूको विवरण तल तालिकामा दिइएको छः-

तालिका नं. ५.१६
गाउँपालिकामा बसपार्क वा बसस्टेशनहरूको अवस्था

| क्र.स. | वडा नं. र नाम | स्थान | क्षेत्रफल व.कि.मी. | कैफियत |
|---|---|---|---|---|
| १ | – | – | – | |
| २ | – | – | – | |
| ३ | वडा नं. ध माझफाँट | कोट | २ रोपनी | |
| ४ | – | – | – | |
| ५ | – | – | – | |

| | | | | |
|---|---|---|---|---|
| ६ | – | – | – | |
| ७ | – | – | – | |
| ८ | – | – | – | |
| ९ | – | – | – | |
| | **जम्मा** | | | |

*स्रोतः जलजला गाउँपालिकाको कार्यालय, पर्वत ।*

गाउँपालिकाभित्र सवै वडाहरू ग्रामीण सडकको पहुँचभित्र भए पनि हालसम्म व्यवस्थित् र सहज बसपार्क तथा बसस्टेशनको निर्माण हुन सकेको छैन । गाउँपालिका अन्तर्गत वडा नं. ३ माझफाँटमा मात्र वसपार्क रहेको तर यो पनि थोरै मात्र क्षेत्रफलमा सीमित रहेको छ । बसपार्क वा बसस्टेशनमा आवस्यक पर्ने सामान्य पूर्वाधारको ब्यवस्था छैन । भएका ग्रामीण सडकहरूको चौडाई र पार्कहरूको ब्यवस्था नभएकै कारण ग्रामीण क्षेत्रमा धेरै दुर्घटनाहरू हुने गरेका छन् ।

### ५.१९ गाउँपालिकाबाट सबैभन्दा टाढा रहेका बस्तीहरूको विवरण

ग्रामीण क्षेत्र जहाँ सबै वडाहरूमा सबै महिना सवारीका साधनहरू सञ्चालन हुन सक्दैनन् । ती वडा अन्तर्गत अवस्थित वस्तिहरूबाट गाउँपालिकाको केन्द्रसम्म आउन सजिलो छैन । जलजला गाउँपालिकाको केन्द्रबाट सबैभन्दा टाढा वडा नं. ५ लेकफाँट तथा वडा नं. ९ बनौं अन्तर्गतका केही बस्तीहरू रहेका छन् । गाउँपालिकाको केन्द्रबाट सबैभन्दा टाढा रहेका बस्तीहरू र यी बस्तीहरूको केन्दसम्मको दुरी तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ५.१७
गाउँपालिकाको बस्तीबाट गाउँपालिकाको केन्द्र पुग्न लाग्ने अनुमानित समय

| **वडा नं.** | **Roadhead वा गाउंपालिकाको केन्द्र पूग्न लाग्ने समय** | **सेवा प्राप्तीपछि घर फर्कन लाग्ने समय** |
|---|---|---|
| ५ | डाडाकटेरी, वनमाडे, लोप्रे, तारे झण्डै ३ घण्टा | झण्डै ४ घण्टा |
| ९ | बनौं गाम, पातल झण्डै ४ घण्टा | झण्डै ५ घण्टा |
| जम्मा | | |

*स्रोतः जिल्ला प्राविधिक कार्यालय, पर्वत ।*

गाउँपालिकाको केन्द्र अर्थात गाउँ कार्यपालिकाको कार्यालयसम्म पुग्नको लागि सबैभन्दा बढी सयम लाग्ने बस्ति तथा वडाको बारेमा माथिको तालिकामा उल्लेख गरिएको छ । गाउँपालिकाको कार्यालय रहेको स्थान माझफाँट ४ लामाखेतबाट सबैभन्दा टाढा रहेको बस्ति वडा नं. ५ लेकफाँटको डाडाँकटेरी, वनमाडे, लोप्रे, आदि

रहेका छन् । यी वस्तिहरूमा केन्द्रबाट पुग्न झण्डै ४ घण्टा लाग्छ । त्यसैगरी वडा नं. ९ को गाम, पातल आदि बस्तिहरूमा पुग्न झण्डै ५ घण्टा लाग्छ । औसतमा यी बस्तीहरू केन्द्रबाट झण्डै ५ घण्टाको दुरीमा रहेका छन् ।

## ५.२० गाउँपालिकाभित्र रहेका खुला क्षेत्रहरू

यो गाउँपालिकालाई सहायक राजमार्गले बीचबाट चिरेको कारण ससाना बजारहरू सञ्चालित छन् । ग्रामीण क्षेत्रमा उत्पादन भएका कृषि तथा गैर कृषिजन्य उत्पादनलाई निर्यात गर्ने र घरपरिवारमा आधाभुत आवस्यकताभित्र पर्ने नुन, चिनी लत्ताकपडा लगायतका बस्तुहरूको खरिदका लागि खुला क्षेत्र लगायत बजारको ठूलो महत्व रहेको छ । यो क्षेत्रमा विट्रिस सरकारको सहयोगमा स्थापीत पश्चिमाञ्चल क्षेत्रिय कृषि अनुसन्धान केन्द्र लुम्लेको आर्थिक तथा प्राविधिक सहयोगमा तरकारी खेती उत्पादनमा विगत वर्षहरूदेखि विशेष किसिमको पहल भएका कारण पनि किसानहरू ब्यवसायिक बनेका छन् । गाउँपालिकाभित्र रहेका खुला क्षेत्रहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ५.१८
खुला क्षेत्र तथा स्थापित बजारहरूको विवरण

| क्रस | वडा नं. र बस्तीको नाम | मुख्य बजार | केन्द्रबाट दुरी कि.मी. | कैफियत |
|---|---|---|---|---|
| १ | वाँसखर्क १ | वाँसखर्क | ५ कि.मी | |
| २ | माझफाँट २ | वगरफाँट | १ कि.मी. | |
| ३ | माझफाँट ३ | स्वामीकोट, हटिया, कोटघर, वारीबेनी | १ कि.मी | |
| ४ | माझफाँट ४ | फड्केढुंङ्ग, मोहनचोक, लमाखेत | १ कि.मी. | |
| ५ | लेकफाँट ५ | देउराली, रात्माटा, गैरागाउँ, फलामेडाडा | ७ कि. मी. | |
| ६ | शालिजा ६ | भोटेडाडा, शालिजा, ओखनी | ६ कि.मी. | |
| ७ | धाईरिङ्ग ७ | मिलनचोक, लस्ती | १.५ कि.मी. | |
| ८ | नाग्लीवाङ्ग | खनियाघाट लस्ती | ६ कि.मी. | |
| ९ | बनौ ९ | गाम | १०कि.मी | |
| | जम्मा | | | |

*स्रोतः जलजला गाउँपालिकाको कार्यालय जलजला, पर्वत ।*

जलजला गाउँपालिका तीन जिल्लाको सदरमुकाम पर्वतको कुश्मा बजार, बागलुङ्गको बागलुङ्ग बजार र म्याग्दीको बेनीबजारको बीचमा परेकोले यहाँ स-साना खालका (मिनी) बजारहरू रहेका छन् । तालिकाअनुसार जलजला गाउँपालिका वडा नं. ७ धाईरिङ्गको मिलनचोक, वडा नं. ३ को कोटघर, वडा नं. ८ को खनियाघाट, लस्ती,वडा नं. २ र ३ अन्तर्गतको वारीवेनी बगर लगायतका स्थानहरू प्रमुख रहेका छन् । लेकफाँटको गैरागाउँ,

रातामाटा, फलामेडाँडा, शालिजाको भोटेडाडा, आदि ठाउँहरूमा पनि समानहरूको खरिद, बिक्री गर्ने गरिदैं आएको छ ।

## ५.२१ गाउँपालिकाभित्र रहेको सरकारी स्वामित्वको अचल सम्पत्ति सम्बन्धि विवरण

सरकारले स्थानीय स्तरमा सेवा प्रवाह गर्नको लागि विगतमा स्थानीय स्वयत्त शासन ऐनको ब्यवस्थालाई कार्यान्यन गर्ने शिलशिलामा विभिन्न साविक गाविसहरू तथा ईलाकास्तरिय केन्द्रहरूमा जमिनको ब्यवस्था गरी भवनहरू निर्माण गर्ने अभ्यास गरेको हो । यो प्रावधान अनुसार ग्रामीण क्षेत्रका धेरै ठाउँहरूमा सरकारको स्वामित्वमा रहेका धेरै अचल प्रकृतिका जग्गा जमिन तथा भवनहरू रहेका छन् । यो गाउँपालिकामा रहेका यस्ता सरकारी स्वामित्वका जग्गा जमिन भवनहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छः–

तालिका नं. ५.१९
अचल सम्पत्तिको विवरण

| वडा | अचल सम्पत्ति | विगाह/रोपनी/कठ्ठा आदि | स्वामित्व | कैफियत |
|---|---|---|---|---|
| १ | भवन, जमिन, भेहिकल | ० | ० | |
| २ | भवन, जमिन, भेहिकल | ० | ० | |
| ३ | भवन, जमिन, भेहिकल | ० | ० | |
| ४ | भवन, जमिन, भेहिकल | ० | ० | |
| ५ | भवन, जमिन, भेहिकल | ० | ० | |
| ६ | भवन, जमिन, भेहिकल | ० | ० | |
| ७ | भवन, जमिन, भेहिकल | ० | ० | |
| ८ | भवन, जमिन, भेहिकल | ० | ० | |
| ९ | भवन, जमिन, भेहिकल | ० | ० | |
| जम्मा | | ० | ० | |

*स्रोतः जिल्लास्थित विषयगत कार्यालयहरू, पर्वत ।*

माथिको तालिकाअनुसार गाउँपालिकामा विषयगत कार्यालयहरू जस्तै जिल्ला पशुसेवा कार्यालय, कृषिसेवा कार्यालय, बन, हुलाक आदि कार्यालयका सञ्चालित भएपनि आफ्नै भवन तथा जग्गा भने नभएको पाईयो । यी कार्यालयहरूको भ्याइकल, लगायत अन्य जिन्सी सामान (नियमित प्रयोगमा आउने बाहेक) नभएको तथ्य जिल्ला स्थित विषयगत कार्यालयहरूको आकडाबाट प्रष्ट हुन्छ । यस विषयका बारेमा माथिको तालिकाले पनि पुष्ठी गरेको छ ।

## ५.२२ धार्मिक स्थलको नाम र सङ्ख्या सम्बन्धि विवरण

नेपाली समाज धर्म तथा संस्कृतिमा अडिएको समाज हो । यसको उत्पत्तिदेखि विकासको क्रम नै धर्म तथा संस्कृतिमा आधारित छ । प्रारम्भीक नेपाली समाजको कानूनी नियन्त्रण धर्मले गरेको थियो । **'न्याय गरे**

**स्वर्गको बाटो अन्याय गरे नर्कको बाटो"** को मान्यतामा समाज चलेको थियो । अहिले पनि नेपाली जनताको आस्थाको केन्द्रको रूपमा धर्म स्थापित रहेको छ । प्रत्येक नेपाली समाजलाई नियालेर हेर्‍यौं भने जाती तथा संस्कृति अनुसारका धार्मिक मठ, मन्दिरहरू टोल टोल तथा बस्ती बस्तीमा भेटिन्छन् । गाउँपालिकामा रहेका विभिन्न मठ, मन्दिर, मस्जीद तथा चर्चहरूको अवस्थाका बारेमा तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.२०

धार्मिक स्थलको नाम र सङ्ख्याको विवरण

| वडा नं. | मन्दिर | मस्जीद | चर्च | अन्य |
|---|---|---|---|---|
| १ | २ वटा | ० | ० | ० |
| २ | ३ वटा | ० | ० | ० |
| ३ | ६ वटा | ० | ० | ० |
| ४ | ४ वटा | ० | ० | ० |
| ५ | १३ वटा | ० | ० | गूम्बा १ |
| ६ | १८ वटा | ० | २ वटा | ० |
| ७ | ८ वटा | ० | ० | ० |
| ८ | १० वटा | ० | ० | ० |
| ९ | ७ वा | ० | १ वटा | गूम्बा १ |
| जम्मा | | ० | ३ वटा | २ वटा |

*स्रोतः जलजला गाउँपालिकाको कार्यालय, पर्वत ।*

माथिको तालिकामा गाउँपालिकाभित्र रहेका धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण मानिएका स्थानहरू तथा मठ मन्दिरहरूका बारेमा उल्लेख गरिएको छ । धार्मिक हिसावले गाउँपालिकाको वडा नं. १ मा २ वटा, वडा नं. २ मा ३ वटा, वडा नं. ३ मा ६ वटा, वडा नं. ४ मा ४ वटा, वडा नं. ५ मा १३ वटा, वडा नं. ६ मा १८ वटा, वडा नं. ७ मा ८ वटा र वडा नं. ९ मा ७ वटा मन्दिरहरू रहेका छन् । वडा नं. ६ शालिजामा १ वटा चर्च र १ वटा गुम्वा रहेका छन् ।

## ५.२३ पूर्वाधार विकास अन्तर्गत राजमार्ग तथा ग्रामीण सडकको अवस्था

पूर्वाधार विकासलाई समाजको सम्पूर्ण विकासको आधार मानिन्छ । ग्रामीण विकासको माध्यमबाट आम्दानीका स्रोतहरू बढाउन सकिन्छ । क्षमता अभिबृद्धिसँग सम्वन्धित विभिन्न प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । सेवा प्रवाहमा पनि सहज र छिटो छरिता हुन सक्छ । त्यसकारण अहिले पनि जनताको चासो भनेको सामाजिक विकासको क्षेत्रमा भन्दा पूर्वाधार विकासको क्षेत्रमा नै बढी रहेको पाईन्छ । नेपालको पूर्वाधार

विकासको शुरूवात गोरेटो बाटोबाट भए पनि विस्तारै घोरेटो बाटो हुँदै मोटरबाटो तर्फ उन्मुख हुँदै आएको पाईन्छ । २०४७ सालको परिवर्तनपाछि नेपाली समाजमा प्रशस्त ग्रामीण सडकहरू खोल्ने अभियान चल्यो । यो अभियानमा पर्वत जिल्ला अग्रिम स्थानमा पर्दछ । यहाँका सबै साविक गाविसहरू तथा हालका वडाहरूमा विभिन्न प्रकृतिका ग्रामीण सडकहरूले छोएका छन् । गाउँपालिकामा खनिएका विभिन्न प्रकारका सडकहरूका बारेमा तल तालिकामा उल्लेख गरिएको छ :-

तालिका नं. ५.२१

गाउँपालिकाभित्र सडक सञ्जालको विद्यमान् अवस्थाको विवरण

| क्र.स. | सडकको बर्गिकरण | लम्बाई कि.मी. | सडकको औसत चौडाई (मि.) | अन्य (सडककले सेवा पुगेका वडाहरु) |
|---|---|---|---|---|
| १ | ................राजमार्ग | ० | | ० |
| २ | सहायक राजमार्ग | ९ कि.मी. | ४.५ | २, ३, ४ र ८ |
| ३ | पक्कि तथा कालोपत्रे | ० | ० | |
| ४ | ग्रावेल सडक | ६ कि.मी. | ४.५ | २, ३, ४ र ८ |
| ५ | कच्चि सडक/मौसमी सडक | २०.९ | ३.७५ | सबै ९ वटै वडाहरु |
| ६ | मूल बाटो निमाण | ० | ० | ० |
| ७ | ईट्टा विच्छाइएको बाटो | ० | ० | ० |
| ८ | ढुङ्गा छापेको बाटो | ० | ० | ० |
| ९ | सिडी तथा खुड्कीला | ० | ० | ० |
| | जम्मा | ३५.९ कि.मी. | | |

*स्रोतः जिल्ला प्राविधिक कार्यालय, पर्वत ।*

माथिको तालिकामा गाउँपालिकाभित्र सडक सञ्जालको अवस्थाका बारेमा तथ्याङ्कहरू समावेश गरिएको छ । गाउँपालिकाभित्र जम्मा ३५.९ कि.मी कच्चि र पक्कि गरी निर्माण भएको छ । मालढुङ्गा देखि म्याग्दी वेनी सम्मको सहायक राजमार्गको रूपमा यो गाउँपालिकाको क्षेत्रधिकारभित्र पर्ने जम्मा ९ कि.मी बाटो रहेको छ । तर पक्कि तथा कालोपत्रे बाटो भने यो क्षेत्रमा निर्माण भएको छैन । ग्रावेल सडक ६ कि.मी. रहेको छ । अन्य कच्चि तथा ग्रामीण सडक सबैभन्दा बढी २०.९ कि.मी.खनिएको छ ।

### ५.२४ गाउँपालिकामा निर्माणाधिन ग्रामीण सडकको अवस्था

समाज परिवर्तनशिल छ । विकासका गतिविधीहरू नियमितरूपमा अगाडि बढीरहेका छन् । सञ्चारको क्षेत्र पछि छिटो परिवर्तनको फड्को मार्न यातायातको क्षेत्र सफल भएको छ । ग्रामीण क्षेत्रमा बसोवास गर्ने प्रत्येक नेपालीले आफ्नै घर आँगानमा मोटर पुर्‍याउने अभिलाषा राखेको छ । पूर्वाधारतर्फको सबैभन्दा बढी रकम

सडकमा खर्चिएको अवस्था छ । जलजला गाउँपालिकामा पनि सबै वडा तथा बस्तीहरूमा सडक पुगको छ । अव स-साना बस्तीहरूमा मात्र पुग्न बाँकी रहेका कारण त्यस्ता ठाउँहरूमा स्थानीय तहहरू मार्फत काम भइरहेको छ । स्थानीय तहले हाल नयाँ ट्र्याक खोल्ने कार्यलाई भन्दा खनिरहेका ग्रामीण सडकहरूको स्तरउन्नतीको कामलाई बढी प्राथमिकता दिइएको छ ।  जलजला गाउँपालिकामा निर्माणधिन ग्रामीण सडकहरूको अवस्थाका बारेमा तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.२२

निर्माणाधीन गाउँस्तरीय सडकहरूको विवरण

| सडकको किसिम | अनूमानित लम्वाई कि.मी. | सडकको औसत चौडाई | सडकबाट सेवा पूग्ने वडा तथा बस्तीहरु | लाभान्वित जनसङ्ख्या |
|---|---|---|---|---|
| कालोपत्रे | १३ (मालढूङगा बेनी) | ८ मि | | |
| ग्राभेल | ० | ० | | |
| कच्ची तथा धुले | एकिन नभएको | ५ | सबै वडाका बस्ती | |
| जम्मा | | | | |

*स्रोतः गाउँपालिकाको कार्यालय जलजला, पर्वत ।*

## ५.२५ गाउँपालिका क्षेत्रभित्र रूट परमिट लिएर सञ्चालन भएका सवारी साधनहरूको विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७५ ले स्थानीय तहलाई स्थानीय सरकारको रूपमा परिभाषा गरेको छ । स्थानीय तहले व्यवस्थापीका, कार्यपालिका तथा न्यायपालिका तीनैवटा सरकारका अंगहरूको कार्य गर्न पाउने गरी संविधानमा ब्यवस्था भएका कारण पनि स्थानीय सरकारहरू बलिया भएका छन् । स्थानीय सकार सञ्चालन ऐनले आफ्नो क्षेत्रभित्र सञ्चालन भएका र हुने साधनहरूको लागि रूट परमिट गाउँपालिका तथा नगरपालिकाबाट दिने ब्यबस्था गरेको छ । जलजला गाउँपालिकामा सहायक राजमार्ग सञ्चालनमा आएको र अन्य ग्रामीण सडकहरूको सङ्ख्या तथा कि.मी.पनि धेरै रहेको अवस्था छ । यो गाउँपालिकामा सञ्चालित रूट परमिटका बारेमा तल तालिकामा उल्लेख गरिएको छः–

तालिका नं. ५.२३

गाउँपालिका क्षेत्रभित्र रूट परमिट लिएर सञ्चालन भएका सवारी साधनहरूको विवरण

| बस चल्ने शुरु हुने स्थान | बस पुग्ने अन्तिम स्थान | दैनिक सञ्चालन हुने सवारी साधन सङ्ख्या | बस स्टप सङ्ख्या यात्रु चढाउने ओराल्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| ० | ० | ० | ० | ० |

*स्रोतः गाउँपालिकाको कार्यालय, जलजला पर्वत ।*

यस तालिकाले रूट परमिट लिएर गाउँपालिकाबाट सञ्चालन भएका सवारी साधनहरूको विवरणका बारेमा उल्लेख गरेको छ । यो गाउँपालिकाको कार्यालयबाट रूट परमिट लिएर कुनै पनि सार्वजनिक सवारीका साधनहरू सञ्चालन नभएको देखिन्छ । तरपनि गाउँपालिकाभित्र भने धेरै प्रकारका सवारी साधनहरू निर्वाधरूपमा सञ्चालन भईरहेका छन् ।

### ५.२६ गाउँपालिका क्षेत्रमा चल्ने सवारी साधनहरूको विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई सवारीका साधनहरू व्यवस्थित गर्ने अधिकार दिएको छ । कानून कार्यान्वयनको प्रारम्भकाल भएका कारण यो अधिकारको प्रयोग तर्फ स्थानीय तहले त्यती ध्यान दिएको सम्बन्धमा स्थानीय तहको कम ध्यान गएको पाइएको छ । सवारीका साधनहरूको रोड परमिट दिने तथा सवारीका साधनहरूको अद्यवधिक विवरण कायम गरी पुराना अर्थात वातावरण प्रदुषण गर्ने प्रकृतिका साधनहरूलाई नियमन गर्ने आदि कार्यहरू स्थानीयतहको कार्य क्षेत्रभित्र पर्दछन् । जलजला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र गरेको सवारी सञ्चालन सम्बन्धि विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.२४

गाउँ/शहर क्षेत्रमा चल्ने सवारी साधनहरूको विवरण

| क्रस | सवारी साधनको प्रकार | सङ्ख्या | अवस्था | | |
|---|---|---|---|---|---|
| | | | १० वर्षसम्म पूरानो | १० वर्षभन्दा बढी पूरानो | कैफियत |
| १ | निजी | ३ | ३ | ० | |
| २ | सरकारी स्वामित्वका | ० | ० | ० | |
| ३ | सार्वजनिक (भाडाका) | ६१ | ५४ | ७ | |
| ४ | कूटनैतिक | ० | ० | ० | |
| ५ | अन्तर्राष्ट्रिय गैर सरकारी | ० | ० | ० | |
| ६ | अन्य | ० | ० | ० | |
| | जम्मा | ६४ | ५७ | ७ | |

*स्रोतः गाउँपालिकाको कार्यालय जलजला, पर्वत ।*

माथि उल्लिखित तालिकामा विभिन्न प्रकृतिका सवारीका साधनहरूका बारेमा ब्यवस्था गरिएको छ । गाउँपालिका भित्र निजीरूपमा उपयोग गरेका सवारीका साधनहरू ३ वटा रहेको पाइयो । तर सरकारी स्वामित्वमा रहेका गाडीहरूको सख्या भने शून्य छ । सार्वजनिक भाडाका गाडीहरूको सङ्ख्या ६१ रहेको छ । कुटनैतिक, अन्तराष्ट्रिय गैर सरकारी स्वामित्वमा रहेका सवारीका साधनहरूको सङ्ख्या पनि शुन्य रहेको पाइयो ।

## ५.२७ गाउँपालिकामा विद्यमान सतह ढलको अवस्था

जलजला गाउँपालिकाको सबै क्षेत्र ग्रामीण क्षेत्रमा अवस्थित छ । यहाँ ढल निकास भन्दा अन्य योजनाहरू गाउँपालिकाका प्राथमिक सूचिमा परेका छन् । बाढी पहिरो नियन्त्रण गर्न तथा खोलानाला ब्यववस्थित गर्नको लागि ढल निकासको आवश्यकता छ । ग्रामीण कच्चि सडकहरूमा हिमपाईपको ब्यवस्था गर्न सके धमिलो पानी बग्नबाट बचाउन सकिन्छ । । गाउँपालिकाभित्र सतह ढल निकासको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छः–

तालिका नं. ५.२५
विद्यमान सतह ढलको अवस्था

| सतह ढलको प्रकार | कि.मी. |
|---|---|
| ह्यामपाईप | ४ वटा (१६मिटर) |
| पक्कि स्ल्याव ढाकिएको | ० |
| पक्कि स्ल्याव नढाकिएको | ० |
| जम्मा | ० |

*स्रोत : गाउँपालिकाको कार्यालय जलजला, पर्वत ।*

जलजला गाउँपालिका क्षेत्रभित्र सतह ढल अन्तर्गत ह्यामपाईप ४ वटा बाहेक अन्य कुनै पक्की स्ल्याप नभएको माथि उल्लेखित तालिकाले देखाएको छ । गाउँपालिका अन्तर्गतको सबै क्षेत्र ग्रामीण क्षेत्र भएका कारण पनि ढलको ब्यवस्था हुन नसकेको हो।

## ५.२८ सार्वजनिक शौचालय सम्बन्धि विवरण

पर्वत जिल्ला पूर्ण शौचालय सहितको नेपालमा छैटौं जिल्लाको रूपमा स्थापीत भएको जिल्ला हो । जिल्ला अहिले पूर्ण आनीवानी परिवर्तन सहितको जिल्लाको लागि अग्रसर छ । जिल्लामा हाल सबै स्थानीय तहका घरधुरीहरूमा ९८% पक्कि शौचालयहरू निर्माण भैसकेका छन् भने वाँकी २% कच्चि शौचालयहरूलाई गाउँपालिका तथा नगरपालिकाको सहयोगमा पक्कि बनाउने कार्य भइरहेको छ । यो गाउँपालिकामा निर्माण भएका शौचालयहरूको सङ्ख्या तथा अवस्था देहाय बमोजिम छ ।

तालिका नं. ५.२६
सार्वजनिक शौचालय सम्बन्धि विवरण

| क्रस | सार्वजनिक शौचालय रहेको स्थान | वडा नं. | शौचालयको प्रकृती | सञ्चालनको अवस्था | सञ्चालक |
|---|---|---|---|---|---|
| १ | ० | १ | ० | ० | ० |
| २ | ० | २ | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ० | ३ | ० | ० | ० |
| ४ | ० | ४ | ० | ० | ० |
| ५ | ० | ५ | ० | ० | ० |
| ६ | ० | ६ | ० | ० | ० |
| ७ | ० | ७ | ० | ० | ० |
| ८ | ० | ८ | ० | ० | ० |
| ९ | ० | ९ | ० | ० | ० |
| जम्मा | ० | | ० | ० | ० |

*स्रोतः गाउँपालिकाको कार्यालय जलजला पर्वत ।*

माथिको तालिकामा गाउँपालिका भित्र सबै वडाहरूमा सार्वजनिक शौचालयको सङ्ख्यात्मक अवस्थाका बारेमा उल्लेख गरेको छ । यो गाउँपालिकाभित्र कुनै पनि वडामा सार्वजनिक शौचालय निर्माण भएको छैन । पर्वत जिल्ला अनि धौलागिरी अञ्चल नै ओ.डि.एफ. घोषणा भएको यो क्षेत्रमा हालसम्म एउटा पनि सार्वजनिक शौचालय निर्माण हुन नसक्ने भनेको पूर्ण आनीवानी परिवर्तनमा सुधार हुन नसकेको संकेत हो भन्न सकिन्छ । तर माथि उल्लिखित तथ्यंकमा विद्यालय हाताभित्रका शौचालयहरूको सङ्ख्या समावेश गरिएको छैन ।

## ५.२९ गाउँपालिकामा प्राकृतिक प्रकोपबाट भएको क्षतीको विवरण

२०७२ साल बैशाख १२ गते र २९ गते गएको महाभुकम्पबाट नेपालको इतिहासमा दोस्रो ठुलो मानवीय तथा अन्य सम्पत्ति सम्बन्धि क्षती भयो । यो महाभुकम्पले जलजला गाउँपालिकामा भने मानविय क्षेती हुन पाएन । अन्य सम्पत्ति सम्बन्धि क्षति पनि तुलनात्मकरूपमा भन्दा ठूलो होइन । भुकम्पबाट जिल्लामा सबैभन्दा कम क्षति भएको गाउँपालिका जलजला गाउँपालिका हो । आर्थिक वर्ष २०७२/०७३ मा भुकम्प बाहेक अन्य क्षति खासै नभएको तथ्याङ्कले देखाएको छ । यो गाउँपालिकामा भएको क्षतिलाई तलको तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ५.२७
प्रकोपबाट भएको क्षति सम्बन्धि विवरण (आ.व.२०७२/०७३ )

| प्रकोपको किसिम | क्षतिको विवरण | भएको अनूमानित क्षति रु | मानविय क्षति |
|---|---|---|---|
| बाढी | | | |
| पहिरो | धाईरिङ्गमा १ गोठ र नाग्लीवाङ्गमा १ घर | ५५०००० | छैन |
| आगजनी | धाईरिङ्गमा ४ वटा घर र बनौमा १ घर | ६८००००० | ० |
| महामारी | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| हावाहुरी | ० | ० | ० |
| चट्याङ | शालिजा १ जना र बनौमा १ जना | ० | २ जना |
| नदी कटान | ० | ० | ० |
| खडेरी | ० | ० | ० |
| शित लहर | ० | ० | ० |
| भुकम्प | ० | ० | ० |
| अन्य | ० | ० | ० |
| जम्मा | | | ० |

*स्रोतः जलजला गाउँपालिकाको कार्यालय, पर्वत ।*

आर्थिक वर्ष २०७२/०७३ मा गाउँपालिकाभित्र काबु बाहिरको परिस्थितीका कारण के कति सम्पत्ति तथा मानविय क्षती भयो भन्ने बारेमा उल्लेख गरिएको छ । जलजला गाउँपालिका वडा नं. ७ धाईरिङ्गमा ४ घर र १ गोठ, वडा नं. ९ बनौमा १ घर, तथा नाग्लीवाङ्गमा १ घर क्षती भएको पाइयो । मानविय क्षतीमा वडा नं. ६ शाजिलामा १ जना र  वडा नं. ९ बनौमा १ जनाको निधन भएको छ । अनुमानित क्षती जम्मा ७३,५०,०००/- ( त्रिहत्तरलाख पचासहजार) बराबर भएको थियो ।

### ५.३० विपद ब्यवस्थापन पूर्वतयारी सम्बन्धि विवरण

- विपद ब्यवस्थापन नगरसमिति बनेको छ  (१ वटा)
- सुरक्षित स्थान तोकिएको छैन ।
- विपद ब्यवस्थापन पूर्व तयारी योजना बनेको छैन ।
- विपद ब्यवस्थापन कोष बनेको छैन ।

### ५.३१ गाउँपालिकामा विद्युतीकरणको अवस्था

पर्वतमा केन्द्रीय विद्युतीकरणको लाईन र सामुदायिक विद्युतीकरणको लाईन गरी दुईलाईनबाट जिल्लाका सबै साविक गाविसहरू तथा हाल कायम भएका वडाहरूमा विद्युतीकरणको कार्य सम्पन्न भएको हो । केन्द्रीय विद्युतीकरणको काम केन्द्रीय सरकार मार्फत जिल्ला विद्युत प्राधिकरणको कार्यालयले गर्दै आएको छ । केन्द्रीय विद्युतीकरण अन्तर्गत नपरेका वडाहरूमा समुदायको अग्रसतामा विद्युतीकरणको कार्यलाई अघि बढाइयो । समुदायको व्यापक सहभागिता तथा सरकारको प्रयाश स्वरूप जलजला गाउँपालिका भित्र भएको विद्युतीकरणको अवस्थाका बारेमा तलको तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ५.२८
शहरी विद्युतीकरण

| क.स. | विवरण | परिणाम (सङ्ख्या) |
|---|---|---|
| १ | ग्राहस्थ लाईन सङ्ख्या | २३२२ |
| २ | औद्योगिक लाईन सङ्ख्या | २० |
| ३ | ब्यापारिक सङ्ख्या | १४ |
| ४ | मन्दिरमा वितरित सङ्ख्या | १० |
| ५ | खानेपानी | – |
| ६ | सडक बत्ति | – |
| ७ | अस्थायी बत्ति | – |
| ८ | सिंचाईं | – |
| ९ | स्बिीचङ स्टेशन | – |
| | टान्सफर्मर सङ्ख्या | १० |
| | जम्मा | – |

*स्रोत : नेपाल विद्युत प्राधिकरण वितरण शाखा पर्वत ।*

माथिको तालिकामा गाउँपालिकाभित्र विद्युतीकरणको अवश्थाका बारेमा उल्लेख गरिएको छ । गाउँपालिकाभित्र ग्राहस्थ लाईन सङ्ख्या २३२२ रहेको छ । औद्योगिक लाईन सङ्ख्या २० रहेको छ भने ब्यपारिक लाईनको सङ्ख्या जम्मा १४ रहेको छ । मन्दिरमा वितरीत सङ्ख्या १० रहेपनि सडक बत्ति, खानेपानी, सिंचाईं आदि क्षेत्रमा लाईन विस्तार हुन सकेको छैन । हाल यो गाउँपालिकामा १० वटा ट्रान्सफर्मर रहेका छन् ।

### ५.३२ गाउँपालिकामा दुरसञ्चार सम्बन्धि विवरण

विश्वमा दुरसञ्चारले ब्यापक फड्को मारेको वर्तमान अवस्थामा नेपालमा पनि यसको प्रत्यक्ष प्रभाव पर्नु स्वभाविक हो । विगत छोटो समयमा द्रुतगतीमा सञ्चारमा परिवर्तन आयो । दुर्गम ग्रामीण क्षेत्रमा पनि अहिले प्रत्येकका घर घरमा टेलिफोनको लाईनहरू, कम्प्युटर तथा ल्यापटपहरू र हात हातमा मोवाईलको पहुँच विस्तार भएका कारण सञ्चारको क्षेत्रमा सबैको सक्रियता बढेको भन्न सकिन्छ । गाउँपालिकामा दुरसञ्चारको क्षेत्रमा प्राप्त उपलब्धिहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ५.२९
गाउँपालिका क्षेत्रमा दुरसञ्चार सम्बन्धि विवरण

| क्रस | सञ्चार सेवाको किसिम | परिणाम | कैफियत |
|---|---|---|---|
| १ | **PSTN** टेलिफोन | – | |
| २ | ए.डी.एस.एल. सेवा | – | |
| ३ | इन्टरनेट तथा जी.पी.आर.एस.सेवा | सबै मोवाईलमा उपयोग भैरहेको | |

| | | | |
|---|---|---|---|
| ४ | मोवाइल टावर जी.एस.एम. | जलजला ६ शालिजा र ७ धाईरिङ | २ वटा |
| ५ | मोवाइल टावर स्काई | जलजला गाउपालिका ७ धाईरिङ | १ वटा |
| ६ | जी.एस.एम पोष्टपेड मोवाइल | ३०३ वटा सीम प्रयोग भैरहेको | |
| ७ | जी.एस.एम. प्रीपेड मोवाइल | १३६७२ वटा सीम प्रयोग भैरहेको | |
| ८ | स्काई पोष्टपेड मोवाइल | – | |
| ९ | स्काई प्रिपेड मोवाइल | १६०० | |
| | जम्मा | | |

*स्रोतः नेपाल दुरसञ्चार संस्थान, कुश्मा पर्वत ।*

यस तालिकाले नेपाल टेलीकमको पहुँच तथा यसको विस्तारका बारेमा उल्लेख गरेको छ । यो गाउँपालिका क्षेत्रभित्र पी.एस.टि.एन सेवा हालसम्म छैन । ईन्टरनेट तथा जी.पी.आर. एस.एम. सेवा प्राय सबै मोवाईलमा प्रयोग भईरहेको छ । मोवाईल टावर जी.एस.एम.सेवा २ ठाउँमा सञ्चालित छ । मोवाईलको टावर स्काई वडा नं. ७ जलजलामा १ वटा सञ्चालित छ । जी.एस.एम. प्रीपेड मोवाईल १३६७२ रहेको छ भने पोष्टपेड सेवा जम्मा ३०३ मात्र प्रयोगमा आएको छ । त्यस्तै स्काई प्रिपेड मोवाईलको सङ्ख्या १६०० रहेको तथ्याङ्कले देखाएको छ । यो तथ्याङ्क पर्वत टेलीकमबाट सिम प्राप्त गर्नेहरूको मात्र भएकाले बागलुङ्, बेनी तथा अन्य जिल्लाहरूबाट सीम प्राप्त गर्नेहरूको सङ्ख्या थप हुनसक्ने देखिन्छ ।

### ५.३३ झोलङ्गेपुल/पुलपुलेसा सम्बन्धि विवरण

पर्वत जिल्ला अहिले झोलुङ्गेपुलको जिल्लाको रूपमा परिचित छ । केही वर्ष अघि नेपालमा बागलुङ्ग जिल्लालाई झोलुङ्गे पुलको जिल्ला भनिन्थ्यो । वि.वि.एल.एल.को सहयोगमा यो गाउँपालिकाभित्र धेरै झोलुङ्गेपुलको .निर्माण भएका हुन् । यो गाउँपालिका अन्तर्गत सबैभन्दा बढी झोलुङ्गेपुलहरू कालीगण्डकीमाथि निर्माण भएका छन् भने अन्य ठाडाखोला तथा खोल्साहरूमा पनि झो.पु. निर्माण भएको अवस्था छ । गाउँपालिकामा निर्माण भएका झोलुङ्गेपुलहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छः–

तालिका नं. ५.३०

गाउँ वा नगरभित्र पक्कि तथा आर.सी.सी.पुल कल्भर्ट तथा झोलुभेपुलहरूको विवरण

| वडा नं | पूल/खोल्साको नाम | ठाउंको नाम |
|---|---|---|
| १ | घूमाउने ताल | गलेश्वर |
| २ | राममन्दिर, स्यानादह, गलेश्वर | कालीगण्डकी |
| ३ | बगरफाट, वारीवेनी | कालीगण्डकी |
| ४ | पाल्सीङ्ग, खोलाखेत, दोविल्ला, लामाखेत | माझफाट |
| ५ | डाडाकटेरी, बनमाडे, लोप्रे | लेकफाट |
| ६ | निगाली, डम्डारेखोला, अधेरीखोला, | जलजला ६ र ७ को बीच |

| | | |
|---|---|---|
| ७ | लामाबगर, लस्ती, मोहनचोक, मिलनचोक | लस्ती र मिलनचोक |
| ८ | खनियाघाट, फर्से, लस्ती, | कालीगण्डकी |
| ९ | – | – |
| जम्मा | | |

*स्रोतः जिल्ला प्राविधिक कार्यालय, कुश्मा, पर्वत ।*

तालिका नं. ५.३० अनुसार यो गाउँपाकिलाभित्र जम्मा २५ वटा झोलुङ्गेपूल रहेको देखिन्छ । वडा नं. १ मा जम्मा १ वटा झोलुङ्गेपूल रहेको छ भने वडा नं.२ मा ३ वटा र वडा नं. ३ मा २ वटा रहेका छन् । त्यस्तै गरी वडा नं. ४ मा ४ वटा रहेका छन् भने वडा नं. ५ मा ३ वटा, वडा नं. ६ मा ३ वटा रहेका छन् । सबैभन्दा बढी वडा नं. ७ मा ४ वटा र वडा नं. ८ मा ५ वटा झो.पु. रहेका छन् । तालिकाअनुसार बडा नं. ९ मा झोलुङ्गेपूल निर्माण भएको छैन ।

**५.३४ गाउँपालिकाभित्र स्थापीत ब्यपारिक केन्द्रहरूको विवरण**

यो गाउँपालिका पर्वत,बागलुङ्ग र म्याग्दी जिल्लाको बीचमा रहेको र पोखरा-मुस्ताङ्ग सहायक राजमार्गले जोडेका कारण राजमार्गका बीच बीचमा तथा राजमार्ग माथि रहेका बस्तीहरूमा स-साना व्यपारिक केन्द्रहरू विकसित भईसकेका छन् । गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सवारीका साधनहरू सञ्चालन भएका कारण पनि यी केन्द्रहरू मौलाउने अवसर पाएका हुन् । यी केन्द्रहरूमा प्रायः तरकारी, फलफुल (सुन्तला) दुध तथा नगदेवालीहरू, (कफी,आलु) आदि निर्यात हुने वस्तुहरू हुन् भने गाउँपालिकाभित्र नून, चिनी लगायतका खाद्यअन्न, लत्ताकपडा र निर्माण समाग्रीहरू आयत हुने गरेको तथ्याङ्कले देखाएको छ ।

तालिका नं. ५.३१
व्यापारिक केन्द्रहरूको विवरण

| क.स. | व्यापारिक केन्द्रहरुको नाम | मुख्य व्यपारिक बस्तुहरु | कैफियत |
|---|---|---|---|
| १ | वाँसखर्क | चामल, चिनी, नून, चाउचाउ, | |
| २ | वगरफाँट | निर्माण सामाग्रीहरु, खाद्यान्न, | |
| ३ | स्वामीकोट, हटिया, कोटघर, वारीबेनी | निर्माण सामाग्रीहरु, खाद्यान्न | |
| ४ | फड्केढुंङ्ग, मोहनचोक, लमाखेत | खाद्यान्न, तरकारी, मासू | |
| ५ | देउराली, रात्माटा, गैरागाउँ, फलामेडांडा | खाद्यन्न, मासू | |
| ६ | भोटेडाडा, शालिजा, ओखनी | खाद्यन्न, मासू, तरकारी | |
| ७ | मिलनचोक, लस्ती | निर्माण सामाग्री, खाद्यान्न, तरकारी, मासु, फलफुल | |
| ८ | खनियाघाट, लस्ती | निर्माण सामाग्री, खाद्यान्न, मासू, तरकारी, फलफुल | |
| ९ | गाम | खाद्यान्न, तरकारी, मासू | |

*स्रोतः गाउँपालिका अन्तर्गत वडा कार्यालयहरू ।*

यो गाउँपालिकामा जम्मा साना ठूला गरी २० वटा समान खरिद बिक्री गर्ने स्थानहरू रहेका छन् । माथिको तालिकामा उल्लेख भएअनुसार गाउँपालिकाभित्र मिलनचोक, वारीबेनी, बगर, खनियाघाट, लस्ती आदि यहाँका प्रमुख ब्यपारिक केन्द्रहरू हुन भने अन्य १५ वटा स्थानहरूबाट पनि समान खरिद बिक्री हुने गरेको छ । यहाँ किनबेच हुने सामाग्रीहरूमा प्रायः खाद्यान्न, तरकारी, लत्ता कपडा र निर्माण सामाग्रीहरू रहेका छन् ।

### ५.३५ गाउँपालिकामा सामुदायिक भवनको अवस्था

सामुदायिक बैठक लगायतका अन्य सहभागीमूलक कार्यक्रमहरू बाटो, चौतारी, खाली जमिन ब्यक्तिको घर आगन आदिबाट सञ्चालन हुँदै आएको नेपाली समाजमा विगत केही वर्षयता यो संस्कारमा परिवर्तन आएको छ । समुदायले सामुदायिक भवनहरूलाई आफ्नो विसौनी चौतारीको रूपमा विकास गर्ने प्रयाश गरेपछि पछिल्लो अवस्थामा सामुदायिक भवनहरूको सङ्ख्या द्रुगगतिमा बढ्यो । सामुदायिक भवनहरूको सङ्ख्यामा मात्र बृद्धि भएन यसको उपयोगमा पनि जोड दिइयो । गाउँपालिकामा हाल निर्मित तथा उपयोगमा सामुदायिक भवनहरूको विवरण तल तालिकामा दिइएको छः-

तालिका नं. ५.३२
सामुदायिक भवनहरूको विवरण

| क स | सामुदायिक भवनहरुको नाम | वडा/बस्ती | हालको उपयोग |
|---|---|---|---|
| १ | महिला भवन २, यूवाक्लव १, नासके १ | बासखर्क १ | सार्वजनिकरुपमा उपयोगमा आएको |
| २ | महिलाभवन २, नासके १, क्लव १ | माझफाट २ | सार्वजनिकरुपमा उपयोगमा आएको |
| ३ | महिला भवन २, क्लव १ | माझफा६ ३ | सार्वजनिकरुपमा उपयोगमा आएको |
| ४ | आमा समूह २ क्लव १ | माझफाट ४ | सार्वजनिकरुपमा उपयोगमा आएको |
| ५ | बन १, क्लव २, महिला १ | लेकफाट ५ | सार्वजनिकरुपमा उपयोगमा आएको |
| ६ | महिला २, आधारभूत शिक्षा १, क्लव ३ | शालिजा ६ | सार्वजनिकरुपमा उपयोगमा आएको |
| ७ | महिला ३, सहकारी १, युवा १, वन १ | धाईरिङ्ग ७ | सार्वजनिकरुपमा उपयोगमा आएको |
| ८ | महिला ८, युवाक्लव १, सहकारी २ | नाग्लीवाङ्ग ८ | सार्वजनिकरुपमा उपयोगमा आएको |
| ९ | सहकारी १, क्लव १, नासके १, महिला १ | बनौ ९ | सार्वजनिकरुपमा उपयोगमा आएको |
| | जम्मा ४५ वटा | | |

*स्रोत : वडा कार्यालयहरू, जलजला गाउँपालिका ।*

तालिकाअनुसार समुदायले आफै पहल गरी सामुदायिक प्रयोजनको लागि विभिन्न बस्तीहरूमा भवनहरू निर्माण गर्दै आएका हुन् । यो गाउँपालिकामा जम्मा ४५ सामुदायिक भवनहरू अहिले प्रयोगमा आईरहेका छन् । सबैभन्दा बढी सामुदायिक भवनहरू वडा नं. ८ नाग्लीवाङ्गमा निर्माण भएका छन् भने वडा नं. ३ र ४ मा सानो

सङ्ख्यामा रहेका छन् । सामुदायिक भवनहरूको प्रयोग सामुदायिक प्रयोजनमा भईरहेको स्वयं आमा समुहहरू र युवा क्लवहरूको भनाई रहेको छ ।

### ५.३६ सार्वजनिक पार्टी, पौवा र चौतारा सम्बन्धि विवरण

नेपाली समाजमा मौलाउँदै आएका सार्वजनिक महत्वका स्थानहरू, सम्पत्तिहरू जस्तै पार्टी, पौवा, चौतारा आदिको संरक्षण तथा विकासमा पछिल्लो वर्षहरूमा खासै ध्यान दिइएको देखिएन । समुदायमा रहेका यी सार्वजनिक सम्पत्तिहरूलाई मासेर मोटरबाटो खन्ने, कुलो नहर निर्माण गर्ने, विद्यालयका भवनहरू निर्माण गर्ने आदि कार्यहरूले स्थान पाए । सार्वजनिक बाटोमा बढी प्रयोगमा आएका यी संरचनाहरूको हाल प्रयोगमा व्यापक कटौती आएको हो । यसको पछाडीको कारण अहिले समुदायमा मान्छेहरू गोरेटो बाटो हिड्न छोडेर सवारीका साधनहरू चढ्न थाल्नु हो । अहिले समुदाय र सरकार दुवै यस्ता धार्मिक, ऐतिहासिक तथा सार्वजनिक महत्व बोकेका स्थानहरूको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिन थालेकाछन् । यिनीहरूको गाउँपालिकामा भएको अवस्थाका बारेमा तल तालिकामा उल्लेख गरिएको छ :-

तालिका नं. ५.३३

सार्वजनिक पार्टी, पौवा र चौतारा सम्बन्धि विवरण

| वडा नं. | सार्वजनिक बस्तू विवरण | स्थान | उपयोग | कैफियत |
|---|---|---|---|---|
| १ | ६ वटा चौतारा | वडा नं.१ बासखर्क | भईरहेको | |
| २ | ६ वटा चौतारा | वडा नं. २ माझफाँट | भईरहेको | |
| ३ | ७ वटा चौतारा | वडा नं. २ माझफाँट | भईरहेको | |
| ४ | ९ वटा चौतारा | वडा नं. २ माझफाँट | भईरहेको | |
| ५ | २० वटा चौतारा | वडा नं. ५ लकफाट | भईरहेको | |
| ६ | २३ वटा चौतारा र ४ वटा पौवा | वडा नं. ६ शालिजा | भईरहेको | |
| ७ | ३८ चौतारा र १ पौवा | वडा नं. ७ धाईरिङ्ग | भईरहेको | |
| ८ | २ वटा पौवा र ३८ चौतारा | वडा नं.८ नाग्लीवाङ्ग | भईरहेको | |
| ९ | १ ठाटी र ८ चौतारा | वडा नं. ९ बनौं | भईरहेको | |
| | जम्मा | | | |

*स्रोतः वडा कार्यालयहरू, जलजला गाउँपालिका ।*

तालिकामा गाउँपालिकामा भएका पार्टी, पौवा तथा चौतारोहरूको विवरणमा बारेमा उल्लेख गरिएको छ । तालिकामा उल्लेख भएअनुसार यो गाउँपालिकामा सबैभन्दा बढी चौताराहरू वडा नं. ८ नाग्लीवाङ् र वडा नं. ७ धाइरिङ्गमा रहेका छन् । गाउँपालिका भित्र ८ वटा पौवा तथा ठाँटीहरू रहेका छन् । तर यी पौवाहरूको प्रयोग हाल प्रभावकारीता देखिदैंन ।

### ५.३७ गाउँपालिकामा खेलमैदान सम्बन्धि विवरण

विद्यालयहाताभित्र सीमित खेलमैदानहरू अहिले समुदायमा पनि विस्तार हुन थालेका छन् । खेलको महत्व दिनानुदिन बढीरहेको बर्तमान अवस्थामा समुदायमा खेलमैदानको सङ्ख्यामा बृद्धि हुनु स्वभाविक हो । खेलतर्फको रूची बाहुन क्षेत्रीहरूको तुलनामा मगर तथा गुरूङ्ग जातीहरूमा बढी रहेको पाईयो । गाउँपालिकाभित्र मगरजातीहरूको बाहुल्यता रहेका कारण पनि यो क्षेत्रमा खेलमैदानको सङ्ख्या बढी रहेको छ । गाउँपालिकामा रहेका र प्रयोगमा आएका खेलमैदानहरूको सङ्ख्या तल तालिका नं. ९८ मा उल्लेख गरिएको छ :-

तालिका नं. ५.३४
खेलमैदान सम्बन्धि विवरण

| क.स. | खेलमैदानको किसिम र अनुमानित क्षेत्रफल | स्थान तथा वडा नं. | उपयोगको अवस्था( कसले उपयोग गर्दछ) | कैफियत |
|---|---|---|---|---|
| १ | ३ वटा | बाँसखर्क १ | | |
| २ | १ वटा | माझफाँट २ | | |
| ३ | १ वटा | माझफाँट ३ | | |
| ४ | १ वटा | माझफाँट ४ | | |
| ५ | ३ वटा | लेकफाँट ५ | | |
| ६ | ५ वटा | शालिजा ६ | | |
| ७ | ८ वटा | धाईरिङ्ग ७ | | |
| ८ | २ वटा | नाग्लीवाङ्ग ८ | | |
| ९ | ३ वटा | बनौ ९ | | |
| | जम्मा | | | |

*स्रोतः वडा कार्यालयहरू, जलजला गाउँपालिकाको कार्यालय ।*

माथिको तालिकामा गाउँपालिकामा निर्माण भएका तथा प्रयोगमा आएका खेलमैदानहरूको बारेमा उल्लेख गरेको छ । तालिकामा उल्लेख भए अनुसार सबैभन्दा बढी खेलमैदानको सङ्ख्या वडा नं. ७ धाईरिङ्गमा रहेको छ । त्यसपछि क्रमशः शालिजा, बनौ, बाँसखर्क, लेकफाँट आदि ठाउँहरूमा रहेका छन् । खेलमैदानहरूको सङ्ख्या अरू जातीहरू भन्दा मगरजातीहरूको बसोबास रहेको बस्तीहरूमा बढी निर्माण भएको र प्रयोगमा पनि आएको पाइयो ।

### ५.३८ पार्क, वनस्पति तथा उद्यानहरूको अवस्था

पार्क उद्यान लगायतका क्षेत्रहरूमा अहिले राज्य तथा समुदाय दुवैको चासो बढ्दै गएको छ । स्थानीय सरकार सञ्चालन ऐनमा प्रत्येक स्थानीय तहले कार्यक्रम तथा बजेटको ब्यवस्था गरी सबै वडाहरूमा बालउद्यान,

पार्क तथा बनस्पतिजन्य मनोरञ्जन आरमदायी स्थानहरूको विकासमा विशेष जोड दिनुपर्ने गरी ब्यवस्था गरेको छ । सार्वजनिक स्थानको लोप हुँदै गइरहेको बर्तमान अवस्थामा यी संरचनाहरूको महत्त्व समुदायस्तरमा बढ्दै गएको हो । गाउँपालिकामा पार्क तथा उद्यान सम्बन्धि अवस्थामा तल तालिकामा उल्लेख गरिएको छ :-

तालिका नं.५.३५
पार्क, वनस्पति तथा उद्यान सम्बन्धि विवरण

| क.सं. | पार्क तथा वालउद्यानको विवरण | स्थान तथा वडा नं. | सञ्चालक | कैफियत |
|---|---|---|---|---|
| १ | – | वाँसखर्क १ | – | |
| २ | – | माझफाँट २ | – | |
| ३ | – | माझफाँट ३ | – | |
| ४ | – | माझफाँट ४ | – | |
| ५ | – | लेकफाँट ५ | – | |
| ६ | – | शालिजा ६ | – | |
| ७ | – | धाईरिङ्ग ७ | – | |
| ८ | – | नाग्लीवाङ्ग ८ | – | |
| ९ | – | बनौ ९ | – | |
| | जम्मा | | | |

*स्रोतः जलजला गाउँपालिकाका वडा कार्यालयहरू ।*

माथिको तााालिकामा पार्क तथा बालउद्यान आदिका बारेमा उल्लेख गरिएको छ । गाउँपालिकाभित्र कुनै वडामा पनि बालउद्यान छैन । पार्कहरू पनि बनेका छैनन् । यस सम्बन्धमा वडा कार्यालयको कुनै कार्यक्रम तर्जुमा भएको छैन । गाउँपालिकाको अर्को साल आवस्यक ठाउँको पहिचान गरी बालउद्यान निर्माण गर्ने बारेमा बताउँछन् । हालसम्म तालिकामा पार्क वा उद्यान शून्य छ।

## ५.३९ गाउँपालिकाको कार्यालयदेखि वडा कार्यालयसम्मको दुरी सम्बन्धि अवस्था

संघीय ब्यववस्था अन्तर्गत नवगठित गाउँपालिकाहरूले साविक धेरै गाविसहरूलाई समेटेको छ । न्युनतम जनसङ्ख्या पुग्नुपर्ने र वडा विभाजन गर्न नपाईने कानूनी ब्यववस्थाका कारण वडाका विभिन्न बस्तीहरूबाट गाउँपालिकाको कार्यालयसम्म पुग्न धेरै समय लाग्ने बस्तीहरू पनि रहेका छन् । पहाडी जिल्लामा गठित यस्ता गाउँपालिकाका केन्द्रहरूमा पुग्न लाग्ने समय र फर्कीन लाग्ने समय फरक रहेको छ, जसलाई तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं.५.३६
गाउँपालिकाको कार्यालयदेखि वडा कार्यालयसम्मको दुरी सम्बन्धि विवरण

| वडा नं. | नगर केन्द्र रहेको स्थान | केन्द्रसम्मको दुरी (कि.मी.) |
|---|---|---|
| १ | बासखर्क वडा नं. १ | ७ कि.मी. |
| २ | माझफाट वडा नं. २ | ३ कि.मी. |
| ३ | माझफाट वडा नं. ३ | २ कि.मी. |
| ४ | माझफाट वडा नं. ४ | २ कि.मी. |
| ५ | लेकफाट वडा नं. ५ | ८ कि.मी. |
| ६ | शालिजा वडा नं. ६ | ७ कि.मी. |
| ७ | धाईरिङ्ग वडा नं. ७ | ८ कि.मी. |
| ८ | नाग्लीवाङ्ग वडा नं. ८ | ९ कि.मी. |
| ९ | बनौ वडा नं. ९ | १० कि.मी. |

*स्रोतः जिल्ला प्राविधिक कार्यालय, पर्वत ।*

माथिको तालिकामा गाउँपालिकाको केन्द्रदेखि सवै वडाहरूसम्मको दुरीका बारेमा उल्लेख गरिएको छ । केन्द्रदेखि सबैभन्दा टाढा बनौ १० कि.मी. रहेको छ भने नाग्लीवाङ्ग ९ कि.मी. छ । त्यसपछि शालिजा रहेको छ । लेकफाँट अनि त्यसपछि बाँसखर्क केन्द्रदेखि टाढा रहेका छन् ।

## ५.४० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्थाहरूको विवरण र वार्षिक बजेटको अवस्था

वि.सं २००४ मा **"ग्राम विकास"** बाट शुरू भएको गैर सरकारी संस्थाको भूमिका हालका दिनहरूमा व्यापक रूपमा बृद्धि भएको छ । नेपाली जनताको दोस्रो ठूलो आन्दोलन २०४७ सालपछि स्थापीत बहुदलीय ब्यवस्थाको शुरूवातीसँगै गैर सरकारी संस्थाहरूको सङ्ख्यामा बृद्धि भएको हो । दातृ निकायहरू तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले सिधै स्थानीय समुदायमा काम गर्न नपाउने कानूनी प्रावधानका कारण पनि गैर सरकारी संस्थाहरूको सङ्ख्या तथा भूमिकामा परिवर्तन आएको हो । विश्वमा बढ्दै गएको निजीकरणको प्रभाव तथा विश्वब्यापीकरणको विस्तारका कारण पनि गैर सरकारी संघ संस्थाहरू मौलाउने अवसर मिलेको हो भन्न सकिन्छ । यिनीहरूको प्रमुख काम भनेको राज्यले तर्जुमा गरेको नीति तथा कार्यक्रमलाई सहयोग पुर्‍याउनु हो । गाउँपालिकामा हाल कार्यरत गैर सरकारी संघ संस्थाहरू र अन्र्तराष्टिय गैर सरकारी संघ संस्थाहरूको विवरण तल उल्लेख गरिएको छः–

तालिका नं. ५.३७

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्थाहरूको विवरण

**क. NGO हरूको विवरण**

| क.स. | NGO को नाम | उद्देश्य/कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | खूर्कोट यूवाक्लव | क्षमता विकास, आय आर्जन | |
| २ | चौतर्फी विकास स्रोत मञ्च | क्षमता विकास, आय आर्जन | |
| ३ | नेष्डो नेपाल | क्षमता विकास, आय आर्जन | |
| ४ | सीड नेपाल | क्षमता विकास, आय आर्जन | |
| ५ | डि.सी.आर.डि.सी. | क्षमता विकास, आय आर्जन | |
| ६ | राष्ट्रिय दलित विकास संस्था | क्षमता विकास, आय आर्जन | |

*स्रोतः गाउँपालिकाको कार्यालय,जलजला, २०७४ ।*

माथिको तालिकामा गाउँपालिकाभित्र सञ्चालन हुँदै आएका गैर सरकारी संस्थाहरूका बारेमा उल्लेख गरिएको छ । गाउँपालिकामा खुर्कोट युवाक्लव, चौतर्फी विकास स्रोत मञ्च, नेष्डो नेपाल, राष्ट्रिय दलित विकास संस्था, आदि कार्यरत छन् । उल्लिखित संस्थाहरूले यो क्षेत्रमा क्षमता अभिबृद्धि गर्ने, आयआर्जनका क्रियाकलापहरू सञ्चालन गर्ने, पूर्वधार विकासका कार्यहरू सञ्चालन गर्ने, सामाजिक परिचालन सम्बन्धि कार्यहरू गर्दै आएका छन् ।

**ख. INGO हरूको विवरण**

| क.स. | INGO को नाम | रहेको स्थान | उद्देश्य/ कार्यक्षेत्र | सहयोगी दातृ निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | Plan Nepal | गाउंपालिकाका विभिन्न वडाहरु | आयआर्जन | | |
| | Heiper International | " | आयआर्जन | | |
| | RAP 3 | | पूर्वधार | | |
| | RWSSP | | खानेपानी र शौचालय | | |
| | जम्मा | | | | |

*स्रोतः जिल्ला समन्वय समितिको कार्यालय, कुश्मा, पर्वत ।*

गाउँपालिकामा जम्मा ४ वटा अन्तराष्टिय संस्थाहरू कार्यरत रहेका छन् । **Plan Nepal** ले क्षमता विकास तथा आयआर्जन सम्बन्धि कार्यहरू स्थानीय गैर सरकारी संस्थाहरू मार्फत गर्दै आएको छ । त्यसैगरी हेफर ईन्टरनेशनलले आयआर्जनका क्रियाकलापहरू जस्तै बाख्रापालन र क्षमता विकासको लागि तालिमलाई विशेष प्राथमिकता दिंदै आएको छ । **RAP3** ले ग्रामीण सडकहरूको स्तर उन्नतीको कार्यलाई विशेष प्राथकिमता दिदै आएको छ भने **RWSSP** ले स्वच्छ खानेपानी तथा शौचालय निर्माण र पूर्ण आनीबानी परिवर्तनमा विशेष जोड दिईको छ ।

**ग. UN Agency/Bailteral Organizations हरूको विवरण**

| क्रस | **UN Agency को नाम** | रहेको स्थान | सम्पर्क नं. | उद्देश्य/कार्यक्षेत्र | सहयोगी दातृ निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ० | ० | ० | ० | ० |

*स्रोतः गाउँपालिकाको कार्यालय, जलजला ।*

माथिको तालिका नं. (ग) मा **UN Agency** का बारेमा उल्लेख गरिएको छ । गाउँपालिकामा **UN** सँग सम्बन्धित संगठनहरूका कार्यक्रमहरू सञ्चालित नरहेको तथ्य तालिकाबाट प्रष्ट हुन्छ ।

## घ. गाउँपालिकामा रहेका गैर सरकारी संस्था एवम् युवाक्लवहरूको विवरणः

यस गाउँपालिकामा कार्यालय रहने गरी सामाजिक क्षेत्रमा क्रियाशील एवम् गैर सरकारी महासंघ तथा लोकतान्त्रिक गैर सरकारी महासंघमा आवद्ध संघ संस्था र युवाक्लवहरूको विवरण देहायअनुसार रहेको छः-

- महिला चेतना केन्द्र, माझफाँट
- नाङलीवाङ युवा क्लब, नाङलीवाङ
- सहभागितात्मक युवा श्रम उपयोग केन्द्र, धाइरिङ
- सल्यान युवा क्लब, धाइरिङ
- धाइरिङ युवा क्लब, धाइरिङ

# अध्याय छ
# सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाहरूको विवरण

## ६.१ सरकारी कार्यालयहरूको नाम, टेलिफोन विवरण

गाउँपालिकामा रहेका सरकारी कार्यालयहरूको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ६.१

गाउँपालिकामा रहेका सरकारी कार्यालयहरूको विवरण

| सि. नं. | कार्यालय | कार्यालय प्रमुखको नाम, थर |
|---|---|---|
| १ | जलजला गाउँकार्यपालिकाको कार्यालय | कृष्णप्रसाद गौतम |
| २ | बाँसखर्क स्वास्थ्य चौकी | दिलेराम कामती |
| ३ | मल्लाज स्वास्थ्य चौकी | गोरे दमाई |
| ४ | लेकफाँट स्वास्थ्य चौकी | राजु बोहोरा |
| ५ | शालिजा स्वास्थ्य चौकी | विजयकुमार ठाकुर |
| ६ | धाइरिङ्ग स्वास्थ्य चौकी | सरोजकुमार मेहता |
| ७ | नाग्लीवाङ्ग स्वास्थ्य चौकी | भगवती शर्मा |
| ८ | बनौं स्वास्थ्य चौकी | सुनिता बि. क. |
| ९ | पशुसेवा कार्यालय | विमलप्रसाद पौडेल |
| १० | इलाका वन कार्यालय | |

*स्रोतः प्रशासन शाखा, जलजला गाउँपालिका तथा जिल्ला स्वास्थ्य कार्यालय पर्वत, २०७४ ।*

## ६.२ सुरक्षा इकाईहरू

गाउँपालिकामा रहेका सूरक्षा इकाईहरूको विवरण यसप्रकार रहेको छः-

तालिका नं. ६.२

सूरक्षा इकाईको विवरण

| क्र.सं. | विवरण | स्थान | कैफियत |
|---|---|---|---|
| १ | प्रहरी चौकी, वारीबेनी | जलजला गा.पा. वडा नं. ३ | |
| २ | प्रहरी चौकी, मिलनचोक | जलजला गा.पा. वडा नं. ७ | |
| ३ | प्रहरी चौकी, लेकफाँट | जलजला गा.पा. वडा नं. ५ | |

## ६.३ विमानस्थलको विवरण

यस गाउँपालिका क्षेत्रमा विमानस्थल तथा हाल तयारी अवस्थामा रहेको हेलिप्याड छैन । तर विभिन्न स्थलमा हेलिप्याड तयार गर्न सकिने स्थितिमा रहेको छ ।

तालिका नं. ६.३

विमानस्थलको विवरण

| सि.नं. | विवरण | स्थान | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | विमान स्थल | - | - | |
| २ | हेलिप्याड | - | - | |

## ६.४ शवदाह तथा पशु वधशालाको स्थिति

यस गाउँपालिका क्षेत्रमा शवदाह तथा पशु बधशाला स्थल रहेको छैन । हुवास, हातेमाले चोक, त्रिवेणी तथा भोर्ले जस्ता स्थानमा वजार बिस्तार हुने क्रममा रहेको छ । हालसम्म शवदाह तथा पशु बधशालाको अति आवश्यकता समेत ठानिएको छैन । क्रमशः यसलाई विकास गर्ने गाउँपालिकाको सोच रहेको छ ।

तालिका नं. ६.४

शवदाह तथा बधशालाको विवरण

| सि.नं. | विवरण | स्थान | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | शवदाह | - | - | - |
| २ | पशु बधशाला | - | - | - |

## ६.५ एफ.एम./रेडियो स्टेशनहरूको विवरण

यस गाउँपालिकामा एफ.एम./रेडियो स्टेसनहरू सञ्चालन भएको छैन । गाउँपालिका क्षेत्रमा पर्वत जिल्लाको सदरमुकाम कुस्मामा भएका एफ.एम.हरूको अतिरिक्त म्याग्दी बेनी तथा बागलुङ जिल्लाबाट प्रसारण हुने एफ.एम./रेडियोको बढी पहुँच रहेको छ । वडा नं. १ बाँसखर्कमा जिल्ला स्थित सदरमुकाममा रहेका एफ.एम.को पहुँच सामान्य मात्रै रहेको छ ।

## ६.६ गाउँपालिकामा रहेका बैंक तथा सहकारी संस्थाहरूको विवरण

कुनैपनि समाजको आर्थिक तथा सामाजिक विकासमा त्याहाँ स्थापित बैंक, सहकारी संगठन तथा वित्तिय संस्थाहरूले खेल्ने भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । यस गाउँपालिकामा सरकारी बैंकका कुनै पनि शाखाहरू रहेका छैनन् भने निजीस्तरमा विक्रम सम्वत २०७४ चैत्र मशान्तसम्ममा वडा नं. ३ बेनी बजारमा NIC Asia र वडा नं. ४ मोहनचोकमा नेपाल इन्भेस्टमेण्ट बैंकका शाखा स्थापना गरिएका छन् । नेपालमा राष्ट्रिय अर्थतन्त्रको तीनवटा खम्बामध्ये एक खम्बाका रूपमा सहकारी संगठन रहेको छ । यस गाउँपालिकामा पनि विभिन्न कार्यप्रकृतिका सहकारी संस्थाहरू दर्ता भई सञ्चालन भईरहेका छन् । गाउँपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण देहायअनुसार रहेको छः-

तालिका नं. ६.५
गाउँपालिकामा रहेका सहकारी संस्थाहरूको विवरण

| क्र. सं. | सहकारी संस्थाको नाम | सदस्य सङ्ख्या | | | कार्यप्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | | |
| १ | जनकल्याण सहकारी संस्था लिमिटेड | १७ | २३७ | २५४ | उपभोक्ता | निष्क्रिय |
| २ | कालीगण्डकी बचत तथा ऋण सहकारी सं. लि. | ६ | ३१ | ३७ | बचत/ऋण | निष्क्रिय |
| ३ | जनकल्याण ताजा तरकारी उत्पादक सहकारी संस्था लिमिटेड | ६१ | ५४ | ११५ | तरकारी फलफूल | सक्रिय |
| ४ | लेकफाँट शालिजा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | ० | ० | ० | दुग्ध | निष्क्रिय |
| ५ | सानाकिसान कृषि सहकारी संस्था लिमिटेड | ३२८ | २८० | ६०८ | कृषि | सक्रिय |
| ६ | खोलाखेत व्यवसायिक कृषि सहकारी संस्था लिमिटेड, माझफाँट | १४ | १७ | ३१ | कृषि | सक्रिय |
| ७ | प्रगतिशील व्यवसायिक कृषि सहकारी संस्था लिमिटेड, धाइरिङ | ० | ० | ० | कृषि | दर्ता खारेजी लिक्वीडेसन |
| ८ | नव कालीगण्डकी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, माझपाँट | ४ | ३० | ३४ | बचत/ऋण | सक्रिय |
| ९ | नव फूलबारी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | १०४ | ० | १०४ | बहुउद्देश्यीय | सक्रिय |
| १० | जनकल्याण महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | २६ | ० | २६ | बहुउद्देश्यीय | सक्रिय |
| ११ | सगरमाथा महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, शालिजा | २८ | ० | २८ | बहुउद्देश्यीय | सक्रिय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | मल्लाज बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, माझफाँट | ६३ | ११९ | १८२ | बहुउद्देश्यीय | सक्रिय |
| १३ | धौलापहरा व्यवसायिक सहकारी संस्था लिमिटेड, लेकफाँट | ११ | १९ | ३० | उपभोक्ता | सक्रिय |
| १४ | कृष्णगंगा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, माझफाँट | १३६ | १७३ | ३०९ | बहुउद्देश्यीय | सक्रिय |
| १५ | लुङ्दी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, माझफाँट | २१ | ३६ | ५७ | बहुउद्देश्यीय | सक्रिय |
| १६ | नागलीवाङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, नागलीवाङ, | ९ | १९ | २८ | बहुउद्देश्यीय | सक्रिय |
| १७ | राधाकृष्ण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ६ | २६ | ३२ | बहुउद्देश्यीय | निष्क्रिय |
| १८ | प्रगतिशील बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, धाइरिङ | ११ | १८ | २९ | बहुउद्देश्यीय | लिक्वीडेसन |
| १९ | बिजउरा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | १० | १५ | २५ | बहुउद्देश्यीय | सक्रिय |
| २० | उत्प्रेरणा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ११ | १४ | २५ | बहुउद्देश्यीय | सक्रिय |
| २१ | जलजला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, शालिजा | ८ | २२ | ३० | बहुउद्देश्यीय | सक्रिय |
| २२ | हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बाँसखर्क | १५ | १० | २५ | बहुउद्देश्यीय | दर्ता खारेजी |
| २३ | नमुना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | १५ | ३२ | ४७ | बहुउद्देश्यीय | सक्रिय |
| २४ | मल्लाज भुतपूर्व सैनिक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, माझफाँट | ६८ | ११९ | १८७ | बहुउद्देश्यीय | सक्रिय |
| २५ | धौलागिरि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ६ | २१ | २७ | बहुउद्देश्यीय | सक्रिय |
| २६ | बनौं उपभोक्ता सहकारी संस्था लिमिटेड, बनौं | ५ | २० | २५ | उपभोक्ता | सक्रिय |
| २७ | गिद्धेश्वर कृषि सहकारी संस्था लिमिटेड, लेकफाँट | ६ | २२ | २८ | कृषि | सक्रिय |
| २८ | मालिका जडिबुटी उत्पादक सहकारी संस्था लिमिटेड, लेकफाँट | १० | २० | ३० | जडिबुटी | सक्रिय |
| २९ | हाम्रो नमुना दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, | ४ | ३२ | ३६ | दुग्ध | सक्रिय |
| ३० | सफल महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, | १२५ | ० | १२५ | बचत/ ऋण | सक्रिय |
| ३१ | माझफाँट महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, माझफाँट | ७४० | ० | ७४० | बचत/ ऋण | सक्रिय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२ | धौलागिरि बंगुरपालन सहकारी संस्था लिमिटेड, | ० | २७ | २७ | बंगुरपालन | सक्रिय |
| ३३ | धाइरिङ भूमे बचत तथा ऋण सहकारी संस्था लिमिटेड, धाइरिङ | ३१३ | ० | ३१३ | बचत/ ऋण | सक्रिय |
| ३४ | शालिजा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, शालिजा | ३९ | ० | ३९ | बचत/ ऋण | सक्रिय |
| ३५ | नव सिर्जनशील कृषि सहकारी संस्था लिमिटेड, | १६७ | २०३ | ३७० | कृषि | सक्रिय |
| ३६ | नमुना दिदीबहिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, | ६८ | ० | ६८ | बचत/ ऋण | सक्रिय |
| ३७ | बजारमारे सुन्तला उत्पादन सहकारी संस्था लिमिटेड, बाँसखर्क | ७ | २३ | ३० | फलफूल | सक्रिय |
| ३८ | संगम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्था लिमिटेड, | ७ | २४ | ३१ | दुग्ध | सक्रिय |
| ३९ | एकता कृषि सहकारी संस्था लिमिटेड, | ४६ | ३९ | ८५ | कृषि | सक्रिय |
| ४० | मल्लाज बगरफाँट बचत तथा ऋण सहकारी संस्था लिमिटेड, माझफाँट | ४५ | ३२ | ७७ | बचत/ऋण | सक्रिय |
| ४१ | हम्पाल उद्यमशील सहकारी संस्था लिमिटेड, शालिजा | ३९ | १६ | ५५ | उद्यमी | सक्रिय |
| ४२ | जुनतारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, | १२ | १३ | २५ | बचत/ऋण | सक्रिय |
| ४३ | कुवापानी कृषि सहकारी संस्था लिमिटेड, लेकफाँट | ११ | १५ | २६ | कृषि | सक्रिय |
| ४४ | लामाखेत बचत तथा ऋण सहकारी संस्था लिमिटेड, माझफाँट | ६१ | ३९ | १०० | बचत/ऋण | सक्रिय |
| ४५ | मार्कण्डेय उद्यमशील सहकारी संस्था लिमिटेड, | १८० | ० | १८० | उद्यमी | सक्रिय |
| | जम्मा | २८६३ | १८१७ | ४६८० | | |

*स्रोतः डिभिजन सहकारी कार्यालय, बागलुङ, २०७४ ।*

गाउँपालिकामा गठन भएका सहकारी संस्थाहरूको विवरण अध्ययन गर्दा आर्थिक वर्ष ०७४/०७५ सम्म ४५ वटा सहकारी संस्थाहरू डिभिजन सहकारी कार्यालय बागलुङमा दर्ता भएको देखिन्छ । यी सहकारीमध्ये तीनवटाको दर्ता खारेजीमा परेका, चारवटा निष्क्रिय रहेका र अठ्तीसवटा सहकारी मात्र सक्रिय रहेका छन् । ४५ वटा सहकारी संस्थाहरूमा रहेका कुल शेयरसदस्य (४६८०) मध्ये पुरूष (१८१७) को तुलनामा महिला (२८६३) को सङ्ख्या बढी रहेको देखिन्छ । सबैभन्दा धेरै बहुउद्देश्यीय सहकारी संस्था (१६) सञ्चालनमा आएको देखिन्छ भने बचत तथा ऋण सहकारी संस्था दशवटा सञ्चालनमा रहेका छन् । गाउँपालिकामा कृषि सहकारी सातवटा, दुग्ध

सहकारी तीनवटा, उपभोक्ता सहकारी तीनवटा, तरकारी फलफूल सहकारी दुईवटा, उद्यमी सहकारी दुईवटा र वंगुरपालन तथा जडिबुटी सहकारी एक एकवटा सञ्चालनमा आएको देखिन्छ ।

## ६.७ रासायनिक मल बिक्री वितरण गर्ने सहकारी संस्थाहरू

यस गाउँपालिकामा तपसिल वमोजिमका सहकारी संस्थाहरूले यस क्षेत्रका कृषकहरूलाई रासायनिक मल बिक्री बितरण गर्ने गर्दछन् ।

तालिका नं. ६.६
रासायनिक मल बिक्री वितरण गर्ने सहकारी संस्थाहरू

| क्र.सं. | बिक्रेता सहकारी संस्थाको नाम | ठेगाना | सम्पर्क व्यक्ति |
|---|---|---|---|
| १ | श्री विजउरा वहुउद्देश्यिय सहकारी संस्था लि. | जलजला-७, धाइरिङ | चन्द्रे दमाई |
| २ | श्री नमूना बहुउद्देश्यीय सहकारी संस्था लि. | जलजला-८, नाङलिबाङ | तारानाथ पाध्या |
| ३ | श्री ढोडेनी फर्से तरकारी उत्पादक सहकारी सं. लि. | जलजला-८, नाङलिबाङ | जिवानन्द सापकोटा |
| ४ | श्री जनकल्याण ताजा तरकारी उत्पादक सहकारी सं.लि. | जलजला-७, धाइरिङ | इन्द्रप्रसाद आचार्य |
| ५ | श्री धौलागिरी बहुउद्देश्यीय सहकारी संस्था लि. | जलजला-७, धाइरिङ | दिपकप्रसाद आचार्य |
| ६ | श्री धौलापहरा व्यवसायिक कृषि सहकारी संस्था लि. | जलजला-५, लेकफाँट | यामबहादुर गुरूङ |
| ७ | श्री गिद्देश्वर कृषि सहकारी संस्था लि. | जलजला-५, लेकफाँट | ओमप्रसाद रेग्मी |
| ८ | श्री मल्लाज भू.पू.सैनिक बहुउद्देश्यीय सहकारी संस्था लि. | जलजला-५, लेकफाँट | शेरबहादुर खत्री |
| ९ | श्री प्रगतिशिल बहुउद्देश्यीय सहकारी संस्था लि. | जलजला-६, शालिजा | पूर्णहरि रेग्मी |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, पर्वत तथ्याङ्क पुस्तिका, २०७२/०७३ ।*

## ६.८ गाउँपालिकामा निर्मित कृषि सेवा केन्द्र, उपकेन्द्र र कृषि समुहहरूको सङ्ख्यात्मक अवस्था

संघीय ब्यवस्था अघि स्थानीय स्वयत्त शासन ऐन २०५५ अनुसार जिल्लाबाट विभिन्न ईलाकाहरूमा सेवा प्रवाह गर्ने ब्यवस्था थियो । जिल्लाका साविक धेरै इलाकाहरू तथा गाविसहरूमा सेवा केन्द्र मार्फत विषयगत कार्यालय अन्तर्गत जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला विकास समितिले ब्यवस्थापनको काम गर्दै आएका थिए । जिल्लाका विभिन्न इलाकास्तरीय केन्द्रहरूमा आफ्नो भवन वा ब्यक्तिको भवनबाट सेवा प्रवाह गर्दै आएका यी कृषि सेवा केन्द्रको भवनका बारेमा तालिका नं ६.७ मा ब्यवस्था गरिएको छ । तालिका नं. ६.७ मा गाउँपालिका अन्तर्गतका वडाहरूमा कृषि सेवाका भवनहरू कुनु कुन वडाहरूमा आफनै घरबाट ब्यवस्था हुन सकेको छ भन्ने बारेमा उल्लेख गरिएको छ ।

तालिका नं. ६.७

कृषि सेवाकेन्द्र, उपकेन्द्र, कृषि समुह

| वडा नं | विवरण | भवनको प्रकृति : .....वटा | | | कैफियत |
|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | |
| १ | छैन | - | - | - | - |
| २ | छैन | - | - | - | - |
| ३ | छैन | - | - | - | - |
| ४ | छैन | - | - | - | - |
| ५ | छैन | - | - | - | - |
| ६ | सेवाकेन्द्र मिलनचोकमा भाडामा | - | - | - | - |
| ७ | छैन | - | - | - | - |
| ८ | नाग्लीवाङ | - | - | १ वटा | बिक्री कक्ष |
| ९ | छैन | - | - | - | - |
| | जम्मा | - | - | - | - |

स्रोतः जिल्ला पशुसेवा कार्यालय, पर्वत ।

माथिको तालिकामा विभिन्न सेवा केन्द्र तथा उपकेन्द्रहरू सञ्चालन हुँदै आएका भवनहरूका बारेमा उल्लेख गरिएको छ । जलजला गाउँपालिकाका कुनै वडामा कृषि तथा पशुको आफ्नो भवन नभएको उल्लेख गरिएको छ । गाउँपालिकाको वडा नं. ७ धाईरिङ्गमा मात्र सेवा केन्द्र रहेको र उक्त सेवा केन्द्र हाल विद्यालयको भवनबाट सञ्चालन हुँदै आइरहेको छ । तर कृषि वा पशुको आफ्नै भवन भने नभएको तालिकाले जनाएको छ ।

### ६.९ पशुसेवा केन्द्र, उपकेन्द्र र कृषक समुहको भवनको अवस्थाः

विगतका वर्षहरूमा स्थानीय स्तरमा सेवा प्रवाह गर्नको लागि विषयगत कार्यालयहरू मध्ये जिल्ला पशु सेवा कार्यालयको सेवालाई आवस्यकता अनुसार साविक जिल्ला विकास समितिको परिषदको निर्णय अनुसार विभिन्न गाविस तथा इलाकस्तरका केन्द्रहरूमा ब्यवस्था गरिएको थियो । जिल्लामा रहेका ११ वटा इलाकाहरूमा सेवा प्रवाह गर्ने ब्यवस्था अन्तर्गत जनताको बढी पहूँच हुने स्थानबाट सेवा प्रवाह गरिएको थियो । सेवा प्रवाह गर्ने सन्दर्भमा सेवा केन्द्रलाई आवस्यक पर्ने भवन साविक स्थानीय सरकार, जनता, जिल्ला विकास समिति तथा नेपाल सरकारको सहयोगमा भवन निर्माण गर्ने गरिन्थ्यो भने यसरी सबै निकायहरूबाट स्रोत जुट्न नसक्ने स्थानहरूमा ब्यक्तिको घरबाट सेवा प्रवाह भईरहेको अवस्था थियो । अतः जलजला गाउँपालिकामा पशुको सेवा प्रवाह गर्ने केन्द्र वा उप केन्द्रका कार्यालयहरूको आफ्नो भवन हो वा होइन ? यदि हो भने बनावटको अवस्था के छ भन्ने जानकारी तथ्याङ्कको आधारमा तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ६.८
पशुसेवा केन्द्र, उपकेन्द्र, कृषक समुहको भवनको अवस्था

| वडा नं. | गाउपालिकाका वडाहरु | भवनको प्रकृति : १ बटा | | | कैफियत |
|---|---|---|---|---|---|
| | | गोटा | कच्चिच | पक्की | |
| १ | छैन | - | - | - | |
| २ | छैन | - | - | - | |
| ३ | छैन | - | - | - | |
| ४ | छैन | - | - | - | |
| ५ | छैन | - | - | - | |
| ६ | सेवाकेन्द्र मिलनचोकमा भाडामा रहेको | - | - | - | |
| ७ | छैन | - | - | - | |
| ८ | बिक्री कक्षा निर्माण भएको | १ वटा | - | पक्कि | |
| ९ | छैन | - | - | - | |
| | जम्मा | - | - | - | |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, पर्वत ।*

माथिको तालिकामा पशुसेवा केन्द्र, उपकेन्द्र र कृषक समुहको भवनहरूको अवस्थाका बारेमा उल्लेख गरेको छ । तालिका अनुसार जलजला गाउँपालिकामा पशु सेवा कार्यक्रमसँग सम्बन्धि भवनहरू ८ वटा वडामा निर्माण भएका छैनन् । गाउँपालिकाको वडा नं. ८ फर्सेमा एक कृषि उपज बिक्री केन्द्र निर्माण भई कृषि उपज खास गरी तरकारी बिक्री भईरहेको छ ।  यो क्षेत्र कृषि उपजको लागि महत्वपूर्ण रहेको र उत्पादनसँगै कुश्मा, बागलुङ्, बेनी जस्ता बजारहरू भएका कारण यस क्षेत्रको कृषि विकासमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

## ६.१० गाउँपालिकामा हुलाक सेवाको अवस्था

विगतका वर्षहरूमा जनताको सबैभन्दा विश्वासिलो सूचनाको आधार हुलाक सेवा थियो । नेपालमा हुलाक सेवाको इतिहास लामो छ । चिट्ठीपत्रहरू एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याउने काम हुलाक मार्फत गरिन्थ्यो । व्यक्तिगत वा सरकारी सबै प्रकारका सूचनाहरू हुलाकीमार्फत प्रवाह हुने गर्दथे । जनताको विकास तथा सेवा गर्ने सरकारी निकायहरूमा हुलाक जनताको सबैभन्दा नजिकको साथि थियो । अहिले विश्वमा विकसित भएको प्रविधिका कारण कम्प्युटर मार्फत मेल, ईमेल, वेभसाइट, फ्याक्स, म्यासेज, म्यासेन्जर, भाइवर, आदिको प्रयोगमा ब्यापकता आएको छ । अबका दिनहरूमा हुलाक सेवामा टेलीसेन्टरमा विकास गर्नसके हिजो जस्तै पुन हुलाक सेवाको भूमिकालाई बढाउन सकिन्छ । पर्वत जिल्लाको सन्दर्भमा हुलाकलाई जोडेर हेर्दा पर्वत सबै ग्रामीण क्षेत्र भएको कारण प्रायः सबै साविकका गाविसहरूमा हुलाकको ब्यवस्था गरिएको थियो । तर सबै हुलाकको सेवा

प्रवाह गर्ने भवनहरू सरकारी भने थिएनन् । गाउँपालिकामा हुलाक सेवा प्रवाह गर्ने भवनहरूको स्वामित्व र प्रकृतिका बारेमा तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ६.९
गाउँपालिकाभित्र हुलाक सेवा केन्द्रको अवस्था

| वडा नं. | विवरण | भवनको प्रकृति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | |
| १ | आफ्नो भवन छैन | – | – | – | |
| २ | आफ्नो भवन छैन | - | - | - | |
| ३ | आफ्नो भवन छैन | - | - | - | |
| ४ | आफ्नो भवन छैन | - | - | - | |
| ५ | आफ्नो भवन छैन | - | - | - | |
| ६ | आफ्नो भवन छैन | - | - | - | |
| ७ | आफ्नो भवन छैन | - | - | - | |
| ८ | आफ्नो भवन छैन | - | - | - | |
| ९ | आफ्नो भवन छैन | - | - | - | |
| | जम्मा | - | - | - | |

*स्रोतः जिल्ला हुलाक कार्यालय, पर्वत ।*

माथिको तालिकाको अध्ययन गर्दा यस गाउँपालिकामा हुलाक सेवा प्रवाहको लागि सरकारीस्तरको कुनैपनि भवन हालसम्म निर्माण भएको छैन । जम्मा ९ वटा वडा रहेको यो गाउँपालिकाको कुनै वडामा पनि भवनको निर्माण नभएको हो । हुलाकको सेवा ओझेलमा परेको अवस्थामा हुलाकको महत्व बढाई सूचनाको हकमा सर्वसाधरणको पहुँच थप विस्तार गर्नको लागि हुलाकलाई टेलिसेन्टरमा परिणत गर्नुपर्ने देखिन्छ ।

## ६.११ साविक गाविस तथा हालका वडा कार्यालयहरूको भवनको अवस्था

सरकारले २०१८ सालमा नेपाललाई ७५ जिल्लामा राजनैतिक विभाजन गरेपछि जिल्ला मार्फत गाउँपञ्चायत हुँदै गाविसहरूको संस्थागत विकामा जोड दिन थालियो । २०४७ सालपछि गाउँपञ्चायतको नाम परिर्वतन भएर गाविसमा परिणत भयो । यसको संरचनागत बनोटमा पनि ब्यापक परिवर्तन गरियो । २०५२ सालदेखि सिधै गाविसमा सरकारी बजेट जाने ब्यवस्था मिलाइयो । यो बजेटले तत्कालीन धेरै गाविसहरूले पहिला सेवा प्रवाहलाई सहज बनाउनको लागि आफ्नै स्वामीत्वको भवन बनाउने प्रयाश गर्दा धेरै भवनहरू निर्माण भए । भरखरै मात्र प्रयोगमा आएको संघीय संरचना अन्तर्गत गठित सरकारले पनि गाउँपालिका तथा नगरपालिकाको

भवन निर्माणमा विशेष जोड दिएको छ । यस गाउँपालिकामा निर्माण भईसकेका भवनहरू तथा निर्माणधिन भवनहरू र भवन नभएका वडाहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छः-

तालिका नं. ६.१०

हालका वडा कार्यालय/ गाउँपालिकाका भवनहरूको विवरण

| वडा नं. | वडा कार्यालय/ गाउँपालिकाको कार्यालय | भवनको प्रकृति : ६ वटा | | | कैफियत |
|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | |
| १ | वडा कार्यालय आफ्नै छ | – | – | √ | |
| २ | वडा कार्यालय भाडामा छ | – | – | ० | |
| ३ | वडा कार्यालय आफ्नै छ | – | – | √ | |
| ४ | वडा कार्यालय भाडामा छ | – | – | ० | |
| ५ | वडा कार्यालय आफ्नै छ | – | – | √ | |
| ६ | वडा कार्यालय आफ्नै छ | – | – | √ | |
| ७ | वडा कार्यालय आफ्नै छ | – | – | √ | |
| ८ | वडा कार्यालय भाडामा छ | – | – | ० | |
| ९ | वडा कार्यालय आफ्नै छ | – | – | √ | |
| | जम्मा | – | – | ६ | |

*स्रोतः जलजला गाउँपालिकाको कार्यालय, पर्वत, २०७४ ।*

माथिको तालिकाले गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूको अवस्थाका बारेमा उल्लेख गरेको छ । तालिकामा उल्लेख भएको तथ्याङ्कअनुसार गाउँपालिकाको वडा नं. १, ३, ५, ६,७ र ९ मा मात्र वडा कार्यालयको आफ्नो भवन रहेको र अन्य वडाहरू जस्तो वडा नं. २, ४ र वडा नं.८ को आफ्नो कार्यालय निर्माण भएको छैन । यी वडाहरूमा ब्यक्तिको घरबाट वडा कार्यालयहरूले आफ्नो सेवा प्रवाह गरिरहेको अवस्था छ । जलजला गाउँपालिकाको आफ्नो कार्यालय नभएका कारण लामाखेतमा ब्यक्तिहरूको घरबाट सेवा प्रवाह गर्न बाध्य छ । हालसम्म गाउँपालिकाको जम्मा ६ वटा वडामा मात्र वडा कार्यालयका भवनहरू सम्पन्न भई कार्यान्वयन भईरहेको तथ्याङ्कले देखाएको छ ।

## ६.१२ गाउँपालिकामा वित्तिय अवस्था

जलजला गाउँपालिका ३ वटा जिल्ला सदरमुकामको झण्डै बीचमा पर्दछ । यो गाउँपालिकाबाट सबैभन्दा नजिक म्याग्दीको बेनीबजार, अनि बागलुङको बागलुङ बजार र पर्वतको कुश्मा बजार रहेका छन् ।

गाउँपालिकाको बीचबाट पोखरा मुस्ताङ जोड्ने सहायक राजमार्ग सञ्चालित छ । उल्लिखित कारणहरूले यहाँ सहकारी लगायतका वित्तिय कारोवार गर्ने संस्थाहरू सक्रिय छन् । यी संस्थाहरूसम्म वहुसङ्ख्याक जनताको पहुँच पुगेको देखिन्छ । अहिले पनि धेरै जनताहरू जिल्ला सदरमुकामस्थित बैंकमा जाने गरेको पाइएको छ । सहकारी संस्थाहरू भने वडास्तरमा सञ्चालित छन् । गाउँपालिकामा सञ्चालित वित्तिय संस्थाहरू लगायत बैंकहरूको सङ्ख्याका बारेमा तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६.११
बैंक तथा वित्तिय संस्थाहरूको विवरण

| क्रस | वडा नं. र बस्ती | फाइनान्स | विकास बैंक | बैंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ बासखर्क | ० | ० | ० | |
| २ | २ माझफांट | ० | ० | ० | |
| ३ | ३ माझफाट | ० | NIC ASIA | ० | |
| ४ | ४ माझफाट | ० | INVESTMENT | ० | |
| ५ | ५ लेकफांट | ० | ० | ० | |
| ६ | ६ शालिजा | ० | ० | ० | |
| ७ | ७ धाईरिङ्ग | ० | ० | ० | |
| ८ | ८ नाग्लीवाङ्ग | ० | ० | ० | |
| ९ | ९ बनौ | ० | ० | ० | |
| | जम्मा | ० | २ वटा | ० | |

*स्रोतः गाउँपालिकाको कार्यालय, जलजला पर्वत ।*

माथिको तालिकामा गाउँपालिका भित्र रहेका वित्तिय संस्थाहरूको बारेमा उल्लेख गरिएको छ । तालिका अनुसार यो गाउँपालिकामा जम्मा २ वटा मात्र विकास बैंकहरू रहेका छन् । वडा नं. ३ माझफाँटमा एन.आई.सी. एशिया र वडा नं. ४ मोहनचोकमा ईन्भेष्टमेन्ट बैंक रहेको छ । गाउँपालिकामा सबैभन्दा बढी २१ वटा सहकारीहरू सञ्चालित छन् । अन्य वित्तिय संस्थाहरू भने यो गाउँपालिकामा कार्यरत छैनन् ।

# अध्याय सात
# आर्थिक तथा सामाजिक विकासका अवसर, चुनौती र सम्भावनाहरू

## ७.१. गाउँपालिकाका अवसरहरू

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएपश्चात् संघीय संरचनाअनुरूप स्थानीय तहहरूको गठन भएको छ । संविधानमा नै स्थानीय तहको गठन, अधिकार, दायित्व तथा कार्यक्षेत्र उल्लेख गरिएकोले विगतका स्थानीय निकायहरूको तुलनामा स्थानीय तहहरू कानुनतः बढी अधिकार सम्पन्न भएका छन् । यस सन्दर्भमा आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मूख्य अवसरहरूलाई निम्नरूपमा उल्लेख गर्न सकिन्छः-

- ❖ संवैधानिक रूपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको ।
- ❖ प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट स्थानीयबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको ।
- ❖ विभिन्न पर्यटकीय तथा धार्मिक सम्पदास्थलको उपयोग गर्दै पर्यटन व्यवसायको विकास र विस्तारका माध्यमबाट स्थानीयको आर्थिक तथा जीवनस्तरमा सुधार ल्याउन सकिने स्थिति रहेको ।
- ❖ कालीगण्डकी तटीय क्षेत्रमा रहेको नदीजन्य बस्तुहरूको उपयोगबाट आन्तरिक राजश्व अभिवृद्धि गर्न सकिने अवस्था रहेको ।
- ❖ ऐतिहासिक तथा पौराणिक महत्त्व बोकेको कालञ्जर हम्पाल पर्वत क्षेत्रलाई चार नम्वर प्रदेशकै प्रमुख पर्यटकीय गन्तब्यस्थलका रूपमा विकास गर्न सकिने अवस्था रहेको ।
- ❖ गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा पुगेको ।
- ❖ वनजंगल, जडिबुटी, जलस्रोत, ढुङ्गाखानी आदिजस्ता प्राकृतिक स्रोतको लाभ लिन सकिने अवस्था रहेको ।
- ❖ पशुपालन व्यवसायको माध्यमबाट दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको ।

- राजनैतिक परिवर्तनसंगै जनमानसमा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको उत्कट चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको ।
- कालीगण्डकी करिडोरसंग सडक सञ्जाल जोडिएकोले यसबाट पर्यटन तथा व्यापार व्यवसायमा विस्तार गर्न सकिने अवस्था रहेको ।

## ७.२ गाउँपालिकाका समस्या तथा चुनौतीहरू

यस गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको संगसंगै चुनौतीका चाङहरूपनि प्रशस्त रहेका छन् । यस क्षेत्रको विकास र पहिचानको प्रमुख समस्या भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु हो । यस क्षेत्रमा पर्यटन तथा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सन्दर्भमा निम्न चुनौती एव समस्याहरू रहेका छन्ः-

- वर्तमान संविधानले गाउँपालिकालाई राजश्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था गरेको भए तापनि सोही अनुसारको आर्थिक, प्रशासनिक संरचना, कमजोर मानव संशाधन विकासका कारण आन्तरिक राजश्व सङ्कलनमा अपेक्षित रूपमा ठूलो फड्को मार्ने कार्य चुनौतीपूर्ण देखिन्छ ।
- गाउँपालिकाको धेरैजसो भू-भागमा वन क्षेत्र, चरनपाखा, खोला, बगर, भीर पाखा र भिरालो जमिन भएकोले कृषिको आधुनीकिकरण गरी व्यवसायिक कृषिलाई अघि बढाउने कार्य पनि चुनौतीपूर्ण नै छ ।
- विगतमा स्थानीय निकायले जस्तै वर्तमानमा पनि गाउँपालिकाबाट विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रीत भएको र मानव संसाधन विकासमा कम बजेट छुट्ट्याउने परम्परालाई परिवर्तन गर्नुपनि चुनौतीपूर्ण रहेको छ ।
- गाउँपालिकाका विभिन्न वडाहरूमा विभिन्न प्रकारका नयाँ नयाँ फलफूल तथा जडिबुटीहरूको व्यवसायिक रूपमा खेती शुरू गरे तापनि यिनीहरूका लागि बजारको पहिचान नगरेसम्म कृषकहरूलाई यसतर्फ दीर्घकालीन रूपमा आकर्षित गराउने कार्य चुनौतीपूर्ण छ ।
- गाउँपालिकाका नौ वटै वडाहरूमा मोटरबाटो पुगे तापनि ग्रामीण सडकहरू साँघुरा, जीर्ण तथा कच्ची रहेका छन् । यसले गर्दा सडक यात्रा जोखिमपूर्ण र खर्चिलो बन्दै गएको छ । सबै वडाहरूमा पुग्ने सडकमार्गलाई कालोपत्रे गर्ने तथा कम्तीमा पनि ग्र्याबलिङसम्म गर्ने कार्य चुनौतीपूर्ण छ ।

- गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रूपमा रहेका छैनन् । सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजश्वलाई एउटै बास्केटमा जम्मा गरी गाउँपालिकाको विकासमा लगाउने कार्य पनि चुनौतीपूर्ण नै छ ।
- पर्यटकीय विकासको उच्च सम्भावना बोकेको कालञ्जर हम्पाल क्षेत्र मानव बस्ती भएका ठाउँहरूबाट करिब तीन देखि चार घण्टासम्मको पैदल यात्रामा पुग्न सकिने दुरीमा रहेको छ । पर्यावरणीय दृष्टिले उपयुक्त र प्राकृतिक सौन्दर्यताको दृष्टिले मनोरम स्थल हुँदाहुँदैपनि सडक यातायातको सहज पहुँच नभएकोले सजिलै र चाहेको बेला यस क्षेत्रमा पुग्न सकिने अवस्था छैन । भौगोलिक अवस्था तथा पर्यावरणीय दृष्टिले अति संवेदनशील क्षेत्र भएकोले विकासका पूर्वाधारहरूको विस्तार गर्न यहाँ त्यति सजिलो रहेको छैन ।
- गाउँपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्त्वपूर्ण जडिबुटी, बन्यजन्तु लापोन्मुख हुँदै जान थालेका छन् भने पर्यावरणीय चुनौती थपिंदै गएको छ ।
- कालञ्जर हम्पाल पर्वत क्षेत्रमा रहेको हम्पाल सामुदायिक वन तथा अन्य वन क्षेत्रबाट जथाभावी वन फँडानी गरी बहुमूल्य काठको अवैध चोरी निकासी बढ्दै गएको पाइएकोले वनक्षेत्र विनास हुने खतरा पैदा भएको छ ।
- स्थानीय स्रोत, साधन, जडिबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण हुन नसक्नु ।
- ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको संरक्षण र संवर्द्धनपट्टि सम्बन्धित निकायको कम चासो रहनु ।

### ७.३ गाउँपालिकाका विकासका सम्भावनाहरू

विश्वका अतिकम विकसित राष्ट्रहरूमध्येमा हाम्रो देश नेपाल पनि पर्दछ । प्राकृतिक साधन तथा स्रोतको प्राचुर्यता हुँदाहुँदै पनि तिनीहरूको अधिकतम् ढंगबाट परिचालन र उपयोग हुन नसक्दा आर्थिक विकासका दृष्टिले पिछडीएको अवस्थामा नेपाल रहेको छ । लामो समयसम्मको योजनावद्ध विकासको बाबजुद्पनि समृद्धि र उन्नतिको अपेक्षित परणिामको अनुभव गर्न अझैसम्म सकिएको छैन । देशको समग्र स्थिति जस्तै पहाडी भू -धरातल भएको पर्वत जिल्लाको उत्तर पश्चिम क्षेत्रमा अवस्थित यस गाउँपालिकाको पनि रहेको छ । यहाँ रहेका विभिन्न धार्मिक सम्पदास्थलहरू, पर्यटकीय स्थलहरू, अनुपम प्राकृतिक सौन्दर्यता, प्राकृतिक स्रोत तथा साधनको प्राचुर्यता, लघु उद्यम विकास, कृषि विकास, व्यवसायिक फलफूल तथा तरकारी खेती र पर्या-पर्यटनको प्रबल सम्भावना बोकेको यस गाउँपालिकामा सामाजिक, आर्थिक तथा पर्यटन विकासका प्रशस्त सम्भावनाहरू रहेका छन् । गाउँपालिका क्षेत्रभित्रका आर्थिक स्रोतहरूको पहिचान गरी तिनबाट पर्याप्त राजश्व सङ्कलन गर्दै केन्द्रीय

र प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान रकमको समेत उपयोगसहित आर्थिक विकासको गतिलाई अघी बढाउँदै समृद्धि र उन्नतिको शिखरमा पुग्न सक्ने बलियो सम्भावना र अवसर गाउँपालिकामा रहेको छ । यो गाउँपालिका ढुङ्गा, गिटी, बालुवा, जडिबुटी, वनपैदावर आदिजस्ता प्राकृतिक स्रोत तथा साधनहरूले धनी रहेको छ । यस किसिमका स्रोत तथा साधनको आदर्शतम् तरिकाबाट उपयोग र परिरचालन गर्नसके आर्थिक रूपले सबल बन्न सक्ने सम्भावना रहेको छ । गाउँपालिकाको समृद्धि भनेको नै गाउँबासीहरूलाई आर्थिक रूपले सबल बनाई उनीहरूको जीवनस्तरमा सुधार ल्याउनु हो । सडक, शिक्षा, स्वास्थ्य, सिंचाई, खानेपानी, सञ्चार जस्ता भौतिक पूर्वाधारको विकास सँगसँगै गाउँबासीहरूको आर्थिक अवस्थामा सुधार र परिवर्तन ल्याउने कार्य चुनौतीपूर्ण हुन्छ ।

केन्द्रिकृत राज्यप्रणालीबाट उपेक्षित जस्तै बन्दै गएको समाज र समुदायको विकासको जिम्मेवारी अब स्थानीय तहमा आइपुगेको छ । आफ्नो गाउँपालिकालाई समृद्ध बनाउन के कस्तो योजना बनाउने, के कस्ता कार्यक्रमहरू सञ्चालन गर्ने, आर्थिक स्रोतको व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा निर्णय गर्ने अधिकार स्थानीय तहमा आइपुगेको छ । यसकारण पनि गाउँपालिकाको विकास र समृद्धिका अवसरहरू तथा सम्भावनाहरू के कस्ता छन त्यसमा बहस र छलफल गरी अघी बढ्नु अपरिहार्य भएको छ । संविधानले अधिकार प्रदान गर्दैमा मात्र स्थानीय तहहरू स्वतः समृद्धिको तहमा पुग्ने होइनन् । ति अधिकारको प्रयोग र कार्यान्वयन गर्ने कुरा मुख्य चुनौतीको विषय हो । विगतका स्थानीय निकायहरूको भन्दा वर्तमानमा गठन गरिएका स्थानीय तहहरूको क्षेत्र फराकिलो भएकोले प्राकृतिक तथा आर्थिक स्रोतको एकत्रिकरण पनि भएको छ । गाउँपालिकाको क्षेत्रभित्र छरिएर रहेका आर्थिक तथा प्राकृतिक स्रोतहरूको उपयुक्त र योजनावद्ध तरिकाबाट उपयोग तथा परिचालन गर्न सक्ने हो भने समुन्नत गाउँपालिकाको निर्माण हुन गई गाउँबासीको आर्थिक स्तर तथा जीवनस्तरमा समेत परिवर्तन ल्याउन सकिने अवसर रहेको छ । जलजला गाउँपालिकामा आर्थिक, सामाजिक तथा पर्यटकीय विकासका प्रचुर सम्भावना र अवसरहरू रहेका छन् । कृषि, पर्यटन तथा लघु उद्यम विकासका प्रशस्त सम्भावना यहाँ रहेका छन् । दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसहित राजनैतिक दल, जननिर्वाचित प्रतिनिधि, नागरिक समाज, बुद्धिजीवी तथा सम्पूर्ण संघसंस्थाको सामुहिक एक्यवद्धता र भावनालाई जागृत गर्न सकियो भने आर्थिक, प्राकृतिक, मानवीय तथा धार्मिक, सांस्कृतिक स्रोत र सम्पदाले धनी यस गाउँपालिकाको समृद्धि र उन्नति अवश्यमभावी रहेको देखिन्छ ।

अनुपम प्राकृतिक सौन्दर्यताले भरिपूर्ण र ऐतिहासिक, सांस्कृतिक, पौराणिक महत्त्व बोकेको कालञ्जर हम्पाल पर्वत, सुन्तला उत्पादनका दृष्टिले नेपालमा नै ख्याति पाएको बाँसखर्क, धाइरिङ भुमेथान, मल्लाजस्थित कोटमन्दिर, कर्णेलको दरबार, खनियाघाटमा रहेको शुक्लेश्वर महादेव मन्दिर, लेकफाँटको गरूडेश्वर मन्दिर,

फलामेडाँडा आदिजस्ता महत्त्वपूर्ण सम्पदास्थलहरूले यस गाउँपालिका धनी रहेकोले पर्यटन विकासका प्रशस्त सम्भावनाहरू यहाँ रहेका छन् । पर्या-पर्यटनका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण, पावन र पुण्य क्षेत्र कालञ्जर पर्वत यस गाउँपालिकामा रहनु गौरवको विषय हो । व्यापक प्रचार-प्रसार गरी पर्यटकीय गन्तव्य स्थलका रूपमा यसलाई विकास गर्नसक्ने हो भने यस क्षेत्रकै मात्र नभएर प्रदेश नम्बर चारकै आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुग्नसक्ने देखिन्छ । सरकारी संरक्षण र प्राथमिकताका दृष्टिले ओझेलमा परेको यस क्षेत्रमा विकासका प्रशस्त सम्भावना रहेका छन् । गाउँपालिकाको विकासको मूख्य सम्भावना भनेको नै पर्या-पर्यटन र लघु उद्यमको विकास हो । पौराणिक महत्त्व बोकेको क्षेत्र भएकोले धार्मिक, सांस्कृतिक पर्यटनको बलियो सम्भावना यहाँ रहेको छ ।

यस किसिमका प्राकृतिक धार्मिक स्थलहरूको सांस्कृतिक, पर्यटकीय तथा आर्थिक विकासको सम्भावनालाई केलाउँदा यसको विकासले यस क्षेत्रका विपन्न, दलित, सिमान्तकृत जातजाति, महिला, पिछडिएको वर्ग समुदायको आर्थिक स्तरमा परिवर्तन ल्याउन सकिन्छ या सकिदैंन र समावेशीमुलक विकास हुन सक्छकी सक्दैन भन्ने कुरालाई पनि ध्यान दिनुपर्ने हुन्छ । कालञ्जर हम्पाल पर्वत क्षेत्रको पहिचानसहित समग्र गाउँपालिकाको विकासका लागि निम्न आधार तथा सम्भावनाहरूलाई यथार्थतामा परिणत गर्न सकेमा जलजलाबासीहरूको सामाजिक, सांस्कृतिक, धार्मिक, तथा आर्थिकस्तरमा सुधार गरी जीवनस्तरमा परिवर्तन ल्याउन सकिने र पर्या-पर्यटनको विकासमा सहयोग पुग्ने सम्भावनाहरू रहेका छन् । यस जलजला गाउँपालिकामा रहेका आर्थिक, तथा पर्यटकीय विकासका सम्भावनाहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छः-

**पर्यटकीय विकासको सम्भावना**

- गाउँपालिकाको वडा नम्वर ७ स्थित मिलनचोकबाट सिर्पुसम्म केबलकार निर्माण गर्ने र कालञ्जर पर्वत हम्पालबाट घोडेपानी, सिखघार हुँदै मुक्तिनाथसम्म जाने मार्ग सहज गराउन सकेमा पर्यटन प्रवर्द्धन गर्न सकिने प्रवल सम्भावनाहरू रहेका छन् । यसो गर्न सकिएमा भारत तथा नेपालका विभिन्न ठाउँबाट मुक्तिनाथ दर्शनका लागि आउने तीर्थयात्रीलाई पौराणिक महत्त्व बोकेको पावन पुण्य कालञ्जर हम्पाल पर्वतको दर्शन गराउन सकिने हुन्छ । यसबाट यस क्षेत्रकै आर्थिक तथा सामाजिक विकासमा ठूलो योगदान पुग्ने र गाउँपालिकाको गौरवमा वृद्धि हुन जान्छ ।

- पवित्र कालीगण्डकी, पौराणिकरूपमा वर्णन गरिएका शिव पार्वतीको तपस्या स्थल कालञ्जर पहाड, हम्पालको लेक/जलजला, सिर्पू, सहस्रधारा आदिजस्ता क्षेत्र धार्मिक पर्यटन तथा पर्या-पर्यटनका लागि प्रचुर सम्भावनाका क्षेत्रहरू रहेका छन् ।
- स्कन्दपुराणमा निलकण्ठेश्वर महादेव कालञ्जर क्षेत्रमा विराजमान हुनुभएको कुरा वर्णन भएको छ । जलजलाको जोखेपानी भन्ने ठाउँमा निलकण्ठेश्वर महादेवको मन्दिर र सत्तल निर्माण गरिएको छ । यस मन्दिरको महिमालाई व्यापक प्रचार-प्रसार गर्न सके धार्मिक पर्यटनको विकाससँगै आन्तरिक र वाह्य पर्यटकका लागि आकर्षण केन्द्रका रूपमा स्थापित गर्न सकिने सम्भावना रहेको छ ।
- धार्मिक तथा सांस्कृतिक रूपमा यो क्षेत्र महत्त्वपुर्ण छ । यो क्षेत्रको भेषभुषा, संस्कृति, खानपान तथा रीतिरिवाज आदिलाई आर्थिक तथा पर्यटन विकाससंग सम्वद्ध गराउन सकिने सम्भावना रहेको छ ।
- कालञ्जर हम्पाल पर्वत प्राकृतिक सौन्दर्यताको खानी रहेको, सिर्पु, जलजला, सहस्रधारा, तीनपोखरे, माटेको लेक, मोहरेको डाँडा, खोप्रा लेक, बटुवाको लेक, फलेकखर्क, फूलढुङ्गा, फलामे डाँडाजस्ता अवलोकनयोग्य स्थलहरू रहेकोले जंगल सफारीको बलियो सम्भावना यहाँ रहेको छ ।
- धाइरिङको भुमेथान र सिद्धबाबाको थान, लेकफाँटको फलामेडाँडा, डाँडाकोटको भगवती मन्दिर र गरूडेश्वर मन्दिर, माझफाँटमा रहेको कर्णेलको दरबार र मल्लाजकोट मन्दिर, नागलीवाङमा रहेको शुक्लेश्वर र लक्ष्मीनारायणको मन्दिर जस्ता धार्मिक सम्पदास्थलहरूको व्यापक मात्रामा प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटकहरूको महत्त्वपूर्ण गन्तब्यस्थलका रूपमा यसलाई विकास गर्न सकिने सम्भावना रहेको छ ।
- गाउँपालिकाको बाँसखर्क र लेकफाँटमा रहेका होमस्टेलाई विस्तार गर्ने एवम् शालिजा र बनौंका गाउँहरूमा पनि होमस्टे सञ्चालन गर्न सकिने सम्भावना रहेकोले यसबाट पर्यटकहरूलाई खान बस्नका लागि सजिलो हुने, स्थानीयबासीको आय आर्जनमा वृद्धि ल्याउन, स्थानीय उत्पादनमा वृद्धि गर्न, रोजगार सिर्जना गर्न, अर्थोपार्जन गर्न तथा संस्कृतिको आदान प्रदान गर्न सकिने प्रवल सम्भावना रहेको छ ।
- सङ्ग्रहालय, संस्कृतिको जर्गेना, ऐतिहासिक वस्तुहरूको प्रचार प्रसार संरक्षण, प्रवर्द्धन, मेला पर्व महोत्सव सञ्चालन गरी आय आर्जनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- कालञ्जर हम्पाल पर्वत क्षेत्रमा पर्या-पर्यटन कृषि पर्यटन, धार्मिक पर्यटन, जनजातीय पर्यटन, खेलकुद पर्यटन, शिक्षा पर्यटन, सेमिनार पर्यटन, स्वास्थ्य पर्यटन, पदयात्रा पर्यटन, जङगल सफारी, सुर्योदय पर्यटन आदिका सम्भावना रहेका छन् ।

**कृषि विकासको सम्भावना**

- लेकफाँट, शालिजा र बनौंमा किबी, च्याउ, टिमुर तथा सिल्टीमुर खेतीको विस्तार गर्न सकिने बलियो सम्भावना रहेको छ । यसको अलावा यहाँ रहेको बाँझो बन्दै गएको जग्गा र अन्नबाली कम उत्पादन हुने जग्गामा उखुखेतीलाई विस्तार गरी एउटा चिनी उद्योग खोल्न सकिने बलियो सम्भावना रहेको छ ।
- बाँसखर्क, माझफाँटका केही भाग, शालिजाको ठोटनेरी, नाग्लीवाङको लुप्राङलाई सुन्तला तथा कागती उत्पादनको पकेट क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।
- गाउँपालिकाका विभिन्न स्थानमा भैरहेको बेमौसमी तरकारी खेती तथा आलुखेती लगाउने कृषकहरूलाई प्रोत्साहीत हुनेगरी बजार व्यबस्थापन र मल बिउ आदिको ब्यवस्था गरी कृषकहरूको आय आर्जनमा वृद्धि ल्याउन सकिने सम्भावना रहेको ।
- लेकफाँट, बनौं, धाईरिङ, शालिजाको तारे, गैराखर्क, दिप आदि ठाउँमा आलु खेतीलाई विस्तार गरी त्यसैमा आधारित Potato Chips र आलुका विविध परिकारहरू बनाउने उद्योग खोल्न सकिने सम्भावना रहेको छ । यी क्षेत्रमा समय समयमा आलु महोत्सव तथा अन्य चाड पर्वहरूमा सांस्कृतिक मेला उत्सवहरूको आयोजना गरी लाभ लिन सकिने प्रशस्त सम्भावना रहेको छ ।
- गाउँपालिकाको वडा नम्वर एक बाँसखर्कमा रहेको सुन्तला राष्ट्रिय स्तरमै उत्कृष्ट मानिएको हुँदा त्यस क्षेत्रलाई सुन्तलाको पकेट क्षेत्रका रूपमा विकास गरी स्थानीयबासीको आय आर्जनमा उल्लेख्य वृद्धि ल्याउन सकिने सम्भावना रहेको छ ।

**लघु उद्यम विकासको सम्भावना**

- हम्पाल जलजला क्षेत्रलाई आधार बनाई आयुर्वेदजन्य बनस्पतिको खेतीगरी वडा नं. ६ शालीजाको ठूलाचौर वा गैराखर्क इलाकामा आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग खोल्न सकिने सम्भावना रहेको छ ।
- गाउँपालिकाको वडा नं. ५, ६, ८ र ९ मा रहेको सामुदायिक वन क्षेत्रहरूमा चिराइतो, रूद्राक्ष, अलैची, चिया आदिजस्ता नगदे बाली र औषधिजन्य विरूवाहरू लगाई त्यसैमा आधारित लघु उद्योगहरू सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।
- गाउँपालिका क्षेत्रमा पाइने अल्लो, लोकता, अर्गेली जस्ता रेसादार खेतीलाई व्यवस्थित र व्यवसायिक बनाई सानो स्तरमा सञ्चालित लघु उद्योगहरू खोल्न सकिने बलियो सम्भावना रहेको छ । यस किसिमका उद्योगहरूलाई विपन्न वर्गका समुदायका मानिसको जीवन यापनमा सुधार ल्याउने माध्यमका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

- गाउँपालिकाको धेरैजसो वडामा खानेपानीका प्रशस्त स्रोत भएकोले मिनरल उद्योग संचालन गर्न सकिने प्रशस्त आधारहरू छन् ।
- कालञ्जर हम्पाल क्षेत्रमा विभिन्न प्रकारका जडिबुटीहरू पाइने र शालिजा, लेकफाँट, बनौं एवम् धाइरिङको माथिल्लो भागमा जडीबुटीको खेती गर्न सकिने भौगोलिक अनुकुलता रहेकोले औषधीजन्य व्यवसायहरूमा विस्तार गरी स्थानीयबासीको आथिर्क अवस्थामा सुधार ल्याउन सकिने प्रशस्त सम्भावना रहेको छ ।
- लोक्ता, अर्घेली, अल्लो, सुनाखरी, लाखुटो, निगालो, चरचरे जस्ता गैरकाष्ठजन्य वन पैदावर पनि यस क्षेत्रमा पर्याप्त मात्रामा पाइने हुँदा यसलाई गाउँपालिका स्तरबाटै अझ विस्तार गरी विपन्न वर्गका समुदायका मानिसको जीवन यापनमा सहजता ल्याउन र स्वरोजगारका अवसर सिर्जना गर्न सकिने प्रशस्त आधारहरू रहेका छन् ।

**अन्य सम्भावनाहरू**

- हम्पालको जलजलामा एउटा Swimming Pool बनाउने ताकी गर्मियाममा पौडी खेल्न र स्नान गर्न मानिसहरूलाई लैजान सकियोस । त्यसै ठाउँमा पिकनिक स्पोटको निर्माण गर्ने । यस क्षेत्रलाई पिकनिकका लागि रमणीय गन्तव्य स्थलका रूपमा विकास गर्न सकिने सम्भावना देखिन्छ ।
- सिर्पु वा जलजलामा निजी क्षेत्रबाट सुविधा सम्पन्न होटेल स्थापना गरी यसबाट आय आर्जनमा वृद्धि ल्याउन सकिने सम्भावना छ ।
- शालिजाको तारेदेखि गैराखर्क हुँदै सिर्पुसम्म मोटरबाटो पुर्‍याउन सक्ने हो भने कालञ्जर हम्पाल पर्वत क्षेत्रमा प्राकृतिक कारणबाट ढलेका रूखहरूलाई वैधानिक रूपमा कटानी गरी स्थानीयबासीका आवश्यकता पुरा गर्न सकिने साथै गाउँपालिकाका लागि ठूलो आम्दानीको स्रोत हुनसक्ने सम्भावना रहेको छ ।
- यो क्षेत्र महत्त्वपूर्ण औषधी शिलाजीतको लागि पनि प्रख्यात रहेको छ । यहाँ पाइने औषधीजन्य वनस्पति र गैर काष्ठजन्य वन पैदावरहरू गैर कानुनीरूपमा प्रयोग भइरहेको हुँदा गाउँपालिकाबाटै त्यसको नियन्त्रण गरी व्यवस्थित रूपले उपयोग गर्न सकेमा आन्तरिक राजश्वमा वृद्धि ल्याउन सकिने बलियो सम्भावना रहेको छ ।

## ७.४ निश्कर्ष

सङ्घीय शासन प्रणालीलाई आत्मसाथ गरेको नेपालको वर्तमान संविधानअनुसार गठित विभिन्न स्थानीय तहहरू मध्येको एक यस गाउँपालिकाभित्र रहेका पर्यटकीय र धार्मिक सम्पदास्थलहरू, प्राकृतिक साधन तथा स्रोतहरू, मानव पूँजी एवम् अन्य भौतिक सम्पत्तिको प्रचुर मात्रामा उपयोग गर्न सके गाउँपालिकाले आर्थिक

विकासमा ठूलो फड्को मार्न सक्ने देखिन्छ । गाउँपालिकाले निश्चित सोच, उद्धेश्य र लक्ष्य सहित रणनैतिक योजना तयार गरी सो अनुसारका आवधिक तथा वार्षिक योजना र कार्यक्रमहरू निर्माण गरी व्यापक जनसहभागिताको परिचालनसहित विविध कार्यक्रमहरू सञ्चालन गर्न सक्ने हो भने समृद्ध गाउँपालिकाका रूपमा यसलाई स्थापित गराउन सकिने बलियो सम्भावना रहेको छ । यहाँ स्थित कालञ्जर हम्पाल पर्वत ऐतिहासिक तथा पौराणिक महत्त्व बोकेको सम्पदास्थल भएकोले गाउँपालिकाको मात्र नभएर चार नम्बर प्रदेशकै एक महत्त्वपूर्ण पर्यटकीयस्थलका रूपमा यसको विकास गर्न सकिने सम्भावना रहेको छ । कालीगण्डकीको तिरदेखि कालञ्जर हम्पाल पर्वतको धुरीसम्म फैलिएको यस गाउँपालिकामा अनेकौं प्रकारका प्राकृतिक स्रोत साधनहरू रहेका छन् । संविधानअनुसार तोकिएका अधिकार र स्रोतहरूलाई विवेकपूर्ण तरिकाले परिचालन गर्दै आन्तरिक राजश्वलाई बढाउन सक्ने हो भने पनि यहाँको विकासमा ठूलो योगदान पुग्न सक्ने देखिन्छ । गाउँपालिकामा आवश्यक भौतिक पूर्वाधारहरूको पर्याप्तता नहुनु, सबै वडामा सडक सञ्जाल पुगेको भए तापनि यीनिहरूको स्तरोन्नति गर्ने कार्य खर्चिलो देखिनु, रोजगारीका अवसरहरू सिर्जना गरी युवाशक्तिलाई विदेशीनबाट रोक्ने जस्ता कार्य चुनौतीपूर्ण देखिएका छन् । नयाँ परिवर्तित राजनैतिक संरचना अनुसार निर्वाचित जनप्रतिनीधिहरूलाई विकास योजना निर्माण तथा कार्यान्वयनका सम्बन्धमा पर्याप्त ज्ञान दिलाई यहाँ रहेका क्रियाशील राजनैतिक दल, सरकारी कार्यालय, संघ संस्था, वुद्धिजीवी तथा सम्पूर्ण सरोकारवाला निकायसंग समन्वय गर्दै गाउँपालिकाभित्र रहेका आर्थिक तथा मानवीय साधन स्रोतको समुचित उपयोग गर्दै अगाडि वढ्न सक्ने हो भने केही वर्षमै एक संवृद्ध र समुन्नत गाउँपालिकाका रूपमा स्थापित गराउन सक्ने महान अवसर रहेको छ । गाउँपालिकाको विकासका लागि पर्यटन, प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक, जलस्रोत, वन पैदावर, ढुङ्गाखानी, दुग्धजन्य पदार्थ, व्यवसायिक फलफूल तथा तरकारी खेती आदिजस्ता बलिया आधारहरू रहेका छन् । व्यवसायिक कृषि प्रणालीमा जोड दिई प्रतिस्पर्धात्मक खेती प्रणाली अनुरूप कृषकहरूलाई आर्थिक अनुदान  उपलब्ध गराउने गरी कृषि योजना तयार गरी कार्यान्वयन गर्ने, स्थानीय स्रोत साधनको परिचालन हुने खालका लघु उद्यमहरूको सञ्चालन गर्ने, महिलाहरूलाई योजनावद्ध रूपमा सहकारिताको माध्यमबाट उत्पादनशील कार्यमा आवद्ध गराउने, राजनैतिक र सामाजिक सहिष्णुता कायम गर्ने, गाउँपालिकाको समग्र विकासका लागि योजनाविद्, अर्थशास्त्री, वुद्धीजीवीहरूका बीचमा व्यापक छलफल कार्यक्रम सञ्चालन गर्नेजस्ता कार्यहरू अघि बढाउन सक्ने हो भने गाउँपालिकाको समग्र विकासको अवस्थालाई गति प्रदान गर्न सकिन्छ ।

**७.५ सुझाव**

कुनैपनि क्षेत्रको भौगोलिक बिशिष्टता, सांस्कृतिक तथा धार्मिक मान्यता, जनसहभागिता र राज्यको चासो भएमा मात्र त्यहाँको विकास संभव हुन्छ । यस गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय सम्पदास्थलहरूलाई आर्थिक तथा पर्यटन विकासका रूपमा विकास गर्नु अत्यन्त जरूरी छ । यहाँ विद्यमान आर्थिक तथा प्राकृतिक स्रोत साधनहरूको पहिचान गरी सानो स्तरमा सञ्चालन गर्न सकिने रोजगारमूलक साना तथा लघु उद्यमहरू खोलिनुपर्दछ । यस क्षेत्रमा रहेका प्राकृतिक र धार्मिक सम्पदास्थलहरूको अवलोकनमा आउने पर्यटकहरूका लागि संरक्षण, बाटोघाटो, दृश्यावलोकन गर्ने ठाउँ, खाने बस्ने हाटेल, मनोरञ्जन दिलाउने साधन आदिको उचित व्यवस्थापन गर्न ढिलाई गर्नु हुँदैन । कृषि, पर्यटन, लघु उद्यम, पशुपालन, फलफूल खेती, जडिबुटी खेती आदिको विकास र विस्तारमा जोड दिई यीनिहरूलाई जीवननिर्वाहमुखी मात्र नबनाई व्यवसायिक रूपमा अघि बढाउन सकेमा नै जनअपेक्षा अनुरूप गाउँपालिकाको विकास र समृद्धिको गतिलाई नयाँ शिखरमा पुर्‍याउन सकिन्छ । यस क्षेत्रको समग्र विकासका लागि देहाय अनुसारका कार्यहरू गर्नु पर्ने देखिन्छ :-

- समग्र कालञ्जर हम्पाल पर्वत क्षेत्रको ऐतिहासिक, भौगोलिक र प्राकृतिक स्रोतहरूको पहिचान गरी यस क्षेत्रको संरक्षण र विकासका लागि केन्द्रिय सरकार, प्रादेशिक सरकार, जिल्ला समन्वय समिति एवम् छिमेकी गाउँपालिका र नगरपालिकाहरूसंग समन्वय गरी विशेष कार्यक्रम र योजनाका साथ अघि बढ्नु पर्ने ।
- कालञ्जर हम्पाल पर्वत क्षेत्र तथा यहाँका अन्य धार्मिक सम्पदास्थलहरूको व्यापक प्रचार प्रसार गरी मुलतः आन्तरिक र बाह्य पर्यटकहरूका लागि आकर्षक गम्तब्य स्थलका रूपमा यस क्षेत्रको विकास गर्नुपर्ने हुन्छ । यी क्षेत्रसम्म पुग्ने पदमार्ग तथा सडक मार्गका उपयुक्त स्थानहरूमा पर्यटन पूर्वाधारका लागि होटेल तथा लजहरूको निर्माण गर्न निजी लगानीकर्तालाई प्रेरित गर्ने ।
- कालञ्जर हम्पाल पर्वत क्षेत्रको दृश्यावलोकनका लागि आउने पर्यटकहरूका लागि उपयुक्त वासस्थान सिर्पुमा एउटा होटेल तथा लजको निर्माण गर्नसकिने र पर्यटकहरू एक देखि दुईरातसम्म यहाँ बसी वरपरका सहस्रधारा, जलजला, बटुवाको लेक, मोहरे डांडा, तिनपोखरे आदिजस्ता स्थलको भ्रमणपश्चात् आफ्नो गन्तव्यमा फर्कनसक्ने गरी विकास गरिनु पर्ने ।
- कालञ्जर क्षेत्रको अवलोकन गर्न जाने मानिसहरूलाई सजिलो होस भन्नका लागि शालिजाको तारेसम्म पुगेको मोटरबाटोलाई गैराखर्क हुँदै सिर्पुसम्म पुर्‍याउनु पर्ने ।
- धाइरिङको मिलनचोकदेखि शालिजा वा धाइरिङ हुँदै सिर्पुसम्म पुग्ने केबलकार निर्माणका लागि संभाव्यता अध्ययन गर्ने ।

- सिर्पु र जलजला क्षेत्रमा निर्माण गरिएका पुराना सत्तल, पाटी, पौवा तथा गोठहरू जीर्ण अवस्थामा रहेकोले यिनीहरूको जिर्णोद्धार गरिनु पर्ने । जलजलामा एउटा सरोवर वा स्वीमिङ पुल बनाउने र पिकनिक स्पोटका रूपमा यसलाई विकास गर्दै लैजाने ।
- यहाँ रहेका जडिबुटी, कृषि उत्पादनलाई व्यवसायीकरण गरी प्रशस्त आम्दानी गर्न सकिने भएकाले अल्पकालीन तथा दीर्घकालीन योजना बनाएर अगाडि बढ्नु पर्ने । अल्लो, अर्गेली, लोक्ता जस्ता रेशाजन्य वनस्पतिको खेतीमा विस्तार गर्ने र यिनीहरूको प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योगहरू स्थापना र सञ्चालनमा जोड दिने ।
- कालञ्जर हम्पाल क्षेत्र र यहाँका अन्य सामुदायिक वन क्षेत्रमा वर्षेनी हुने डढेलोलाई रोकथाम गर्नका लागि स्थानीय गाउँपालिका वन उपभोक्ता समूह र बन कार्यालयले आवश्यक कदमहरू अघि बढाउनु पर्ने ।
- कालञ्जर क्षेत्रको समग्र विकासका लागि गाउँपालिकास्तरबाट रणनीतिक कार्यक्रमहरू बनाउने र राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा थप प्रचार- प्रसार गर्नु पर्ने ।
- गाउँपालिकाभित्र प्राविधिक विषयतर्फ पढाइ हुने प्राविधिक शिक्षालयको सञ्चालन गर्ने ।
- फलामेडाँडामा आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण गरी यस क्षेत्रलाई चलचित्र सुटिङ स्थलका रूपमा विकास गर्ने ।
- गाउँपालिकाभित्रका कृषक, लघु उद्यमी तथा अन्य व्यवसायीलाई सस्तो ब्याज दरमा कर्जा उपलब्ध गराउने संगठित वित्तीय संस्थाहरूका शाखा स्थापना गर्नमा पहल गर्ने ।
- सुन्तला तथा अन्य जातका फलफूल एवम् तरकारीहरूको भण्डारणका लागि गाउँपालिकाको उपयुक्त स्थानमा चिस्यानगृह वा शीतभण्डारको निर्माण गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र रहेका काष्ठजन्य तथा गैरकाष्ठजन्य वन पैदावरहरूलाई उचित र व्यवस्थित तरिकाले बेच विखन गर्ने प्रबन्ध मिलाइ गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गराउनेतर्फ आवश्यक कार्य गर्ने ।
- गाउँपालिकाभित्र रहेका विभिन्न मठ मन्दिर, देवालय तथा अन्य पर्यटकीय स्थलहरूको पहिचान खुल्ने गरी व्यापक प्रचार प्रसार गर्ने ।
- बाँसखर्क, माझफाँटका केही भाग, शालिजाको ठोटनेरी, नागलीवाङको लुप्राङलाई सुन्तला तथा कागती उत्पादनको पकेट क्षेत्रका रूपमा विकास गर्ने र अन्य क्षेत्रमा पनि यसको संभाव्यता अध्ययन गरी अमिलो जातका बालीनालीको खेतीमा विस्तार गर्ने ।

- लेकफाँट, शालिजा र बनौंमा किबी, च्याउ, टिमुर तथा सिल्टीमुर खेतीलाई प्रोत्साहन गर्ने । साथै कालञ्जर हम्पाल पर्वतको आसपासका यी क्षेत्रमा जडिबुटी खेतीको प्रशस्त सम्भावना रहेकोले त्यसतर्फ आवश्यक कार्यहरू गर्ने ।
- गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोत तथा साधनको अधिकतम् ढंगबाट परिचालन गर्ने गरी उपयुक्त किसिमको योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिकाको समग्र विकासका लागि गुरूयोजना तयार गर्ने र सो अनुसार आवधिक तथा वार्षिक योजना तथा कार्यक्रमहरू तय गरी आवश्यक बजेटको व्यवस्थासहित विकास कार्यलाई अघी बढाउने ।
- गाउँपालिका भित्रका सडकहरूलाई फराकिलो बनाई स्तरोन्नती गर्दै लैजानु पर्ने ।
- गाउँपालिकाभित्रका समाजशास्त्री, अर्थशास्त्री, इन्जीनियर्स, डक्टर, प्राध्यापक, डक्टर, शिक्षक तथा सेवानिवृत राष्ट्रसेवकहरूको रोस्टर खडा गरी गाउँपालिकाको विकास निर्माणमा तिनीहरूको ज्ञानको सदुपयोग गर्ने । विशेष गरेर गुरूयोजना, आवधिक योजना तथा रणनीतिक योजना निर्माण तथा कार्यान्वयनका सन्दर्भमा सकेसम्म गाउँपालिकाभित्रकै अर्थशास्त्री, समाजशास्त्री, योजनाविद्हरूको सहयोग लिने ।
- गाउँपालिकाभित्रका कुन वडामा के कस्ता किसिमका आर्थिक तथा प्राकृतिक स्रोत साधन रहेका छन् त्यसको पहिचान गरी परिचालन गर्नका लागि आवश्यक कार्यक्रमहरू ल्याउने ।
- लेकका बस्तीहरूमा प्राकृतिक प्रकोपले गर्दा बालीनालीमा ठूलो क्षेति पुग्ने गरेकोले कृषकहरूलाई बाली बीमा वा कृषि बीमाको व्यवस्था गर्ने ।
- गाउँपालिकाका नौवटै वडाहरूमध्ये एउटा वडालाई कुनै विशेष उत्पादनको पहिचान दिने गरी योजना बनाई कार्यान्वयन गर्ने । जस अन्तर्गत वडा नं. १, २ र ३ लाई सुन्तला, वडा नं. ४ लाई तरकारी, वडा नं. ५ लाई बाख्रापालन, तरकारी, किबी, अलैंची, टिमुर तथा जडिबुटी, वडा नं. ६ लाई तरकारी, अल्लो, जडिबुटी, वडा नं. ७ लाई आलु तथा तरकारी, वडा नं. ८ लाई तरकारी, वडा नं. ९ लाई आलु, अँलैची तथा जडिबुटी खेतीका लागि विशेष महत्त्व दिई सोही अनुसारका योजना बनाई कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिकाको वडा नं. ५ लेकफाँटमा रहेको रमणीय प्राकृतिक सौन्दर्यताले भरिपूर्ण फलामेडाँडामा निजी क्षेत्रको सहभागिता र लगानीमा स्तरीय होटेल तथा लज र भ्यू टावरको निर्माण गर्ने ।
- गाउँपालिकाभित्र जडिबुटी प्रशोधन, जुस उत्पादन तथा गैरकाष्ठजन्य वनपैदावरसंग सम्बन्धित लघु उद्यमहरूको सञ्चालन गरी रोजगारका अवसरहरू सिर्जना गर्ने । यसबाट युवापुस्ताहरूलाई विदेशिनबाट थोरै भएपनि रोक्न सकिन्छ भने स्थानीयबासीको आय आर्जनमा समेत वृद्धि ल्याउन सकिने हुन्छ ।

- गाउँपालिकाको वडा नं. ५ लेकफाँटको फलामेडाँडादेखि पारीका साविकका तीनवटा वडाका नागरिकहरूको सेवा र सुविधाका लागि फलामेडाँडाको आसपासमा उपस्वास्थ्य चौकीको निर्माण गर्ने ताकि त्यस भेगका जनताले सहज रूपमा स्वास्थ्य सेवा लिन सकुन ।
- गाउँपालिकाका सबै वडाहरूमा मोटरबाटो पुगेकोले साविक गा.वि.स. का केन्द्र रहेका ठाउँसम्म वर्षभरि नै यातायातका साधनहरू सञ्चालन हुने गरी भइरहेका सडकमार्गहरूको ग्र्याबलिङ गरी स्तरोन्नती गर्दै लैजाने ।
- मालढुङ्गादेखि बेनीसम्मको सडक किनारामा सञ्चालन हुँदै आएका होटेल तथा रेष्टुरेण्टहरूलाई स्तरीय बनाउने र तिनीहरूलाई करको दायरामा ल्याउने ।
- धाइरिङको लालुङखानीमा रहेको तामाखानीलाई आवश्यक सर्वेक्षण गरी सञ्चालनमा ल्याउने ।
- निजी व्यवसायी तथा संघ संस्था सबैलाई करको दायराभित्र समाहित गरी कर राजश्वलाई बढाउने । गाउँपालिकाभित्रका नागरिकहरूलाई प्रगतिशील कर प्रणालीको अनुसरण गरी घरधुरी कर तथा सम्पत्ति कर लगाउने ताकि यसबाट आन्तरिक राजश्वमा वृद्धि गर्न सकियोस ।
- मालपोत कर असुलीलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने । सिफारिस दस्तुर तथा पञ्जीकरण दस्तुरलाई बढाउने र यी बापतको आम्दानीलाई सोझै गाउँपालिकाको राजश्व खातामा जम्मा हुने व्यवस्था मिलाउने ।
- योगदानमा आधारित वा समपुरक कोष खडा गरी सार्वजनिक निजी साझेदारीमा भौतिक पूर्वाधार निर्माणको कार्यलाई अघी बढाउने ।
- गाउँपालिकाभित्रका गाउँबासीहरूलाई आफ्नो टोल र गाउँ आफै बनाऔं भन्ने भावनाको जागरण ल्याउने कार्यक्रम ल्याई उनीहरूलाई विकास निर्माणका कार्यमा प्रत्यक्ष सहभागी गराई जनसहभागितामा वृद्धि गर्ने ।
- गाउँपालिकामा क्रियाशील राजनैतिक दलहरूबीच यहाँको समग्र विकास र समृद्धिका लागि आपसि समन्वय र सहकार्य गरी अघी बढ्ने ।
- स्थानीय स्तरको योजना तर्जुमा तथा कार्यान्वयनको क्रममा जनसहभागितात्मक योजना निर्माण र कार्यान्वयन प्रक्रियालाई जोड दिने ।
- गाउँपालिकामा टुक्रे योजनालाई प्राथमिकता नदिई आवधिक योजना बनाई अघि बढ्ने ।
- गाउँपालिकाले आफ्नो दुरदृष्टि, लक्ष्य तथा निश्चित उद्देश्यहरूको स्पष्ट किटान गरी एक वर्षे, तीन वर्षे तथा पाँच वर्षे रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
- स्थानीय तहमा केन्द्रित रहने गरी साझेदारी शासन प्रणालीमा जोड दिने ।

- गाउँपालिकाले आफ्नो क्षेत्रमा आवश्यक पर्ने जनशक्तिमा स्थानीयबासीलाई नै नियुक्त गर्ने ताकी केही हदसम्म भएपनि बसाइसराइलाई रोक्न सकियोस ।
- गाउँपालिकामा मगर जातिहरूको बसोबास धेरै सङ्ख्यामा रहेकोले मगर संस्कृतिको जगेर्ना गर्ने । बनौं, शालिजाको उपल्लो गाउँ, तारे, ओखेनी, लोप्रे तथा कुवापानीमा थप होमस्टे सेवा विस्तार गर्ने ताकी कालञ्जर हम्पाल पर्वत तथा फलामेडाँडाको अवलोकनका लागि आउने पर्यटकहरूलाई होमस्टेमा बसोबासको व्यवस्था मिलाउन सकियोस ।
- आफ्ना जिम्मेवारी के के हुन? तिनलाई प्राप्त गर्न के के सिप, जनशक्ति र स्रोत चाहिन्छ? आफुले नजानेका विषय कसरी र कहाँबाट सिक्न सकिन्छ भन्नेतर्फ गाउँपालिकाका निर्वाचित प्रतिनिधिले ध्यान दिनु प
- गाउँपालिकाले आफ्नो जिम्मेवारी भित्रका कति काम कसरी गर्न सकिन्छ? र त्यसलाई प्रदेश तथा संघले कसरी के के विषयमा सघाउनुपर्दछ भन्ने कार्ययोजना बनाउन गाउँपालिकाका जनप्रतिनिधिहरूलाई प्रेरित गर्ने ।
- कुश्मा नगरपालिकाको नयाँपुलबाट शुरू हुने जलयात्रालाई बाँसखर्कको घुमाउने तालबाट शुरूगर्ने गरी संभाव्यता अध्ययन गर्ने । जलयात्रामा आउने पर्यटकहरूबाट जलयात्रा शुल्क लिने व्यवस्था गर्न सकियो भने गाउँपालिकाको आम्दानीमा वृद्धि गर्न सकिन्छ ।

## अनुसूची -१

## गाउँपालिका क्षेत्रका धार्मिक तथा पर्यटकीय सम्पदास्थलहरू

हिमालयको काखमा अवस्थित हाम्रो देश नेपाल धार्मिक, सामाजिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको धनी राष्ट्रका रूपमा विश्वभर परिचित छ । हजारौं नदीनालाहरूद्वारा सिंचित र अनुपम प्राकृतिक तथा धार्मिक सम्पदास्थलहरूका कारण पावन पुण्यभूमिका रूपमा नेपाललाई पुकारिंदै आएको छ । पर्वत जिल्लाको उत्तरी खण्डमा अवस्थित यस जलजला गाउँपालिका विविध प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदास्थलहरूले धनी रहेको छ । विभिन्न पुराणहरूमा वर्णित ऐतिहासिक तथा पौराणिक महत्त्व बोकेको कालञ्जर हम्पाल पर्वतको काख, शालग्रामयुक्त कृष्णागण्डकीको तट, राज महिषि जड भरतको तपोभूमि गलेश्वर एवम् पौलस्त्य तथा पुलाहा आश्रमको सामिप्यमा रहेको यो गाउँपालिका पावन पुण्य भूमिका रूपमा रहेको छ । कालञ्जर हम्पाल पर्वत, फलामे डाँडा, ऐतिहासिक मल्लाजकोट, शुक्लेश्वर महादेवको मन्दिर, धाइरिङ भूमेथान तथा सिद्धथान, कर्णेलको दरबार, गलेस्वर राममन्दिर आदिजस्ता प्राकृतिक तथा धार्मिक सम्पदास्थलहरू यस गाउँपालिकाका अमूल्य नीधिका रूपमा रहेका छन् । यी धार्मिक, प्राकृतिक तथा पर्यटकीय सम्पदास्थलहरू रहेका क्षेत्रमा सञ्चार, सडक, विद्युतीकरण तथा अन्य भौतिक पूर्वाधारहरूको यथोचित रूपमा विकास गर्न सकेमा यस जलजला गाउँपालिकाको आर्थिक, सामाजिक तथा पर्यटन विकासमा ठूलो टेवा पुग्ने देखिन्छ । यहाँ गाउँपालिका क्षेत्रभित्र रहेका प्रमुख प्राकृतिक तथा धार्मिक सम्पदास्थ्लहरू र पर्यटकीय क्षेत्रहरूका बारेमा चर्चा गरिएको छ ।

### क. कालञ्जर हम्पाल पर्वत

यस क्षेत्रका स्थानीयबासीहरूको जनजीवनसंग प्रत्यक्ष रूपमा जोडिएको पर्वत जिल्लाको उत्तरी भेगमा पर्ने पर्वत श्रृंखलाको एकखण्ड कालञ्जर हम्पाल पर्वतका नामबाट चिनिन्छ । कास्की, म्याग्दी र पर्वत जिल्लाको सिमाना क्षेत्रमा कालञ्जर क्षेत्र पर्दछ । वर्तमान संरचना अनुसार जलजला गाउँपालिका वडा नं. ६ र मोदी गाउँपालिकाको वडा नं. ४ मा यो क्षेत्र फैलिएको छ । साविकको शालिजा र क्याङ गा. वि.स. को शीर्षस्थानमा दक्षिणतर्फ फैलिएको विशाल र सुन्दर पर्वत श्रृंखला नै कालञ्जर हम्पाल पर्वत हो । यस भेगका स्थानीयबासीले यसलाई बटुवाको धुरी तथा हम्पालको धुरी पनि भन्ने गर्दछन् । हम्पाल कालञ्जरको डांडाबाट अपी, गुराँस, सयीपाल, कान्जीरोवा, धवलागिरि, मुकुट, अन्नपूर्ण, माछापुच्छे लगायत दर्जनौं हिमश्रृंखलाहरूका साथै पर्वत,

म्याग्दी, बागलुङ, कास्की, गुल्मी र पाल्पा जिल्लाका क्षेत्रहरू अवलोकन गर्न सकिन्छ । यो हम्पाल पर्वत समुद्र सतहबाट ३००० मिटरको उचाइमा अवस्थित छ । पौराणिक महत्त्व र भौगोलिक तथा जैविक विविधतायुक्त यो क्षेत्र पर्यटकीय दृष्टिले अत्यन्तै आकर्षक गन्तव्य स्थलका रूपमा स्थापित हुनसक्ने सम्भावना बोकेको छ । प्राकृतिक सौन्दर्यताले विभुषित रहेको कालञ्जर हम्पाल पर्वत पावन भूमि साङ्ख्य दर्शनका प्रवर्तक महिषि कपिल, जैन दर्शनका आदि प्रवर्तक ऋषभदेव, पुलस्त्य, पुलह, राजर्षि जड भरतदेखि लिएर आधुनिक समयका ईश्वरानन्द, परमानन्द, श्रीधराचार्य जस्ता मानव मनिषिहरूको त्यागमय जीवनगाथाले भरिएको पवित्रतम् भूमि मानिन्छ (रेग्मी, २०७०)। पौराणिक वाङमयभित्रका स्कन्दपुराण, श्रीमद्भागवत्महापुराण, श्रीपद्ममहापुराण, मार्कण्डेयपुराण, वराहपुराणको हिमवत्खण्ड, श्राद्ध पद्धति, वृहननारदीय पुराण आदि आर्य आदर्शका पावन ग्रन्थहरूले यस क्षेत्रलाई ज्यादै महत्त्वका साथ वर्णन गर्दै संसारका पवित्रतम् तीर्थस्थलका रूपमा सिद्ध गरेका छन् (रेग्मी र पन्त, २०७४)।

कालञ्जर हम्पाल पर्वतको काखमा रहेको बहुचर्चित जलजलाको बीच भागबाट एउटै मुलको पानी पूर्व पश्चिम भएर बगेको छ । यो स्थानलाई "जोखेपानी" भनिन्छ । विभिन्न रूख विरूवाहरू, फलफूल, रेशादार वनस्पति, दर्जनौं प्रजातीका जडिबुटी, वनस्पतिजन्य तरकारीहरू, पशुपंक्षीहरू, चरिचरन क्षेत्र, खर्क पाताल, गुफा ओढार, स्लेटखानी, पौवा ठाँटी, मठ मन्दिर, मनोरम दृश्य आदिले यस कालञ्जर हम्पाल पर्वतको महत्त्व र गरिमा बढाएका छन् । जलजलाको पूर्वपट्टि तीनपोखरे भन्ने ठाउँबाट पाल्पाको श्रीनगर, पोखराको चहक महक शहर, फेवातालको मनोरम दृश्य देखिन्छ । माटेको लेक, दुले र गैराखर्कमा रहेको घर छाउने ढुङ्गाको खानीले यस क्षेत्रमा ठूलो प्रख्याती पाएको छ (रेग्मी, २०७३) ।

अति पवित्र एवं मोक्षदायी भूमि कालञ्जर गिरि यस लोकमा मात्र नभएर पुराणहरूमा पनि वर्णित गरिएको भूमि हो । पुलस्त्य एवं पुलह आश्रम र कालञ्जर पर्वत प्राग- ऐतिहासिक कालदेखि नै श्रृषिमुनिहरूले साधना गर्ने तथा मानव समुदायको आश्रयस्थलका रूपमा रहेको पाइन्छ । ऋषभ भगवानका छोरा भारत वर्षका प्रख्यात राजा भरतको तपोभूमि यही पुलहाश्रम र कालञ्जर पर्वत थियो । राजा भरत सांसारिक माया मोहबाट विरक्त भएर आफूले आर्जन गरेको सम्पत्ति र राजगद्दी छोराहरूलाई बाँडीदिएर सन्यासी भई मुक्ति क्षेत्रको दर्शनका लागि हिमालयतिर आउने क्रममा शालग्राम शीलाले पूर्ण भएकी श्रीकृष्णगण्डकी निकटस्थ यो कालञ्जर र पुलस्त्य क्षेत्रलाई पवित्र क्षेत्र मानी यहीं आश्रम बनाइ बसेको पाइन्छ । महाराज भरतले एक मृग सावकको अत्यधिक आशक्तिका कारण एक जीवन मृग शरीरमा बिताउनुपरेको थियो जसलाई पछि मनुष्य जीवन प्राप्त भएको थियो । मृगको रूपमा कालञ्जर पर्वतमा पैदा भएका र यहींका जंगलमा विचरण गर्ने जड भरत आफ्नो जन्मस्थललाई

छोडेर उनी फेरी पुलह आश्रममै फर्किए जहाँ बसेर उनले आफ्नो पूर्वजन्ममा ध्यान गरेका थिए (कृष्णकृपाश्रीमूर्ति, २०१५) । स्कन्दपुराणमा ओमकार क्षेत्रमा रहेका प्रसिद्ध तीर्थस्थलहरू मध्येमा वद्रिकाश्रम जस्तै कालञ्जर हम्पाल पर्वतलाई पनि महान र प्रसिद्ध तीर्थस्थलका रूपमा उल्लेख गरिएको छ । कालञ्जर हम्पाल पर्वतमा नीलकण्ठेश्वर महादेव आफ्ना गणहरूका साथमा स्वयं विराजमान हुनुभएको र कासी गयामा रहेका शिवलिङ्ग जस्तै यस कालञ्जरमा रहेका शिवलिङ्ग पनि पूजनीय भएको प्रसंगलाई स्कन्दपुराणकै उत्तराखण्ड भाग ४, अध्याय ६९ को श्लोक ५९ र ६० मा वर्णन गरिएको छ ।

श्रीपद्ममहापुराणमा वताईए अनुसार दुःखी, सुखी, ज्ञानी, सर्वज्ञानी, महापापी सबै यस कालञ्जर भूमिको स्पर्शबाट मात्र मुक्तिधाममा प्रवेश पाउँदछन् र हजारौं पाप गरेका पापीजनहरू पनि वाराणसीमा गई गंगास्नान गरेर मुक्ति प्राप्त गरेको फल कालञ्जर पर्वतको स्पर्शले मात्र प्राप्त हुन्छ । शीतल जल र छायाँ भएको फलफूलहरूले भरिएको तथा जम्बुखण्डको मनोहर अनि सुन्दर कालञ्जर नामको पर्वतमा त्यहाँ देवराज इन्द्रले बनाएको अत्यन्त उत्तम कुण्ड (संभवतः अहिलेको जलजला सिमसार क्षेत्र) थियो जुन कुण्ड मानसरोवर समान पवित्र पुण्यदायी अनि सज्जनहरूले तीर्थरूपमा सेवा गरिने र समस्त पाप नाश हुने, देवताहरूलाई पनि सशरीर सोझै आएर स्नान गर्न पनि परिश्रमले मात्रै पाइने, जुन कुण्डको किनारमा गरिएको श्राद्धले पितृहरू सद्गतिमा प्राप्त हुन्छन् । त्यो मृगतीर्थ भन्ने नामले प्रसिद्ध थियो । दैत्यहरूका भयले भागेका देवताहरू आई मृग भएर जुन कुण्डमा निरन्तर निर्भय भएर स्नान गर्दथे, यसकारण विद्वानहरू यस तीर्थलाई मृगतीर्थ भन्दछन् भन्ने कुरा समेत श्रीपद्ममहापुराणमा वताईएको छ ।

यसप्रकार श्रीमद्भागवत्महापुराण, स्कन्दमहापुराण, पद्ममहापुराण जस्ता धार्मिक ग्रन्थहरूमा कालञ्जर पर्वतको महिमा बारेमा मुक्तकण्ठले वर्णन गरेको पाइएकोले यो क्षेत्र पौराणिककालदेखि नै महत्त्वपूर्ण पावन र पवित्र तीर्थस्थलका रूपमा रहेको प्रष्ट हुन्छ । कालञ्जर पर्वतको भौगोलिक वातावरणले पनि यसको पौराणिक महत्त्वलाई प्रमाणित गर्दछ । श्रीमुक्तिनाथदेखि त्रिवेणीसम्म श्रीशालग्राम भगवानलाई आफ्नो काखमा राखेर अहर्निश स्नान गराएको पवित्र तीर्थजल लिएर बगीरहेकी श्रीकृष्णागण्डकीको महिमा गङ्गा नदीको भन्दा अधिक मानिएको छ । यिनै कालीगण्डकीको पवित्र तटमा अवस्थित पुलहाश्रम, गलेश्वर, कालञ्जर जस्ता पवित्रतम् स्थलहरूले यस क्षेत्रको पौराणिक महत्त्वलाई उजागर गरेका छन् (स्वामी श्रीगोविन्दाचार्य, २०७१:६) । जलजला, सिर्पु, सहस्रधारा, बटुवाको लेक आदिजस्ता अत्यन्तै महत्त्वपूर्ण र मनमोहक पर्यटकीय स्थलहरू यस कालञ्जर क्षेत्रमा रहेका छन् ।

**ख. फलामेडाँडा**

जलजला गाउँपालिकाभित्र पर्यटकीय सम्भावना बोकेका विभिन्न क्षेत्रहरू मध्ये साविक लेकफाँट गा.वि.स. वडा नं. ७ र (हाल वडा नं. ५) लोप्रेमा रहेको फलामेडाँडा पनि हो । यस स्थानलाई स्थानीयहरू सिमल्टेचौर पनि भन्ने गर्दछन् । फलामेडाँडाको भौगोलिक वातावरण अत्यन्तै मनोरम खालको रहेको छ । जलजला गाउँपालिकाको वारी बेनी र मिलनचोक भन्ने स्थानबाट पैदल चार घण्टा र जीपमा दुई घण्टाको समयमा पुग्न सकिने यो ठाउँ प्रकृतिले जोखेर हिसाब गरी गरी बनाएको जस्तै सुन्दर रहेको छ । पर्वत, बागलुङ र म्याग्दी जिल्लाका धेरैजसो ठाउँहरू देख्न सकिने र अन्नपूर्ण, माछापुच्छे, धवलागिरि, निलगिरि  लगायतका सुन्दर हिमालहरूको अवलोकन गर्न सकिन्छ । फलामेडाँडामा रहेको सल्लाको बन, फराकिलो चौर तथा अन्य दृश्यहरूले मानिसको मन लोभ्याउँदछन् । यस ठाउँबाट म्याग्दीको नागी राम्चे हुँदै घोरेपानीसम्म पुग्ने छोटो दुरीको पदमार्ग रहेको छ । यहाँबाट कालञ्जर हम्पाल पर्वत करिब दुई घण्टाको पैदल दुरीमा पर्ने भएकोले आन्तरिक तथा बाह्य पर्यटकलाई चारदेखि सात दिनसम्मको प्याकेजमा भ्रमण गराउन सकिने अवस्था रहेकोछ । फलामे डाँडामा खान र बस्नका लागि केही होटेल तथा लजहरू रहेका छन् । यिनीहरूलाई विस्तार गरी अझै स्तरीय बनाउन सकियो भने यहाँ भ्रमण गर्न आउने पर्यटकलाई सुविधा पुग्ने देखिन्छ । मगर संस्कृति, किबी खेती तथा जडिबुटी खेतीले यस ठाउँको आकर्षण बढाएका छन् ।

फलामेडाँडा नजिकै लोठ सल्लाको ठूलो वन रहेको छ । क्षयरोग लागेका मानिसहरूलाई यो प्रजातिको सल्लाबाट निस्कने हावाले राहत पुग्ने र प्रारम्भिक अवस्थाको क्षयरोग निको हुने विश्वास र वैज्ञानिक तथ्य पनि रहेकोले यस ठाउँलाई लोठ सल्लाको हावापान गर्न सकिने क्षेत्रका रूपमा चिनाउन सकेमा यसको अझै व्यापक मात्रामा पर्यटकीय सम्भावना बढ्न जाने देखिन्छ । डाँडाकटेरीको होमस्टे यहाँबाट करिब एक घण्टाको पैदल दुरीमा रहेको छ भने लोप्रेमा पनि व्यवस्थित होमस्टेको सञ्चालन गर्न सकिने सम्भावना रहेको छ । यहाँ एउटा सामुदायिक भवनको निर्माण गरिएकोले प्राकृतिक मनोरम दृश्यको रसस्वादनसहित विभिन्न सेमिनार, गोष्ठी तथा बैठकहरू सञ्चालन गर्न सकिने अवस्था पनि रहेको छ । रोमन म्यागासेसे पुरस्कार विजेता महावीर पुनबाट विस्तार गरिएको ताररहित इण्टरनेट प्रविधिका कारण यहाँ फ्री वाइफाइ सुविधा पनि रहेको छ । यस ठाउँमा प्रत्येक साल नयाँ वर्षको अवसरमा मेला लाग्ने गर्दछ । यस मेलालाई स्थानीयबासीहरू हितलदयको मेला भन्ने गर्दछन् । पहिला पहिला यहाँ मेला भर्न आउने मगर समुदायका युवा युवती तथा बुढा पाकाहरूले रोदी, सालैजो, ठाडोभाका जस्ता गीतहरू गाउने गर्दथे । भलिबल, बास्केटबल, छेलो हान्ने, रसी तान्ने जस्ता प्रतियोगितात्मक

खेलहरू पनि हुने गर्दथे । आजकल गीत गाउने चलन विस्तारै घट्दै गएको भए तापनि मेलाका अवसरमा विभिन्न खेलकुदहरूको आयोजना यहाँका स्थानीय युवा क्लबले गर्दै आएका छन् ।

### ग. कर्णेलको दरबार

यस गाउँपालिकामा रहेका विभिन्न पर्यटकीय स्थलहरू मध्ये वडा नं. ३ (साविक माझफाँट-७ ) फूलबारीमा रहेको करिब ९० देखि ९५ वर्ष पुरानो कर्णेलको दरबार पनि एक हो । राणाशासन कालमा राणाहरूले निर्माण गरेका दरबार जस्तै डिजाइनमा वि.स. १९८०-१९८५ को आसपासमा निर्माण भएको मानिएको यस दरबारमा बेलायती वास्तुशिल्पको प्रयोग गरिएको देखिन्छ । तत्कालीन समयमा सर्वसाधारण नागरिकका घरहरू ढुङ्गा र खरको छानोले छाइएका हुन्थे । मल्लाज क्षेत्रमा राणाहरूले बनाएका दरबारहरू जस्तै आकारमा यो दरबार निर्माण भएकोले यसलाई मल्लाजको दरबार वा कर्णेलको दरबारका नामबाट चिनिंदै आएको हो । मल्लाज निवासी दुर्गादत्त मल्लका साइला छोरा नेपाली सेनाका तत्कालीन कर्णेल तेजबहादुर मल्लले यस दरबारको निर्माण गरेका थिए । राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा खड्ग शमशेरले सरकारका विरूद्धमा उपद्रव गर्ने ठानी चन्द्र शमशेरले यीनलाई पाल्पा धपाएका थिए । पाल्पामा खड्ग शमशेरका गतिविधिलाई निगरानी राखी दरबारमा गोप्यरूपमा जानकारी गराउने उद्देश्यस्वरूप चन्द्रशमशेरले कर्णेल तेजबहादुरलाई देखावटी रूपमा कोर्टमार्शलको संजाय सुनाई यीनलाई पनि पाल्पा पठाएका थिए । तेजबहादुरकी कान्छी छोरी खिला राज्यलक्ष्मी मल्लको बिबाह चन्द्रशमशेरका छोरा शंकर शमशेरसंग भएको थियो । यसपछि चन्द्रशमशेरले तेजबहादुरलाई पश्चिम नेपालको एउटा गौंडामा बडाहाकिम बनाएर पठाएका थिए भन्ने कुरा तेजबहादुरका पनाति ५० वर्षीय मुकुन्द मल्लले बताउँछन् (मल्लसंग मिति २०७४ साल चैत्र २५ गते गरिएको कुराकानी) । यीनै कर्णेल तेजबहादुरले जापानमा गएर आर्कीटेक्ट इन्जिनीयर अध्ययन गरेका आफ्ना साला पर्ने बालनरसिंह र कुमारनरसिंहलाई नक्शा डिजाइन गर्न लगाई आफ्नो जन्मथलो मल्लाजमा यो दरबार बनाउन लगाएका थिए । दरबार निर्माणका क्रममा सरकारबाट वडा हाकीमको जिम्मेवारी दिईएकाले दरबारको माथिल्लो तला निर्माणको कार्य पुरा नहुँदै यिनी पश्चिम नेपालतर्फ गए । यसै क्रममा राणा प्रधानमन्त्री धनगढीमा शिकार खेल्न गएका बेला त्यहीं कर्णेल तेजबहादुरको रहस्यमय मृत्यु भएकोले उनी यस दरबारमा भने बस्न पाएनन् । पछि यीनका छोरा

इन्द्रबहादुर मल्लले दरबार निर्माणको सबै काम सम्पन्न गराएका थिए भनी साहित्यकार मोहनबहादुर मल्लका छोरा दिप मल्लले कुराकानीका क्रममा बताउँछन् (दिप मल्लसंग मिति २०७५ बैशाख १५ गते गरिएको कुराकानी) ।

*(इतिहासकार चन्द्रप्रकाश बानियाँले विद्याज्योति मा. वि.बाट प्रकाशित भएको विलोकन नामक स्मारिकामा उल्लेख गरेअनुसार तेजबहादुर मल्ल काजी लक्ष्मीप्रसाद मल्लका कान्छा छोरा थिए । राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफ्नी छोरीको विवाह कर्णेल तेजबहादुर मल्लसंग गर्न प्रस्ताव राखेका तर मल्ल परिवारले सो प्रस्ताव स्वीकार नगरेकोले परिवारको अनुमति विना तेजबहादुरले चन्द्रशमशेरकी छोरीसंग विवाह गर्न नमानेपछि यीनलाई देश निकालाको संजाय सुनाइयो । केही समयपछि गएर चन्द्रशमशेरका छोरा शंकर शमशेरले तेजबहादुरकी कान्छी दिदीसंग विवाह गरेका थिए । यस विवाहपछि शंकर शमशेरले आफ्ना सालालाई सुनाइएको देश निकालाको संजाय मिनाहा गर्न बाबुसंग विन्तिभाउ गरेपछि चन्द्रशमशेरले देश निकालाको संजायलाई खुकुलो बनाई काठमाडौं उपत्यका निकालामा बदलीदिएपछि कर्णेल तेजबहादुरले आफ्नो जन्मस्थानमा फर्केर आई यस आधुनिक दरबारको निर्माण गर्न लगाई बसोबास गर्न थालेका थिए (बानियाँ, २०६६ः ७९) ।)*

यो दरबारको निर्माणकर्ताका सम्बन्धमा उल्लिखित धारणा रहेको भए तापनि दिप मल्लले तयार गरेको मल्लाजका ठकुरीहरूको वंशावलीमा कर्णेल तेजबहादुर दुर्गादत्त मल्लका साइला छोरा भएको उल्लेख छ । मुकुन्द मल्ल स्वयम्ले आफू दरबारको निर्माणकर्ता तेजबहादुर मल्लको पनाति भएको र जिजुबाजेले निर्माण गरेको यस दरबारलाई पुनर्निर्माण गरी रिसोर्ट सञ्चालन गरेको कुरा बताउनुले यो दरबारको निर्माणकर्ताका सम्बन्धमा वास्तविक तथ्य प्रष्ट हुन्छ ।

पछिल्ला वर्षहरूमा मानिसहरू बस्न छाडेपछि भण्डै खण्डहर जस्तै भएको यस दरबारलाई कर्णेलका पनाति मुकुन्द मल्लले वि. सं. २०६९ सालदेखि तीन वर्षको समय लगाएर करिब पचहत्तर लाखको लागतमा दरबारको पुनर्निर्माण र रिसोर्ट सञ्चालनका लागि आवश्यक पूर्वाधारको निर्माण गराएका छन् । विगतको द्वन्द्वकालमा संरक्षणको अभावका कारण दरबार भित्रका बहुमूल्य सामग्रीहरू हराउन पुगेका थिए । मुकुन्द मल्लले करिब २२ रोपनी क्षेत्रफलमा फैलिएको फूलबारी क्षेत्रमा हाल *"द हेरिटेज एट मल्लाज"* नामक रिसोर्ट सञ्चालन गरेका छन् । आन्तरिक तथा वाह्य पर्यटकहरूको सुविधाका लागि यस दरबारमा परम्परागत रूपमा सजावट गरिएका सुविधासम्पन्न सातवटा कोठाहरू रहेका छन् । टेण्टको व्यवस्था गरेमा करिब ४० जना जति पाहुनाहरूलाई बसोबासको व्यवस्था गर्न सकिने क्षेमता यहाँ रहेको छ । यहाँ आउने पाहुनाहरूले दरबार परिसरमा उत्पादन गरिएको अर्गानिक तरकारीको स्वाद चाख्न पाउँदछन् । फराकिलो क्षेत्रमा रहेका आँप र अम्बाका रूखहरू, दरबारको स्वरूप साथै आकर्षक ढंगबाट निर्माण गरिएको बगैचाले यहाँ आउने पर्यटकको मन लोभ्याउँदछन् । रिसोर्टका सञ्चालकले यस दरबारसंग जोडिने गरी जलजला गाउँपालिकाको केन्द्र रहेको स्थान

लामाखेतमा स्वीमिङ पुल र आठवटाकोठा सहितको "द हेरिटेज एट लामाखेत" नामक रिसोर्ट निर्माणको कार्य अघि बढाएका छन् ।

गाउँपालिकाको केन्द्र लामाखेत तथा बेनी बजारबाट करिब एक घण्टाको पैदल दुरीमा यस दरबारमा पुग्न सकिन्छ । मिलनचोकदेखि मल्लाजकोट हुँदै लेकफाँटसम्म जाने मोटरबाटोबाट करिब आधा घण्टा र बेनी मल्लाजकोट सम्मको मोटरबाटोबाट करिब २० मिनेटमा यहाँ पुग्न सकिन्छ । कर्णेलको दरबार, मल्लाजकोट, डडकोट, गरूडेश्वर मन्दिर, फलामेडाँडा, कालञ्जर हम्पाल पर्वत, मोहरेडाँडा हुँदै म्याग्दीको घोडेपानीसम्म पुग्ने पदयात्रा मार्गको सञ्चालन गर्न सक्ने हो भने आन्तरिक तथा वाह्य पर्यटकहरूको आगमनमा वृद्धि हुन गई समग्र गाउँपालिकामा पर्यटन व्यवसायको विकासमा ठूलो टेवा पुग्न सक्ने देखिन्छ ।

## घ. धाइरिङ भूमेथान

पर्वत जिल्लामा रहेका विविध सांस्कृतिक धरोहर वा सम्पदाहरूमध्ये हाल जलजला गाउँपालिका वडा नम्बर ७ (साविकको धाइरिङ - ९ धारापानी) मा रहेको र पर्वत जिल्ला लगायत छिमेकी जिल्लाहरू समेतमा प्रख्याती पाएको स्थल भूमेथान हो । धाइरिङको सबैभन्दा माथिल्लो भागमा उक्त स्थान रहेको छ । जनश्रुतिअनुसार तत्कालीन जुम्लामा रहेका सरू नाम गरेका प्रभावशाली व्यक्ति यस क्षेत्रमा घुम्न आएको समयमा तत्कालीन पर्वतका राजा समक्ष यहाँ बस्न इच्छा लागेको कुरा जाहेर गरेपछि वर्तमान धाइरिङ क्षेत्रमा बस्नका लागि अनुमति दिएका थिए । यीनै सरू भन्ने व्यक्ति धाइरिङमा बस्न थालेको र उनैले भूमेथानको निर्माण गर्न लगाएका थिए भन्ने भनाई रहेको पाइन्छ (रेग्मी र पन्त, पूर्ववत) । जुम्लाबाट सरू यस क्षेत्रमा आउँदा उनका स्थानीय देवता भूमेलाई उनीहरूका सन्तानले सेवा पूजा गर्ने र भूमेले उनीहरूको रक्षा गर्ने समझदारी समेत भएको थियो । भूमेलाई सेवा गर्न र पूजापाठका लागि पौडेल, हवन गर्नका लागि रिजालहरूलाई जिम्मा दिई यसै क्षेत्रमा उनीहरूको बस्ती बसालिएको जनश्रुति रहेको पाइन्छ । पूर्णिमाका दिन भूमेथानमा पूजा गरिन्छ । पूजारीमा ब्राह्मण रहने परम्परा रहेको छ । सप्तमीका दिन पूजाआजा चल्दैन । भूमेको पूजामा बोका र पाठाको मात्र बलि दिने गरिन्छ । भूमेथानको कोटमा चैत्र पूर्णिमा र आश्विन पूर्णिमाका दिन भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ । भूमेथानमा शनिवार र मंगलवारको दिनमा पूजाआजा गर्नेको भीड लाग्ने गर्दछ । महिलाहरूलाई भूमेको पूजामा निषेध गरिने परम्परा हालसम्म पनि कायम राखिएको छ । भूमेथानमा बली दिएको बोकाको मासु, पकाएको प्रसाद, चामल, नुनलगायका सामानहरू मन्दिर परिसरभन्दा अन्यत्र लगेर खान नपाइने चलन रहेको छ । भूमेथानमा मदिराजन्य वस्तु लैजान निषेध गरिएको छ । भूमेले घरबाट टाढा जाँदा रोगव्याधी नलाग्ने, शत्रुपक्षलाई

परास्त गर्ने शक्ति प्राप्त हुने, चोटपटक नलाग्ने, आम्दानी बढ्ने, आँटेताकेको काम पुरा हुने एवं गाउँलाई अतिवृष्टि, अनावृष्टि, खडेरी जस्ता अनिष्टबाट जोगाउँछन् भन्ने जनविश्वास रहेको छ । हाल बेलायतमा व्यापार व्यवसाय गरी बसेका धाइरिङबासीहरूको पहल र आर्थिक सहयोगमा अहिले भूमे मन्दिरलाई भव्य बनाइएको छ । भूमेथानको संरक्षणका लागि स्थानीय युवा क्लब र भूमेथान संरक्षण समितिबाट निर्माण कार्य हुँदै आएका छन् ।

भूमेथान नजिकै माथिल्लोपट्टि डाँडामा प्रसिद्ध सिद्धथानको मन्दिर पनि रहेको छ । अष्टाङ्ग योगका साधक र ध्यानी स्वभावका यस क्षेत्रमा बसोबास गर्ने एकजना वटुक ब्राह्मण सांसारिक काम कार्य तथा जीवन र जगतदेखि विरक्त मान्दै यो दुखःबाट पार हुन भनी कालञ्जर पर्वत र कालीगण्डकीको दर्शन हुने गाउँको सर्वोच्च स्थान रोजी प्राकृतिक रूपमा रहेको यज्ञमण्डप आकारको स्थानमा बसेर योगसाधनाद्वारा भौतिक शरीरलाई बिलीन गरेको थाहा पाएपछि गाउँका मानिसहरूले सोही स्थानमा सिद्धबाबाको थान बनाई पूजाआजा गर्न थालेका थिए भन्ने जनश्रुति यहाँ रहेको छ । यस भेगका मानिसहरूले भूमेपूजा गर्न जाँदा सिद्धबाबाको पनि दर्शन गर्ने गर्दछन् । अपार धार्मिक आस्था र विश्वास बोकेको यस भूमेथान र सिद्धबाबा थानको प्रचार प्रसार गर्न सकेमा यस गाउँपालिकामा धार्मिक पर्यटन बढ्न जाने देखिन्छ । यहाँ पोखरा बेनी राजमार्गको मिलनचोक र लस्तीबाट करिब दुई घण्टाको पैदल दुरीमा पुग्न सकिन्छ भने यही स्थानबाट सडकमार्गको प्रयोग गरी करिब एक घण्टाको यात्रामा यहाँ पुग्न सकिन्छ ।

### ङ. मल्लाजकोट

गाउँपालिकामा रहेका विभिन्न धार्मिक सम्पदास्थलहरू मध्ये मल्लाजकोट यस क्षेत्रको एक महत्त्वपूर्ण कोट हो । माझफाँट, लेकफाँट, शालिजा, बाँसखर्क तथा धाइरिङ क्षेत्रका मानिसहरूले मल्लाजकोटलाई विशेष रूपमा मान्दै आईरहेका छन् । वर्तमानमा यो कोट जलजला गाउँपालिका-३ (साविकको माझफाँट- ७ ) मा रहेको छ । विगतमा साविकका माझफाँट, लेकफाँट र वाँसखर्क गा.वि.स. एउटै मल्लाज गाउँ पञ्चायतमा रहेका थिए । वि. स. २०२५ मा मल्लाजका केही भाग छुट्ट्याई लेकफाँट पञ्चायत खडा गरिएको थियो । राजा डिम्बवमका पालामा यो क्षेत्र पर्वत राज्यमा मिलाइएको थियो । पर्वत राज्यमा शासन गर्ने समालवंशीय वममल्ल राजाहरूका सन्तानहरूको बसोबास भएको क्षेत्र भएकोले यस क्षेत्रलाई मल्लाज भनिएको हो । मल्लाज क्षेत्र पर्वतका राजाको अधीनमा आउनुभन्दा पहिले यहाँ घर्ती क्षेत्रीहरूको मुख्यौली शासन रहेको थियो । पर्वतका राजा डिम्बवमको शासनकालमा कास्कीका राकसे गुरूङ भन्ने राजाले बाजुङकोट र अरू गाउँहरू लुट्दै पूर्णगाउँ नजिकै रहेको कोटडाँडा भन्ने ठाउँमा हमला गरेपछि यहाँका घर्ती क्षेत्रीहरू आफ्ना भाँडाकुडाहरू त्यहीं नजिकै रहेको पूर्णगाउँको

पोखरीमा लुकाई केही घर्तीहरू बेनीमा रहेका डिम्बवमसँग मद्दत माग्न पुगेका थिए । राकसेको आक्रमणबाट पराजित भएपछि केही घर्ती र कार्की क्षेत्रीहरू साविकको लेकफाँट गा.वि.स. - ६ स्थित डाँडाकोट (डडकोट) तर्फ गएर बसेका थिए । डिम्बवमले नाग मल्ललाई सेना सहित राकसेसित लड्न पठाए । पर्वते सेनाले कोटडाँडामा राँगाको मासु र भात पकाएर खाइरहेका राकसे गुरूङका सेनाहरूलाई आक्रमण गरी त्यहाँबाट भगाई मोदीनदी कटाएपछि मल्लाज क्षेत्र पनि पर्वत राज्यमा गाभिन पुग्यो । आफ्नो थलोबाट राकसे गुरूङ भागेपछि डाँडाकोटका क्षेत्रीहरूले त्यस ठाउँको नाम 'मल्लराज' राखे । पुउँदीखोलाको किनारको एक ठाउँलाई 'मल्लरानी' नाउँ दिएर क्षेत्रीहरूले राजभक्तिको परिचय दिए (मल्ल, २०२८) । बाँसखर्कमा रहेको मल्लरानी भन्ने ठाउँमा वर्तमानमा एउटा चौतारी र अमलाको रूख रहेको छ । यसलाई मालरानी चौतारो भनी यहाँका स्थानीयबासीहरू भन्ने गर्दछन् । यसप्रकार यो क्षेत्रको नाम मल्लराजबाट मल्लाज हुन गएको कुरा प्रष्ट हुन्छ ।

मल्लाजका रजौटा घर्तीहरू वि.सं. १३८५ अघिबाट नै यस क्षेत्रमा आएर बसेको पाइन्छ । यिनै घर्ती क्षेत्रीको मुख्यौली शासनकालमा साबिक बाँसखर्क गा.वि.स.को वडा नं ७ स्थित कोटडाँडामा कोटघरको स्थापना गरिएको थियो भन्ने जनश्रुति यहाँ रहेको छ । राकसेको आक्रमणपछि लेकफाँटको डाँडाकोटतिर आएर बसोबास गर्न थालेका घर्ती तथा कार्की क्षेत्रीहरूले डाँडाकोट कोटमन्दिर स्थापना गरी त्यहीं पूजाआजा गर्न थालेको पाइन्छ । यस ठाउँलाई अहिले डडकोट (डाँडाकोटबाट अपभ्रंश हुँदै डडकोट भएको) भनिन्छ । यस ठाउँमा अहिलेपनि एउटा कोटमन्दिर रहेको छ । समालवंशीय मल्लका सन्ततिहरू एउटा विशेष प्रसंगपछि यस डडकोटमा पुजा गर्न जान छोडेपछि डडकोटमा रहेको कोट मन्दिरलाई १७ औं शताव्दीको अन्त्यतिर माझफाँटस्थित कोटघरमा सारिएको हो भनिन्छ (धर्मसागर मल्लसँग २०७४ असारमा गरिएको कुराकानीमा आधारित) । यसप्रकार पूर्णगाउँ पोखरीको पश्चिमपट्टि कोटडाँडामा रहेको कोट डडकोटमा सारिएको र पछि यहाँबाट माझफाँटमा सारिएको हो ।

मल्लाजमा रहेको कोट एउटा प्रमुख शक्तिपीठ मानिन्छ । यस कोटमा देवी भगवतीको मन्दिर रहेको छ । बडादसैंको नवरात्रका समयमा यहाँ विशेष पूजा गर्ने गरिन्छ । कालरात्रीका समयमा नियमानुसारको वा सरकारी बोका र राँगाको बलि दिने गरिन्छ । दशमीका दिन मौलोमा टीका जमरासहित पूजा गरेपछि दुर्गा भवानीको प्रसादका रूपमा घरघरमा टीका जमरा लगाउन शुरू गरिन्छ । नवमीका दिन लेकफाँटमा रहेको डडकोटमा पूजा गरेपछि मात्र एउटै पूजारीले माझफाँटको कोटमा पूजा गर्ने गर्दछन् । यो कोटमन्दिरमा पूजारीमा पौडेल थर भएका ब्राह्मण र यजक वा उपासुमा यसै ठाउँका घर्ती र कार्की थरका क्षेत्रीहरू रहने प्रचलन छ ।

मल्लाजकोटका नाममा विगतमा यस क्षेत्रमा रहेका शालिजा, लेकफाँट, माझफाँट तथा धाइरिङका विभिन्न ठाउँमा गुठी जग्गा रहेकोमा सबै गुठी व्यक्तिका नाममा दर्ता भैसकेका छन् । यो जग्गाको उपभोग गर्दै आएका व्यक्तिहरूले परम्परादेखि नै कोटपूजाका लागि आवश्यक पर्ने सबै सामग्रीहरूको व्यवस्था गर्दै आएका छन् । पर्वतको बेनी तथा मिलनचोकदेखि यस कोटसम्म छोटो दुरीमा पुग्ने सडकमार्ग रहेको छ भने बेनीबाट करिब एकघण्टाको पैदल यात्रामा उकालो बाटोमा बनाइएका सिंढीहरू चढ्दै यस कोट रहेको स्थानसम्म पुग्न सकिन्छ । बेनी, कर्णेलको दरबार, कोटघर, पूर्णगाउँको पोखरी, कोटडाँडामा रहेको पुरानो कोटघर, डडकोटमा रहेको कोटमन्दिर, त्यसभन्दा माथि रहेको भूमेथान, प्यागोडा शैलीमा निर्माण गरिएको लेकफाँट गिद्धेश्वरको गरूडेश्वर महादेवमन्दिर, फलामे डिल, कालञ्जर पर्वत, जलजला आदि जस्ता क्षेत्रहरूलाई एकीकृत रूपमा समावेश गरी विस्तृत पर्यटन विकास गुरूयोजना निर्माण गरी कार्यान्वयनमा ल्याउन सकियो भने यस क्षेत्रमा पर्यटन विकासको प्रचुर सम्भावना रहेको देखिन्छ ।

## च. गरूडेश्वर मन्दिर

गाउँपालिकामा रहेका विभिन्न धार्मिक स्थलहरू मध्ये वडा नं. ५ (साविक लेकफाँट गा. वि. स. वडा नं. ५) देवपूजा गिद्धेश्वरमा अवस्थित प्यागोडा शैलीमा निर्माण गरिएको गरूडेश्वर शिवालय मन्दिर एक हो । उत्तरपट्टि फलामे डाँडा, पूर्वपट्टि कालञ्जर हम्पाल पर्वत, पश्चिममा फापरचौर डाँडा र दक्षिणमा श्रीकृष्णागण्डकीको दृश्यावलोकन गर्न सकिने अत्यन्तै मनोरम स्थलमा यो मन्दिर अवस्थित छ । यस मन्दिरको निर्माणका सम्बन्धमा स्पष्ट पार्ने लिखित दस्तावेज नभए तापनि दुर्गाबहादुर मल्लद्वारा यस मन्दिरमा चढाइएको एक घण्टमा लेखिएको मिति र स्थानीयबासीहरूको कर्ण परम्पराअनुसार वि.सं. १८७५ देखि १८९० को समयावधिमा यस मन्दिरको निर्माण गरिएको हो भन्ने भनाई रहेको छ । यहाँ गरूडेश्वर महादेवका दुईवटा मन्दिरहरू रहेका छन् । साविक लेकफाँट गा.वि.स. वडा नं. ५ देवपूजा (भतेरलाउना) मा जन्मेका च्यामे स्योडी भनेर चिनिने स्व. छविलाल सुवेदीले वि.सं. १८७५ - १८९० को समयावधिमा ढुङ्गा काटेर निर्माण गरेको प्यागोडा शैलीको एउटा मन्दिर रहेको छ भने साविक माझफाँट गा.वि.स. निवासी दुर्गादत्त मल्लद्वारा सोही समयको आसपासमा निर्माण गरिएको अर्को एक मन्दिर रहेको छ । निज सुवेदी र मल्लद्वारा गिद्धेश्वरमा शिवालय मन्दिर निर्माण गरी यहाँ गरिने पूजाआजाका लागि करिब आठ रोपनी बराबरको गुठी जग्गा समेत राखिएको छ । लेकफाँट निवासी स्व. गुरूदत्त सुवेदीद्वारा शिवालय मन्दिर निर्माण भएपछि साधु तथा सन्तहरूको बसोबासको सुविधाका लागि एउटा सत्तलको निर्माण गरी मन्दिरका नाममा हस्तान्तरण गरिएको थियो । उक्त सत्तल पुरानो भएकोले यसलाई भत्काएर अहिले नयाँ सत्तलको

निर्माण गरिएको छ । यस मन्दिर सञ्चालनका लागि स्थानीय विष्णुमति खत्रीबाट सात आना बराबरको जग्गा प्रदान गरिएको छ । यसै ठाउँमा जन्मी खैरहनी नगरपालिका चितवनमा बसोबास गर्ने चक्रपाणि सुवेदी र श्रीलाल सुवेदीको करिब सात लाख बराबरको आर्थिक सहयोगमा वि.सं. २०७१ मा एउटा कार्यालय कोठा सहित जस्तापाताद्वारा छाना भएको १२ हात चौडाई र ५० हात लम्बाई भएको प्रवचन हलको निर्माण भएको छ । मन्दिर परिसरभित्र मल्लाज क्षेत्रमा बसोबास गर्ने रेग्मी बन्धुहरूको सक्रियता र अन्य बन्धुहरूको सहयोगमा गणेश मन्दिरको निर्माण गरिएको छ ।

झण्डै २०० वर्ष अगाडि प्यागोडा शैलीमा निर्मित यस गरूडेश्वर मन्दिरमा धर्मानुरागी भक्तजनहरू र यस क्षेत्रका मानिसहरूको अगाध आस्था र विश्वास रहेको छ । हरेक वर्षको शिवरात्री पर्वमा लेकफाँट, शालिजा, धाइरिङ, माझफाँट, बाासखर्क तथा आसपासका गाउँका मानिसहरू रोट, नरिवल तथा अन्य पूजा सामग्री लिएर यहाँ पूजाआजा गर्न आउने गर्दछन् । यसका अलावा हरेक एकादशी तिथि, माघे सक्रान्ति, हरितालिका तीज, मंगल चौँथी जस्ता पर्वहरूमा मानिसहरू यहाँ दर्शन गर्न र कथा प्रवचन श्रवण गर्न आउने हुनाले गरूडेश्वर शिवमन्दिरको महत्त्व र प्रभाव बढ्दै गएको छ । यस स्थानबाट कालञ्जर हम्पाल पर्वत, कालीगण्डकी, धाइरिङ भुमेथान, पञ्चकोट, कारीकोट, संसारकोट, श्रीधराचार्य स्वामीको जन्मस्थल तथा बैंकटेश्वर लक्ष्मीनारायण मन्दिर, बागलुङ कालिका जस्ता धार्मिक स्थलहरू लगायत म्याग्दी, पर्वत र बागलुङ जिल्लाका भागहरूको दृश्यावलोकन गर्न सकिन्छ । विगतका वर्षहरूमा हरितालिका तीज पर्वका बेला यहाँ ठूलो मेला लाग्ने गर्दथ्यो । मगर जातिको रोदी, सालैजो, यानीमाया जस्ता भाकाहरूले मेलाको समयमा मन्दिर परिसर गुञ्जायमान हुन्थ्यो । विभिन्न प्रकारका खेलकुदहरू पनि सञ्चालन हुने गर्दथे । तर आजकल मेला पर्व सबै बन्द भएका छन् ।

### छ. शुक्लेश्वर महादेव मन्दिर

जलजला गाउँपालिकाका विभिन्न धार्मिक स्थलहरूमध्ये वडा नं. - ८ खनियाघाट, नाग्लीवाङमा अवस्थित शुक्लेश्वर महादेवको मन्दिर एक हो । वि. सं. १७८० मा शुकदेव र पदमदेवी जोशी रेग्मीले लामो समयसम्म सन्तान नभएकोले सन्तान प्राप्तिका लागि १०१ रोपनी बराबरको क्षेत्र गुठी स्थापना गरी शुक्लेश्वर महादेव मन्दिरको जग हालेका थिए । तर पछि कालीगण्डकीको पानीले भिजाएपछि मात्र मन्दिर स्थापना गर्ने इच्छा उनीहरूको भएको हुँदा वि.सं. १८८० मा कालीगण्डकीको जल खिचेर यस स्थानमा शुक्लेश्वर महादेवको मन्दिर स्थापना गरिएको थियो । निःसन्तान रहेका विवाहित महिला पुरूषले यस मन्दिरमाम पूजाआजा गरेमा सन्तान प्राप्त हुन्छन् भन्ने जनविश्वास रहेको छ । प्यागोडा शैलीमा निर्माण गरिएको यस मन्दिरको छाना स्लेटको रहेको

छ । यस मन्दिरका टुँडाल तथा झ्यालहरूमा कुँदिएका कामोत्तेजक कलाकृति तथा दृश्यहरू यस मन्दिरका विशेषताहरू हुन् । विशेष गरेर शिवरात्रीका दिन यस मन्दिरमा दर्शनार्थीको भिड लाग्ने गर्दछ । परम्परागत शैलीमा निर्माण गरिएका संरचनाहरूलाई नव निर्माणका क्रममा आधुनिक प्रविधि र शैली प्रयोग गर्न थालिएकोले यसको मौलिकता लोप भएर जाने सम्भावना देखिन्छ । यस मन्दिर नजिकै परम्परागत शैलीमा निर्माण गरिएको एउटा ठाँटी वा सत्तल रहेको छ । जीर्ण बन्दै गएको यस सत्तलका झ्यालहरू इट्टाका भित्ताहरू काटेर निर्माण गरिएको छ । यस मन्दिरका टुँडाल तथा झ्यालहरूमा कुँदिएका कलाकृति र यसकै परिसरमा परम्परागत शैलीमा निर्माण गरिएको सत्तल आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणका विषय हुने भएकोले यसको व्यापक प्रचार-प्रसार गर्न सकेमा धार्मिक पर्यटनको बलियो सम्भावना यस शुक्लेश्वर महादेवको मन्दिरले बोकेको छ ।

## अनुसूची- २

### जलजला गाउँपालिकाले निर्माण गरेका नीति नियम, तथा नियमावलीहरूको विवरण

# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि–२०७४

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम यस जलजला गाउँपालिकाको स्थानीय संचित कोषबाट केही रकम विनियोजन गरी आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यस गाउँकार्यपालिकाले गाउँपालिकाको अधिकार क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक आकस्मिक कोष वाञ्छनीय भएकोले स्थापना गरिएको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ रहेको छ ।

१.२ यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ भन्ने बुझ्नुपर्छ ।

ख. कोष भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. कार्यपालिका भन्नाले गाउकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. आकस्मिक कार्य भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागि, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्ता दीर्घरोग बाट पिडित व्यक्तिहरूको लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

**३. कोष स्थापना**

३.१ आकस्मिक कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. आकस्मिक कोषमा जम्मा गरिएको रकम**

४.१ गाउँपालिकाको संचित कोषबाट पहिलो पटक रू १६,३१,०७६। झिकि त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिएको छ ।

## परिच्छेद २
## कोषको अवधारण, लक्ष्य, उद्देश्य र नीति

**५. अवधारणा**

जलजला गाउँपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सिर्जित विपदबाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरू लगायत अप्रत्याशीत घटनामा पनि अंग भंग भएकाहरूलाई पहिचान गरी राहत सहयोग पु–याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य**

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरू, अंग भंग भएकाहरूलाई तत्काल राहत सहयोग पु–याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरू गरी मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

७.१ विपद पिडितहरूलाई तत्काल राहत उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

**८. नीति**

८.१ विपद पिडितहरूलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

८.२ गाउपालिकाको कार्यक्षेत्र भित्र भइ परि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

८.३ स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरू, दुर्घटनामा परि अंग भंग हुनेहरूलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धि व्यवस्था

### ९. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धि व्यवस्था

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरू प्राप्तीको लागी जलजला गाउँपालिका तथा गाउँकार्यपालिकाले स्वयम् व्यवस्थापन गर्नेछ ।

९.२ विशेष परिस्थितिमा कार्यपालिकाको निर्णयअनुसार कोषबाट रकम खर्च गरिनेछ ।

९.३ बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकम खर्च गर्न सकिने छैन ।

## परिच्छेद ४

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

### १०. कोषको वित्तिय व्यवस्थापन

१०.१ कोषमा देहायका रकमहरू रहने छन् :

क) गाउँसभाबाट आकस्मिक कोषका लागि वार्षिक रूपमा विनियोजन हुने रकम,

ख) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरूबाट कोषलाई प्राप्त हुने रकम ,

### ११. कोषको आर्थिक व्यवस्था

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ ।

### १२. प्रशासनिक व्यवस्था

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँकार्यपालिकाको कर्मचारीबाट नै संचालन गरिनेछ ।

## परिच्छेद ५

## विविध

**१३. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने**

गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराइ आकस्मिक कोषमा रहने रकममा आवश्यकताअनुसार बृद्धि गराउन सक्नेछ ।

**१४. जाँच पास तथा फरफारक**

कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. कार्यविधिको संशोधन**

यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१६. बचाउ र खारेजी**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरूको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिनेछ ।

ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व गाउँकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।

समाप्त

## जलजला गाउँपालिका

## आर्थिक विधेयक – २०७४

**जलजला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** जलजला गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम जलजला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१। **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि जलजला गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२। **भूमि कर (मालपोत)** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३। **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४। **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५। **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६। **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (५) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

७। पर्यटनशुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (६) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८। **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

९। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोकेअनुसार हुने छ ।

## सूची -१

मालपोत दस्तुर

१। १० रोपनी सम्म – रु ५०।-

२। १० रोपनी भन्दा माथि – रु १००।–

## सूची -२

घरवहाल कर

प्रति वहाल रकमको १० प्रतिशत मात्र ।

## सूची -३

व्यवसाय कर

१। हार्डवयर पसल दर्ता - रु २,०००।-

२। हार्डवयर पसल नवीकरण- रु १०००।-

३। अन्य पसल दर्ता - रु १०००।–

४। अन्य पसल नवीकरण - रु १,०००।–

## सूची -४

सवारीसाधन कर तर्फ

गाउँपालिकामा दर्ता गर्दा

१। ट्याक्सी - रु १००।-

२। जीप - रु १५०।–
३। स - रु २५०।–
४। ट्रक - रु २५०।–
५। ट्र्याक्टर - रु ३००।–

## सूची -५

सेवा शुल्कहरु

| क्र.स | विवरण | शुल्क रु |
|---|---|---|
| १ | घरबाटो सिफारीस पक्की | रु २०००।- |
| २ | घरबाटो सिफारीस कच्ची | रु १०००।- |
| ३ | घरबाटो सिफारीस भित्री | रु १०००।- |
| ४ | घरबाटो सिफारीस वाटो नछोएको | रु ७५०।- |
| ५ | चौकिल्ला प्रमाणित | रु १०००।- |
| ६ | नागरिकता प्रमाणपत्र सिफारीस | रु २००।- |
| ७ | नागरिकता प्रतिलिपी सिफारीस | रु ३००।- |
| ८ | जग्गा नामसारी सिफारीस | रु २००।- |
| ९ | उद्योग दर्ता सिफारीस | रु १५००।- |
| १० | विद्युत मिटर जडान | रु ३००।- |
| ११ | पेन्सन प्रयोजन सिफारीस - | रु २०००।- |
| १२ | नाता प्रमाणित नेपाली | रु १००।- प्रति फोटो |
| १३ | नाता प्रमाणित अङ्ग्रेजी | रु २००।- प्रति फोटो |
| १४ | अन्य सिफारीस नेपाली | रु २००।- |
| १५ | अन्य सिफारीस अङ्ग्रेजी | रु ५००।- |
| १६ | कन्सुलरको लागि प्रमाणित | रु ५००।- |
| १७ | पसल दर्ताको सिफारीस पत्र | रु ५००।- |
| १८ | संघ /संस्था दर्ता शुल्क | रु ५००।- |
| १९ | नीजि सेवामुलक कम्पनी दर्ता | रु १०००।- |

सम्पति मुल्याङ्कन तर्फ

१. रु २० लाख सम्मको - रु २,०००।-
२. रु ५० लाख सम्मको - रु ४,०००।-

३. रु १ करोड सम्म - रु ८,०००।-
४. रु १ करोड भन्दा माथि - रु १०,०००।-
५. पंजीकरण दस्तुर - रु १००।-

## अनुसूची -३

गाउँपालिकाले चालु आर्थिक वर्ष ०७४/०७५ का लागि चालुतर्फ कुल रू. १९,५२,४८,०००/-( अक्षरूपी उन्नाइस करोड बाउन्न लाख अठचालिस हजार) र पुँजीगततर्फ कुल रू. १२,१२,४५,०००/-( अक्षरूपी बाह्र करोड बाह्र लाख पैंचालीस हजार) बराबर को बजेट गाउँपालिका सभाबाट पारित गरेको छ । यस आर्थिक वर्षका लागि पुँजीगततर्फ विनियोजित बजेट तथा वार्षिक योजना र कार्यक्रमहरूको विवरण यसप्रकार रहेको छ ।

**क. गाउँपालिका स्तरबाट सञ्चालन हुने योजना तथा कार्यक्रम र विनियोजित रकमः**

| क्र.सं. | कार्यप्रकृति अनुसार क्षेत्रगतरूपमा योजना तथा कार्यक्रमको विवरण | विनियोजित रकम (रू. लाख) | कैफियत |
|---|---|---|---|
| १ | सडक निर्माण, मर्मत संभार तथा स्तरोन्नतितर्फ | ३३७.० | |
| २ | वडागत रूपमा नौवटा वडाहरूमा विनियोजन | ४०५.० | |
| ३ | खानेपानीतर्फ | ३३.० | |
| ४ | युवाक्लव भवन निर्माणतर्फ | १५.० | |
| ५ | घाट व्यवस्थापनतर्फ | २.० | |
| ६ | विद्यालय पूर्वाधारतर्फ | ४.८२ | |
| ७ | सामाजिक सेवातर्फ | २.० | |
| ८ | मेशिनरी औजार खरिद | २१.२५ | |
| ९ | फर्निचर खरिद | १९.२५ | |
| १० | सावारी साधन खरिद | १९.५ | |
| ११ | समपुरक कोषमार्फत सञ्चालन हुने योजनातर्फ | १०.० | |
| १२ | अध्यक्ष तथा वडा कार्यालयहरूबाट तत्काल माग भई आएका योजनातर्फ | ४९.० | |
| १३ | लघु उद्यम सिर्जनातर्फ | २०.० | |
| १४ | कृषितर्फ | १००.० | |
| १५ | पशुपालनतर्फ | ५२.५० | |
| १६ | पाइप खरिदतर्फ | २५.० | |
| १७ | तारजाली खरिदतर्फ | २५.० | |
| १८ | फोहोर व्यवस्थापनतर्फ | १५.० | |
| १९ | विद्युतपोल खरिदतर्फ | १०.० | |

| | | | |
|---|---|---|---|
| २० | कर्मचारी क्षमता अभिवृद्धितर्फ | ५.० | |
| २१ | अनुसनधान तथा परामर्शतर्फ | ८.०९ | |
| २२ | मर्मतसंभार तथा भौतिक पूर्वाधारतर्फ | १७.० | |
| २३ | पुँजीगत भैपरीतर्फ | ५.३६ | |
| २४ | सोलार खरिदतर्फ | ५.० | |
| २५ | पत्रपत्रिका खरिद तथा विज्ञापनतर्फ | २.५० | |
| २६ | अन्य | ४.१८ | |
| जम्मा | | १२१२.४५ | |

*स्रोतः जलजला गाउँपालिकाको कार्यालय, पर्वत, २०७४ ।*

**ख. वडास्तरबाट सञ्चालन हुने योजना तथा कार्यक्रम विवरण** (प्रत्येक वडामा विनियोजन गरिएको रकमबाट खर्च हुने गरी स्वीकृत गरिएका योजनाहरूको विवरण):-

| वडा नं. | कार्यप्रकृतिअनुसार क्षेत्रगत रूपमा योजनाहरूको समष्टिगत विवरण | | | | | | जम्मा योजना |
|---|---|---|---|---|---|---|---|
| | सडक निर्माण, मर्मत संभार तथा स्तरोन्नति | खानेपानी | सिंचाई | विद्यालय भौतिक पूर्वाधार | लक्षितवर्ग | अन्य | |
| १ | २ | २ | ० | ३ | ५ | ८ | २० |
| २ | १४ | ४ | ३ | २ | १८ | ११ | ५२ |
| ३ | ११ | १ | १ | १ | ७ | ८ | २९ |
| ४ | १३ | ० | ९ | ४ | ७ | ५ | ३८ |
| ५ | ९ | ० | १ | २ | ७ | ६ | २५ |
| ६ | ९ | ३ | २ | १ | ५ | ९ | २९ |
| ७ | १० | २ | १२ | ३ | ९ | ८ | ४४ |
| ८ | ९ | २ | ८ | ० | ६ | ११ | ३६ |
| ९ | ५ | ४ | १ | २ | ५ | ५ | २२ |
| जम्मा | ८२ | १८ | ३७ | १८ | ६९ | ७१ | २९५ |

*स्रोतः जलजला गाउँपालिकाको कार्यालय, पर्वत, २०७४ ।*

## सन्दर्भसामग्री सूची

केतवि (२०६८), राष्ट्रिय जनगणना वर्ष - २०६८, काठमाडौंः केन्द्रीय तथ्याङ्क विभाग ।

जिविस तथा पविस (२०७०), जिल्ला पर्यटन विकास गुरूयोजना, कुश्माः जिल्ला विकास समिति पर्वत तथा पर्वत विकास समाज काठमाडौं ।

पद्मामहापुराण (इ.स. २००९), जवाहरनगर दिल्लीः नाग पब्लिसर्स ।

मल्ल, मोहन बहादुर (२०२८), पर्वतको इतिहास, प्राचिन नेपाल पत्रिका ।

रेग्मी, कपिलमणि, (२०७३), कालञ्जर पर्वत र फुतुङ्गे महाराज, प्रज्ञा सारथि, वर्ष १६, अङ्क १५, २०७३ चैत्र, बागलुङ : त्रि. वि. प्राध्यापक संघ इकाइ समिति ।

रेग्मी, हिरालाल र सरोजराज पन्त (२०७४), ऐतिहासिक तथा पौराणिक कालञ्जर हम्पाल पर्वत, कुश्माः जिल्ला समन्वय समिति, पर्वत ।

———————— (२०७४), पर्वत जिल्लाका ऐतिहासिक कोटहरू, कुश्माः जिल्ला समन्वय समिति, पर्वत ।

रेग्मी, जगन्नाथ (२०७०), **धवलागिरि खण्डकाव्य**, पोखराः सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

वानियाँ, चन्द्रप्रकाश (२०६६), विलोकन, स्मारिका, मल्लाज माझफाँटः विद्याज्योती मा.वि., पर्वत ।

स्कन्दपुराण (इ.स.२०१२), जवाहरनगर दिल्लीः नाग पब्लिसर्स ।

स्वामी श्रीगोविन्दाचार्य (२०७१), स्वामी श्री श्रीधराचार्य स्मृति-ग्रन्थ, काठमाडौंः अखण्ड ज्योतिबाबा स्वामीश्रीजी च्यारिटेबल ट्रष्ट, नेपाल तीर्थस्थल विकास राष्ट्रिय समिति ।

शर्मा, लक्ष्ु (२०७४), स्थानीय तह निर्वाचन २०७४ एक झलक, कुश्माः जिल्ला निर्वाचन कार्यालय, पर्वत ।

श्रीमद्भागवत् महापुराण (२०७३), पञ्चमस्कन्ध, गोरखपुरः गीताप्रेस ।

श्रेष्ठ, टेकबहादुर (२०५९), पर्वत राज्यको ऐतिहासिक रूपरेखा, काठमाण्डौः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

वार्षिक प्रतिवेदन, जिल्ला स्वास्थ्य कार्यालय, पर्वत, २०७४ ।

वार्षिक प्रतिवेदन, कृषि विकास कार्यालय, पर्वत, २०७४ ।

वार्षिक प्रतिवेदन, डिभिजन सहकारी कार्यालय, बागलुङ, २०७४ ।

वार्षिक प्रतिवेदन, जिल्ला वाल कल्याण समिति, पर्वत, ०७२/०७३ ।

योजना पुस्तिका, जलजला गाउँपालिकाको कार्यालय, पर्वत, २०७४ ।